३१४

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असोज २०७९

ISSN 2705-4454

9 772705 445004



## चीनको राष्ट्रिय जनकंग्रेसको स्थायी समितिका

## अध्यक्ष ली चाङ्शु भक्तपुरमा

- नेमकिपाको केन्द्रीय परिषद् सम्पन्न
- ख्वप विश्वविद्यालय – शिक्षामन्त्रीलाई जवाफ
- भक्तपुरको शिक्षा मोडल, अन्य पालिकाले किन नसिक्ने ?
- सय वर्षपछिको भक्तपुर (४)
- समालोचनाया सिद्धान्त (७)
- प्रचलित गीत र गाईंचा म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (२)
- नेवाः समुदायको जन्मदिन
- पोखरीको नगर भक्तपुर
- Lessons From Bhaktapur Municipality
- भक्तपुर नपाबाट सांस्कृतिक गुरुहरूको सम्मान
- भक्तपुर नपाका गतिविधि



जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेसका स्थायी समितिका अध्यक्ष ली चाङ्शुलाई स्वागत गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत (२०७९ भदौ २९ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#(✯cÆ !!✯g];=!$@✯lj-;=@)&(c;f]h✯A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘संकुचित अर्थमा हेर्दा आर्थिक एवं राजनीतिक शक्तिहरूको वर्गीय स्वार्थ पूरा गर्नको लागि जनधारणा प्रभावित पार्ने साधनको रूपमा प्रजातन्त्र रहेको छ ।’– अल्बर्ट आइन्स्टाइन

## यस अङ्कमा



| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
| --- | --- | --- |
| १) नेमकिपाको केन्द्रीय परिषद् सम्पन्न | – | ३ |
| २) पारदर्शिता र इमानदारिता नै जनविश्वास जित्ने आधार | सुनिल प्रजापति, प्रमुख | ८ |
| ३) ख्वप विश्वविद्यालय – शिक्षामन्त्रीलाई जवाफ | राजेन्द्र हाडा | १० |
| ४) भक्तपुरको शिक्षा मोडल, अन्य पालिकाले किन नसिक्ने ? | रेणु त्वनाबासु | १२ |
| ५) उत्कृष्ट स्थानीय निकाय भक्तपुर र शिक्षा | प्रतिज | १४ |
| ६) सय वर्षपछिको भक्तपुर (४) | नारायणमान बिजुक्छैँ | १७ |
| ७) समालोचनाया सिद्धान्त (७) | प्रो.माणिकलाल श्रेष्ठ | २१ |
| ८) प्रचलित गीत र गाइँचा म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (२) | विगोल | २३ |
| ९) पोखरीको नगर भक्तपुर (तस्बिर कथा) | मनोजरत्न शाही | २७ |
| १०) नेवाः समुदायको जन्मदिन | डा. वीरेन्द्रप्रसाद कायस्थ | ३० |
| ११) डेङ्गु ज्वरो र बच्ने उपायहरू | डा. रत्नसुन्दर लासिवा | ३३ |
| १२) Lessons From Bhaktapur Municipality | Mukti Rijal | ३५ |
| १३) चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली चाङ्शु भक्तपुर भ्रमणमा | – | ३७ |
| १४) चिनियाँ शीर्ष नेताको रोजाइमा किन पर्छ भक्तपुर ? | सीताराम बराल | ३९ |
| १५) ‘नेपाली नागरिकलाई नागरिकता दिनुपर्छ तर विदेशीलाई दिनुहुन्न’ | – | ४३ |
| १६) भक्तपुर नपाद्वारा संस्कृतिकर्मी तथा सांस्कृतिक गुरुहरूको सम्मान | – | ४५ |
| १७) भक्तपुर नगरको विकासमा सांस्कृतिक गुरुहरूको योगदान अतुलनीय | सुनिल प्रजापति | ४९ |
| १८) भक्तपुर नपा : कार्यपालिका बैठक निर्णय | – | ५० |
| १९) अनुभवको आदान–प्रदान | – | ६३ |
| २०) ‘स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु सङ्घीयताको कमजोर पक्ष हो’ | सुनिल प्रजापति | ६५ |
| २१) भक्तपुर नपा गतिविधि | – | ६८ |
| २२) विविध समाचार | – | ८२ |
| २३) ‘हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन हामीले नै गर्नुपर्छ’ | – | ८९ |
| २४) राष्ट्रपतिको ‘मौनता’ (सम्पादकको पृष्ठ) | – | १०४ |


**साथमा**


बसिबियाँलो–८१/खानेपानी सुधारबारे सरोकारवालाहरूसँग छलफल–९०/निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेपाल मजदुर किसान पार्टी विश्वास गर्दैन–९२/एलिजाबेथ द्वितीयको निधन–९६/भक्तपुरमा मतदाता एक लाख ९४ हजार–९६/भक्तपुरको पुलुकिसी जात्रा–९७/संक्षपमा–९७/Khwopa Hospital Bhadra Report 2079-100/ हाम्रो स्वास्थ्य–१०१/थाहा पाइराखौँ–१०१/रंगीनपृष्ठ – क देखि घ

## नेमकिपाको केन्द्रीय परिषद् सम्पन्न

# ‘देश र जनताको हितको पक्षमा सङ्घर्षको निम्ति चुनावमा जाने हो’




नेपाल मजदुर किसान पार्टीको सातौँ महाधिवेशनको तेस्रो (३३ औँ) केन्द्रीय परिषद् भदौ १८ र १९ गते भयो। सातौँ महाधिवेशनको तेस्रो केन्द्रीय परिषद्को अध्यक्षता नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले गर्नुभएको हो ।

परिषद्मा अध्यक्ष रोहितले संसद्को निर्वाचन घोषणापछि प्रतिनिधिसभाको बैठक चालु राखिएको गलत भएको उल्लेख गर्नुभयो। उहाँले आगामी निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने विचार राख्नुभयो। उहाँले कम्युनिस्टहरूले निर्वाचनमा जितेर सरकारमा जाने उद्देश्य राख्नु गलत भएको स्पष्ट पार्नुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, ‘देश र जनताको हितको पक्षमा सङ्घर्षको निम्ति चुनावमा जाने हो। कम्युनिस्टहरूले चुनावमा भाग लिनुको अर्थ पुँजीवादी पार्टीहरूको आलोचना गर्नु हो। निर्वाचनमा लाखौँ जनतालाई शिक्षित गर्न सकिन्छ।’

परिषद्मा अध्यक्ष रोहितले पुँजीवादी वा शासक पार्टीहरूले देश र जनताको भावनाअनुसार काम नगर्ने, बौद्धिकरूपमा कमजोर भएका कार्यकर्ताहरूलाई प्रतिक्रियावादीहरूले हातमा लिने, संशोधनवादले कम्युनिस्ट सिद्धान्त समाप्त पार्ने, देश जोगाउनको निम्ति पार्टीको निर्देशनअनुसार जुनसुकै भागमा गएर जनताको सेवा गर्नुपर्ने, व्यक्तिगतरूपमा पदमा जाने र पैसा कमाउने लालसा राख्न नहुने निर्देशन दिनुभयो।

परिषद्मा अध्यक्ष रोहितले इमानदारीपूर्वक काम गरे कसैको अगाडि झुक्न नपर्ने, अर्काको भरमा चुनाव जित्नेहरूकै कारण देश सत्यानाश हुने, नेपाली काङ्ग्रेसबाट धोका पाएका नेपाली जनता एमाले र माओवादीबाट पनि धोकामा परेको र दिल्लीमा गएर सरकार बनाउन भिख माग्नेहरू देशद्रोही हुने उल्लेख गर्नुभयो।

उहाँले पार्टी प्रकाशन जनतासम्म बाँड्नेहरू असल कार्यकर्ता हुने, कार्यकताहरूले ‘सृष्टिको मुकुट मानिस’ भन्ने भनाइलाई व्यवहारमा पुष्टि गर्नुपर्ने, समाज र देश राम्रो भए आफ्नो परिवार पनि राम्रो हुने भावना राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले विदेशी पैसा लिएकै कारण शासक दलहरूले विदेशीले भनेझैँ काम गरिरहेको भनाइ राख्नुभयो। उहाँले सत्ताबाट फालिएका शासकहरू चुप लागेर नबस्ने भन्नुहुँदै राजतन्त्रवादीहरू फेरि आफ्नो पालो आउला कि भनेर बसेका पनि होलान् तर त्यो अहिले सम्भव नभएको भनाइ राख्नुभयो।

अध्यक्ष रोहितले गत स्थानीय तहको निर्वाचनमा सिद्धान्तलाई त्यागेर विजयी हुन खोज्नेहरू संशोधनवादी भएको बताउनुहुँदै भननुभयो, ‘संशोधनवाद कम्युनिस्ट आन्दोलनमा देखिएको पुँजीवाद हो।’

अध्यक्ष रोहितले क्रान्तिको निम्ति ठूलो त्याग र बलिदान चाहिने, क्रान्तिकारीहरूले आत्मसमर्पण नगर्ने उल्लेख गर्नुहुँदै निर्वाचनमा कति मत आएको भन्दा पनि सङ्गठन कति व्यवस्थित छ भन्ने कुरा बढ्ता महत्त्वको हुने विचार राख्नुभयो। पार्टी कार्यकर्ताले व्यक्तिगत इच्छालाई प्राथमिकतामा राख्न नहुनेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, ‘पैसा र पद प्राथमिकतामा राखेकाहरू नेका, एमाले र माओवादी केन्द्रजस्तै पतन हुनेछ।’

परिषद्मा पार्टीका सचिव प्रेम सुवालले केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सो प्रतिवेदनमाथि छलफल गरेर सुझावसहित बैठकबाट पारित गरियो। प्रतिवेदनमा गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको

समीक्षा गरिएको छ । नागरिकता विधेयक, एमसीसी सम्झौता र एसपीपीमा भएको देशघातको विरोधमा नेमकिपाको गतिविधिबारे प्रतिवेदनमा सविस्तार गरिएको छ ।

बैठकमा विभिन्न जिल्लाका पार्टी अध्यक्ष तथा प्रतिनिधिहरूले पेश गर्नुभएको प्रतिवेदनमा स्थानीय तहको निर्वाचनको सिंहावलोकन र आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको चुनावको तयारीबारे उल्लेख छ । आगामी निर्वाचनको घोषणापत्रको मस्यौदाबारे परिषद्मा समूहगत छलफल गरिएको थियो । घोषणापत्रलाई अन्तिम रूप दिन पार्टी सचिव प्रेम सुवालको संयोजकत्वमा एक समिति गठन गरिएको छ ।

परिषद्मा पार्टी केन्द्रीय समिति, जिल्ला अध्यक्ष तथा प्रतिनिधि, जनवर्गीय सङ्गठन तथा पेशागत सङ्गठनका पदाधिकारीको सहभागिता रहेको छ ।

# नेमकिपाको केन्द्रीय परिषद्बाट पारित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरू

## राष्ट्रिय प्रस्ताव

१) हिन्द–प्रशान्त रणनीति अन्तर्गतको सहस्राब्दी चुनौती कर्पोरेसन अर्थात एमसीसी सम्झौतालाई नेमकिपालगायत देशका सचेत बुद्धिजीवीहरूले विरोध गर्दै आइरहेका थिए । तर, संयुक्त राज्य अमेरिकाको दलालीलाई आफ्नो कर्तव्य ठान्ने देशघाती दलहरूको सरकारले त्यस सम्झौता कथित १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित पारित गऱ्यो । त्यसबाट नेपालको सार्वभौमसत्ता र असंलग्न परराष्ट्र नीतिमा घात गर्ने देशघातीहरूलाई व्यापक जनतामाझ नङ्ग्याउनुपर्ने आवश्यक छ । यो सम्झौता खारेजीको लागि हाम्रो सङ्घर्ष जारी रहनेछ ।

२) साम्राज्यवादको दलालीलाई आफ्नो कर्तव्य ठान्ने देउवा नेतृत्वको गठबन्धन सरकारले संरा अमेरिकाको राज्यसँगको राज्य साझेदारी कार्यक्रम (SPP) लाई पनि गलत व्याख्या गरी संसद्बाट पारित गर्न कोसिस गऱ्यो । तर, जनताको विरोधका कारण देउवा सरकारले हाललाई स्थगित गरेको छ । देश हितविपरीतको उक्त साझेदारी कार्यक्रम स्थगित होइन, खारेजीको लागि यो परिषद् जोडदार माग गर्दछ ।

३) नेपाली पुरुषसँग विदेशी महिलाले विवाह गरेलगत्तै नेपाली नागरिकता पाउने र अङ्गीकृत नागरिकका सन्तानहरूले वंशजको नागरिकता पाउने प्रावधानसहितको नागरिकता विधेयक नेपाल र नेपाली जनताको हितविपरीत छ । देशलाई फिजीकरणको बाटोमा अगाडि बढाउने देश हितविपरीत नागरिकता विधेयक राष्ट्रघाती ठहर गर्दै उक्त विधेयक तत्काल खारेज गर्न यो परिषद् माग गर्दछ ।

४) जातीय, लैङ्गिक र क्षेत्रीय समावेशी प्रतिनिधित्वको लागि समानुपातिक निर्वाचन प्रणाली लागू गरियो, तर कामदार जनताको मत लिएर शासक दलहरूले मोटो रकम असुलेर पुँजीपतिहरूलाई समानुपातिक सांसद बनाउँदै आएका छन् । समानुपातिक निर्वाचन प्रणालीबाट छनोट गरिएका सङ्घीय तथा प्रादेशिक सांसदहरूलाई शासक दलहरूले मोलमोलाइको वस्तु बनाएकाले बदनाम भएको छ । यसकारण, समानुपातिक निर्वाचन प्रणाली खारेज गर्न यो परिषद् जोड दिन्छ ।

५) भारतीय प्रधानमन्त्री मोदीले भारतीय भूमि हल्द्वानीमा भएको चुनावी सभामा नेपाली भूमि गुन्जी हुँदै लिपु भञ्ज्याङसम्मको सडक विस्तार र कालोपत्रे गर्ने घोषणाले नेपालको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गरेको छ । नेपालको पश्चिमी सिमाना महाकाली नदीको उद्गम बिन्दु लिम्पियाधुरा भएको ऐतिहासिक प्रमाणहरूका आधारमा नेपाल सरकारले आधिकारिक नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरा समावेश गरिसकेको अवस्थामा ती क्षेत्रहरूमा बारम्बार भारतीय शासक वर्गले हस्तक्षेप गर्नु देशको सार्वभौमसत्तामाथि हमला हो । तसर्थ, भारतीय प्रधानमन्त्री मोदीको भनाइप्रति गम्भीर आपत्ति प्रकट गर्दै नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र भारतबाट फिर्ता लिन यो परिषद् पुनःजोड दिन्छ ।

६) कृषिप्रधान देशमा रासायनिक मलबिना खेती गर्न किसानहरू बाध्य छन् । नेपाल मजदुर किसान पार्टीले दशकौँदेखि स्वदेशमा नै मल कारखाना खोल्न पटक–पटक माग गर्दै आएको हो । तर, मलमा कमिसन खाई अकुत सम्पत्ति कमाउन चाहने कृषि मन्त्रीहरूले त्यसबारे कहिल्यै ध्यान दिएनन् । नेपालमा नै मल कारखाना स्थापना भएको भए जनताले समयमै गुणस्तरीय मल पाउने थिए, कृषि उत्पादन बढ्ने र कृषिमा आत्मनिर्भर बनाउन योगदान पुग्ने थियो । मल विदेश निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नसक्ने थियो । अतः कृषिमा समेत देशलाई परनिर्भर बनाउँदै लाने शासक दलहरूको निन्दा एवम् भर्त्सना गर्दै

स्वदेशमै रसायनिक मल कारखाना खोल्न यो परिषद् पुनः जोड दिन्छ ।

७) नेपाल सरकारले पेट्रोलियम पदार्थमा स्वचालित मूल्य समायोजनको नाममा नेपाली उपभोक्ताले थेग्नै नसक्ने गरी पटक–पटक पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिएकोमा यो परिषद् नेपाल सरकारको विरोध गर्दछ । पेट्रोलियम पदार्थमाथि निर्भरता घटाउन विद्युतीय यातायातको साधन, विद्युतीय चुलो प्रयोगलाई प्रोत्साहित गर्न सरकारको ध्यानाकर्षण गर्दछ ।

८) राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षाको नतिजा सार्वजनिक गरेको छ । कुल ३ लाख ६३ हजार ८ जना विद्यार्थीहरू परीक्षामा सहभागी भएकामध्ये १ लाख ८८ हजार चार सय दस जना अर्थात् ५२ प्रतिशत अनुत्तीर्ण (Non Graded) हुनुले देशको शैक्षिक अवस्था कमजोर बनेको प्रस्ट पार्छ । पाँच लाखको हाराहारीमा विद्यार्थीहरूले १० कक्षा (SEE) उत्तीर्ण गरे तापनि ३ लाखमात्र विद्यार्थीहरू १०+२ मा अध्ययन गर्नुको मूल कारण कक्षा ११ र १२ को विद्यालय शिक्षालाई निजीकरण गरिएको र शिक्षण शुल्क महँगो भएकोले गरीब विद्यार्थीहरूको पहुँच नपुग्नु हो ।

कक्षा १२ को परीक्षामा आधाभन्दा बढी विद्यार्थीहरू अनुत्तीर्ण हुनुमा कोभिड महामारीलाई कारण बनाइए तापनि यथार्थमा राज्यको गलत शिक्षा नीतिका कारण विद्यार्थीहरू अनुत्तीर्ण भएका हुन् । व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्न नसक्दा प्रमाणपत्रका लागि मात्र पढ्ने मानसिकता विकास भएको छ । तसर्थ, समय सापेक्ष र उत्पादन श्रमसँग जोडिएको शिक्षा व्यवस्थाको लागि यो परिषद् माग गर्दछ ।

९) नेपालको व्यापार घाटा चुलिँदै छ । पेट्रोलियम पदार्थको लागि मात्रै वार्षिक साढे दुई खर्बभन्दा बढी खर्चिनुपर्छ । नेपालको कूल बजेट बराबर व्यापार घाटा छ । आर्थिकरूपले परनिर्भर देश राजनैतिकरूपले पनि स्वतन्त्र हुन नसक्ने हुँदा स्वदेशमा उत्पादन बढाई आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि यो परिषद् जोड दिन्छ ।

१०) नेपालका ७० लाखभन्दा बढी युवाहरू विदेशमा छन् । तिनै युवाहरूले पठाएको रेमिटेन्सबाट अर्थतन्त्र चलेको हाम्रा मन्त्रीहरू निर्लज्जतापूर्वक गर्व गर्दछन् । युवाहरूलाई विदेशमा दास बनाएर नेपालमा लामो समय शासन गर्ने पुँजीवादी दलहरूलाई खबरदारी गर्दै स्वदेशमै रोजगारीको बन्दोबस्त गर्न नेपाल सरकारसँग यो परिषद् माग गर्दछ ।

११) बोक्सी, छाउपडीजस्ता अन्धविश्वास र कुरीतिका कारण कैयौँ महिलाहरूले शारीरिक र मानसिक पीडा भोग्ने क्रम बढ्दो छ । तराईमा दहेज प्रथाका कारण गरिब महिलाहरू ज्युँदै जलाइँदै छन् । यस्ता समस्या समाधानतर्फ नलाग्ने आजसम्मका सरकारहरू यसका दोषी हुन् । यी सबै घटनाको जिम्मेवारी लिँदै अन्धविश्वास अन्त्यको निम्ति विशेष कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षण गराउँदछ ।

१२) महिला बेचबिखन, बलात्कारी एवम् जघन्य हिंसाका अपराधीहरूलाई संविधान संशोधन गरी मृत्युदण्डसम्मको कानुनी बन्दोबस्त गर्न यो परिषद् सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

१३) भारतले नेपालका अधिकांश ठाउँबाट सस्तोमा विद्युत् उत्पादन गर्ने नाममा नेपालका नदीनालाहरू कब्जा गर्ने उद्देश्यका साथ विद्युत् आयोजना सञ्चालन गर्ने कार्य गरिरहेको हुँदा त्यस्ता कार्यहरू तत्काल रोक्न यो परिषद् सरकारसँग जोडदार माग गर्दछ ।

१४) अरूण तेस्रो, माथिल्लो कर्णाली, पश्चिम सेती र सेती ६ जलविद्युत आयोजनाहरू भारतीय कम्पनीहरूसँग सम्झौता गरी निर्माण गर्न दिइएकोमा ती सम्झौताहरू खारेज गर्न यो परिषद् माग गर्दछ ।

१५) अशिक्षा र बेरोजगारीको कारण महिलाहरू दलालहरूको पन्जामा परी विदेशमा बेचिने क्रम बढ्दो छ । विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर र स्वदेशमै रोजगारीको बन्दोबस्त गर्न यो परिषद् सरकारसँग माग गर्दछ ।

१६) सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु सरकारको दायित्व हो तर सम्बन्धित निकायमा बस्ने सरकारी अधिकारीहरूले अख्तियारको दुरूपयोग गरी सरकारी तथा सार्वजनिक जग्गाहरू शासक दलहरूका आसेपासेको नाममा दर्ता गरी कब्जामा लिएका छन् । यसकारण अनधिकृतरूपमा व्यक्तिको नाममा भएको जग्गा दर्ता खारेज गरी पुनः सरकारी तथा सार्वजनिक कायम गर्न यो परिषद् जोड दिन्छ ।

१७) कर्णाली प्रदेशको सुर्खेत–जुम्ला सडक खण्डका विभिन्न ठाउँहरूमा ठेकेदारहरूले समयमा काम नगर्दा दैनिक सयौँ यात्रुहरूको बिचल्लीप्रति सरकारले कुनै चासो नराखेकोमा यो परिषद् गम्भीर ध्यानाकर्षण गर्दछ ।

१८) देशको राजधानी काठमाडौँ सफा र सुन्दर सहर हुनुपर्नेमा फोहोरको समस्या र ट्राफिक जामले अस्तव्यस्त भएकोमा सङ्घीय, प्रदेश र स्थानीय सरकार जिम्मेवार रहेको

ठहर गर्दै फोहोरको व्यवस्थापन र ट्राफिक (यातायात) सहजताको लागि वैज्ञानिक ढङ्गले समाधान खोज्न तीन तहका सरकार संवेदनशील हुनुपर्ने ठहर गर्दछ ।

**१९)** काठमाडौँ महानगरपालिका वडा नं. २६ ठमेलस्थित ऐतिहासिक कमलपोखरी अतिक्रमण गरी छायादेवी कम्प्लेक्स व्यापारिक भवन निर्माणको बारे भर्त्सना र विरोध गर्दै अनधिकृतरूपमा निर्माणमा संलग्न व्यक्ति सङ्घ-संस्थालाई हदैसम्मको कारबाही गरी तत्काल भत्काउन यो परिषद् माग गर्दछ ।

**२०)** त्रिविमा लामो समयदेखि शासक दलका विद्यार्थी, कर्मचारी तथा प्राध्यापक सङ्गठनहरूले गर्दै आएको तालाबन्दीको यो परिषद् विरोध एवम् भर्त्सना गर्दछ । देश विकासको निम्ति अध्ययन अनुसन्धान गर्ने तथा ज्ञान निर्माण गर्ने विश्वविद्यालयमा दलीय भागबन्डाको कारण यो परिस्थति आएको हो । देशको उच्च शिक्षाको क्षेत्रमा भइरहेका अराजनीतिक गतिविधि अन्त्य गर्न तथा विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक थलो बनाउन यो परिषद् माग गर्दछ ।

**२१)** तल्लो अरूण, फुकोट कर्णाली र मुगु-कर्णाली जलविद्युत् आयोजना परियोजना विकास सम्झौता गर्न भारतीय कम्पनीहरूले निर्माण गर्न प्रस्ताव गरेकोले उक्त प्रस्ताव फिर्ता लिन यो परिषद् सरकारसँग माग गर्दछ ।

**२२)** नेपालको उत्तरी नाका सञ्चालन गरी तिब्बतसँगको व्यापार बढाएमा उत्तरी भेगका नागरिकको जीवनस्तरमा सुधार आउने हुँदा तत्काल उत्तरी नाका सञ्चालन गर्न सरकारसँग यो परिषद् जोड्दार माग गर्दछ ।

**२३)** विचारप्रधान पत्रिका 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाको वर्गीकरणमा प्रेस काउन्सिलले गरेको भेदभावप्रति यो परिषद्को ध्यानाकर्षण भएको छ । उक्त पूर्वाग्रहीपूर्ण भेदभाव अन्त्य गरी उपयुक्त निर्णय लिन यो परिषद् काउन्सिलको ध्यानाकर्षण गराउँदछ ।

## अन्तर्राष्ट्रिय प्रस्ताव

**१)** संयुक्त राज्य अमेरिकाको प्रतिनिधिसभाका सभामुख नान्सी पेलोसीले चीनकै अभिन्न भूभाग थाइवानमा गत साउन १७ गते (अगस्ट २) अनधिकृतरूपमा भ्रमण गरिन् । चीनले भ्रमण नगर्न कडा चेतावनी दिए तापनि थाइवान पुगेर उनले चीनविरोधी उत्तेजनात्मक अभिव्यक्ति दिइन् । अमेरिकाको सो बलमिचाइपूर्ण कदम आफ्नो सम्प्रभुतामाथि हस्तक्षेप भएको भन्दै आफैले समर्थन गरेको 'एक चीन नीति' तथा 'साङ्घाई घोषणा' को उल्लङ्घन नगर्न चीनले अमेरिकालाई चेतावनी दियो । यो परिषद् साम्राज्यवादी हस्तक्षेपविरोधी सङ्घर्ष तथा शान्तिपूर्ण ढङ्गमा बिनाबाह्य हस्तक्षेप थाइवान समस्या समाधान गर्ने र सम्प्रभुता रक्षा गर्ने चीनको दृढ अडानको समर्थन गर्दछ ।

**२)** संरा अमेरिकाले गत फागुनदेखि युक्रेनमा ध्वंस-अन्तरध्वंस मच्चाउन तथा युद्ध सुरू गऱ्यो । युक्रेनलाई नाटो सैनिक सङ्गठनमा आबद्ध हुन बाध्य पार्ने उद्देश्यले संरा अमेरिकाले युद्ध सुरू गरेको हो । युक्रेनलाई कब्जा गरी मस्को हुँदै पेचिङसम्म पुग्ने अमेरिकाको साम्राज्यवादी नीति एवम् योजना हो । संरा अमेरिकाको रूसविरूद्धको छद्म युद्ध यथार्थमा विश्वशान्ति र तटष्ठता र असंलग्नताविरूद्ध लक्षित छ । त्यस अमेरिकी नीतिको यो परिषद् कडा विरोध गर्दछ । साथै, युक्रेनलाई रणभूमि बनाई एसियालाई अन्त्यहीन युद्धमा फसाउने कार्य अविलम्ब बन्द गर्नुपर्नेमा यो परिषद् जोड दिन्छ ।

**३)** समाजवादी क्युवाको इतिहासमा कहिल्यै नघटेको दुर्घटना गत अगस्ट ५ मा घट्यो । औद्योगिक सहर मटान्जाज् (Matanzas) को इन्धन भण्डार क्षेत्रमा ठूलो आगलागी भयो । चट्याङको कारण विशाल इन्धन भण्डार गृहमा आगलागी भएको बताइयो । त्यो आगो अगस्ट १२ मा मात्र पूर्णरूपले नियन्त्रण भयो । आगो नियन्त्रण कार्यमा भेनेजुयला र मेक्सिकोले महत्त्वपूर्ण प्राविधिक सहायता उपलब्ध गराए । त्यस भयानक आगजनीमा १६ जना अग्निनियन्त्रकले ज्यान गुमाए र १४६ जना घाइते भए । क्युवाले ठूलो भौतिक तथा आर्थिक क्षतिसमेत बेहोऱ्यो । यस घडीमा यो परिषद् क्युवाली जनताप्रति दुःख व्यक्त गर्दै गहिरो सहानुभूति प्रकट गर्दछ । अमेरिकी नाकाबन्दीका कारण चरम इन्धन अभाव झेलिरहँदा थपिएको अर्को सङ्कटमा क्युवाली कम्युनिस्ट पार्टी, क्युवाली नेतृत्व तथा जनताले धैर्य तथा साहसका साथ सामना गर्ने यो परिषद् विश्वास व्यक्त गर्दछ । हरेक कठिनाइ तथा सङ्कटमाथि निरन्तर विजय हासिल गर्दै अगाडि बढिरहेको समाजवादी क्युवा यो नयाँ सङ्कटमा पनि विजयी बन्ने हाम्रो पूर्ण विश्वास छ ।

४) संरा अमेरिकी प्रतिनिधिसभाका सभामुख पेलोसीको थाइवान भ्रमणपश्चात् अमेरिकाले चीनविरोधी गतिविधि झन् तीव्र बनायो । अमेरिकी बाइडेन प्रशासनले थाइवानलाई १.१ अर्ब डलर बराबरको विनाशकारी हातहतियार बिक्री गर्ने हालै घोषणा गऱ्यो । चीनको अभिन्न भूभाग तथा जलक्षेत्रमा युद्ध उत्तेजना फैलाउने कार्य तथा थाइवानलाई चीनविरूद्ध प्रयोग गर्ने तथा उक्साउने कार्य 'एक चीन

नीति' विरूद्धको चालबाजीमात्र नभई विश्वशान्ति खल्बल्याउने गम्भीर अपराध भएकोले त्यस्तो अपराधको यो परिषद् कडा विरोध तथा भर्त्सना गर्दछ ।

**५)** प्रजग कोरिया तथा समाजवादी व्यवस्थाविरूद्ध संरा अमेरिकी साम्राज्यवादको चौतर्फी हमला तथा प्रचारबाजी चालु छ । कोरियाको शान्तिपूर्ण पुनः एकीकरण झन् ढिलो पार्ने, क्षेत्रीय शान्ति खल्बल्याउने तथा चीन घेर्ने नीतिलाई अझ आक्रामक ढङ्गमा अगाडि बढाउने क्रममा अमेरिकी बाइडेन प्रशासन र उनका मतियारहरूले चालु राखेको भ्रमपूर्ण सूचना सम्प्रेषण, प्रचारयुद्ध तथा मनोवैज्ञानिक युद्ध असफल पार्नु तथा भ्रम चिर्नु नेमकिपा आफ्नो अन्तर्राष्ट्रवादी कर्तव्य ठान्दछ । प्रजग कोरियाली जनताको साम्राज्यवादविरोधी सङ्घर्ष, समाजवाद एवम् पितृभूमि रक्षा आन्दोलन तथा शान्तिपूर्ण पुनः एकीकरणको लक्ष्यप्रति नेमकिपा पुनः दृढतापूर्वक ऐक्यबद्धता जाहेर गर्दछ । साथै, कोरियाली प्रायःद्वीपमा युद्ध उत्तेजना फैलाउने कार्य अविलम्ब बन्द गर्नु कोरियाली एवम् एसियाली जनताको पक्षमा हुने यो परिषद् ठहर गर्दछ ।

**६)** मित्र पार्टी चिनियाँ कम्युनिस्ट पार्टीको २० औँ महाधिवेशन आउँदो असोज ३० गते (अक्टोबर १६, सन् २०२२) पेचिङमा सुरू हुँदै छ । चिकपाको अधिवेशनको पूर्ण सफलताको यो परिषद् कामना गर्दछ । चिनियाँ कम्युनिस्ट पार्टीलाई चिनियाँ जनता, चिनियाँ भूमि तथा विश्व मानवजातिको हितमा नेतृत्व गर्ने सक्षम पार्टीको रूपमा उभ्याउन अधिवेशन कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्दछ । समाजवादको अन्तिम विजय हासिल गर्न थप सशक्त आन्दोलनको तयारीका निम्ति नयाँ नेतृत्व चयन गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछ ।

**७)** समाजवादी क्युबाविरूद्ध ६ दशकदेखिको अमानवीय संरा अमेरिकी नाकाबन्दी अझै हटेको छैन । क्युबाले पछिल्लो कालखण्डमा इबोला भाइरसविरूद्ध मात्र होइन कोभिड–१९ महामारीविरूद्ध लड्न विश्वका विभिन्न मुलुकलाई मानवीय सहायता उपलब्ध गराएको तथा चिकित्सकीय सेवा प्रदान गरेको जगजाहेर छ । विश्वलाई सङ्कटमा सहयोग दिँदै आएको देशका जनतालाई कठोर नाकाबन्दीमा राख्नु मानवीय अपराध भएको ठहर गर्दै त्यसको शीघ्र अन्त्य गर्नुपर्नेमा यो परिषद् जोड दिन्छ ।

**८)** प्रजग कोरियाविरूद्धको नाकाबन्दी संरा अमेरिकी साम्राज्यवादको कायरता हो र कुनै पनि बखत कोरियाली प्रायःद्वीपमा युद्ध भड्काउने दाउपेच हो । समाजवादी विचारको बेगलाई रोक्ने या फैलिन नदिने प्रपञ्च 'प्रजातन्त्रको मसिहा' दाबी गर्ने अमेरिका स्वयम्को निम्ति अशोभनीय छ । प्रजग कोरियाको समाजवादले नाकाबन्दीबीच हासिल गरेका एकपछि अर्को सफलताले संरा अमेरिकाको 'नाकाबन्दी' को नीति 'म्याद नाघेको ओखती' साबित भइसकेको छ । 'प्रजातन्त्र', 'मानवअधिकार', 'शान्ति' र 'समृद्धि' को नारा लगाउने अमेरिकी पाखण्डको यो परिषद् विरोध गर्दछ र प्रजग कोरियामाथिको नाकाबन्दी अन्त्य गरी कोरियाको स्वाधीनता, स्वतन्त्र र कोरियाली जनताको स्वाभिमानको कदर गर्न यो परिषद् माग गर्दछ ।

**९)** संरा अमेरिकाले 'हिन्द–प्रशान्त रणनीति', 'एमसीसी', 'अउकस', 'क्वाड' आदि सैन्य नीति तथा सङ्गठनमार्फत चीनविरोधी गतिविधि र 'चीनलाई घेर्ने नीति' थप तीव्र पारिँदै छ । थाइवान, सिन्चियाङ, तिब्बत, हङकङ आदि विषयमा विश्व समुदायलाई भ्रमित पार्दै चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र चीनको सार्वभौमिकतामाथि हाँक दिने काम साम्राज्यवादी देशहरू नियोजितरूपमा गर्दै छन् । साथै 'अन्तर्राष्ट्रिय मुद्राकोष', 'विश्व बैंक' जस्ता संरा अमेरिकी साम्राज्यवादी आर्थिक हतियारमार्फत चिनियाँ समाजवाद, चिनियाँ अर्थतन्त्र र चीनको 'क्षेत्र तथा मार्ग अगुवाइ' (बीआरआई) तथा विश्वव्यापी विकास अगुवाइ (जीडीआइ) विरूद्ध हमला जारी छ । यस संवेदनशील परिस्थितिमा नेमकिपाको यो परिषद् दृढतापूर्वक ('एक चीन नीति' को समर्थन गर्दै चिनियाँ समाजवादको रक्षा गर्ने) विश्व मानवजातिको साझा भविष्य निर्माण गर्ने चिनियाँ सपनाप्रति समर्थन गर्दछ ।

**१०)** संरा अमेरिका नेतृत्वको पुरानो विश्व सुरक्षा व्यवस्थाले विश्वमा द्वन्द्व, विनाश तथा युद्धमात्रै निम्त्यायो । संरा अमेरिकाले विश्वमा सधैँ एक ध्रुव र प्रभुत्वको वकालत गऱ्यो र अभ्यास गऱ्यो । त्यसको विपरीत बहुध्रुव तथा बहुपक्षीयता, विश्वशान्ति, सुरक्षा तथा स्थायित्वका लागि साझा अगुवाइ एवम् सहकार्य आदि उद्देश्यका साथ गत अप्रिल १८ देखि २१ सम्म चलेको बोआओ सम्मेलन (भिडियो कन्फरेन्स) मा चिनियाँ राष्ट्रपति सि चिङ फिङद्वारा विश्व सुरक्षा अगुवाइ (जीएसआई) प्रस्तावित भयो । हरेक देश तथा महादेशले आफ्नो निर्णय आफै लिन स्वतन्त्र रहेको र सैन्य हस्तक्षेप अस्वीकार्य रहेको जीएसआईको अवधारणा समय सान्दर्भिक तथा विश्वको आवश्यकता भएको यो परिषद् ठहर गर्दछ । साम्राज्यवादविरूद्ध नयाँ–नयाँ सङ्घर्षको तयारीबाट मात्रै विश्व शान्ति सम्भव हुनेमा यो परिषद् जोड दिन्छ ।

**मन्तव्य**

# पारदर्शिता र इमानदारिता नै जनविश्वास जित्ने आधार



*– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका*

नेपालको संविधानअनुसार स्थानीय तहको गठन भएदेखि नगरपालिकाको आयव्यय महालेखाले हेर्ने गरेको छ। महालेखाको सुझावअनुसार काम गर्दै जाँदा हामीलाई धेरै सहज भएको छ भने केही अप्ठेराहरू पनि भोगेका छौँ। हामी जनप्रतिनिधिहरू जनभावनाअनुसार काम गर्छौं र जनताको चाहना छिटो पूरा गर्न चाहन्छौँ। कहिलेकाहीँ प्रक्रियामा कमजोरी हुनसक्छ तर इमानदारीपूर्वक काम गर्छौं। महालेखाका प्रतिनिधिहरूले स्थिति नबुझिदिँदा त्यहाँ समस्या हुन्छ। हामी निरन्तर बेरुजु घटाउने प्रयास गर्दैछौँ। उपभोक्ता समितिमार्फत काम गर्ने हुँदा भक्तपुर नपामा पेश्की रकम केही बढी देखिने गरिएकोछ। तर, त्यो काम सम्पन्न भएसँगै फछ्र्योट हुँदै जाने गर्छ। पारदर्शिता र इमानदारिता नै जनविश्वास जित्ने आधार हुन् भन्ने मान्यताका साथ हामीले काम गर्दैछौँ।

सरकारले विकास खर्च गर्ने क्षमताको विकास गर्न सकेन। आ.व. २०७९/८० को दुई महिना (साउन र भदौ) नेपाल सरकारको पुँजीगत खर्च १.५४ प्रतिशतमात्रै विकास खर्च भएको देखाइएको छ। ३ खर्ब ८० अर्ब विकास खर्चमध्ये ५ अर्ब ८६ करोडमात्रै खर्च भएको जनाइएको छ। विकास खर्च कम हुनु हाम्रो पुरानै रोग हो। विकास खर्च कम हुनु भनेको देश विकासमा पछि पर्नु हो। यसबारे सरकारले ध्यान दिनु आवश्यक छ।

अर्थ मन्त्रालयले समयमै बजेट निकासा नपठाउनु, सबै काम ठेक्कामा गर्नुपर्ने कानुनी व्यवस्था, काम नगर्ने ठेकेदारहरूलाई राजनैतिक संरक्षण दिनु विकास खर्च कम हुनुका कारणहरू हुन्। सरकारले अहिलेसम्म पहिलो किस्ताबापत स्थानीय तहलाई पठाउनुपर्ने बजेट निकासा पठाएको छैन। विकास निर्माणको के कुरा शिक्षकहरूलाई तलबसमेत खुवाउन सकेका छैनौँ। भक्तपुरको नगरकोट सडक समयमा नबनाउने ठेकेदारको विरोधमा जनताले जुलुस गरे। तर, राजनैतिक संरक्षणको कारण ठेकेदार शारदाप्रसाद अधिकारीले काम गरेनन्। देशभर पूर्व र पश्चिममा ठाउँ–ठाउँमा पुल अलपत्र पार्ने पप्पु कन्स्ट्रक्सनलगायतका ठेकेदारलाई कुनै कारबाही भएन। त्यसरी समयमा काम नगर्ने र गुणस्तरहीन काम गर्ने ठेकेदारलाई कडा सजायको व्यवस्था हुनुपर्छ।

देश विकासको ठेक्का अहिले १५/२० जना ठूला ठेकेदारहरूको हातमा छ। देशको खर्बौं बजेट केही ठेकेदारहरूले परिचालन गर्छन्। ठूल ठूला योजनाहरूबाहेक सबै काम जनतालाई गर्न दिइएमा लाखौँ जनताले रोजगारी पाउनेछन्। यसले देशको बजेट जनताको हात–हातमा पुग्नेछ। विकास निर्माणमा जनताको अपनत्व हुने र निर्माण गुणस्तरीय कायम गर्न मद्दत पुग्नेछ। यसबारे कसले सोच्ने ? विकास निर्माणको कामको नक्सा डिजाइन, निर्माण र अनुगमनसमेत निजी क्षेत्रको कन्सल्टेन्सीलाई दिने गरिन्छ। सरकारका कर्मचारीहरूको काम कागज मिलाउनुमा सीमित छ। सबै कामको जिम्मेवारी निजी क्षेत्रलाई सुम्पेर देशको विकास कसरी हुन्छ ? कानुन जनताको पक्षमा बन्नुको सट्टा ठेकेदारको पक्षमा बन्छ। ठेकेदारको सामान्य अहित हुने कानुन निर्माण भएमा सरकारलाई संशोधन गर्न बाध्य पार्छ। अहिले सरकारभन्दा ठेकेदार बलियो भएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारहरू ठेकेदारहरूको घेरामा परेका छन्।

कानुनमा कुन–कुन विषय ठेक्कामा दिने, अमानत वा उपभोक्ताले गर्ने स्पष्ट हुनु आवश्यक छ। ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वका विषयहरू मठ–मन्दिर, पाटी–पौवा, ढुङ्गेधारा, सत्तल, पोखरीलगायतको पुनःनिर्माण र जीर्णोद्धारको काम कुनै पनि दृष्टिले ठेक्कामा दिनुहुन्न। ठेकेदारहरू सम्पदाको महत्त्व बुझ्दैनन्। उनीहरूले नाफासँग मात्रै मतलब राख्छन्।

भ्रष्टाचारमा नेपाल विश्वमा बदनाम हुँदैछ। ट्रान्सपरेन्सी इन्टरनेसनलले १८० देशमध्ये नेपाल ११७ औँ स्थानमा पुगेको देखायो। यो हामी जनप्रतिनिधि, कर्मचारीतन्त्र सबैको लागि लज्जाको विषय हो। त्यतिमात्र होइन भ्रष्टाचारको आरोप लागेका झन्डै ५० करोड बिगो र २ वर्ष कैद सजायको माग गरी अख्तियारले विशेष अदालतमा मुद्दा चलाएको पशुपति मुरारकको नाम राष्ट्रपतिले विभूषण दिने सूचीमा परेको सार्वजनिक भएको छ। जेलमा बस्नुपर्नेहरूको नाम कसरी विभूषण पाउनेमा आउँछ ?

हामी जनतालाई बलियो बनाउन चाहन्छौँ। जनता परिचालन गरेरै विकास निर्माणको काम गर्दैछौँ। उपभोक्ता समितिमार्फत काम गर्दा स्थानीय मौलिक सीप र प्रविधिको प्रयोग हुने, स्थानीय जनताले रोजगारी पाउने, गुणस्तरीय निर्माण, कम खर्च र स्थानीय स्रोत र साधनको परिचालन हुनेछ र नगरको बजेट जनताको घर-घरमा पुग्नेछ तथा रोजगारीको निम्ति युवाहरू विदेशमा जाने सङ्ख्यामा कमी आउनेछ।

हालैमात्रै भक्तपुर नपाले दुईओटा निर्माण कार्य सम्पन्न गऱ्यो। सुधारिएको शवदाह गृह र गुह्यश्वरी पाटी पुनःनिर्माण। सुधारिएको शवदाह गृहको ल.इ. ५६ लाख थियो। जम्मा त्यसको लागि ४७ लाखमात्र खर्च भयो भने जनताबाट १९ लाख चन्दा सङ्कलन भयो। जम्मा नपाको २८ लाखजति खर्च भयो। त्यस्तै भक्तपुर नपा १ स्थित गुह्यश्वरी पाटी पुनःनिर्माणको ल.इ. ७३ लाख ५७ हजार थियो। त्यसमा प्रयोग भएका पुराना काठ, इँटा पुनःप्रयोग गरेर मौलिक शैलीमा निर्माण गर्दा जम्मा ३७ लाखमात्रै खर्च भयो। त्यसमध्ये ३० लाख नपाको बाँकी ७ लाखभन्दा बढी स्थानीयहरूको आर्थिक सहयोग थियो। त्यस्तै ङातापोल्हँ मन्दिर, भैरवनाथ मन्दिर जीर्णोद्धार, वत्सला मन्दिर, रानीपोखरीलगायत सम्पदाहरूको पुनःनिर्माणमा ल.इ. भन्दा निकै कममा काम सम्पन्न भएको छ।

जनताको नजिकमा बसेर काम गर्ने स्थानीय सरकार भनिए पनि विगतमा स्थानीय निकायलाई दिइएको अधिकार खोसिएको छ। कर्मचारी जति प्रदेशले नियुक्त गर्ने व्यवस्था गरेर कसरी स्थानीय तहले जनताले चाहेअनुसारको विकास गर्नसक्छन् ? स्थानीय स्वायत्त शासन ऐन २०५५ भन्दा पनि अहिले प्रतिगामी छ।

सङ्घ र प्रदेश अझै स्थानीय तहलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छन्। सङ्घ र प्रदेश सरकारहरूले विशेष अनुदान बढाउनुपर्नेमा सशर्त अनुदान बढाउँदै छ। यो स्थानीय तहमाथि नियन्त्रणको प्रयास हो।

संविधान कार्यान्वयनमा आएको ५ वर्ष बितिसक्दा पनि संविधानमा उल्लेख भएका साझा अधिकारसम्बन्धी ऐन बन्न सकेन। ऐनको अभावमा ५ वर्षसम्म स्थानीय तहले साझा सूचीमा रहेका अधिकार उपभोग गर्न पाएनन्। भक्तपुर नपाले ४ वर्षअघि फोहोर सङ्कलन गर्ने १० ओटा ट्राइसाइकल खरिद गऱ्यो। यातायातमा त्यो दर्ता भएन। साझा सूचीमा परेको भन्दै सम्बन्धित सबै निकाय पन्छिए। वर्षौंसम्म दुःख दियो। नगर सभाले त्यससम्बन्धी छुट्टै ऐन बनाएर चलाएकाछौँ। लामो समयसम्म साझा अधिकार सूचीको ऐन नबन्नु विडम्बना हो।

महालेखाले हिसाब परीक्षण गर्दा व्यवहारिकता र औचित्यताको आधारलाई ध्यान दिनु राम्रो हुने देख्छौँ। कोभिडको बेला लकडाउन थियो। अक्सिजनको हाहाकार र मान्छेको ज्यान जाने अवस्था थियो। बैठक बस्ने अवस्था थिएन। अक्सिजन प्लान्ट राख्न खोज्यौँ। केही समस्या थियो। हामीले तुरुन्त चीनबाट अर्डर गऱ्यौँ र प्लान्ट राख्यौँ। त्यसको आधिकारिक निर्णय पछि मात्रै भयो। हामीले समयमा निर्णय नगरेको भए कैयौँको ज्यान जाने अवस्था थियो। अहिलेसम्म कुनै पनि नगरवासीले अक्सिजनको पैसा तिर्नुपर्दैन, रगतको पैसा तिर्नुपर्दैन। त्यो सबै नपाले नै व्यहोर्दै छ।

कानुनी व्यवस्थामात्र खोजेको भए त्यो सम्भव थिएन। त्यसबेला जनतासँग सहयोगको आह्वान गर्दा एक डेढ महिनाभित्र ६ करोडभन्दा बढी रकम जनताले चन्दास्वरूप जम्मा गरी दिए। हामी जनताबाट निर्वाचित भएर आयौँ, जनताकै निम्ति काम गर्दैछौँ। सबैले कानुन बुझेका हुँदैनन्। महालेखाले समय-समयमा अभिमुखीकरण गरेर जनप्रतिनिधिहरूलाई सचेत पार्न सके त्रुटि धेरै कम हुनेछ। यसतर्फ महालेखापरीक्षक कार्यालयको ध्यान जाने आशा गर्छौँ।

*(महालेखापरीक्षकको कार्यालयको आयोजनामा आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणलगायत विविध विषयमा २०७९ असोज ५ गते काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाका स्थानीय तहका प्रमुख र उपप्रमुखहरूसँगको छलफल कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# ख्वप विश्वविद्यालय - शिक्षामन्त्रीलाई जवाफ



राजेन्द्र हाडा

नेपालको संविधान २०६३ अन्तर्गत दोस्रो स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । भक्तपुर नगरपालिकामा अघिल्लो स्थानीय तहको निर्वाचनमा जस्तै नेमकिपाले पहिलेको भन्दा पनि राम्रो मत परिणाम ल्यायो र सानदार जित हासिल गऱ्यो । निर्वाचित जनप्रतिनिधिले ख्वप विश्वविद्यालय स्थापनाका लागि निरन्तर प्रयास गर्ने प्रण गरे । सङ्घीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने भक्तपुरका सांसदहरूले पनि ख्वप विश्वविद्यालयको माग जोडदाररूपमा गरिरहेका छन् । प्रतिनिधिसभाको २०७९ साउन ८ गतेको बैठकमा नेमकिपाका सचिव तथा सांसद प्रेम सुवालले सो विषयमा प्रस्ट धारणासहित ख्वप विश्वविद्यालय सञ्चालन गर्ने कानुनी व्यवस्थाको माग गर्नुभयो । २०७९ जेठ १७ गतेको प्रतिनिधिसभाको बैठकमा सांसद योगेश भट्टराईले, 'भक्तपुरका एक्लो माननीय १५ लाखमा डाक्टर पढाइ सकिने बताइरहनुहुँदा पनि हामीले किन विधेयक पारित नगरेको' भन्दै ख्वप विश्वविद्यालयको विषय पुनः उठान गर्नुभयो । धेरै वर्षको प्रयासपछि ख्वप विश्वविद्यालयको विधेयक स्वीकृत गर्नका लागि बिस्तारै जनमत तयार हुँदै गइरहेको छ । यो भक्तपुरवासीको लागि खुसीको खबर हो ।

भक्तपुरले किन ख्वप विश्वविद्यालय माग्दै छ ? भन्ने विषयमा पनि केही कुरा गर्नु राम्रो होला । नेपालमा +२ उत्तीर्ण गरेका धेरै विद्यार्थीहरूमध्ये सबै नेपालका कलेज र विश्वविद्यालयमा भर्ना हुँदैनन् । उनीहरूमध्ये धेरै विद्यार्थीहरू 'हराउने' गरेका छन् । जब कि नेपालका कलेजहरू विद्यार्थी नपाएर बन्द हुने स्थितिमा छन् । यसका कारण धेरै होलान् । नेपालका कलेजमा शैक्षिक गुणस्तर नै यसको मुख्य कारण हुनसक्छ । कारण जे भए पनि यो प्रक्रियाले नेपाली कामदारले विदेशी भूमिमा पसिना बगाएर नेपाल पठाएको विदेशी मुद्रा फेरि विदेशतिरै बग्दो छ । नेपाल राष्ट्र बैंकको २०७८/७९ को तथ्याङ्कअनुसार देशभरको सेवा खाताअन्तर्गत भ्रमण व्यय १९६.७ प्रतिशतले वृद्धि भई ९७ अर्ब ३२ करोड पुगेको र यसमध्ये शिक्षातर्फको व्यय ६७ अर्ब ७० करोड नाघेको छ *(अच्युत वाग्ले-कान्तिपुर, २०७९/५/६)* ।

साथै, अब्बल शिक्षा पाएका १ लाख १५ हजार युवा विदेश पलायन भएका छन् । ती नेपालीहरू नेपाल फर्किने कममात्र आशा गर्न सकिन्छ । यो हाम्रो देशको लागि ठूलो क्षति हो । यसले देश विकासको लागि आवश्यक जनशक्तिको अभाव हुन गएको छ । यस्तो परिस्थितिमा भक्तपुरले देश र जनतामा समर्पित दक्ष जनशक्ति निर्माणमा सानो प्रयास थालेको छ - सस्तोमा सबैको पहुँच भएको गुणस्तरीय शिक्षाको व्यवस्था गर्नु । हाल भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू यसै दिशातिर अग्रसर छन् । आज भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरू (ख्वप सर्कलका कलेजहरू) विद्यार्थीहरूमाझ प्रख्यात भइसकेको छ । नेपालका कहलिएका कलेजहरूको नामावलीमा ख्वपको नाम आउने गरेको छ । त्यसैले ख्वपजस्तै सस्तो र सुलभ ढङ्गले पढाइ हुने कलेजहरू अरू नगरपालिकाले पनि सञ्चालनमा ल्याओस् भन्ने देशभरका जनताको चाहना छ ।

अब मूल विषयतिर लागौँ । प्रतिनिधिसभामा उठेका प्रश्नको शिक्षा मन्त्री र शिक्षा सचिवको जवाफबारे केही कुरा राख्नु उचित ठानेको छु । शिक्षा मन्त्री र सचिवले सदनलाई यसबारेमा दिएको जवाफमा **भक्तपुरले १५ लाखमै मेडिकल पढाउने कुनै प्रतिबद्धता नआएको कारणले विधेयक अगाडि नबढेको** भने । यो उनीहरूको केटाकेटी पाराको जवाफ थियो । यहाँ शिक्षामन्त्री र सचिवलाई प्रश्न- उत्पादन गर्ने सामानको भाउ नै विधेयकमै तोकेर विधेयक पास गर्ने परम्परा कहाँ कहाँ छ ? नेपालको सदनबाट विधेयक पास भएर हाल सञ्चालनमा रहेकामध्ये कुन विश्वविद्यालयले सुरुमै 'हामी यति शुल्कमा यो विषय पढाउँछौँ' भनेर सञ्चालन अनुमति लिएका छन् ? अथवा सरकारले यतिभन्दा बढी शुल्क लिन पाइँदैन भनेर तोकेरै स्वीकृति दिइएको छ ? सरकारले ३५ लाखमै मेडिकल शिक्षा पढाउनु भनेकोमा त्यो भन्दा बढी शुल्क लिएका कलेजहरूलाई के कारबाही गर्न सकेको छ ? बजार भाउ तल झर्नुको सट्टा जहिले पनि बढिरहने हाम्रोजस्तो देशमा कानुनमै मूल्य तोक्दा भविष्यमा के कस्तो असर पर्ला ? यो त एक हिसाबले दीर्घकालीनरूपमा विश्वविद्यालय चलाउन नसक्ने गरी अहिलेलाई स्वीकृति दिऊँ भन्नुजस्तै हो ।

हो, भक्तपुरले आफ्ना प्रतिबद्धता पूरा गर्छ कि गर्दैन भनेर सोध्ने अधिकार सबैलाई छ । यसमा प्रश्न गर्न सकिन्छ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सबै कलेजले अरू निजी कलेजहरूले लिइआएको शुल्कभन्दा करीब-करीब

आधा सस्तोमा अहिले पनि पढाइरहेको छ भने यसमा शङ्का किन ? भक्तपुरले कसैको निजी स्वार्थको लागि अथवा पैसा कमाउनको लागि यी कलेजहरू सञ्चालनमा ल्याएको होइन। देश र जनताको निःस्वार्थ सेवाकै लागि तिनको स्थापना र सञ्चालन भएका हुन्। सुरुका वर्षमा यी कलेज सञ्चालन गर्नका लागि भक्तपुर नगरपालिकाले आर्थिक अनुदान उपलब्ध गराएको थियो। तर, अहिले ती कलेजहरू नगरपालिकाको आर्थिक अनुदान लिन नपर्ने स्थितिमा छन्।

ख्वप र अन्य निजी कलेजहरूको शुल्क विवरण तल टेबुलमा दिइएको छ।

| SNo. | Colleges | Fee 4 yrs Course-NRs. | Fee for 5 Yrs Courses-NR. |
|---|---|---|---|
| 1 | Khowpa Engineering College | 6,43,000 | 8,03,750 |
| 2 | Kathmandu University | 7,50,000 | 8,55,000 |
| 3 | Acme Engineering College | 10,44,000 | 11,26,000 |
| 4 | Kathmandu Engineering College | 11,20,000 | 12,18,000 |
| 5 | Kantipur Engineering College | 11,32,800 | |
| 6 | Nepal Engineering College | 10,57,000 | |

नगरपालिकाद्वारा सञ्चालित यी कलेजहरूको सञ्चालन गर्दाको अनुभवको आधारमा पनि १५ लाखमा मेडिकल कलेज सञ्चालनमा ल्याउन कति पनि गाऱ्हो नहुनेमा भक्तपुर नगरपालिका शतप्रतिशत विश्वस्त छ। अर्को कुरा ख्वप सर्कलमा विश्वविद्यालय सञ्चालनका लागि आवश्यक अधिकांश पूर्वाधार तयार छन्। अहिले पनि ख्वप सर्कलअन्तर्गतका कलेजहरूमा स्नातकोत्तर तहका ५ विषय र स्नातक तहका ९ विषयको पढाइ भइरहेको छ। त्यस्तै ख्वप सर्कलअन्तर्गत +२ विज्ञान, व्यवस्थापन, मानविकी तथा डिप्लोमा सिभिल र नर्सिङको पनि पढाइ भइरहेको छ। यसबाहेक भक्तपुर नगरपालिका आफ्नै १०० शय्याको सुविधासम्पन्न अस्पताल सञ्चालनका लागि जोडतोडका साथ लागिपरेको छ। यी कलेज र अस्पतालको सञ्चालनले ख्वप विश्वविद्यालय सञ्चालनका लागि आवश्यक जनशक्ति पनि तयार गरिरहेको देखिन्छ। ख्वप विश्वविद्यालय स्थापनाको प्रक्रिया २०६४ सालबाट सुरु भई हाल यो वा त्यो बहानामा थन्काइएको छ। यति घामजतिक्कै छर्लङ्ग विषयलाई कुनै पनि बहानामा आलटाल गर्नु वा राजनीतिकरूपमा फाइदा–बेफाइदा हेरेर अब पनि ख्वप विश्वविद्यालयको विधेयक सदनबाट पास नगर्नु जनताप्रतिको अन्याय हो, अपराध हो। अलिकति पनि राजनैतिक नैतिकता भए अझ भनौँ समाजवादउन्मुख देश निर्माणप्रति साँच्चै यो सरकार प्रतिबद्ध छ भने छिटोभन्दा छिटो ख्वप विश्वविद्यालय सञ्चालन अनुमति दिनुपर्छ। नभए शासकहरूको समाजवादको सुगारटाइ जनतालाई धोखा दिने प्रपञ्चमात्र भएको पुष्टि हुनेछ।

माओवादी अध्यक्ष प्रचण्ड र बाबुराम भट्टराई भक्तपुर नपाले सञ्चालनमा ल्याएका कलेजहरूको भ्रमणका क्रममा ती कलेजहरू 'साँच्चिकै समाजवादको नमुना' भनेर भक्तपुरका जनतामा उत्साह थपेको थियो। अहिलेका शिक्षामन्त्रीलाई आफ्नो पार्टीका अध्यक्षकै कुरा काट्न सक्ने साहस कहाँबाट आउँछ ? होइन भने १७ हजार मानिसको बलिदान केका लागि ? पुँजीपति वर्ग र निजी कम्पनीहरूको सेवा गर्नका लागि हो वा व्यापक गरिब निम्न मध्यम वर्गीय जनताको सेवाको लागि ? यी र यस्ता प्रश्नहरूले तपाईँको मन अवश्य पोल्नेछ। यी प्रश्नहरू जनताले नेकासँग गर्नेछैनन् किनभने नेका जन्मजात पुँजीवादी पार्टी हो। पुँजीपति वर्गको सेवा नै उसको धर्म हो। त्यसैले भविष्यमा यी र यस्ता प्रश्न नउठून् भनेरै अब ख्वप विश्वविद्यालयको विधेयक छिटोभन्दा छिटो सदनबाट पास गराउन शिक्षामन्त्रीले पाइला चाल्न जरुरी छ।

सरकारमा गएका पार्टीहरू समृद्धिको नारा खुब फलाक्ने गर्छन्। शिक्षा क्षेत्रमा व्यापक सुधारबिना अहिलेको शिक्षा प्रणालीले नै देशको समृद्धिको सपना देख्नु भनेको 'आकाशको फल आखाँ तरी मर' भने जस्तोमात्र हो। धेरै अघि रुसले अन्तरिक्षमा रकेट प्रक्षेपण गर्दा संरा अमेरिकाको छटपटीले नै अमेरिका आज विश्वमा नम्बर एक बनेको हो। सन् १९८० पछि शिक्षा प्रणालीमा व्यापक सुधारको प्रतिफल नै आजको चीन हो। एउटा चिनियाँ उखान छ– १० वर्षलाई हेर्ने हो भने व्यापार गर, ५० वर्षलाई हेर्ने हो भने रुख रोप तर २०० वर्षलाई हेर्ने हो भने शिक्षामा लगानी गर। त्यसैले द्वारिकाधाम, पाइलट बाबाधाममा लगानी होइन, ख्वप विश्वविद्यालय खोल्न देउ सरकार !

हो, नगरपालिकाहरूले विश्वविद्यालय चलाउने प्रक्रिया नेपालको लागि नौलो हो। नेपाली कर्मचारी तथा नेताहरू यसबारेमा अनभिज्ञ छन्। यस विषयमा बहस हुनसक्छ। तर, विदेशमा स्थानीय तहले विश्वविद्यालय सञ्चालन गरेका धेरै उदाहरण छन्। जापानको कावासाकी विश्वविद्यालय यसको ज्वलन्त उदाहरण हो। त्यस्तै फिलिपिन्सले पनि कानुन नै बनाएर स्थानीय तहले कलेज, विश्वविद्यालय खोल्न पाउने व्यवस्था गरेको छ। कुन देशका लागि कति ओटा विश्वविद्यालय हुनुपर्छ भन्ने कुनै नियम आजसम्म बनेको छैन जस्तो लाग्छ। विश्वविद्यालयहरू देशको आवश्यकताअनुसार खोल्ने हो। देशको आवश्यकताअनुसारका विषय विश्वविद्यालयहरूमा पढाउने हो। तर, हाम्रो देशमा यो बारेमा कसैले पनि गम्भीरतापूर्वक सोचेकै छैन भन्दा पनि हुन्छ। देश विकास तथा समृद्धिका लागि गुणस्तरीय शिक्षा तथा अनुसन्धानमा राज्य कोषको लगानीबाट मात्र सम्भव हुन्छ, नत्र समृद्धि नारा पनि जनता छक्याउने प्रपञ्चमात्रै हुनेछ।

*(मजदुर, भाद्र १२, २०७९)*

# भक्तपुरको शिक्षा मोडल, अन्य पालिकाले किन नसिक्ने ?



रेणु त्वनाबासु

**स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएपछि भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा अनुकरणीय काम गरेको छ । नगरपालिकाले शैक्षिक संस्था सञ्चालन, शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान, स्थानीय पाठ्यक्रम लागू गरेको छ । सुलभ शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा दिँदै आएको छ ।**

स्थानीय सरकारले आफै शैक्षिक संस्था सञ्चालन गर्दा शुल्क किफायती हुन्छ भन्ने पनि उदाहरण दिएको छ। नगरपालिकाले सञ्चालन गरेको ख्वप इन्जिनीयरिङ कलेजमा शुरूताका चारवर्षे सिभिल इन्जिनीयरिङका लागि एक लाख १० हजार र पाँचवर्षे आर्किटेक्चर इन्जिनीयरिङका लागि दुई लाख ३९ हजार रूपैयाँ शुल्क तोकिएको थियो। त्यस समयमा निजी कलेजहरूले भने १० लाख रूपैयाँसम्म शुल्क लिइरहेका थिए।

नगरपालिकाले पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनको ख्वप इन्जिनीयरिङ कलेज र त्रिभुवन विश्वविद्यालयको सम्बन्धनको ख्वप कलेज अफ इन्जिनीयरिङ सञ्चालन गरेको छ। ती कलेजले हरेक वर्ष ४३२ जना इन्जिनीयर उत्पादन गरिरहेको नगरपालिकाले जनाएको छ। कलेजमा पढ्न एक सिजनमा दुई हजारभन्दा बढीले आवेदन दिने गरेका छन्।

शिक्षाविद् **विद्यानाथ कोइराला** नगरपालिकाले गरेका काम जायज र प्रशंसनीय भएको बताउँदै उत्पादित जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी दिनुपर्ने सुझाउँछन्। 'पालिकाले जुन तहमा कलेज चलाएको छ, त्यो सामान्य कुरा होइन,' उनी भन्छन्, 'नगरपालिकाद्वारा सञ्चालित कलेजबाट उत्पादित विद्यार्थीलाई पालिकामै इन्गेज गराउनु र रोजगारी दिनु राम्रो हो।'

अन्य स्थानीय तहहरूले भक्तपुरले जस्तै गर्न सक्ने भए पनि तिनमा आँट र उत्साह नदेखिएको टिप्पणी शिक्षाविद् कोइराला गर्छन्। 'भक्तपुरले नमुनाका रूपमा काम शुरू गऱ्यो र आफ्नो सोचलाई प्रमाणित गरेर देखायो,' उनी भन्छन्, 'धेरै नगरपालिकाले सामुदायिक कलेज तथा शैक्षिक संस्थालाई पैसा दिएका छन्, तर भक्तपुर नगरपालिकाले जस्तो जिम्मेवार र व्यवस्थित तरीकाले काम गर्न सकेका छैनन्।'



सुनिल प्रजापति, मेयर

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक **पृथुचरण वैद्य** देश विकासको मेरुदण्ड नै शिक्षा भएकाले भक्तपुरले विकास गरेको खाकामा अन्य स्थानीय तहहरूले पनि काम थाल्नुपर्ने बताउँछन्। भक्तपुर नगरपालिकाको नेतृत्वले जिम्मेवारीपूर्वक काम गरेको उनको भनाइ छ।

'भक्तपुर नगरपालिकाको नेतृत्व तहमा बस्नेले आँट गरी जिम्मेवारीपूर्वक काम गरे। त्यसको प्रतिफल राम्रो देखियो,' वैद्य भन्छन्, 'राजनीतिक नेता, अभियन्ता, कार्यकर्ता र समाजसेवीले चाहे सबै ठाउँमा गर्न सकिने यो खाका सराहनीय छ।'

## शैक्षिक ऋण

नगरपालिकाले जेहेनदार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई शैक्षिक ऋण दिँदै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी २०७५ सालदेखि नै शैक्षिक ऋण कार्यक्रम ल्याइएको नगरपालिकाको शिक्षा समितिका संयोजक तथा वडा नम्बर ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले बताए।

शैक्षिक ऋण पाउन योग्य नगरपालिकाका स्थायी बासिन्दालाई बिनाधितो ६ प्रतिशत ब्याजदरमा पाँच लाख रूपैयाँसम्म रकम उपलब्ध गराइने वडाध्यक्ष ज्याख्वले जानकारी दिए। देशको जुनसुकै शैक्षिक संस्थामा चारवर्षे स्नातक पढ्ने विद्यार्थीले ऋण पाउन सक्छन्। तर, विदेश अध्ययनका लागि ऋण नदिइने ज्याख्वको भनाइ छ।

यस कार्यक्रमका लागि नगरपालिकाले वार्षिक पाँच करोड रूपैयाँ विनियोजन गर्दै आएको छ। कार्यक्रम लागू भएको पहिलो वर्ष ३६, दोस्रो वर्ष ९१ र तेस्रो वर्ष १२० जनाले शैक्षिक ऋण लिइसकेको नगरपालिकाको तथ्याङ्कमा छ।

नियमित पढाइ जारी रहन्जेल ऋण तिर्न अनिवार्य

छैन । विद्यार्थीले पेशा, व्यवसाय गरेर आम्दानी गर्न थालेपछि ऋण तिर्न उत्साहित गर्ने गरिएको वडाध्यक्ष ज्याख्वले बताए । ऋण रकम पढाइ पूरा भएको चार वर्षमा तिनुपर्छ । पढाइ सकिएपछि ऋण हरेक वर्ष २५ प्रतिशतले घटाउँदै लानुपर्ने प्रावधान छ । तर, एकमुष्ट पनि तिर्न सकिन्छ ।



ख्वप कलेज

## मानविकी सङ्कायको प्रवर्द्धन

मानविकी सङ्कायमा विद्यार्थीको सङ्ख्या घट्दै गएका बेला भक्तपुर नगरपालिकाले यस सङ्काय पढ्नेलाई छात्रवृत्तिको व्यवस्था गरेको छ ।

नगरपालिकाका स्थायी बासिन्दाले देशका जुनसुकै शैक्षिक संस्थामा राजनीतिशास्त्र, भूगोल, संस्कृति, इतिहास र नेपालभाषा अध्ययन गरे पूर्ण छात्रवृत्ति दिइने वडाध्यक्ष ज्याख्वले बताए । नगरपालिकाको यस योजनाले विद्यार्थीको चाप कम हुँदै गएको मानविकी सङ्कायका विषय पढ्ने विद्यार्थी बढ्न थालेको ख्वपः कलेजका प्राचार्य **रूपक जोशी** बताउँछन् । 'छात्रवृत्ति दिएपछि ती विषय पढ्ने विद्यार्थीको सङ्ख्यामा वृद्धि हुँदै गएको छ,' प्राचार्य जोशीले भने ।

## पाठ्यक्रममा स्थानीय विषयवस्तु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने पहिलो स्थानीय तह भक्तपुर नगरपालिका हो । यस नगरपालिकाका विद्यालयमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरिएको छ ।

स्थानीय पाठ्यक्रममा यस क्षेत्रको राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा योगदान दिएका व्यक्तिहरूको जीवनी, नेवारी खाना, वेशभूषा, सम्पदा र संस्कृतिको महत्त्व, ट्राफिक नियम, स्काउट सम्बन्धी जानकारी समावेश गरिएको नगरपालिकाका शिक्षा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले बताए ।

नगरपालिकामा २६ ओटा आधारभूत विद्यालय, ७० ओटा माध्यमिक विद्यालय छन् । ती विद्यालयमा ११ हजार ३५६ जना विद्यार्थी रहेको कर्माचार्यले जानकारी दिए । त्यस्तै, नगरपालिकाले सञ्चालन गरेका सात ओटा कलेजमा २० हजारभन्दा बढी विद्यार्थी छन् ।

## रोकियो विश्वविद्यालय विधेयक

२०५८ सालमा नेपाल मजदुर किसान पार्टीका सांसदले संसद्मा 'ख्वप विश्वविद्यालय विधेयक' दर्ता गराएका थिए । उक्त विश्वविद्यालय भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने विधेयकमा उल्लेख छ । तर, उक्त विधेयक हालसम्म संसद्मा टेबल हुन सकेको छैन ।



इन्जिनीयरिङ कलेज परिसर

विधेयक संसद्बाट पारित भए १२ देखि १५ लाख रूपैयाँमा चिकित्सा शिक्षाको स्नातक तह (एमबीबीएस) पढाउन सकिने नगरपालिकाको भनाइ छ । नगरपालिकाले सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्न विश्वविद्यालय सञ्चालनको माग गरेको हो । तर, राजनीतिक स्वार्थका कारण माग पूरा नभएको नगरपालिकाको आरोप छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं भक्तपुर क्षेत्र नम्बर १ का तत्कालीन सांसद **नारायणमान बिजुक्छेँ**ले २०५५ सालमा १५ वर्षमा भक्तपुरलाई **'एक घर एक स्नातक'** बनाउने घोषणा गरे । उक्त अभियान अन्तर्गत भक्तपुरका माध्यमिक विद्यालयहरूमा विश्वविद्यालयको सम्बन्धनमा स्नातक र स्नातकोत्तर कक्षा सञ्चालन गरियो । वागीश्वरी, बासु, आदर्श आजाद, पद्म, विद्यार्थी निकेतन, देवी, चाँगु, दोलागिरी, आदर्श, जोरपाटी माविले कक्षा सञ्चालन गरेका थिए ।

बागमती प्रदेशका मुख्यमन्त्री **राजेन्द्र पाण्डे**ले गत माघमा भक्तपुर नगरपालिकाको शैक्षिक संस्थाहरू अवलोकन गर्ने क्रममा बागमती प्रदेश सरकारले तयार पारेको शिक्षा विधेयकअनुसार ख्वप विश्वविद्यालयलाई मानित विश्वविद्यालयको मान्यता दिन सकिने बताएका थिए । मानित विश्वविद्यालयले सम्बन्धन दिनेबाहेक विश्वविद्यालयले गर्ने सम्पूर्ण कार्य गर्न पाउने उनको भनाइ थियो ।

**(हिमालखबर, ११ वैशाख, २०७९)**

# उत्कृष्ट स्थानीय निकाय भक्तपुर र शिक्षा

प्रतिज

स्थानीय भाषामा ख्वप नामले चिनिने भक्तपुर काठमाडौँ उपत्यकाको पुरानो नेवाःरी सांस्कृतिक केन्द्र हो। राजधानीबाट करिब १५ किलोमिटर पूर्वमा अवस्थित यो सहर समुन्द्री सतहबाट १४०१ मिटर उचाइमा ६.८८९ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। यहाँ ९० प्रतिशत नेवाःरी भाषिक समुदाय र बाँकी १० प्रतिशत अन्य समुदायका व्यक्तिहरूको बसोबास रहेको छ। नेपालीको लिखित इतिहासको सुरुवात भक्तपुरको चाँगुनारायणबाट सुरु भएको मानिएको छ। यो सहरलाई युनेस्कोले सन् १९७९ मा विश्व सम्पदाको सूचीमा सूचिकृत गरेको छ। यो नगर जुजु धौ, भादगाउँले टोपी, हाकुपटासी, माटोको भाँडा र हस्तकलाले परिचित छ। आफ्नै मौलिकता, आफ्नै कला, संस्कृति र संस्कारले परिचित छ।

विगतमा काठमाडौँ उपत्यकाका अन्य सहरभन्दा यो सहर शिक्षाको दृष्टिले, स्वास्थ्य र सरसफाइको दृष्टिले, रोजगार तथा आयआर्जनको दृष्टिले धेरै पछि परेको थियो। देशकै सबैभन्दा सानो सहर, आर्थिकरूपमा, जातिगतरूपमा, राजनैतिकरूपमा, वर्गीयरूपमा हेपिएको, चेपिएको, पिल्सिएको भक्तपुर नगरपालिकालाई नेपाल मजदुर किसान पार्टीको विचार, सिद्धान्त तथा दूरदर्शी नैतिकवान, क्रान्तिकारी नेता नारायणमान बिजुक्छेँ (का. रोहित) को कुशल संरक्षणको कारण यो नगरपालिका अहिले नेपालकै सबैभन्दा उत्कृष्ट नगरको रूपमा स्थापित भएको छ। नेपाल मजदुर किसान पार्टी र भक्तपुर नगरपालिका समाजवादको पर्यायवाचीको रूपमा यो नगरपालिका उदय भइरहेको छ। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई सैद्धान्तिक आधारको रूपमा ग्रहण गरी नेपालको परिवेशमा समाजवादी दर्शनलाई व्यावहारिकरूपमा लागू गर्न निःस्वार्थरूपमा लागिरहेको नगरपालिका भक्तपुर बनेको छ। देशको स्वाभिमानलाई आँच आउने खालका सर्त राखेर जर्मनी सरकारले भक्तपुरका सम्पदा संरक्षणको लागि रु. एक अर्ब बीस करोड अनुदानको रकमलाई अस्वीकार गरी जनताको सहयोगबाट भूकम्पले क्षति गरेका सम्पदालाई पुनर्निर्माण गर्न सफल भएको छ।

भक्तपुर नगरलाई संसारकै सुन्दर, रमणीय, स्वच्छ, आनन्दी नगर बनाउने अभियानका अग्रज नेमकिपाका अध्यक्ष रोहितले आजभन्दा २० वर्ष पहिले **'सय वर्षपछिको भक्तपुर'** नामको पुस्तकमा भन्नुभएको छ, 'यहाँका प्रत्येक युवाले चार पाँच ओटा भाषा जानेका हुनेछन्, सम्पदा क्षेत्रमा गाडी गुड्ने छैनन्, सडक धुँवा धूलोरहित हुनेछ, साँझमा सहर घुम्न निस्कँदा बाजा बजिरहेको हुनेछन्, मानिस भजन गाइरहेका हुनेछन्, सांस्कृतिक नृत्यहरू देखिनेछन्, मठमन्दिरमा बत्तीहरू झिलीमिली बलिरहेका हुनेछन्, पर्यटकहरू आएर आनन्द लिनेछन्, विदेशीहरू भक्तपुरमा आएर पीएचडी गरिरहेका हुनेछन्, त्यो सहर बिहान हेर्दा प्राचीन सहरजस्तो देखिनेछ, दिउँसो हेर्दा खुला विश्वविद्यालयजस्तो देखिनेछ र साँझ पनि उत्तिकै सुन्दर हुनेछ।' यसरी आम जनतालाई जनचेतना जगाएर बुद्धिजीवीकरण गर्ने, आदर्श समाज निर्माण गर्ने, जहाँ अन्याय अत्याचारको अन्त गरेर शोषणरहित वर्गविहीन समाज निर्माण गर्न समाजबाट कुलत, कुसंस्कार, विभेदहरू नभएको सबै असल, आनन्दी, खुसी, सुखी समाजवादी समाज निर्माण गर्ने उद्देश्यले यस नगरपालिकाले वि.सं. २०५८ सालमा पन्ध्र वर्षभित्रमा नगरका प्रत्येक घरमा कम्तीमा स्नातक तहसम्म उत्तीर्ण गरेको एकजना व्यक्ति हुनुपर्ने लक्ष्यका साथ 'एक घर एक स्नातक' अभियान अगाडि बढाएको छ। जुन पूरा भइरहेको छ।

स्वास्थ क्षेत्रमा पनि यस नगरपालिकाले अनुकरणीय नमुनायोग्य कामहरू अगाडि बढाएको छ। घर-घरमा नर्सिङ सेवा सञ्चालन गरिएको छ। एकाबिहानै घरको ढोका ढकढकाउँदै नर्स र स्वयंसेविकाले भन्छन्, 'कोहीँ बिरामी हुनुहुन्छ कि ?' यो एकादेशको कथा नभएर भक्तपुर नगरपालिकाले जनतालाई दिएको माया हो, सेवा हो, जनताप्रतिको समर्पण हो।

सरकारले जनविश्वास गुमाइरहेको, जनप्रतिनिधिले जनताको भावना कुल्चिरहेको, लामो समयसम्म सरकार सञ्चालन गरेका दलप्रतिको जनआक्रोसका कारण देशका महत्त्वपूर्ण स्थानीय निकायहरुमा स्वतन्त्र व्यक्तिलाई दलको विकल्पमा निर्वाचित भइरहेको अवस्थामा भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारले अत्यधिक मत प्राप्त गरी प्रायः सबै प्रतिस्पर्धीहरूको धरौटी जफत बनाएको छ। यसरी जनताको मनमस्तिष्कमा कहिल्यै नमेटिने छाप पार्न सफल भएका जननिर्वाचित मेयर सुनिल प्रजापति र उहाँको टीमले भक्तपुर नगरपालिकामा शिक्षा क्षेत्रमा हालसम्म गरेका केही महत्त्वपूर्ण कार्यहरूको केही चर्चा गरौँ।

नयाँ संविधान र कानुनअनुसार देशभरका सबै स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएका छन्। तर, देशका ७५२ ओटा नै स्थानीय सरकारले शैक्षिक सुधारको लागि केन्द्रीय सरकार र प्रदेश सरकारको मुख ताकिरहेका छन् भने अपवादको रूपमा भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा वार्षिक ४० करोड खर्च गरेर दक्ष जनशक्ति उत्पादन गरिरहेको छ। शिक्षा सम्बन्धमा मेयर **सुनिल प्रजापति** भन्नुहुन्छ, 'कम शुल्कमा उच्च शिक्षा दिन समाजलाई बौद्धिक बनाउन, नयाँ पुस्तालाई उत्पादनशिलतासँग जोडेर शिक्षा र समृद्धिको लक्ष्य पूरा गर्न कटिबद्ध छौँ।' भक्तपुर नगरपालिकाले २० वर्ष पहिले ख्वप उच्च माध्यमिक विद्यालयको नामबाट सुरु गरेको शिक्षण संस्था अहिले व्यापकरूपमा विकास भएको छ। राजनीतिलाई जनताको सेवामा समर्पण गर्ने नेमकिपाको आदर्श अँगालेका जनप्रतिनिधिले जनताको आवश्यकतालाई प्राथमिकतामा राख्न शिक्षा, स्वास्थ्यलाई राज्यको नियन्त्रण गर्न, समाजवादउन्मुख समाज निर्माण गर्न, जनतालाई बुद्धिजीवीकरण बनाउने उद्देश्यले यस नगरपालिकाले सातओटा उच्चस्तरीय शिक्षण संस्था सञ्चालन गरिरहेको छ। जो निम्न छन् –

- ख्वप माध्यमिक विद्यालय - ख्वप कलेज
- ख्वप इन्जिनियरिङ कलेज - ख्वप कलेज अफ इन्जिनियरिङ
- ख्वप बहुप्राविधिक अध्ययन संस्थान
- शारदा माध्यमिक विद्यालय - शारदा कलेज

यसरी नगरपालिकाले सञ्चालन गरेका सातओटा शिक्षण संस्थानहरूमा सात हजार विद्यार्थीहरूले पढिरहेका छन्। न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा दिएका यी शिक्षण संस्थामा मनाङबाहेकका ७६ ओटा जिल्लाका विद्यार्थीले पढिरहेका छन्। नपाभित्रका ३५ ओटा सामुदायिक विद्यालयको सुधार अभियान तीव्ररूपमा चलिरहेको छ। नगरपालिकाले सञ्चालन गरेका कलेजलाई कुनै पनि बन्द हडतालले असर गर्दैन। अधिकांश सरकारी बिदालाई पनि शैक्षिक सुधारमा उपयोग गरिन्छ। प्रत्येक वडामा शिशुस्याहार केन्द्रहरूको स्थापना भएको छ। जसले गर्दा आमाले रोजगारी गुमाउनु नपर्ने तथा बच्चालाई राम्रो आहार विहार र रेखदेख व्यवस्था मिलाइएको छ। एउटा शिशु स्याहार केन्द्रमा चार जना तालिम प्राप्त कर्मचारी राखिएको छ भने प्रतिबालक न्यूनतम शुल्कको व्यवस्था गरिएको छ। वयोवृद्ध व्यक्तिको लागि आदर निकेतनको व्यवस्था गरिँदै छ। जसमा बुढाबुढीहरूले दिनभर अनुभव साटासाट गर्ने, रुचि र चाहनाअनुसार भजन किर्तन गर्ने, खेलहरू खेल्नेलगायतका विभिन्न मनोरञ्जनका साधनहरूको व्यवस्था मिलाइनेछ।

इन्जिनियरको पढाइमा विभिन्न निजी कलेजहरूले सात लाख शुल्कमा सञ्चालन गरेको बेला भक्तपुर नपाले एक लाख नब्बे हजार शुल्कमा इन्जिनियर तहको पढाइको सुरुवात गरेको थियो भने अहिले अन्य निजी कलेजले १३/१४ लाख शुल्क लिइरहेका छन्। भक्तपुर नपाका कलेजले भने ६/७ लाखमा सबैभन्दा स्तरीय शिक्षा दिइरहेको छ। भक्तपुर नगरपालिकाले आफ्नै ख्वप विश्वविद्यालय स्थापना गरेर कम शुल्कमा विभिन्न विषय र क्षेत्रमा स्तरीय शिक्षा दिन अनवरतरूपमा लागिरहे तापनि सरकारले स्वीकृति दिएको छैन। एमबीबीएस (डाक्टर) पढ्न अहिले निजी कलेजले ६०/७० लाख लिइरहेको बेला भक्तपुर नपाले मेडिकल कलेज सञ्चालनको अनुमति दिए १५/१६ लाख शुल्कमा सञ्चालन गर्ने बताएको छ। तर, देशको शिक्षा क्षेत्रमा शैक्षिक माफियाहरूको बोलवाला भएकोले कम शुल्कमा स्तरीय शिक्षा दिने अवसरका ढोकाहरू बन्द गरिएका छन्।

## शैक्षिक ऋण तथा छात्रवृत्ति

भक्तपुर नगरपालिकाले वार्षिक तीन करोड कलेज लेभलमा मात्रै छात्रवृत्ति दिने गरेको छ। हरेक तहमा पहिलो, दोस्रो र तेस्रोलाई जेहेनदार छात्रवृत्ति दिने गरेको छ भने गरिब तथा विपन्न वर्गका बालबालिकालाई घर-घरमा पुगेर स्थलगतरूपमा छानबिन गरी २५ प्रतिशत, ५० प्रतिशत वा १०० प्रतिशत छात्रवृत्ति दिने गरिएको छ। कुनै पनि विद्यार्थीले पैसा नभएर पढाइ छोड्नुपर्दैन। नगरभित्रका हरेक व्यक्तिले अनिवार्यरूपमा स्नातक तह पढ्नैपर्ने व्यवस्था गरिएको छ। नगरपालिकाका कलेजभन्दा बाहिर स्नातक पढ्न जानेहरूलाई पाँच लाखसम्म शैक्षिक ऋण दिने व्यवस्था गरिएको छ। देशको लागि अति आवश्यक विषयहरू राजनीतिशास्त्र, इतिहास, भूगोल, अर्थशास्त्र, संस्कृति, नेपालभाषा विषयमा पढ्नेहरूलाई जहाँ पढे पनि पीएचडीसम्मको शत प्रतिशत शुल्क तिरी दिने व्यवस्था गरिएको छ। हाल यो सुविधामा दुई जनाले पीएचडी गरिरहेका र धेरैले स्नातकोत्तर पढिरहेका छन्।

## स्वास्थ्य क्षेत्र

भक्तपुर नगरपालिकाले एउटा ख्वप अस्पताल सञ्चालन गरिरहेको छ। दैनिक झन्डै सात सयले सेवा लिइरहेको उक्त अस्पतालमा रु. ८० मा विशेषज्ञ डाक्टर शेवा तथा रु. ५० मा एमबीबीएस डाक्टर सेवा जनताले वर्षमा ३६५ दिन पाइरहेका छन्। घर-घरमा नर्सिङ सेवा पुऱ्याएर हरेक व्यक्तिको प्रेसर जाँच्ने, स्वास्थ्यसम्बन्धी परामर्श दिने काम भइरहेको छ। निःशुल्क आयुर्वेद सेवा तथा प्राकृतिक

चिकित्सा सेवा उपलब्ध गराइएको छ। दम, खोकीका दीर्घ रोगीहरूलाई छुट्टै प्रविधिको उपचार व्यवस्था छ भने आँखा अस्पताल अलग्गै सञ्चालन गरिएको छ। बुढाबुढीहरूलाई वा ज्येष्ठ नागरिकहरूलाई नर्सिङ सेवासहित सुविधासम्पन्न आदर निकेतन सञ्चालन हुने भएको छ। युवाहरूलाई टोल–टोलमा जिमखाना, फिजियो थेरापीको सुविधा उपलब्ध गराएर यहाँका जनप्रतिनिधिहरूले आफूलाई जनताको मालिक होइन जनताको सेवक भएको नमुना बनेर देखाएका छन्।

यसरी भक्तपुर नगरपालिकाले हरेक युवायुवतीलाई विभिन्न सीपमूलक तालिम दिएर आत्मनिर्भर, स्वाभिमानी, दक्ष नागरिकको रूपमा विकास गरेर मानवियताको उच्चतम नमुनाको विकास गरिरहँदा नेपालका अन्य स्थानीय निकायहरूलाई प्रेरणा जगाउने काम भएको छ। नेपालमा आफूलाई क्रान्तिकारी जनयुद्ध लडेको भन्न रुचाउने माओवादी, सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी भन्ने एमाले तथा आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्ने नेपाली काङ्ग्रेसले पनि आफूले निर्वाचन जितेको स्थानीय निकायमा आफ्नो लक्ष्य, उद्देश्यअनुसार भक्तपुर नगरपालिकाले झैँ शिक्षा, स्वास्थ तथा अन्य क्षेत्रमा विकास गर्ने अभियानमा लाग्ने हो भने नेपालले एक दशकभित्र विकासको नयाँ उचाइ भेटाउनेछ। भाषणमा, घोषणापत्रमा मात्रै जनतालाई आश्वासन बाँड्ने, झुक्याउने, ठग्ने व्यवहारमा विदेशीको चाकरी गर्ने दलाली गर्ने गुलामी गर्ने शासक दलहरूले समयमै आफूलाई रूपान्तरण नगरेमा इतिहासको पानामा सीमित हुने निश्चित छ। योग्यताअनुसारको काम, कामअनुसारको ज्याला प्राप्त हुने शोषणरहित समाज निर्माण गरी गरिब जनताको स्वर्ग समाजवादमा पुग्न समाजवादी अभियानमा लाग्नुको विकल्प अरू छैन।

*(मजदुर, असार १७)*


बधाई तथा शुभकामना



भक्तपुर नगरपालिकाका पर्यटन अधिकृत तथा यस मासिकका शुभचिन्तक

**गौतमप्रसाद लासिवा**

(नेपालको भलिबलका प्रथम अन्तराष्ट्रिय रेफ्री) नेपाल भलिबल सङ्घको उपाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा बधाई तथा कार्यकाल सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछौं।


'भक्तपुर' मासिक परिवार



नगरपालिका नगरवासीहरूको संस्था हो ।

करदाताहरूले समयमै कर बुझाऔं

**नगरको विकासमा सघाऔं।**




# सय वर्षपछिको भक्तपुर (४)



नारायणमान बिजुक्छेँ

## भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्य तथा शिक्षा र संस्कृतिको केन्द्र बनाउनेबारे विचार

भक्तपुर जिल्लालाई देशको पहिलो स्मारक संरक्षित जिल्ला तथा पर्यटकहरूको गन्तव्य स्थल बनाउन, १५ वर्षभित्र पहिलो साक्षर र प्रत्येक घरमा एक स्नातक वा सो सरहका नाचगान वा चित्रकलाका कलाकार, खेलाडी वा भाषाहरूका ज्ञाता, होटल व्यवस्थापन गर्ने र पर्यटक गाइड वा हस्तकलाका शिक्षक उत्पादन गर्न तथा हाम्रो नयाँ पुस्तालाई नयाँ शताब्दीका योग्य नागरिक बनाउन हामी सबै मिलेर चिन्तन र मिहिनेत गरौँ ।

राजधानीसँग जोडिएको तथा देशको सबभन्दा सानो जिल्ला, सबै गाविसहरूमा मोटर जाने सडक जोडिएको, स्वास्थ्य चौकी, प्राथमिक र निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक स्कूलहरूसमेत रहेको, झन्डै ३० प्रतिशत जनसङ्ख्या अध्ययनरत रहेको तथा वर्षको झन्डै एक प्रतिशतभन्दा बढीलाई अनौपचारिक शिक्षा वा प्रौढ शिक्षाबाट साक्षर गर्न साक्षरता अभियानसमेत चालु रहेको हुँदा हामीले १५ वर्षभित्र माथिको हाम्रो उद्देश्य पूरा गर्न सक्नेछौँ ।

नगरका केही वडाहरू र केही गाविसहरूमा ८० प्रतिशत जनता साक्षर देखिएको, जिल्लामा पुरुष ८५ प्रतिशत र महिला ४२ प्रतिशत गरी सालाखाला ६३ प्रतिशत साक्षर रहेको, सालाखाला केही वडाका हरेक परिवारमा एकजना प्रवेशिका परीक्षा उत्तीर्ण व्यक्ति देखिएको, केही वडामा २५ प्रतिशत परिवारमा एक स्नातक, स्नातकोत्तर व्यक्ति रहेको तथ्याङ्कले देखाउँछ, वर्षको २००० भन्दा बढी छात्रछात्राहरू प्रवेशिका परीक्षामा सामेल हुन्छन् ।

जनजातिहरू र दलित जातिका गाउँ र क्षेत्रमा शिक्षालाई प्राथमिकता दिएमा, ४-५ ओटा गाविसहरूमा माध्यमिक विद्यालयको बन्दोबस्त गर्न सकेमा, प्राथमिक र निम्नमाध्यमिक विद्यालयको शैक्षिक स्तरलाई उठाउन शिक्षकहरूको तालिम र योग्य शिक्षकहरू प्रदान गर्न सकेको खण्डमा शतप्रतिशत नभए पनि ९० प्रतिशत परीक्षार्थीहरू उत्तीर्ण गर्ने उद्देश्य राखेर सबैले प्रयत्न गर्‍यौँ भने हाम्रो उद्देश्य र अनुमान पूरा हुने छ, खालि सङ्कल्प र संयुक्त प्रयासको आवश्यकता छ ।

शिक्षा र रोजगार अन्तर्सम्बन्ध भएको विषय हुँदा शिक्षालाई स्वाभाविक विकासको ठाउँमा व्यवस्थितरूपमा विकास निम्ति पहल गर्नुपर्ने देखिन्छ । साथै प्राविधिक र रोजगारमूलक शिक्षालयहरूको विकासमा जोड दिन सके बेरोजगारको समस्या समाधानमा पनि टेवा पुग्ने छ ।

बीचमा कुनै बाधा-व्यवधान आएन भने, हामी जनप्रतिनिधिहरू, शिक्षाप्रेमी बुद्धिजीवीहरू, अभिभावकहरू तथा शिक्षा कार्यालय र सबै शिक्षकहरू लागि पर्‍यौँ भने भक्तपुर जिल्ला पहिलो साक्षर तथा प्रत्येक परिवारमा एक स्नातक भएको, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला र संस्कृति जोगिएको तथा आफ्नो पहिचान भएको जिल्ला बनाउन सक्नेछौँ ।

भक्तपुरका जनताका एक सांसदको नाताले यसअघि 'कला र संस्कृति संरक्षण विधेयक' तथा 'उपभोक्ता संरक्षण विधेयक' प्रस्तुत गरेर देश र सरकारलाई एक उपाय र बाटो देखाउन सके जस्तै संसदको आउँदो २१ औँ अधिवेशनमा 'सांस्कृतिक नगर' सम्बन्धी एक विधेयक प्रस्तुत गर्दैछु ।

हुन त हामीले काठमाडौँ उपत्यकाबाटै गलैँचा, तयारी पोशाक, डाइङ्ग जस्ता प्रदूषण फैलाउने उद्योगहरूलाई अन्य जिल्लाहरूको सन्तुलनसमेत कायम हुने गरी व्यवस्थित गर्न तथा राजधानीलाई एक राजनैतिक र सांस्कृतिक केन्द्र बनाउन आवाज उठाउँदै आएका हौँ । त्यो उद्देश्य पूरा भयो भने खानेपानीको अभाव, फोहोरमैला, अपराधको वृद्धि, यातायातको ठूलो चाप तथा प्रदूषण आदिबाट पनि काठमाडौँ उपत्यका मुक्त हुनेछ ।

*('भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्य तथा शिक्षा र संस्कृतिको केन्द्र बनाउने' विषयक भक्तपुर अरनिको सभाभवनमा २०५८ माघ २१ गते आयोजित बृहत् छलफल कार्यक्रममा व्यक्त विचार ।*

# भक्तपुर नगरलाई 'सांस्कृतिक नगर' घोषणा गर्ने सम्बन्धी अध्ययन प्रतिवेदनबारे विचार

कुनै देशको नामबारे स्थानीय भाषाबाट अर्थ खोज्नु वा परिभाषित गर्नु उचित देखिन्छ। 'ने' को अर्थ नेवारी भाषामा 'ठाउँ' हो भने 'पा' को अर्थ 'भिरालो' हो। भिरालो ठाउँको अर्थबाटै 'नेपा' र पछि 'नेपाल' हुन गएको देखिन्छ।

नेपालको नामबारे अन्य विद्वान् र इतिहासविद्हरूको अनुमान र ठम्याइ प्राज्ञिक अभ्यासकै सिलसिला देखिन्छ।

स्वतन्त्रता आन्दोलन र मुक्तिपछि धेरै देशहरूको नाम आ-आफ्नै भाषाबाट परिवर्तन आएकोबाट पनि देशको नामबारे भौतिकवादी दृष्टिकोण र व्याख्या उपयुक्त हुन्छ।

नेपाल र काठमाडौँ उपत्यकाको उत्पत्ति र इतिहासबारे छलफल गर्दा लिच्छवि र मल्लकाललाई मात्र होइन, किराँत काललाई पनि ध्यान राख्नु उपयुक्त होला। आर्यहरूले यमुना नदी पार गरी किराँतहरूले आफ्नो राज्य स्थापना गरेकोबारे मतभेद नहोला।

'सम्पदा' क्षेत्रले प्राचीन महत्त्वपूर्ण भौतिक वस्तुको संरक्षणको अर्थमात्र दिन्छ भने 'सांस्कृतिक' नगरले 'संरक्षित सम्पदा क्षेत्रको साथै निश्चित जाति, भाषा-भाषी, जनताको परिचय तथा प्राचीन सांस्कृतिक गतिविधि र जीवनलाई समेत निरन्तरता कायम राखेको र जीवन्त राख्ने' अर्थमा लिइनुपर्दछ।

भाषा, नाचगान, लवाइ-खवाइ, चित्रकला, हस्तकला, मूर्तिकला, रीतिरिवाज, साहित्य र परम्परा, श्रृङ्गार र सदाचार, शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधि आदि सबै सांस्कृतिक जीवनकै अङ्ग हुन्।

ती प्राचीन संस्कृतिलाई जीवन्तता दिनु, त्यसको व्याख्या र पुनर्व्याख्या गर्नु, त्यसको ऐतिहासिक भौतिकवादी व्याख्या गर्नु तथा नयाँ विज्ञान र प्रविधिलाई समेत समाजमा उचित उपयोग गर्न दिनु पनि 'सांस्कृतिक' नगरको प्राथमिक कार्यमध्ये एक हुनुपर्दछ।

वर्तमान विज्ञान र प्रविधि, उद्योग-व्यापार तथा जीवनका विविध क्षेत्रबाट नागरिक जीवनलाई भौतिक र मानसिक रूपले नकारात्मक असर पर्ने परिणामबाट जोगाउनु पनि 'सांस्कृतिक' नगरको प्राथमिक कार्य हो।

ढलको बन्दोबस्त, ढल वा नगरको फोहोरलाई खोलामा बग्न दिनुभन्दा सफा गर्ने उपचारपोखरी, फोहोर फाल्न (डम्पिङ साइट) ठाउँको व्यवस्था, गल्ली र पर्खालले घेरिएको विशेष नगर क्षेत्र वा प्राचीन नगरलाई ध्वनि प्रदूषण र वायु प्रदूषणबाट जोगाइ वातावरणमा प्राचीनता यथावत राख्न सबै प्रकारका प्रदूषण फैलाउने उद्योगधन्दा र यातायातका साधनलाई निषेध गर्ने, विकल्प खोज्ने वा केही समयको निम्तिमात्र छुट दिने आदि बन्दोबस्त गरिनु समय सुहाउँदो हुनेछ।

भक्तपुर नगरपालिकाले अहिले गर्दै आएको सफाइ, संरक्षण, नाचगानलाई प्रोत्साहन, जीर्णोद्धार, शिक्षा र स्वास्थ्यमा सहयोग, कलेजहरूको स्थापना, खेलकुदको तालिम, साक्षरता अभियान, महिला तथा पुरुषहरूलाई अनेक प्रकारका सीपका तालिमहरू, युवा, विद्यार्थी, महिला, किसान र जीवनका विविध क्षेत्रलाई सफाइ र संरक्षण कार्यमा श्रमदान र चन्दा दिएर सहभागी बनाउन सक्नु आदि सांस्कृतिक नगरको निम्ति आवश्यक पूर्वाधारमध्ये हो भने मापदण्डभित्र निर्माण कार्य गराउन, मापदण्ड मिच्ने प्रवृत्ति र सम्भावनालाई रोक्न, प्राविधिक श्रमशक्तिलाई सैद्धान्तिक, कानुनी र व्यावहारिक तालिम दिइनु, प्राचीन स्मारकहरूको महत्त्व र निर्माताहरूको आदर गर्न नयाँ पुस्तालाई तयार गर्न पाठ्यपुस्तक तयार गर्ने, पाठ्यक्रममा समावेश गराउने तथा व्यापक जनतालाई यसबारे पूर्ण रूपले सचेत गर्न जनतासम्म पुग्ने थप कार्यक्रमको तर्जुमा गरिनु आवश्यक छ।

सांस्कृतिक नगर घोषणाको विधेयकको उद्देश्य भक्तपुरमात्रै होइन पनौती, साँखु तथा प्रस्तुत अध्ययनमा पूर्व शिक्षासचिव जयराम गिरीको सुझावअनुसार कास्की जिल्लाको गुरुङ गाउँ घान्द्रुक जस्ता अन्य सांस्कृतिक नगर, गाउँ वा क्षेत्र घोषणा गराउनु हो।

वि.सं. १९९० सालको भूकम्प र त्यसको अघिपछिका भूकम्पले पनि भत्केका केही चोक भएका घरहरू र अन्य सम्पदाहरू पनि नेपालमा छन्। त्यस्ता घरहरूलाई जोगाउने तथा जोगिएका कारणहरू पत्ता लगाई हाम्रा प्राचीन नगरमा अब बन्ने निजी वा सार्वजनिक भवनहरू तथा मर्मत सम्भार गर्दा भूकम्प प्रतिरोधक उपायहरू अपनाउन सम्बन्धित संस्थाहरू र व्यक्तिहरूको समेत राय-सुझाव आवश्यक छ।

सडक विभाग आफै छाडा हुँदा र पारदर्शी नहुँदा प्राचीन नगरमा वा सम्पदा क्षेत्रभित्र सडक विभागले मापदण्ड तोक्दा वा सडक बनाउँदा नगरपालिका, पुरातत्त्व विभाग

र त्यसका सम्बन्धित संस्था र व्यक्तिहरूसँगसमेत छलफल गरिनुपर्ने प्रावधान आवश्यक छ। सांस्कृतिक सम्पदासँगै वा सम्पदा नै कुरूप देखिने गरी विद्युतका ट्रान्स्फरमर वा तार-टेलिफोनका ठूलठूला उपकरण राखिएका छन्। लट्ठाहरू पनि गाडिएका छन्। त्यसको अर्थ हो- सम्बन्धित हाकिम, प्राविधिक र विभागीय प्रमुखलाई समेत सांस्कृतिक सम्पदा संरक्षणबारे आवश्यक जानकारी नहुनु। यसकारण 'सांस्कृतिक' नगरमा विद्युत, दूरसञ्चार, खानेपानी वा अन्य कार्यालयहरूले आ-आफ्ना भवन र निर्माण कार्यहरू गर्दा नगरपालिकासँग समन्वय कायमै गर्नुपर्ने ऐनमा बन्दोबस्त गर्नु सबभन्दा उपयुक्त हुन्छ।

मापदण्ड मिची जबर्जस्ती घर निर्माण गर्नेहरूलाई नियमानुसार नगरपालिकाको खानेपानी, विद्युत र दूरसञ्चार तथा बैङ्कलाई आवश्यक सहुलियत रोक्का गर्न सूचना दिँदा पनि ती कार्यालयहरूले मापदण्ड मिच्नेहरूलाई प्रोत्साहन दिएका धेरै उदाहरण भएको हुँदा 'सांस्कृतिक' नगरमा ती सम्बन्धित सबै कार्यालयहरूको बलियो समन्वयको बन्दोबस्त ऐनमै हुनु अपरिहार्य छ।

उत्पादनका साधनहरू र सम्बन्धहरूमा परिवर्तन हुँदै जाँदा जनताको जीवन पद्धतिमा पनि हेरफेर हुँदै जानु स्वाभाविक छ। हिजोका विभिन्न प्रकारका खर्पन, धागो काट्ने चर्खा, धागो मिलाउने फेलु र कपडा बुन्ने पुराना तान वा जीवनशैली पछि आउने नेपाली पुस्ताले देख्नेछैन। यसकारण आफ्नो देश र पुरानो समाजको जविनशैलीबारे जानकारी दिन तथा जीवन्तता दिन चित्र, ठूलै जीउका पुतलीहरू बनाएर तथा सामानहरू प्रदर्शित गर्ने सङ्ग्रहालयहरूको स्थापना गर्न ढिलो गर्नुहुन्न। भक्तपुर नगरपालिकाको गोल्मढी, वडा नं. ७ को भौरबहीलाई त्यस्तो सङ्ग्रहालयको रूप दिनु त्यस कार्यमा पहिलो पाइला हुनेछ।

त्यस्तै स्थानीय भाषा र साहित्य, प्राचीन नाचगानहरूको विद्यालय र महाविद्यालयहरूको स्थापना, पाठ्यपुस्तक, पाठ्यक्रम आदिको बन्दोबस्त गर्न तदारुकता 'सांस्कृतिक' नगरले देखाउनैपर्छ, समयमै ध्यान गएन भने हाम्रा पुराना नाचगान र बाजागाजाका गुरुहरूबाट हामीले शिक्षा हासिल गर्न सक्नेछैनौँ र गुरुहरूका योगदानबाट आउने पुस्ता वञ्चित हुनेछन्।

नेपाली वास्तुकलाबारे अध्ययन गर्न नेपाली शिक्षार्थीहरू विदेश जानुपर्ने स्थिति छ। नेपालकै विषयमा नेपालमा आवश्यक पुस्तकहरू छैनन्। यसकारण 'सांस्कृतिक' नगरबारे अध्ययन र अनुसन्धान गर्न एक खोज केन्द्र वा संस्थान र पुस्तकालयहरू हुनु आवश्यक छ।

यस अर्थमा प्रस्तुत कार्यपत्रको 'पाँचौँ परिच्छेद' को 'सांस्कृतिक सम्पदामा समृद्ध नगर भक्तपुर : एक खुला सङ्ग्रहालय' शीर्षकका उल्लेखित 'एक विशाल सांस्कृतिक केन्द्र' स्थापना गर्ने प्रस्तावना उपयुक्त छ। यसबारे अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक डा. श्रीमती क्रोम्बीको दृष्टिकोण हाम्रो सोचसँग मेल खान्छ, उनको सल्लाह सराहनीय छ र कार्यान्वयन पनि हुँदैछ।

कार्यपत्रको छैटौँ परिच्छेदमा 'सांस्कृतिक नगरको अवधारणा' (Concept of Cultural City) मा उल्लेख 'नगर स्मारक प्रहरी' को बन्दोबस्त भक्तपुर नगरपालिकाले एक वर्ष अगाडि नै सुरु गरिसकेको अवगत नै होला, तर ती प्रहरीहरूलाई कलाकृतिको महत्त्व, संरक्षण र सुरक्षाको थप तालिम आवश्यक छ।

कार्यपत्रमा उल्लेख भएजस्तै इटालीको पम्पे, चीनको लिचियाङ्ग सहर, बेलायतको बाथ, कास्कीको घान्द्रुक जस्तै नेपालमा विभिन्न जाति र भाषाभाषीहरू तथा दुर्गम जनताका मौलिक बस्ती, वस्तु र कला संस्कृतिलाई जोगाउन 'सांस्कृतिक' क्षेत्र, गाउँ र नगर घोषणा गर्न ऐनले तर्जुमा गर्नु आवश्यक छ।

कार्यपत्रमा प्रस्तुत 'अभौतिक संस्कृति' को शब्दावलीलाई नाचगान, रीतिरिवाज, भावना, दर्शन वा के भन्न खोजिएको हो प्रस्ट पार्नु बढी उपयुक्त र उचित हुनेछ।

कार्यपत्रको सातौँ परिच्छेदको 'सिफारिसहरू' (Recommendations) मा '५८ नगरपालिकाहरूमध्ये संस्कृति संरक्षण र प्रवर्द्धनमा कटिबद्ध' वा 'संरक्षण तथा सम्बर्द्धन गरिरहेका नगरहरू छनोट गरी सांस्कृतिक नगर घोषणा गर्नुपर्ने' सिफारिस गरिएको छ। साथै विविध सम्बन्धित निकायहरूसित छलफल गरी पञ्चवर्षीय योजनामा समेत समावेश गरी राष्ट्रिय नीति वा देशको आवधिक योजनामा घोषणा गर्नुपर्ने सिफारिस गरिएको छ।

भक्तपुरलाई 'सांस्कृतिक' नगर घोषणा गर्नेबारे नवौँ योजनामा समावेश छ भने पुरातात्त्विक, ऐतिहासिक सम्पदा, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपले 'सांस्कृतिक' नगर घोषणा गर्नैपर्ने नगरहरूलाई 'संरक्षण र सम्बर्द्धन' वा प्रवर्द्धनमा 'कटिबद्ध' गर्नेतिर ध्यान नै नगएको वा जानकारी नै नभएको नगरहरूलाई सरकार आफैले वा सम्बन्धित मन्त्रालयले नै 'सांस्कृतिक' नगर घोषणा गर्न २-४ वर्ष अगाडि नै जनतामा आवश्यक चेतना दिनु, सरसल्लाह गर्नु, सम्पदा संरक्षण गर्नु वा ऐन नियमको बन्दोबस्त गरिनु

व्यवहारिक हुन्छ ।

सांस्कृतिक नगर घोषणा गर्नुपर्ने नगरहरूको (ञ) अर्थात् १० ओटा नगरहरूमा 'साँखु' 'मध्यपुर' नहुनु खट्किने विषय हो । साथै विराटनगर र वीरगञ्जजस्ता नगरहरूलाई उद्योग र व्यापारको अगुवा नगर भन्न मिल्छ भने राजविराज राणाकालको सबभन्दा पहिलो योजनाबद्ध नगरलाई व्यवस्थित गर्नुपर्नेबारे बिर्सनु उचित हुन्न ।

'सांस्कृतिक' नगर, गाउँ र क्षेत्र घोषणा गर्दा त्यसको पृष्ठभूमिलाई हेर्नु उपयुक्त होला । संसदको नवौं अधिवेशनमा प्रस्तुत 'कला-संस्कृति संरक्षण विधेयक-२०५२', 'प्राचीन स्मारक संरक्षण ऐन-२०१३' को संशोधन र 'सांस्कृतिक नगर व्यवस्था गर्न बनेको विधेयक-२०५८' लाई पनि मनन गर्नु आवश्यक छ ।

नेपाल सम्पदा सङ्घमा १२ असार २०५९ को दिन भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्ने अवधारणा तयार गर्नेबारे नेपाल रिसर्च सोसाइटी र नेपाली सम्पदा सङ्घद्वारा संयुक्त रूपमा आयोजना गरिएको 'अन्तरक्रिया' मा एकजना सहभागीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति संरक्षण एवम् प्रवर्द्धन महाशाखाद्वारा भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्ने सम्बन्धी सिद्धान्त र नीतिहरू तयार गर्नको लागि नेपाल रिसर्च सोसाइटीलाई २०५९/१/१३ मा गर्नुपर्ने भनी दिइएको कार्य विवरण (terms of reference) एउटा पनि कार्यपत्र वा अवधारणा पत्रमा उल्लेख नभएको बताएका थिए ।

२-३ दिन अगाडिमात्र कार्यपत्र वा अवधारणापत्र प्राप्त भएको हुँदा आवश्यक अध्ययन भइनसकेको हुँदा अन्तरक्रियामा उठेका प्रश्नहरूबारे हामीले छलफलमा भाग लिनु उपयुक्त थिएन । अन्तरक्रियापछि त्यस कार्य विवरण (terms of reference) लाई अध्ययन गर्दा आफ्नो राय दिनु उपयुक्त हुने ठहर गरेको छु । जुन यसप्रकार छ -

१) पहिलो नम्बरमा अधिराज्यका अन्य नगरपालिका र भक्तपुर नगरपालिकाको विशेषताबारे तुलनात्मक अध्ययनसहित मूल्याङ्कन गर्ने कुरा उल्लेख छ । तर कार्यपत्रमा ठाउँ-ठाउँमा प्राचीन नगरहरूबारे सङ्क्षिप्त उल्लेख छ तर पछि नगर घोषणा भएका नगरपालिकाहरूको निर्माणबारे कुनै तर्कपूर्ण उत्तर कसैले दिनसक्ने स्थिति देखिन्न । केही यस्ता गाउँ र सदरमुकाम पनि नगर घोषणा भएका छन् जसलाई मापदण्ड बनाउने हो भने नेपालका सबै गाउँ, बस्ती र वडा नगरपालिका हुनसक्ने छन् ।

२) युनेस्कोसँग सम्बन्धित (२) र (३) नम्बरको विषय र विदेशका 'सांस्कृतिक' नगरबारेको धारणा केही नगरहरूको विवरण कार्यपत्रमा उल्लेख छ ।

३) सांस्कृतिक नगर घोषणा गरेपछि स्थानीय जनता, नागरिक समाज र श्री ५ को सरकारको दायित्व र जिम्मेवारीबारे 'परिशिष्ठ 'ख', सिफारिसहरू, सांस्कृतिक नगरको अवधारणा, 'सांस्कृतिक सम्पदामा समृद्ध नगर भक्तपुर : एक खुला सङ्ग्रहालय' आदि शीर्षकहरूमा उल्लेख छ ।

४) भक्तपुर नगर क्षेत्रलाई सांस्कृतिक नगर घोषणा गर्नुपर्ने पूर्वाधार र मूलभूत कार्यहरूबारे 'सांस्कृतिक नगर निर्माणसम्बन्धी भौतिक अवधारणा', '.... युनेस्कोद्वारा प्रदान गरिने शान्ति पुरस्कार', 'अध्ययन विधि' मा समावेश रायहरू र '.... एक खुला सङ्ग्रहालय' ले प्रस्ट पारेका छन् ।

५) पर्यटकहरूको आचारसंहिताबारे छैटौं परिच्छेदको '..... अवधारणा' मा उल्लेख छ ।

६) भक्तपुर नगरको पर्यावरणीय अवस्थाबारे चौथो परिच्छेदको 'सांस्कृतिक नगर निर्माणसम्बन्धी भौतिक अवधारणा' मा उल्लेख छ ।

७) चरणबद्ध अपनाउनुपर्ने नीतिगत र कार्यगत प्रावधान र ठोस सुझावहरूमाथि उल्लिखित परिच्छेदहरूमा समाविष्ट छन् ।

८) 'सांस्कृतिक' नगर घोषणापछिका फाइदा र बेफाइदाबारे पाँचौं परिच्छेदमा प्रस्ट छ ।

९) प्राचीन स्मारक ऐन - २०१३ र स्वायत्त शासन ऐन-२०५५ लाई समेत ध्यान दिएरै कार्यपत्र लेखिएको छ । तर लेखाइ विश्लेषणात्मक र सूचनामूलक भएको हुँदा सरसर्ती अध्ययन गर्ने अध्येताहरूलाई अधैर्य बनाउन सक्ने देखिन्छ ।

अन्तरक्रियामा प्राध्यापक मुकुन्द अर्याल, पूर्वराजदूत केशव झा, उपत्यका नगर विकासका संयोजक सूर्यभक्त साँगाछेँ, प्राध्यापक तुल्सीराम वैद्य आदि विद्वान्हरूको टिप्पणी र मन्तव्य सान्है सारगर्भित र वस्तुनिष्ठ थियो । सारमा, प्रस्तुत कार्यपत्र वा अवधारणापत्र अध्ययनपूर्ण र सकारात्मक छ तथा परिमार्जनले त्यसमा अझ चमक थपिने कुरामा दुईमत हुनेछैन ।

*(भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्ने अवधारणा तयार गर्नेबारे नेपाल रिसर्च सोसाइटी तथा नेपाल सम्पदा सङ्घद्वारा सम्पदा सङ्घको कार्यालय, भद्रकालीमा २०५९ असार १२ गते आयोजित कार्यक्रममा प्रस्तुत विचार)* ***(क्रमशः)***



# समालोचनाया सिद्धान्त


## (समालोचनाया सिद्धान्त-७)

– प्रो. माणिकलाल श्रेष्ठ



### भाव-सञ्चार
### साहित्य कलाया उद्देश्य

अंग्रेजी समालोचना साहित्ये मनोवैज्ञानिक समालोचनाया परम्पराया निं स्वना दिइम्ह प्रसिद्ध समालोचक **आई.ए.रिचार्डस्**जुं धया दिइकथं समालोचनाया सिद्धान्त दिनाच्वंगु निगः थां दु – व खः मूल्य (गुण) या वर्णन व भाव सञ्चारया वर्णन। मनूया स्वभाव हे थःगु भाव कनेत स्वइगु। मचांनिसें हे झीसं खनागु न्यनागु खँया अनुभव मकंसे च्वने फइमखु। हाकनं मनू धयाम्ह जीवया विकास जुया वोगु इतिहास स्वयेबेले नं मनूया विकास क्रम भर हे। अझ वयां न्ह्यो माकः, मनूया स्थितिंनिसें हे मनूया मनं भाव प्वंका च्वंगु दु। मनुखं थम्हं अनुभव यानागु हे बस्तु करपिंत कनेत स्वइ। अर्थ जुगुलिं भावसञ्चार सिकं न्ह्यो अनुभूति वोगु



रिचार्डस्

खः, अथेसां दोलंदो दँया संस्कारं अनुभूति हे थ्वजोगु जुइ कि भाव सञ्चार मयासे मगाना वनी। थुकथं भाव-सञ्चार मनूया स्वभाव खः, प्राकृतिक गुण खः, अले थ्व भाव-सञ्चारया दक्कोसिबे भिंगु रूप कला खः, गुगु कलाया दुने साहित्य नं ला।

साहित्यकार (बा लेखक) व कलाकार धयापिं थःगु भाव प्वंकेत, अझ प्वंकेत जक मखु मेपिंत पुंकेत सनीपिं खः, अथेसां कलाकारं (लेखकं नं) करपिन्त छुं खँ कनीम्ह मनू धका थःत भापी मखु। करपिन्त कनेगु जिगु उद्देश्य खः धाइपिं कलाकारं तक नं व हे मुख्य ज्या मधासे थःत सन्तुष्टी कायेत कनागु धाये फु। 'दिवस चित्र' कविताया भूमिकाय कवि **केदारमान 'व्यथित'** जुं, च्वया केवल थःगु आत्म-तुष्टिया निंतिं, धया दिल। कलाकार लेखकपिसं थथे धाये यो। हानं लेखक वा कलाकारं थःम्हं अभिव्यक्ति यानागु वा कना च्वनागु दु (शब्दं वा संकेत वा प्रतीकं कने जिउ) धका नं मचाये फु। मने आवेग भावनात बिलि बिलि जाया तयांतये मफया मचायेक पिहाँ नं वया च्वनेफु, अले थम्हं हे मचागु खँ कना च्वनीम्ह कलाकार नं दये फु। जिं अभिव्यक्ति याना च्वनागु दु धका चासां हाकनं जिं च्वयागु खँ जनतां वा विशेषज्ञपिसं गुलि तक ययेकी धका कलाकारं आपा ध्यान बिया च्वने लाइ मखु। हानं अथे ध्यान बिया च्वयातःगु साहित्य वा कला कृति स्वच्छन्द पिहाँ वोगु थें नं च्वनी मखु।

अथे जुगुलिं कलाकारपिं मध्ये गुम्हं 'जिं थःगु निम्ति च्वया' धाइपिं, गुम्हं करपिंत च्वयागु धका विशेषता मबिइपिं दु। खालि छुं भति जक कलाकारपिंसं करपिंत कनेत हे कला कृति सिर्जना याना धा *(प्रसिद्ध अंग्रेजी नाटककार **जर्ज बर्नार्ड शा** थ्वजोम्ह छम्ह लेखक खः, करपिन्त कनेत जक मखु करपिन्त थः पाखे कायेत हे च्वयेगु धयागु वयकःया विचार खः। वयकलं हे च्वया दीगु दु– 'तमाम राष्ट्रयात हे जिगु बिचारे हयेगु उद्देश्य आल्पसें हे तया जिं नाटक च्वयागु खः।')* तर कलाकारं करपिंत कनेगुयात न्ह्याक्को महत्व मबिउसां थ्व नं छगू मुख्य उद्देश्य हे खः। 'थःगु आत्म-तुष्टिया निम्तिं' च्वया धाइम्ह व्यथितजुं नं धया च्वन, 'थःत सफल जुगु भापे यदि थुकिं जिथेंज्याःपिं छम्ह निम्हस्या दग्ध नुगले मात्र शान्ति प्रदान याय् फःसां।'

थःगु सन्तुष्टिया निम्तिं जक च्वइगु खः, थःगु भाव मेपिंत सच्चार याना बियगु छुं उद्देश्य मदुगु जूसा लेखकं च्वये धुनेव गात, प्रकाश यायेगु इच्छा तये मागु मखु, तर झीसं खना न्ह्याम्ह लेखकं नं थःगु कृति प्रकाश याना प्रचार यायेगु स्वया च्वनी। हानं छम्ह लेखकं छुं च्वइबेले वा कलाकारं छुं खँ व्यक्त याइबेले थम्हं जक थुगु बा थुइकथं व्यक्त याइ मखु, अर्थात फयांफत्तले व्यक्तिगत मजुइत सनी। थम्हं प्रयोग यानागु शब्द, चित्र, संकेत व प्रतीक सामान्य जुइमा, मेपिंसं नं थुइगु जुइमा

धका मचायेक हे जूसां लेखक कलाकारया कुतः जुया च्वनी । लेखक वा कलाकार छम्ह मनू खः, समाजे दुने च्वंम्ह छम्ह जीव, वया मने वइगु शब्द व प्रतीक नं ला वया समाज-सम्पर्क पिहाँ वोगु खः । लेखक वा कलाकारयात सन्तुष्टि जुइगु, मेपिंसं धासा छुं हे मथुइगु कला कृति यक्को हे कम जक दइ । आपालं लेखक कलाकारपिन्त ला थःगु कृति मेपिंसं ययेकूगु खनीबेले हे जक सन्तुष्टि दइ । छम्ह लेखकं, छम्ह कलाकारं सिर्जना याइबेले वया मूल उद्देश्य हे करपिन्त छुं कने धका खः ।

थुकथं बांलाक हे सिद्ध जु भाव-सञ्चार हे कला व साहित्यया कृतिया उद्देश्य खः । थथे खःसा भाव सञ्चार धयागु छु ? छम्ह कविया उदाहरण काये । वया मने छता भावना दु, वं उकियात व्यक्त याई । छम्ह सामान्य मनूया मने नं विशेष उत्तेजना वया च्वंबेले तीव्र भावना व कल्पना दइ, तर व मने तुं दुसुना वनी । तर छम्ह कविं उकियात प्वंके फु, सफल जुइक अभिव्यक्ति याई । थ्व हे 'कल्पनाया अभिव्यक्ति' यात कवि **शैलीं** कविता धाल । तर भाव-सञ्चार धयागु थुलि जक मखु । मने च्वंगु खँ प्वंकेगु अभिव्यक्ति जुल, भाव-सच्चार ला कविया मनया भाव थुकथं प्वंकेगु कि ब्वनीपिनि मने नं भाव वइ । अथेसा भाव गुलितक सञ्चार याये फु । छखलसिया विचार दु भाव-सञ्चार धयागु हे 'अनुभूति छगू मनं मेगुली न्ह्याकेगु' खः *(भिंच्यागूगु शताब्दीया अंग्रेजी कवि ब्लेकया नं थ्व हे विचार खः)* । थ्व धारणा ठीक मजू धयागु विचार प्रसिद्ध अंग्रेजी समालोचक आई. ए. रिचार्डस्या दु । धेवा छगू म्हिचां मेगु म्हिचाय् न्ह्याकेथें छम्हसिया अनुभूति मेम्हसित न्ह्याके फइ मखु । अनुभूति न्ह्याइ, तर न्ह्याइबेले गये खः अथे जुइ मखु ।

मेगु छखलःया धारणा कथं मनूया मन तस्सकं तस्सकं हे विस्तृत, उकिं मनया छगू अंश जक न्ह्याये फइ, न्ह्याना मेगु मनया अंश जूवनि । थुकथं भाव-सञ्चार जूगु सी दइ मखु । भाव-सञ्चार विषये थथे अलग अलग सिद्धान्त दुसां नं कला साहित्य कृतिया मूल्य वा सार छु धयागु खँय् थुकिया छुं प्रभाव लाइ मखु । *(आई. ए. रिचार्डस्या विचार दु - साहित्य व कलाया मूल्य ( वा गुण वा सार) फुक्क व्याख्यासिकं अलग व न्ह्यो खः, भाव-सञ्चार बारेया छुं सिद्धान्तं नं साहित्य कलाया मूल्ययात प्रभाव लाइमखु ।)*

धाथेंया खँ ला थथे खः, अनुभूतिया भाव-सञ्चार जुइ हे मफइगु खँ नं मखु, हानं दक्को अनुभूति गथे खः अथे न्ह्याके नं फइ मखु । विशेष परिस्थिति व वातावरणे छगू मन व मेगु मनया अनुभव उत्थें च्वनी, यक्को सत्तिना च्वनी । 'अले छगू मनं थ्वजोगु ज्या याना छगू वातावरण दयेकी गुगुली मेगु मनयात प्रभाव लाई व न्हापांया मनया थें जोगु हे अनुभूति मेगु मने वइ, थ्व न्ह्यपाया मनया अनुभूति याना हे वइगु खः *(आई. ए. रिचार्डस्)* । थ्व निगू अनुभूति जो लाइगु छुं भति म्ह्यो अपो जुइ फु ।

भाव - सञ्चार गुजोगु परिस्थितिइ गुकथं जुइ धयागु स्पष्ट यायेत भीसं छगू उदाहरण काये । न्हूगु छुं उदाहरण कायेसिकं मनोविज्ञानया क्षेत्रे अनुसन्धान याना च्वंम्ह समालोचक रिचार्डसं बिया तःगु उदाहरण हे काये । क व ख निम्ह लँय् वना च्वंबेले कं खयात छम्ह मनू क्यना 'थ्व मनू प्रधान न्यायाधीश' धका कनाबिउसा ख या मने छगू अनुभूति वइ । कं धाबेले वोगुलिं खया अनुभूति क या अनुभूतिइ निर्भर थें च्वं, तर थ्व भ्रम जक खः । थम्हं हे छम्ह मनू खसेंलि ख या अनुभूति थःगु स्वतन्त्र अनुभुति जुइ, क या अनुभूति नाप पाइ । तर क व ख नापं मवंसे क याकचा जक लँय् वना च्वंबेले प्रधान न्यायाधीश खंगु जूसा, अले न्यायाधीश खंगुलिं क या मने वोगु अनुभूति छुं भति जक जूसां क या अनुभूतिइ निर्भर जुइ । साहित्य कलाया कृतिइ लेखक कलाकारं व्यक्त यागु अनुभूतिं ब्वनीपिनि व स्वइपिनि मने भाव-सञ्चार जुइगु नं थथे हे खः । ब्वनीपिनि अनुभूति लेखकया अनुभूति नाप निर्भर जुइ मजुइगु म्ह्यो अपो जुइगु परिस्थिति स्वया खः ।

कनीम्ह व न्यनीम्ह निम्ह मनू छम्हसिनं मेम्हसित तस्सकं म्हसिउपिं जूसा वा निम्हसिकें मंका अनुभूति यक्को दःसा छगू मनं भाव-सञ्चार याये तस्सकं अःपु । थ्वजोगु छुं समानता मंत धायेवं भाव-सञ्चार नं जुइ हे फइ मखु । थ्व हे कारणं याना खः जन-जीवन बांलाक थूम्ह, जनतानाप सत्तिक सम्बन्ध दुम्ह लेखकं थःगु भाव जनताय् अःपुक सञ्चार याये फइ, थ्व लेखक व जनताया निक सम्पर्क याना खः । अथे हे हाकनं जनताया आकांक्षा, जन-जीवनया समस्या कया लेखकं च्वइबेले मंका अनुभूतिं याना लेखकया भाव अः पुक पाठकपिंके सञ्चार जुइ ।

थ्व जुल भाव-सञ्चारया खँ, च्वय् धयाथें समालोचना दिना च्वंगु निगः थां मध्ये छगः थ्व खः । अले मेगु खः 'मूल्य' (गुण) या वर्णन । थ्वजोगु मूल्य, थ्वजोगु सार भीसं च्वया किया मुंका तयागु धुकू हे साहित्य व कला खः । विभिन्न युगे ततस्सकं प्रतिभा दुपिं मनूतय् अनुभूति दकले च्वन्ह्याबेले पिहाँ वोगु भाव मुंका तःगु धुकू साहित्य व कला खः । 'छु छगू अनुभूतिया बारे भीगु निर्णयया रिकर्ड हे कला खः *(आई. ए. रिचार्डस्)*' । **(कथहँ)**

# प्रचलित गीत र गाइँचा म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (२)

विगोल

भक्तपुर कला र सम्पदाले भरिपूर्ण प्राचीन बस्तीको सहर हो। यहाँको प्राचीन कला, संस्कृति, सम्पदा, नाचगान, वाद्यवादन, गीत, सङ्गीत र मौलिक शैलीका मठमन्दिर, सत्तल, पाटी, चैत्य, विहार, पोखरी, इनार आदिका कारण भक्तपुर विश्वकै आकर्षणको केन्द्र बनेको छ। यो विश्वकै नाम चलेको सहर हो। विश्वको मानचित्रमा नेपाल र नेपालको मानचित्रमा भक्तपुर सानो भए पनि यहाँको कला, संस्कृति, सम्पदा, नाचगान, वाद्यवादन र सभ्यता सानो छैन। हुन पनि भक्तपुर मन्दिरै मन्दिर, पाटी पौवा, सत्तल, मठ, ढुङ्गेधारा, इनार, पोखरी, चोक र गल्ली भएको व्यवस्थित सहर हो। कलाको ठूलो भण्डार भएको यो ठाउँ पर्यटकीय गन्तव्यस्थल पनि हो। भनिन्छ, रोमको यात्राबिना इटालीको भ्रमण अधुरो, अपुरो भने झैं भक्तपुरको यात्राबिना नेपालको भ्रमण पनि अधुरो र अपुरो हुन्छ। यसरी वास्तुकलाको बेजोड नमुना रहेको भक्तपुर सहरको मल्लकालको अन्त्यपछि यहाँका धर्मशास्त्र, वंशावली, इतिहास बोकेको थ्यासफू, ताडपत्र, अन्य प्रमाणका कागजहरु नष्ट भएको, जलाइएको र लुटिएको हामीले पढेका छौँ, सुनेका छौँ। यो सँगै यहाँका भजनका गीत र इतिहासका अन्य प्रमाणहरू नष्ट गरिएको थियो। यी प्रमाणहरुको खोजीनीति, अनुसन्धान र अध्ययन गर्न पर्ने खाँचो छ।विश्वस्तरीय श्रेणीका कलाकृतिहरु समाज, देश र संसारकै अमूल्य निधि हुन्।

इतिहासको कुनै समय र नेपाल मण्डलको राजधानी थियो। भक्तपुर सहर राजधानी भएकोले यहाँ दरबार, प्रवेशद्वार, मण्डप, सत्तल, पाटी, पौवा, पोखरी, इनार, चोक आदि हुनु स्वाभाविक छ। यहाँको वास्तुकला र मूर्तिकला देखेर स्वदेशी विदेशी पर्यटकहरू मन्त्रमुग्ध हुन्छन्। यही कारण भक्तपुर नगरपालिकाले भक्तपुरलाई विश्वकै एक गन्तव्य स्थल र हेर्न लायकको सहर बनाउने ध्येयअनुसार काम गरिरहेको छ। भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गरेर यहाँका प्राचीन मौलिक सम्पदाहरू बचाउन लाग्दा, संरक्षण गरेर जीवन्त राख्न खोज्दा 'भक्तपुरलाई जेल बनाउन खोजियो' भनी विरोध गर्ने पक्ष पनि यहाँ नभएको होइन। नेपालीहरुकै धरोहरको रूपमा रहेको ऐतिहासिक र सांस्कृतिक दृष्टिले सजीव भक्तपुरलाई संरक्षण गर्नु के भक्तपुरलाई जेल बनाउनु हो ? भक्तपुरवासीलाई जेलभित्र राख्न खोजिएको हो ? भक्तपुर नगरपालिकाले यो नगरलाई सिङ्गारेर सुन्दर बनाएर देश विदेशका पर्यटकहरु भित्र्याएर आय आर्जनको स्रोत केन्द्र बनाउने काम सराहनीय छ। भक्तपुर नगरको पुरानो बस्तीभित्रका मौलिक सम्पदा सुरक्षित गरिएन भने बस्ती विस्तारसँगै पुरानो बस्ती सुनसानको सहर हुनेछ र यहाँको आय-आर्जनमा असर पर्नेछ। यसले व्यापार-व्यवसाय गरेर जीवन जोहो गर्नेहरुको निम्ति ठूलो समस्या हुनेछ।

नेपाल विभिन्न भाषाभाषी, जनजाति र धर्मावलम्बीहरुको साझा देश हो। हरेक मातृभाषाहरु आ-आफ्नै भाषामा गीत गाउँछन्, नाच्छन्, रमाउँछन्। उनीहरु आ-आफ्नो भाषा, गीत र सङ्गीतलाई संस्कृति र सभ्यता ठान्छन्। उनीहरूले गाउने गीतबाट त्यसबेलाको जनजीवनको चित्रण हुन्छ। जुनबेला मठ मंदिर, सत्तल, पाटी, ढुङ्गेधारा, इनार, पोखरी, चैत्य, विहार आदिको विकास भयो, त्यही बेलादेखि चाडपर्व, जात्रा, डाफा भजनसँगै गीत, सङ्गीत, वाद्यवाद र नाचगानको पनि विकास भएको देखिन्छ। जात्रा, डाफा भजनसँगै पर्व र जनजीवनसित मिल्ने गीत पनि गाउन थाल्यो। यहाँ प्रत्येक महिना एउटा न एउटा पर्व बनाइयो, पर्व मनाइयो। उपत्यका भित्र र उपलका बाहिर अग्ला अग्ला पहाड र डाँडामा मन्दिर बनाइयो। पदयात्रा गरेर मन्दिरको दर्शन गरियो। ती स्थानहरुमा गरिएको यात्रा संस्मरणमात्र लेखिएन गीत पनि गाइन थाल्यो।

लिच्छविकालीन समयमा प्रारम्भ भएको मन्दिर, नाचगान र गीत मल्लकालमा विकास र व्यवस्थित भयो अनि नाचगान, गीत-सङ्गीत र वाद्यवादनको विकास भयो। नाट्य क्षेत्रमा पनि विकास भयो ललितपुरको कार्तिक डबलीमा देखाइने कार्तिक नाच मल्लकालकै महत्त्वपूर्ण र प्राचीन नाच हो। अहिले पनि चालु त्यो नाचमा गीत, व्यङ्ग्यात्मक संवाद, वाद्यवादनको प्रयोग हुन्छ। यस्तै नाचगान भक्तपुरमा पनि हुन्थ्यो। नाचगान देखाउनकै निम्ति बनाइएका दबुहरु भक्तपुर सहरको विभिन्न टोलमा अहिले पनि छन्। नाट्य परम्परा निरन्तर चलिरह्यो। भक्तपुरको ब्यासी टोलमा रहेको खः प्याखं यसको दसी हो। तर, अहिले त्यो खः प्याखं बन्द छ। खः प्याखंको हालको स्थिति के छ ? त्यो अध्ययनको विषय छ। कार्तिक नाच सिद्धिनरसिंह मल्लको पालादेखि

अर्थात १६३७ बाट सुरुआत भएको मानिन्छ । तर खः प्याखं कसको पालामा कहिलेदेखि सुरु भएको हो ? यो पनि अध्ययनको विषय बनेको छ ।

प्रत्येक वर्ष मनाइने गाईजात्रा र गाईजात्रामा देखाइने परम्परागत नाचगान तथा आधुनिक ख्याल, एकाङ्की प्रदर्शनको क्रममा गाइँचा प्याखं पनि प्रदर्शन हुन्छ । राणाकाल र पञ्चायतकालमा वाक् स्वतन्त्रता थिएन । मौलिक र राजनीतिक अधिकार थिएन । एउटा जिल्ला बाट अर्को जिल्लामा जाँदा पनि गुप्तचर लगाइन्थ्यो । किन आएको भनी पक्राउ पर्थ्यो । प्रहरी खोरमा लगेर शारीरिक र मानसिक यातना दिइन्थ्यो । पुस्तक र पत्रिका प्रकाशन गर्न पाइँदैनथ्यो । प्रकाशन भए पनि गोप्य तरिकाले निकाल्नुपर्थ्यो । कुनै प्रेसबाट पुस्तक र पत्रिका लुकीछिपी ल्याउनुपर्थ्यो । कथंकदाचित प्रहरी प्रशासनले थाहा पायो भने पुस्तक र पत्रिका जफत हुन्थ्यो । पुस्तक र पत्रिका ल्याउने मान्छे पक्राउ पर्थे, थुन्थे । अझ मुद्दा लगाइन्थ्यो । खुलम खुला राजनीतिक प्रचार गर्न पाइँदैनथ्यो । लुकिछिपी राजनीति या सङ्गठन गर्नुपर्थ्यो । सङ्गठन गरेकै निहुँमा नेता तथा कार्यकर्ता पक्राउ पर्थे । जाली मुद्दा लगाइन्थ्यो । कुनै कर्मचारी या शिक्षक स्थायी हुनुपर्‍यो भने गुप्तचरहरुको रिपोर्ट आवश्यक हुन्थ्यो । लुकीछिपी राजनीति गर्ने नेता तथा कार्यकर्ताहरुलाई गुप्तचरहरुको सूचीमा रातो घेरा हाल्थ्यो । उनीहरु पञ्चायती शासकहरुको नजरमा विरोधी हुन्थे । आस्थाकै आधारमा प्रहरी प्रशासनले यातना दिन्थ्यो । राजनीतिक दलको पोस्टर राति राति टाँस्नुपर्थ्यो, लुकिछिपी पर्चा वितरण गर्नुपर्थ्यो । पर्चा वितरण गरेको, पोस्टर टाँसेको कुनै सुराकीले थाहा पाए प्रहरीले लखेट्थ्यो, कारणवस पक्रे शारीरिक र मानसिक यातना दिन्थ्यो । त्यस्तो स्थितिमा राजनीतिक दलका नेता तथा कार्यकर्ताले राजनीति या सङ्गठन गर्नुपर्थ्यो, जुलुस, सभा गर्नुपर्थ्यो । जुलुस-सभाको जानकारी प्रहरी प्रशासनले थाहा पाए तुरुन्तै प्रहरी पठाइन्थ्यो, जुलुस र सभा विथोल्थ्यो, नेता तथा कार्यकर्ता पक्राउ पर्थे । कहिलेकाहीं प्रहरी र आन्दोलनकारीबीच हात हालाहाल हुन्थ्यो ।

यसरी राजनीतिक गतिविधि गर्न नपाउने बेला गाईजात्रा अवधिभर अलि खुकुलो हुन्थ्यो । शासकहरूको कमी कमजोरी औँल्याउन सामाजिक अपराधी, भ्रष्टाचारी, घुसखोरी, जालीफटाहाहरुलाई घोचपेच गर्न पाइन्थ्यो । आफ्ना मनका भावना, दुःख सुखका कुरा व्यक्त गर्न पाइन्थ्यो । यस्तो गतिविधि राणाकालमा पनि रोक्दैनथ्यो । त्यसैले गाईजात्रामा देखाइने ख्याल, एकाङ्की, नृत्य या अन्य विधामार्फत आलोचना, विरोध गर्थे । यही समयमा मानिसहरू वर्षभरि देखिएका विकृति, विसङ्गति, कसैको अपराध, दमन, शोषणको विरोध गर्थे या जनताबीच उदाङ्ग्याउँथे । अनेक पहिरन लाएर, अभिनय गरेर गाईजात्रा हेर्न दबु, चोक र पेटी-पेटीमा बसिरहेका दर्शकहरुलाई घोचपेच गरेर हसाउँथे या रमाइलो गर्थे । त्यसकारण गाईजात्रालाई **हेला जात्रा** पनि भन्ने चलन छ ।

देशका सामन्त, शोषक, जालीफटाहा, षड्यन्त्रकारी, अपराधी, भ्रष्टाचारी, सामाजिक मूल्य र मान्यता विपरीत काम गर्ने, जनविरोधीहरुविरुद्ध व्यङ्ग्य हुन्छ, जनतामाझ उदाङ्ग्याउँछ । त्यो कार्य गाईजात्राको बेला राणाकालमा पनि हुन्थ्यो । पञ्चायतकालमा पनि छुट हुन्थ्यो । तर, पञ्चायतकालमा गाईजात्रालाई राजनीतिक ढङ्गले हेर्‍यो भनी पञ्चायती शासक र प्रहरीहरुले गिद्ध दृष्टिले हेर्थे । जनतालाई सुसूचित पार्न गरिएको काममा रोक लगाइन्थ्यो, अवरोध गरिन्थ्यो । तर, आमूल परिवर्तनको बाटोमा हिँडेका कम्युनिस्ट नेता तथा कार्यकर्ताहरुले जनजागरण अभियानलाई रोकेनन् । प्रहरी प्रशासनको दबाब र अवरोधबीच पनि गाईजात्राको बेला गीत, नृत्य, ख्याल, एकाङ्की र अन्य विधाहरूमार्फत घोचपेच हुन्थ्यो । यस्ता विभिन्न गतिविधिहरूमध्ये गाइँचा प्याखं (गाइने नाच) पनि एक हो ।

गाईजात्रामा घिन्ताङघिसी र परम्परागत नाचगान बाहेक ख्याल ठट्टा गर्ने, हँसाउने, जिस्क्याउने र रमाइलो गर्ने पहिलेदेखिको चलन थियो । प्रदर्शनकारीहरु पोशाक पनि गाईजात्रे पाराको लाउँथे । पुरुषहरु गर्भवती महिला बनेर पेटीमा बसेका महिलाहरुलाई देखाउँदै अभिनय गरेर पेट मिचीमिची हँसाउँथे । पञ्चायती शासकहरूको इसारामा प्रहरीले दमन गरिरहेकै कारण, आफ्ना मनका भावना पनि जनता समक्ष पुर्‍याउन बाधा हालेकै कारण गाईजात्राको बेला टोल-टोलमा किसान (राजनीतिक कार्यकर्ता) हरुले ठूलठूलो लठीसहित गाइँचा प्याखं (गाइने नाच) देखाउन थालेका हुन् । प्रहरीले अचानक आक्रमण गरेमा प्रत्याक्रमण गर्न ठूलठूलो लठीसहित गाइँचा प्याखं देखाइन्थ्यो । गाइँचा प्याखंका हरेक कलाकारसँग एक-एकओटा ठूलो लठी हुन्थ्यो । कलाकारहरु पनि धेरै हुन्थे । गाइँचा प्याखंको गीत गाउने दुई टोली हुन्थ्यो । टोली दुई दिशामा बस्थे । गाइँचा प्याखंका कलाकार र गायकहरुबाहेक साथीहरू पनि चारैतिर बस्थे । यसबाहेक दर्शकहरू पनि त्यतिकै हुन्थे । गाइँचा प्याखं देखाइरहेको थलोमा साधारण पोशाकका गुप्तचरहरु पुग्थे, प्रहरी प्रशासनमा रिपोर्ट दिन्थे । त्यही रिपोर्टको आधारमा गाइँचा प्याखं रोक्ने प्रयास हुन्थ्यो, दबाब दिन्थ्यो । तर, कम्युनिस्टको विचार बोकेका ती कलाकार, गायक र स्थानीय

कार्यकर्ताहरु पछि हट्दैनथे, प्रहरीको दवाबमा नाच रोक्दैनथे। नाचगान गर्दै टोल–टोलमा पुग्थे। यसरी लठीसँगै नाच्ने र गाउने गाइँचा प्याख धेरै वर्ष चल्यो। केही वर्ष अघिसम्म लठी सँगै कलाकारहरू गीत गाउँदै नाच्थे। पहिले हरेक कलाकारसँग कपडाको मुकुन्डो हुहुन्थ्यो। यसले गर्दा नाच्ने कलाकारहरुलाई प्रहरीले चिन्दैनथ्यो। अहिले गाइँचा प्याखंमा लठी सँगै नाच्ने र मुकुन्डो लगाउने परम्परा छोडिसकेको छ। तर कपडाको मुकुन्डो लाउने काम सबैले छोडिसकेका छैनन्।



गाईजात्राको बेला भक्तपुरमा मात्र होइन काठमाडौँमा पनि हास्यव्यङ्ग्यका सिर्जनाहरु प्रस्तुत गर्ने काम सुरुभयो। पहिले पहिले यस्ता प्रदर्शन या प्रहसन व्यक्ति या तीनचार जना मिलेर गर्थे। यस्ता प्रदर्शन संस्थागत हिसाबले भएको पाइँदैनथ्यो। काठमाडौँमा २०३४ सालतिर एकेडेमीबाटै व्यङ्ग्य प्रदर्शन गर्ने प्रयास भयो। एकडेमीले प्रज्ञाप्रतिष्ठानको स्टेजमै हास्यव्यङ्ग्य देखाउने काम सुरु गऱ्यो। यस काममा संस्कृतिविद् **सत्यमोहन जोशी**को योगदान थियो। उनी २०३१ सालमा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव थिए। सूर्यविक्रम ज्ञवाली कुलपति र लैनसिंह बाङदेल उपकुलपति थिए। एकेडेमीको स्थापना २०१४ सालमा भए पनि २०२६ सालमा मात्रै भव्यहल बनेको थियो। प्रज्ञा प्रतिष्ठानले २०३४ सालमा तयार गरेको गाईजात्रा प्रस्तुतिमा यादव खरेल र लक्ष्मण लोहनीले प्यारोडी गीत प्रस्तुत गरेका थिए। रामकुमार पाँडे र केशवराज पिंडाली आफ्नो व्यङ्ग्यकृतिसहित सरिक भएका थिए। दीपक जङ्गम र शम्भुजित बाँस्कोटो गीत सुनाउँथे। त्यही प्रस्तुति देखाउन एकेडेमीले राजपरिवारलाई समेत निम्तो दियो। पूर्व राजा वीरेन्द्रको परिवारले पनि गाईजात्रा हेरे। त्यसबेला सूर्यबहादुर थापा प्रधानमन्त्री थिए। जोगमेहर श्रेष्ठ गृहमन्त्री र शेरबहादुर शाही गृहसचिव थिए। तर, प्रहसन देखाइएको भोलिपल्ट नै दरबारले प्रहसन नदेखाउन एकडेमीलाई पत्राचार गऱ्यो। गृहमन्त्री श्रेष्ठले पनि फोन गरेर 'नमानेमा नराम्रो नतिजा आउँछ' भनेर तर्साए। एकेडेमीलाई फसाद पऱ्यो किनभने एकेडेमीले टिकट बेचिसकेको थियो। एकेडेमीका सदस्यहरू अलमलमा परे। के गर्ने के नगर्ने दोधारमा परे। एकेडेमीका सहसचिव सत्यमोहन जोशी गाईजात्रे प्रहसनले नराम्रो केही गर्दैन भनी अडानमा बसे। बेलायतमा पनि मानिसलाई आफूलाई मनलागेको कुरा बोल्न पाइने ठाउँ भएको कुरा सहसचिव जोशीले दरबारका सचिव नारायणप्रसादलाई सुनाए। पछि राजाले देखाए पनि हुन्छ भने आशयको जवाफ एकेडेमीले पायो। आयोजकले सन्तोषको सास फेऱ्यो र प्रहसनलाई निरन्तरता दियो। यसरी प्रारम्भमै झन्डै झन्डै बन्द हुन लागेको त्यो एकेडेमीको गाईजात्रा प्रहसनको बाधा फुक्यो र फेरि फेरि देखाउन थाल्यो। अहिले पनि विभिन्न निकायबाट प्रत्येक वर्ष काठमाडौँमा व्यङ्ग्यका प्रस्तुति कार्यक्रम भइरहेको छ। उपकुलपति सूर्यविक्रम ज्ञवालीको निर्देशनमा 'गाईजात्रा कार्यक्रम' २०३५ देखि प्रारम्भ भयो।

भक्तपुरया थालेको गाइँचा प्याखंको पनि त्यस्तै इतिहास नभएको होइन। त्यस्तै घटना नभएको होइन। गाइँचा प्याखं रोक्न प्रहरी प्रशासनले बाधा दियो, रोक्ने प्रयास गयो, पक्राउ गऱ्यो। प्रहरी प्रशासनले रोक्न खोज्यो भनेर रोकेको भए गाइँचा प्याखंले अहिलेसम्म निरन्तरता पाउँछ कि पाउँदैन भन सक्दैनथ्यो। अहिले त परम्परागत नाचगानझैँ गाइँचा प्याखं पनि ऐतिहासिक बन्यो या इतिहास बन्यो र निरन्तर चलिरह्यो। गाईजात्रामा देखाउने गाइँचा प्याखंको इतिहास आजभन्दा झन्डै पाँच दशकभन्दा बढी भयो। झ्याउरे प्याखं पनि सुरु भयो। झ्याउरे नाचमा सामाजिक व्यङ्ग्य हुन्थ्यो। पर्दावाल प्याखं भनी पूर्णाङ्की नाटक पनि टोल– टोलमा देखाउन थाल्यो। पूर्णाङ्की नाटकमा गरीब दीनहीनको पीडामात्र होइन सामन्त र प्रतिक्रियावादीहरुको दमनको विरोधको स्वर हुन्थ्यो। रातदिन काम गरेर पनि एक छाक खान एक जोरपोशाक लाउन धौ धौ परेका जीवनको चित्रण सँगै श्रमजीवी जनतालाई बाँधिराखेको दमनरूपी सिक्री चुँडाल्ने गीत नाटकमा गाउँथ्यो। यस्ता नाटकले वर्ग दुश्मन र वर्ग मित्र को रहेछ भन्ने देखाउँथ्यो। यसले जनतामा नयाँ नयाँ सन्देश बाँड्थ्यो, जनता सुसूचित हुन्थे।

आशाकाजी वासुकला स्मृति प्रतिष्ठान ख्वपले २०७६ भदौमा **'गाइँचाया म्ये मुना'** (गाइने गीत सङ्ग्रह) प्रकाशित गऱ्यो। उक्त गीत सङ्ग्रहमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को **'गाइँचा म्येया दुने आशाकाजीया लुमन्ति'** शीर्षकमा आफ्नो भनाइ समेटिएको छ। गीत व्यङ्ग्यात्मक हुन्छ। गीतमा आलोचना र निन्दा गरिएको

हुन्छ। गीतमा हास्यरस हुन्छ गीतमा सामाजिक र राजनीतिक विषय समेटिएको हुन्छ। गीतमा अमेरिकी साम्राज्यवादको विरोध, एसियाली र अफ्रिकी जनताको समर्थन गरेर लेखिएको हुन्छ। भारतीय विस्तारवादको विरोध गरिएको हुन्छ। मौलिक र राजनीतिक अधिकार नभएको त्यो समयमा पत्रपत्रिकाको सेन्सर हुन्थ्यो, नाटक, ख्याल (व्यङ्ग्य) सेन्सर गराउनुपर्थ्यो र पास भएपछि मात्रै देखाउन पाउँथ्यो। त्यस्तो बेला जनताको मर्म र भावना पोख्ने या जनताको कुरो घर आँगनमा पुऱ्याउने काम गाइँचा म्ये (गीत) ले गर्थ्यो। नाटक, ख्याल देखाउँदा र गाइँचा गाउँदा साथीहरू पक्राउमा पर्थे, प्रहरी अवरोध र दमन हुन्थ्यो। कवि, कलाकार र नेताहरुको जन्मजयन्ती मनाउँदा प्रहरी हस्तक्षेप हुन्थ्यो। पञ्चायती शासक र प्रहरी दमनकै कारण पञ्चायती व्यवस्थाको बदनाम भयो र जनताको विरोध भयो। अध्यक्ष रोहितको भनाइको सार यही हो।



गीत सङ्ग्रहमा जनकवि एवं गाइँचा म्येका स्रष्टा चन्द्रबहादुर उलकको पनि भनाइ समावेश गरिएको छ। कवि उलक आशाकाजी बासुकलालाई 'गाइँचा म्येका सम्राट' भन्न रुचाउँछन्। उनका अनुसार सुसंस्कृत समाज बनाउन, साहित्य र संस्कृतिको उत्थान, संवर्द्धन र विस्तार गर्न जनस्तरमा गीत लेख्ने खुबी आशाकाजी बासुकलामा छ। गाईजात्रामा देखाइने अश्लील दृश्य, अभिनय र अभिव्यक्तिविरुद्ध त्यसबेला सांस्कृतिक अभियान नै चलाइएको कवि उलकको भनाइ छ। समाजमा नागरिक भावना जगाउन, सांस्कृतिक स्तर उठाउन र सचेत बनाउन ख्याल, नाटक, झ्याउरे नाच देखाउँथ्यो। त्यो एक प्रकारको सांस्कृतिक क्रान्ति भन्ने बुझाइ कवि उलकको हो। २०३६ सालको जनमत सङ्ग्रहपछि सङ्गठनात्मक रूपमा गाईजात्रालाई उपयोग गरिएको थियो। त्यसबेला प्रत्येक वर्ष गाईजात्रा समिति बन्थ्यो। समितका अध्यक्ष आशाकाजी बासुकला बन्थे। कवि उलकका अनुसार आशाकाजी बासुकलाले एकै रातमा टोल-टोलका टोलीलाई पुग्ने गरी गाइँचा म्ये लेख्थे। उनी बासुकलालाई 'आँशु कवि' का रूपमा चिन्थे।

हामी पढ्छौँ र सुन्छौँ, तर महाकवि लक्ष्मी प्रसाद देवकोटाले आफ्नो जीवनको जोहो गर्न कविता लेखेर बेचेका थिए। बाटामा जाँदाजाँदै कविता लेख्थे। उनको कविता लेखन शैली बुझ्दा देवकोटा पनि आशुँ कवि थिए। त्यसरी नै आशाकाजी बासुकलाले पनि तुरुन्ता तुरुन्तै गीत लेख्थे। विरोधी पक्षले गाएको गीतको तुरुन्तै खण्डन गरेर आफ्नो गाइँचा म्ये को शैलीमा पुऱ्याउँथे।

गाइँचा म्ये प्रदर्शनको सम्बन्धमा पूर्वशिक्षक कान्छा बासुकलाको अनुभव पनि स्मरणीय हुन्छ। नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिले २०७४ वैशाखमा **'का. आशाकाजी बासुकला स्मृति सँगालो'** ग्रन्थमा २०२६ सालको 'भाद्र काण्ड' शीर्षकमा कान्छा बासुकलाको अनुभवमा लेखिएको छ – २०२६ साल भदौ महिना गाईजात्राको समय थियो। भदौ १५ गते बेलुका खेतबाट फर्किरहेका दुई किसानलाई प्रहरीले पक्राउ गरेर मरणासन्न हुने गरी पिटे। निर्दोष व्यक्तिलाई कुटिएको कुरा टोल-टोलमा फैलियो। किसान र प्रहरीबीच सङ्घर्ष भएको थियो। जिल्ला प्रहरी कार्यालय भक्तपुरले किसानहरुलाई दबाउन काठमाडौँबाट प्रहरी मगाएको थियो।

प्रहरीले नाचगान सकाएर फर्किरहेका वाद्यवादक, कलाकार, गायक र स्थानीयलाई पक्राउ गरेका थिए। पक्राउ गरेका मध्ये कसैलाई यातना दिएर झूटो बयानमा कागज गराएर त कसैलाई पिटेर छोडेका थिए। भदौ १५ गते दुरुकाजी देशेमरु, प्रयागमान बिजुक्छेँ, तुल्सीभक्त गलजु, श्रीभक्त चौगुठी, भैरव बाटी आदिलाई पक्राउ गरी कुटपिट गरिएको थियो। भदौ १८ गते शारदाभक्त बाटी, भदौ १९ गते कान्छा बासुकला र सप्तलाल त्वानावासुलाई पक्राउ गरिएको थियो। तिनीहरूमध्ये कतिलाई भदौ २० गते राजकाज मुद्दाको पुर्जी थमाएर डिल्लीबजार खोरमा पुऱ्याइएको थियो। त्यस्तै भदौ २७ गते आशाकाजी बासुकलालाई पक्राउ गरिएको थियो। त्यसबेला १० जनालाई 'भाद्र काण्ड' को सिलसिलामा 'राजकाज मुद्दा' अन्तर्गत डिल्लीबजार खोरमा राखिएको थियो। उनीहरुलाई ७ महिना थुनामा राखेर शारीरिक र मानसिक यातना दिएको थियो। (क्रमशः)

## सन्दर्भ सामग्रीहरू


१) इतिहास – संस्कृति : केही पृष्ठहरू – विनोदराज शर्मा
२) भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू – डा.बलराम कायस्थ
३) सत्यमोहन जोशी – गिरीस गिरी
४) गाइँचा म्ये मुना
५) का. आशाकाजी बासुकला स्मृति सँगालो
६) नेपाली लोक साहित्य – चूडामणि बन्धु

# पोखरीको नगर भक्तपुर

(तस्बिर कथा)



मनोजरत्न शाही




तस्बिर:मनोजरत्न शाही

भक्तपुर बसपार्कसँगैको नःपुखु ।






भक्तपुरको चर्चित सिद्ध पोखरी

भक्तपुर नेपालको सानो जिल्ला । त्यही जिल्लाको सानो नगरपालिका 'भक्तपुर'। तर, विश्व मानचित्रमा यसको पहिचान ठूलो छ । काष्ठकला, दरबार क्षेत्र, अद्वितीय ५५ झ्याले दरबार, हातले बनाइने माटाका भाँडा र जुजु धौले भक्तपुर प्रख्यात छ । पर्यटकले पाइलापाइलामा देख्ने गोरेटो र गल्लीमा छापिएका इँटाको महत्त्व छुट्टै छ । भूगोलले सानो भए पनि भक्तपुर नगर कला, संस्कृतिसँगै प्राकृतिक छटाले भरिपूर्ण छ ।

६.८८९ वर्ग किलोमिटरमा फैलिएको भक्तपुर नगरका हरेक बस्ती र टोलमा पोखरी छन् । ५० बढी पोखरी रहेको भक्तपुरमा अहिले ३४ ओटा संरक्षित छन् ।

'पहिला ५० भन्दा बढी पोखरी भक्तपुर नगरभित्र थिए', स्थानीय ६५ वर्षीय राजकुमार ब्वयज्ु भन्नुहुन्छ, 'समय बित्दै जाँदा संरक्षणको कमीले यहाँका केही पोखरी खेल मैदानमा परिणत भएका छन् । केही पुरिएको अवस्थामा छन् ।'

नःपुखु (पोखरी) परिसरमा चिया पसल चलाउने उहाँका अनुसार यहाँका पोखरीको छुट्टै महत्त्व छ । 'हामी सानो हुँदा त्यस पोखरी नजिकै म्ये गाः (राँगा पाल्ने ठाउँ) थियो । दिनभर खेती र पशुपालनमा व्यस्त किसान साँझ घर फर्कनु अगाडि पोखरीमा औजार पखाल्ने र हात गोडा धुने गर्थे', उहाँ पुराना दिन सम्झँदै भन्नुहुन्छ, 'समय फेरिएको छ । संरक्षित पोखरी अहिले पर्यटकको रोजाइमा परेको छ ।'

## भोलाछैं पुखुको किंवदन्ती

भक्तपुर नगरपालिका ६ का स्थानीय ७५ वर्षीय काजीबहादुर अवाल भोलाछैं पुखु (पोखरी)बारे छुट्टै किंवदन्ती सुनाउनुहुन्छ । यो पोखरी 'भौ र छुँ' (बिरालो र मुसा) झगडा गर्दागर्दै बनेको उहाँ बताउनुहुन्छ ।

इतिहास बोकेका यस्ता पोखरीको संरक्षणमा भक्तपुर नगरपालिका लागि परेको छ । नगरपालिकाले अहिले विभिन्न अतिक्रमणबाट खेल मैदान बनेका पोखरी र व्यक्तिको स्वामित्वमा पुगेका सार्वजनिक सम्पदालाई पुरानै स्वरूपमा निर्माण गर्ने तदारुकता देखाएको छ । नगरपालिकाले न्हू पुखू (रानी पुखु) को पुनर्निर्माण कार्य सम्पन्न गरिसकेको छ । २०७६ साल असारमा नेपाली सेनाले ऐतिहासिक न्हू पुखू (रानी पोखरी)को पुनः निर्माण र संरक्षणका लागि भक्तपुर नगरपालिकालाई हस्तान्तरण गरेको थियो । नगरपालिकाले पुनः निर्माणको काम सम्पन्न गरेर २०७८ साल फागुनदेखि पोखरी सर्वसाधारणको लागि खुला गरेको छ । भक्तपुर नगरलाई हस्तान्तरण गर्नु पूर्व नेपाली सेनाको नियन्त्रणमा रहेको न्हू पुखू वर्षमा एक दिन भक्तपुरका प्रजापति समुदायको देवालीमा मात्र खुला हुन्थ्यो ।



भक्तपुर नगरपालिका वडा नम्बर ६ को भोलाछैं पुखु



भक्तपुर नगरपालिका वडा नम्बर १ को भाजु पुखू

## प्रत्येक वडामा सम्पदा संरक्षणलाई २० लाख बजेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिका अनुसार नगरपालिकाले पोखरी संरक्षण र पुनःनिर्माणको काम गरिराखेको छ। रानी पोखरीपछि नगरपालिकाले जेला पुखु, भोलाछैं पुखुको निर्माण कार्य सम्पन्न गरिसकेको छ। भाजु पुखु पुनः निर्माणको क्रममा रहेको र अरू पोखरी तथा सम्पदाको पुनर्निर्माण कार्य अगाडि बढाइरहेको नगर प्रमुख प्रजापति बताउनुहुन्छ।

कूल १० वडा रहेको भक्तपुर नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पदा संरक्षणका लागि मात्र प्रत्येक वडामा २०-२० लाखका दरले बजेट छुट्याएको छ।

## भक्तपुरमा किन बने धेरै पोखरी ?

देशकै सानो नगर भक्तपुरका किन यति धेरै पोखरी छन् ? यो जिज्ञासा सबैको मनमा उठ्नु स्वाभाविक हो। भक्तपुर नगर प्रमुख प्रजापति पानीको स्रोतका लागि मात्र नभएर आगो नियन्त्रण र वातावरण सन्तुलनका लागि यसरी पोखरी बनाइएको बताउनुहुन्छ। 'पोखरी किन निर्माण भए भन्ने ठ्याक्कै भन्न सकिँदैन। पानीको स्रोत, धूलो नियन्त्रण, वातावरण सन्तुलन, लुगा धुन, नुहाउन तथा सरसफाइ, पौडी खेल्न र अरू कारणका निमित्त बनाइएको हुनसक्छ', नगर प्रमुख प्रजापतिले भन्नुभयो।

एक सर्वेक्षणअनुसार भक्तपुरमा पानी 'रिजर्भेसन' र 'रिसाइकल'का लागि धेरै पोखरी निर्माण भएको देखिएको छ। यहाँ धेरै पोखरीको नजिकै ढुङ्गेधारा बनेका छन्। नगर प्रमुख प्रजापति भन्नुहुन्छ, 'पोखरीको पानी एक ठाउँबाट अर्को ठाउँको ढुङ्गे धारासम्म पुग्छ। जसले गर्दा जमिन सुख्खा हुन पाउँदैन। त्यत्ति मात्र होइन पुनः प्रयोगमा आइरहेको हुन्छ।' कयौँ वर्षअघि बनाइएका पोखरी आज पनि मानव जीवनका लागि उपयोगी बनेका छन्।



गरुड कुण्ड






कमल विनायक पोखरी




सँला पुखू






न्हू पुखू (रानी पोखरी)



ब्यासी टोलमा रहेको पोखरी।



च्याम्हासिंह (वागीश्वरी उच्च मावि अगाडिको) पोखरी।



नाग पोखरी




तेखा पुखु




निर्माणधीन भाजु पुखू

(लेखक गोरखापत्र अनलाइनका लागि फोटो र भिडियो रिपोर्टिङ गर्नुहुन्छ। गोरखापत्र, १७ भदौ २०७९, शुक्रबार)

# नेवा: समुदायको जन्मदिन



डा. वीरेन्द्रप्रसाद कायस्थ

नेवाःसमुदायहरूले आफ्नो परिवारको जन्मदिन आफ्नै किसिमले मनाउने गर्दछन् । जन्मदिन दोस्रो वर्ष पुगेको दिनदेखि मात्र मनाउने गरिन्छ । पहिलो वर्षको जन्मदिनमा मन्दिर दर्शनमात्र गरिन्छ । दोस्रो वर्षको जन्मदिनलाई नेवाःहरूले निदँ बुदिं भनिन्छ । यो जन्मदिनलाई विशेष रूपले मनाउने गरिन्छ । यो पछि बल्ल प्रत्येक साल जन्म दिन मनाउने गरिन्छ ।

जन्मदिनमा बच्चालाई दुई वर्षमा दुई ओटा, चार वर्षमा चार ओटा यस्तै प्रकारले योमरीको पूजा गरी माला लगाइदिने चलन छ । त्यो पछि प्रत्येक जोड वर्षमा त्यति ओटा नै योमरीको माला लगाउने गरिन्छ । यो क्रम बाह्र वर्षसम्म मात्र हुने गर्दछ । यसरी पूजा गरिने योमरीको भित्र भने योमरी पुन्हीको भैँ बनाइँदैन । योको भित्र चामलको सग्लो पाँचओटा अक्षता राखेर बनाइन्छ । तर खानको लागि बनाइने योमरी भने अन्य समयको भैँ चाकु राखेर नै बनाइन्छ ।



नेवाः समुदायमा चान्द्रमानअनुसार (तिथिमा) जन्मदिन मनाइन्छ । अर्थात् जन्मदिन मनाउँदा जुन महिना, पक्ष र तिथिमा जन्म भएको छ त्यसैलाई आधार मानिन्छ । जन्मतिथिको दिनमा आफ्नो शरीरको उर्जा र तिथिको उर्जा सर्वाधिक मिल्ने भएको कारणले शरीरमा सकारात्मक उर्जाहरूको विकास जन्म तिथिमा बढी हुन्छ । शास्त्रीयपरम्परा अनुसार जन्मदिन अङ्ग्रेजी तारिख अथवा विक्रमसम्वतको गतेअनुसार मनाउने चलन छैन । तिथिअनुसार नै जन्मदिन मनाउनु पर्छ भन्ने मान्यता छ । सम्पूर्ण धार्मिक कर्म तिथिअनुसार नै गर्ने गरिन्छ । वैदिकपरम्पराअनुसार अष्टचिरञ्जीवीसहित अन्य भगवानको आराधना गरी, मिष्ठान्नप्रसाद बनाएर, बत्ती बालेर, उपहार लिनुभन्दा दान दिनु उत्तम हो भन्ने मान्यतालाई शिरोधार्य गर्दै दान, पुण्य, धार्मिक कर्ममा सरिक हुँदा राम्रो हुन्छ । शास्त्रअनुसार दियोलाई बालेको राम्रो मानिन्छ । दीपको अर्थ उज्यालो । जीवनमा छाएको अँध्यारो निर्मूल भई उज्यालो छाओस् । दीपबाट कल्याण, आरोग्य सुख प्राप्त हुन्छ शत्रुहरू नाश हुन्छन् । उज्यालोमा शत्रुहरू बलिया हुन सक्दैन । परास्त हुन्छन् ।

## जन्मदिन मनाउने संस्कृति

असतोमा सदगमय, तमसोमा ज्योतिर्गमय अर्थात असत्यबाट सत्यतर्फको र अँध्यारोबाट उज्यालोतर्फको यात्रा गर्नुपर्छ भन्ने हाम्रो दर्शन हो । कुनै पनि शुभकार्य गर्दा दियो अर्थात ज्योति बाल्ने हाम्रो परम्परा रही आएको छ । हाम्रो संस्कृतिअनुसार कुनै पनि शुभकार्य गर्दा शुरुमा दियो बालिन्छ र उक्त कार्य नसकिँदासम्म दियो निरन्तर बलिरहनुपर्छ भन्ने मान्यता छ । त्यसैले प्रायः सबै जसो सार्वजनिक कार्यक्रमहरूमा पनि आमन्त्रित प्रमुख अतिथिले पानसमा दियो बालेर उद्घाटन गर्ने गरिन्छ । यसरी पानसमा बालिएको दियो कार्यक्रम अवधिभर ननिभ्ने गरी पानसमा तेल थपिँदै गर्दछ । बत्तीलाई निभाउनु भनेको आकस्मिक मृत्यु अथवा सङ्कट आउनु हो । जन्मदिनको दिनमा बत्ती बालेर जन्मदिन मनाउनु पर्छ, किनभने बत्ती भगवान नारायणको स्वरूप मानिन्छ । हाम्रो कुनैपनि शास्त्रमा बत्ती निभाउने परम्परा छैन ।

हाम्रो हिन्दुधर्म र संस्कृतिअनुसार जन्ममितिका आधारमा रातमा जन्मोत्सव मनाइँदैन र जन्मतिथि वा जन्मनक्षत्रमध्ये कुनै एकका आधारमा बिहानै जन्मोत्सव मनाउने प्रचलन रहेको छ । यसरी जन्मोत्सव मनाउँदा सूर्योदय आफू जन्मिएको तिथि वा जन्मनक्षत्रमा भएको हुनुपर्छ । चन्द्रमाको परिक्रमाका आधारमा तिथि घटबढ हुने भएकाले प्रायः सबैजसो वर्षमा एउटै मितिका दिन जन्मोत्सव मनाउने अवसर मिल्दैन । आफू जन्मिएको मितिका दिन कुन तिथि परेको थियो भनेर चिनामा उल्लेख गरिएको हुन्छ र चिना नबनाएका व्यक्तिले पनि आफू जन्मेको मितिका आधारमा आफू कुन तिथिमा जन्मिएको रहेछ भनेर पत्ता लगाउन सक्छन् । जन्मदिनमा विशेषगरी आफ्ना आमा, बुवा र गुरू आदिबाट आशिर्वाद लिने गरिन्छ ।

जन्मदिनको दिनमा धेरै टाढा भ्रमण गर्ने, कपाल

काट्ने, नङ काट्ने, हिंसा गर्ने, कटुवचन बोल्ने गर्नु हुदैंन। त्यसैगरी तातोपानीले नुहाउन, मासु खान, झगडा गर्न र हिंसा वा काटमार गर्न पनि निषिद्ध मानिएको छ।

जन्मोत्सवका दिन यथासम्भव नयाँ लुगा लगाएर पूजामा बस्नुपर्छ। पूजाको शुरुवात घर बाहिर बनाइएको क्षेत्रपालको रूपमा रहेको पिखालखुः मा पूजा गर्नु पर्दछ। साथै पिखालखुः घरको सुरक्षाको रूपमा राखिने क्षेत्रपाल पनि हो। यसरी क्षेत्रपालको पूजा पछि बल्ल जन्मदिनको मूलपूजाको सुरुवात हुन्छ। पूर्व फर्केर जन्मदिन मनाउने बस्दछ भने जन्मदिन मनाइदिने घरको नकीं अर्थात जेष्ठ महिला पश्चिम फर्केर बस्नुपर्छ। गणेश र कुमारको रूपमा कलश तथा सुकुन्दाको पूजा गरिसके पछि बीचमा एउटा पात राखिन्छ। खासगरि यसको लागि ज्यःना लप्तेको प्रयोग गरिन्छ। ज्यःना लप्तेलाई सबैभन्दा शुद्ध पातको रूपमा लिने गरिन्छ। जन्मदिनको पूजामा पनि ज्यःना लप्तेमा पूजा गरिन्छ। तान्त्रिक पूजा गर्नेहरू देखि लिएर पितृलाई खाना दिने नियमित बौब्वय गर्दा समेत ज्यःना लप्तेको प्रयोग गरेको भेटिन्छ। जन्मदिनको पूजामा पनि ज्यःना लप्तेमा पूजा गरिन्छ।


पञ्चपात्रमा राखेको शुद्धजल (निलः)लाई आचमिचाले तीन पटक आचमन गरेर शुद्ध बनाइन्छ। यसलाई नसलाविये पनि भनिन्छ। त्यसपछि पूजा संकल्प गरिन्छ। हातमा फूल अक्षता लिएर सम्पूर्ण देवता तथा कुल सम्झेर आफ्नो गोत्र उच्चारण गर्दै संकल्प गरिन्छ। संकल्प गरिसकेपछि हातमा रहेको फूल अक्षतालाई सुकुन्दाको तल राखिन्छ। तल भुईँमा ओछ्याइएको ज्यःना लप्तेमा जलमण्ड बनाएर पाँच ठाउँमा पूजा गरिन्छ। दही, सगुन, कपडा तथा पूजा थालीसहित जन्मदिन मनाउनेलाई ढोगाउने गरिन्छ। यो पछि दही मुछेको अक्षता जन्मदिन मनाउनेलाई तीन पटक दिइन्छ। पहिलो र दोस्रो पटक ज्यःना लप्तेमा नै पूजा गरिन्छ भने तेस्रो पटक आकाश देवलाई सम्झेर दलिनमा फ्याक्न लगाइन्छ। अब बल्ल जन्म दिन मनाउनेलाई निधारमा टीका लगाइ दिने कार्य हुन्छ। साथै छोरा भए दायाँ कञ्चटमा छोरी भए बायाँ कञ्चटमा दहीको टीका पनि लगाइ दिने गरिन्छ। यसको साथै शरीरमा आकाशीय दैवीउर्जा सधैं प्राप्त होस् भनेर आध्यात्मिक स्नानको रूपमा धुजा पारिएको फूलको टुक्रा, फलफूलको टुक्रा, ल्होचामरी, ताय् र पैसा राखेर बनाइएको समिश्रणले तीन पटक कुरुवाले घुँडा र कुममा छुवाएर टाउकोमा खन्याइन्छ। यसलाई नेवारी भाषामा (लुकेगु) घ्वाल्ल याय्गु भन्ने गरिन्छ।

वैदिकअनुसार दीर्घायु, ऐश्वर्य आदिको अभिवृद्धिको



कामनाले दियो र कलशको पूजा गरिन्छ। गणेशको पूजा गरी मार्कण्डेय आदि अष्टचिरञ्जीवी र षष्ठिका देवीको समेत पूजा गर्नुपर्छ। त्योपछि क्रमशः दियो, कलश र गणेशको पूजा गरी सकेर तामाको थालीमा वा दुनामा अष्टदल बनाई पूर्वदेखि ईशान दिशासम्म दायाँतर्फबाट क्रमशः मार्कण्डेय आदिको पूजा गर्नुपर्छ। अन्तमा आफ्नो आयुको वृद्धिका लागि तिल, सख्खर आदि मिसिएको दूध पिउनुपर्छ र देवताको विसर्जन, अभिषेक र कर्मको समाप्त गरी ब्राहमण तथा कन्याहरूलाई दक्षिणा दिएपछि जन्मोत्सवको पूजा समाप्त हुन्छ।

सयवर्षसम्म बाँच भनेर जन्मोत्सव पूजा गर्ने व्यक्तिलाई टीका लगाएर आशीर्वाद दिइन्छ तर बर्थ डेका नाममा उपहारहरू दिने प्रचलन भने जन्मोत्सवमा गरिँदैन। उपस्थित सबैलाई सम्भव भएसम्म प्रसादका रूपमा सिङ्गो फल दिनु राम्रो हुन्छ। उनीहरूको आराधनाबाट त्यस्तै गुण आफूमा पनि आओस् भन्ने ध्येय हो। आध्यात्मिक रूपमा उनीहरूको कृपा आफूमा भइरहोस् भन्ने पनि हो। पूर्वीय परम्परामा जन्मदिन रमाइलो मात्र होइन, आयु बढोस्, आरोग्यता पाइयोस्, कर्मशील हुन पाइयोस्, परिवार, समाज र राष्ट्रप्रतिको जिम्मेवारी सम्झना होस् भन्ने ध्येयले जन्मदिन मनाउने हो।



जन्मदिन परेको दिन नेवाः समुदायको घरबाट धौ बजि (दही चिऊरा) दिने चलन रहेको छ। यो कार्य बिहानै गरिन्छ। यदि कसैको घरभित्रको सदस्यको जन्मदिन परेको छ भने जन्मदिन परेको व्यक्ति स्वयम् मन्दिरमा गएर वा सो व्यक्तिको नाममा चामल ढोगाएर मन्दिरमा पूजा गइन्छ। वैज्ञानिक दृश्टिकोणले हेर्ने हो भने पनि मन्दिर धाउनु फाइदाजनक देखिन्छ। मन्दिरमा पोजोटिभ इनर्जी बोकेको चुम्बकीय शक्ति सबैभन्दा बढी तरङ्गित हुन्छ। पुराना दिनहरूमा मन्दिर यसरी बनाइन्थ्यो कि, त्यहाँको भुइँ पोजिटिभ तरङ्कोलागि राम्रो कन्डक्टर (चालक) हुने गर्दथ्यो, जसले गर्दा हाम्रो पाइतालादेखि पूरै शरीरसम्म सो तरङ्ग फैलिन पाउँथ्यो। यही पोजेटिभ उर्जा शरीरमा तरङ्गित हुन पाओस् भनी मन्दिरमा जान्छन्। अधिकांश मन्दिरको मूर्ति राखिएको भित्री कोठा अँध्यारो हुने गर्दछ। जब प्रार्थना गर्न हामी आँखा बन्द गर्छौं त्यतिबेलासम्म पुजारीले दियो बालेर मूर्ति अगाडि राखिदिएको हुन्छ। अनि जब हामीले आँखा खोल्छौं, त्यो अँध्यारोमा पहेँलो दियोको अगाडि मूर्तिलाई देख्न सक्छौं। विज्ञानको अनुसार, अँध्यारोमा देखिने उक्त प्रकाशले हाम्रो दृश्यशक्तिलाई मजबुत बनाउँदछ। पुजारीले निधारमा तीलक लगाइदिँदा औंलाले हलुका थिच्दछन्, यसरी शरीरको 'आज्ञा-चक्र'मा थिच्दा शरीरभरि रक्त सञ्चारमा सहज हुने अध्यात्मवादमा उल्लेख गरिएको छ।

जन्मदिन परेको सदस्यलाई सुकुन्दा बालेर पूजा गरी सगुन दिने गरिन्छ। त्यसपछि टोलका मान्छेलाई बोलाएर दही चिऊरा बाँड्ने गरिन्छ, दही चिऊरासँगै भिजेको केराऊलगायत अन्य फलफूल सँगै द्रव्य पनि दिईन्छ। नेवार समुदायमा पहिला र अहिले पनि कसैको जन्म दिनमा सगुन दिएर तल घर अगाडि रहेको क्षेत्रपाल देवतामा बसेर दही चिउरा, मुला, तिलको लड्डु बाँड्ने चलन यद्यपि छ। हिजोआज भने शहरी क्षेत्रमा दही चिऊरा बाँड्ने प्रचलन हराउँदै गएको पाइन्छ।

सगुनको अर्थ शुभसँग जोडिएको छ। सगुनमा समाविष्ट तत्त्व पञ्चतत्त्वका प्रतीक हुन्छ। सगुन सबै जातजातिमा आ-आफ्नै तरिकाबाट लिइने-दिइने भए पनि नेवारी समाजमा यसको चलन बेग्लै छ। नेवार जातिमा हरेक शुभ कार्य वा शुभ अवसरहरूको थालनी सगुनबाट गरिन्छ। जसबाट जीवनमा सकारात्मक ऊर्जा प्रवाह भएर भाग्योदयको मार्गमा अघि बढ्ने प्रेरणा मिल्ने विश्वास गरिँदै आएको छ। शरीरको मजबुती, सुस्वास्थ्य र अकाल मृत्यु आदिबाट जोगाउने हेतुले सगुन दिने चलन सुरुदेखि आजसम्म छन्।

नेवारी समाजमा दही (धौ स्वगं) र अण्डा (खें स्वगं) प्रचलित प्रमुख सगुन हुन्। यी सगुन लिँदा वा दिँदा लिने-दिने व्यक्ति पूर्व-पश्चिम फर्किएको हुनुपर्छ भने उत्तर-दक्षिण फर्किएको हुनुहुँदैन भन्ने मान्यता छ। पूर्वीय दर्शनमा चन्द्रमा दाहिने वा सम्मुख भए मात्र ठूलो कार्य सफलता प्राप्त हुन्छ भन्ने मान्यता छ। त्यसैले कुनै शुभकार्य वा सगुन दिँदा चन्द्रवास हेरेर दिन्छन्।

हिजोआज दही चिऊरा बाँड्नु सट्टा पश्चिमा संस्कृतिलाई अँगाल्दै केक काट्ने, मैनबत्ती निभाएर र गिफ्ट ग्रहण गरेर जन्मदिन मनाउने चलन पछिल्लो समयमा तीव्ररूपमा विकास भएको छ। सुकुन्दामा बत्ती बालेर जन्मदिनलाई शुभ बनाऊने नेवाः समुदायले हिजोआज जानीनजानी केकमा मैनबत्तीको आगो निभाएर जन्मदिन मनाइरहेको छ। बढ्दो आधुनिकतामा पश्चिमा संस्कृतिलाई अँगाल्दा अँगाल्दै आफ्नो नेवाः संस्कृति हराउँदै गएका छन्। मैनबत्ती बालेर लगत्तै फू गरेर निभाउनुमा वैज्ञानिकता छैन। बलिरहेको बत्ती निभाएर कहिल्यै पनि शुभ हुँदैन। यसरी जन्मदिन मनाउने प्रचलनलाई नेपाली समाजले स्वाट्टै नक्कल गर्दा अँध्यारोबाट उज्यालोतर्फ अघि बढ भन्ने मूल सन्देश बोकेको संस्कृति हुँदाहुँदै पनि त्यसको ठिक उल्टो उज्यालोबाट अँध्यारोतर्फको बाटो हिँड्न खोजेको देखिन्छ।

युनानबाट सुरुभएको केक काटेर र बत्ती निभाएर जन्मदिन मनाउने चलन बुझेर वा नबुझेर बालबालिका, युवायुवती र वृद्धवृद्धाले अँगालेका छन्। नेताहरूलेसमेत केक काटेर भव्य रूपमा जन्मदिन मनाउन थालेका छन्। जन्मदिनमा केक काटिएन, काटेर एकअर्कालाई खुवाउँदै गरेको र क्रिम मुखभरि दलिदिएको फोटो वा दृश्य सामाजिक सञ्जालमा हालिएन भने पछि नै परिने हो कि जस्तो भएको छ। बत्ती निभाएर गरिने कार्यलाई सनातन संस्कृतिमा शुभ मानिँदैन। हरेक शुभकार्य बत्ती बालेरै गर्ने हो। जन्मदिनको उत्सव मनाउँदा बत्ती निभाउनु संस्कृतिविरुद्ध छ। हिन्दु संस्कृतिमा बत्ती निभाएर शुभकर्म गरिँदैन। त्यसमाथि मुखले बत्ती फुक्नु शास्त्रनिषेद्ध मानिन्छ। जन्मदिनमा चक्कु वा अन्य हतियार लिएर केक काट्नु पनि राम्रो मानिँदैन। हतियार आदिको प्रयोगले हिंसक प्रवृत्तिलाई जन्म दिन्छ। पश्चिमाहरूले उनीहरूको ठाउँ, परिवेश र संस्कृतिअनुसार जन्मदिन मनाउने शैली निकालेका हुन्, तर हामीलाई पश्चिमा चलन अमान्य छ।

अन्तमा, वर्तमान समयमा धेरैजसो नेपालीले आफू जन्मिएको मितिका दिन बर्थ डे मनाउने गरेका छन्। अधिकांश हिन्दु र बौद्ध धर्मावलम्बीहरू रहेको नेपालमा यो किसिमको पाश्चात्य प्रचलन भित्रिएको धेरै वर्ष भएको छैन तर धेरैजसो हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूले पनि यसकै अनुसरण गर्दै आएका छन्।

# तस्बिरमा केही गतिविधि





भक्तपुर नगरपालिकाले १२० जना विद्यार्थीहरुलाई छात्रवृत्ति सिफारिस पत्र वितरण । (असोज २ गते)



भक्तपुर नपाको आयोजनामा जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरु बीच डेङ्गु ज्वरोसम्बन्धी अभिमुखीकरण कार्यक्रम । (भदौ २४ गते)



भक्तपुर नपा वडा नं. २ को आयोजनामा महिला स्वास्थ्य स्वयम्सेविकालाई अभिमुखीकरण कार्यक्रम । (भदौ १७ गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाको आयोजनामा नपाभित्र सञ्चालित सहकारीकर्मीहरुको भेला । (भदौ ३० गते)




भक्तपुर नपाका प्रमुख एवं ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको सभापतित्वमा नपाभित्रका स्वास्थ्य संस्थाहरुको वार्षिक समीक्षा । (भदौ २६ गते)



महालेखापरीक्षकको कार्यालयमा आ.व. २०७८/७९ को लेखापरीक्षणलगायत विविध विषयमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानीय तहसँगको अन्तरक्रिया । (असोज ५ गते)



भक्तपुर नपा वडा नं १ को आयोजना तथा भक्तपुर सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा वडा कार्यालय परिसरमा नि:शुल्क आँखा परीक्षण शिविर । (असोज १ गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुरको स्थलगत अवलोकन भ्रमणमा आएका विभिन्न महानगर तथा नपाका र विदेशीसहितको ७५ जना पाहुनाहरुलाई भक्तपुर नपामा स्वागत कार्यक्रम । (भदौ २५ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग मित्र राष्ट्र बंगलादेशबाट बंगलादेश नेपाल मैत्री सङ्घका वरिष्ठ साहित्यकारहरुको प्रतिनिधिमण्डलको भेट । (भदौ २२ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोफ्टबीच भेट एवम् छलफल । (भदौ २८ गते)



भक्तपुर नपाका उपप्रमुख रजनी जोशी र सुनसरी जिल्लाको देवानगञ्ज गापाका अध्यक्ष वेचनप्रसाद मेहतासहितको टोलीबीच भेट । (भदौ १९ गते)

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कान्ति बाल अस्पताल नर्सिङका विद्यार्थीहरूबाट भक्तपुर नपा वडा नं. ३ मा घरदैलोबाट लिइएको डाटा सार्वजनिकीकरण कार्यक्रम । (भदौ २३ गते)



भक्तपुर नपा १० नं वडा कार्यालयको आयोजना मधुमेह र दन्त शिविर । (भदौ १८ गते)



भक्तपुर नपा अनुगमन समितिबाट अस्पतालहरूमा रहेको क्यान्टिनको अनुगमन । (भदौ २० गते)



भक्तपुर नपाबाट वडा नं. १० मा कभर्ड हल निर्माण हुँदै ।

# डेङ्गु ज्वरो र बच्ने उपायहरू



डा. रत्नसुन्दर लासिवा

डेङ्गु ज्वरो एक भाइरसको सङ्क्रमण हो। यो ज्वरो एडिज एजिप्ती (Aedes Aegypti) नामको लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्दछ। यो डेङ्गु भाइरस नामको भाइरसबाट हुने रोग हो। डेङ्गु भाइरसका चारओटा प्रजातिहरू छन्। त्यसैले, ती चार प्रजातिका भाइरसले छुट्टाछुट्टैरूपमा एकजना मानिसलाई चार पटकसम्म डेङ्गु ज्वरो आउन सक्छ।



डेङ्गु ज्वरो सार्ने लामखुट्टे

चर्को खालको डेङ्गु ज्वरोले मानिसको मृत्युसमेत हुनसक्ने भएकोले डेङ्गु ज्वरोका बिरामीहरूको उपचार स्वास्थ्यकर्मीहरूबाट गराउनुपर्दछ।

डेङ्गु ज्वरोको छिटोभन्दा छिटो पहिचान गरी त्यसको सही व्यवस्थापन गर्नुपर्दछ। यसको विशेष उपचार पद्धति हालसम्म उपलब्ध भएको छैन। समयमै पहिचान तथा उपचारले डेङ्गुबाट हुने मृत्युलाई १ प्रतिशतभन्दा कम गर्न सकिन्छ।

डेङ्गु ज्वरो उष्ण तथा समशितोष्ण सहरी तथा सहर वरिपरिका बस्तीहरूमा विश्वभरि नै पाइने रोग हो।

डेङ्गुका बिरामीहरू विश्वभरि नै नाटकीय ढङ्गले वृद्धि भएको छ। विश्वभरि हरेक वर्ष १० करोडदेखि ४० करोड मानिसहरूलाई डेङ्गु ज्वरो हुने गर्दछ। तीमध्ये १० प्रतिशत मानिसलाई सामान्य खालको लक्षण वा लक्षणै देखानपर्ने पनि हुनसक्छ।

डेङ्गु ज्वरोको नियन्त्रण तथा रोकथामको सबैभन्दा प्रभावकारी उपाय लामखुट्टेको नियन्त्रण नै हो। यसमा समाजको सक्रिय र महत्त्वपूर्ण भूमिका रहन्छ।

## परिचय

डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

## लामखुट्टेले टोक्ने समय

एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

## लामखुट्टे वृद्धि विकास हुने स्थान

एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, डल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।

धेरैजसो डेङ्गु भाइरस सङ्क्रमण सामान्य रोगको रूपमा देखापर्ने भए पनि चर्को खालको डेङ्गु सङ्क्रमणको जटिलता प्राणघातक पनि हुने गर्दछ।

डेङ्गु ज्वरो सर्वप्रथम १९५० को दशकमा फिलिपिन्स र थाइल्यान्डमा भएको डेङ्गु महामारीको बेला पत्ता लागेको हो। डेङ्गु ज्वरोमा एक प्रजातिको सङ्क्रमणपछि अर्को प्रजातिको डेङ्गु भाइरसले सङ्क्रमण भयो भने चर्को खालको

डेङ्गु हुने गर्दछ ।

डेङ्गु ज्वरोले मानवीय स्वास्थ्यमा असर गर्नुको साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक अवस्थामा क्षति पुऱ्याएको हुन्छ । साथै डेङ्गु रोग फैलिने मौसममा अस्पतालका धेरैजसो खाटहरू (बेड) डेङ्गुका बिरामीले भरिएका हुन्छन् ।

विश्वभरिका डेङ्गु ज्वरोका बिरामीहरूमध्ये करिब ७० प्रतिशत बिरामी एसियाली मुलुकहरूका देशमा हुने गर्दछ । नेपालमा केही वर्ष अघिसम्म तराईका जिल्लाहरूमा देखिने गरेको डेङ्गु ज्वरो हालका वर्षहरूमा काठमाडौँ उपत्यकालगायत अन्य पहाडी जिल्लाहरूमा पनि देखिएको छ ।

## डेङ्गु ज्वरोका लक्षण तथा चिह्नहरू

अधिकांश डेङ्गु सङ्क्रमित व्यक्तिमा लक्षण देखिँदैन । देखिएकोमा सामान्य खालको ज्वरो, खोकी वा जीउ दुख्ने हुन्छ । लामखुट्टेले टोकेको ४ देखि १० दिनमा देखिने लक्षण सामान्यतः २ देखि ७ दिनसम्म रहन्छ ।

उच्च ज्वरो १०४°F (४०° C) सहित तलका लक्षणहरूमध्ये कुनै दुई लक्षणहरू हुनेलाई डेङ्गु सङ्क्रमणको शङ्का गर्न सकिन्छ –

| | |
|---|---|
| १) चर्को टाउको दुख्ने | २) आँखाको गेडी दुख्ने |
| ३) जोर्नी तथा जीउ दुख्ने | ४) वाकवाकी आउने |
| ५) ग्रन्थीहरू सुन्निएमा | ६) रातो डावरहरू आउने |

डेङ्गु ज्वरो सुरु भएको ३ देखि ७ दिनपछि चर्को खालको डेङ्गु हुने गर्दछ । चर्को खालको डेङ्गुमा सेतो रक्तकोष खेर जाने, शरीरमा पानीको मात्रा बढी जम्मा हुने, श्वास फेर्न कठीनाइ हुने, रक्तश्राव हुने तथा अङ्गहरूले काम नगर्ने अवस्था भएमा प्राणघातक हुनसक्छ ।

डेङ्गु सङ्क्रमण लक्षण तथा चिह्नका आधारमा शङ्का गरेपछि RT-PCR वा Antigen परीक्षण विधिबाट पत्ता लगाउन सकिन्छ ।

डेङ्गु ज्वरोको विशेष उपचार व्यवस्था नभएकोले लक्षणको आधारमा बिरामीको उपचार गरिन्छ ।

डेङ्गु ज्वरोविरुद्धको खोप पनि पाइन्छ । तर, हालको अवस्थामा प्रचलनमा देखिँदैन ।

## रोकथाम तथा नियन्त्रण

- डेङ्गु सङ्क्रमितले आफूलाई लामखुट्टेको टोकाइबाट जोगाएमा त्यसले अरू मानिसलाई जीवाणु सार्न दिँदैन ।
- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेको वासस्थान खोजी नष्ट गर्नुपर्दछ ।
- लामखुट्टेको टोकाइबाट जोगिन पूरै बाहुला भएको लुगा लगाउने, झूलको प्रयोग गर्ने, झ्यालढोकामा लामखुट्टे छिर्न नसकिने जालीखापा प्रयोग गर्ने, लामखुट्टे भगाउने मलम लगाउनेजस्ता उपायहरू अपनाउन सकिन्छ ।
- लामखुट्टेको टोकाइबाट हुने रोगबारे समुदायलाई सजग र सचेत पार्ने कार्य गर्नुपर्छ ।
- लामखुट्टेको निरन्तर खोजी कार्य जारी राख्नुपर्छ र डेङ्गुका कारक लामखुट्टे देखिएमा नष्ट गर्ने विधि दोहोऱ्याउनुपर्छ ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**डेंगु रोगसम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल डेंगु ज्वरो देशका विभिन्न ठाउँहरूमा तीव्ररूपमा फैलिरहेको र भक्तपुरमा पनि यो रोगका बिरामीहरू दिनप्रतिदिन बढिरहेको छ । यो रोगका कारण अहिले अस्पतालका बेडहरू भरिन थालेका छन् । यो रोग एक किसिमको एडीस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोगका बिरामीको समयमै उपचार गर्न सकेमा सजिलै निको हुने तर यदि यो रोग लागिसकेपछि बेवास्ता र हेलचेक्र्याइँ गरी बसेमा ज्यानै जान सक्ने भएकोले यो रोगबाट आफू बच्न, अरूलाई बचाउन र आवश्यक व्यवस्था मिलाउन आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# Lessons From Bhaktapur Municipality


Mukti Rijal

> The municipality has made sizeable investment in institutions to make higher education available at affordable fees with a view to achieving the goal of education and prosperity by linking labour to productivity.

A big group of local government officials and delegates visited Bhaktapur Municipality, the other day, with a view to obtaining information about the exemplary schemes and programmes carried out in its jurisdictions, vicinities and locations. According to the news report, a large contingent of delegates representing different local levels from within and outside Kathmandu, including a former US ambassador, made an observation tour of the historical and cultural assets, among others, listed as the UNESCO World Heritage Site in Bhaktapur. The performance of the Bhaktapur Municipality in various dimensions of development, especially education, health, heritage conservation and development, city planning and renovation, was appreciated by those who participated in the observation tour facilitated and guided by the municipality officials.

## Transparency

Mayor of the Kathmandu Metropolitan City Balendra Shah is reported to have remarked that Bhaktapur does offer several model lessons and examples for other local governments to follow and emulate not only in community-led heritage conservation, delivering health, and education related services effectively but also upholding the values and norms of transparency and accountability. Mayor Shah is, of course, very right in highlighting and appreciating Bhaktapur's achievements. This writer was also enamored and had all praise for the municipality achievements following an interaction I had with Bhaktapur Municipality's Mayor Sunil Prajapati, Deputy Mayor Rajani Joshi and toured some areas of Bhaktapur Durbar Square.

I had been indeed keen to visit Bhaktapur Municipality to have conversation with the municipality office bearers especially to know and understand as to how the appreciable outcomes were made possible by the efforts of the municipality alone. I was particularly interested to know about how the municipality was able to achieve exemplary successes despite several institutional and resource constraints. The meeting was arranged by Policy Research Institute colleague Manita Khushi despite hectic schedules of the mayor and deputy mayor. In fact, a visit to the Bhaktapur Municipality office complex lends a very positive impression with its locally modulated architectural veneer.

Its clean and well-decorated staircases, rooms and premises make it to appear saliently different from the conventional and unkempt Nepali local government offices elsewhere. Mayor Prajapati is mild-mannered and soft-spoken person who has a clear grasp, knowledge and information about the municipality's modus operandi. In response to my query as to what makes Bhaktapur different from other municipalities especially from the Kathmandu Valley, Mayor Prajapati claimed that the projects undertaken in Bhaktapur are all carried out using labour resources available mostly within the municipality. This has made it possible to have local ownership of the works carried out, he said. Bhaktapur has accorded all priority to use locals funds without taking external aid and support, he emphasised.

As I was very much interested to know about the initiatives and actions of the municipality in education and health sectors, Mayor Prajapati informed that at least seven educational institutions have been established and run under aegis of the municipality itself. According to him, the municipality has made sizeable investment in institutions to make higher education available at affordable fees with a view to achieving the goal of education and prosperity by linking labour to productivity. Of the seven premier educations institutions municipality operates the ones such as Khwopa Engineering College, Khwopa College of Engineering, Khwopa Polytechnic Institute, Sharada Secondary School and so on. In these institutions, around 1,500 students have graduated with Bachelor and Master's degrees.

These seven educational institutions being run by the Bhaktapur Municipality were not born overnight. There's a two-decade long story behind

this success story. While the municipality provided for the expenses initially, the institutions are running more or less with their own income. Private schools and institutions cannot compete with the municipality-run educational institutions because the latter provide better quality at cheaper costs.

The municipality has been effortful to make health services accessible and affordable to its constituents. The municipality has established public health service centres in its wards where volunteers, nurses and medics are deployed and they visit the doorsteps of the people to advise the sick and ailing to offer the first aid cares and advise them to visit the centres for medical care and attention. These health centres cater to the health needs of the municipality and its vicinities. These centres have been generally manned by consultant physicians and medical officers, nurses, volunteers and so on.

## Dispute resolution

The municipality, according to the mayor, has a policy of running child care centres in every ward. Furthermore, the municipality has gone ahead with building a 100-bedded Khwopa Hospital. "As Bhaktapur has achieved major gains in providing affordable primary health services, it is also set to offer city residents inexpensive expert medical services," said mayor Prajapati. The municipality has developed gymnasiums, libraries and reading centres in most of the localities where both youngsters and elders can access and benefit for their physical and cognitive development, he said. These libraries are being equipped with multimedia facilities as well. The writer also visited judicial committee premises where Deputy Mayor Joshi and committee members were busy dealing with and resolving local disputes. Joshi explained the modus operandi of dispute resolution at the municipality.

This writer is largely convinced that Bhaktapur Municipality is set to offer lessons to learn for other local levels both inside and outside the Kathmandu Valley especially in the realm of heritage preservation, local participation, and service delivery in education and health sectors. Instead of going for expensive junkets outside the country, local government leaders need to be advised to visit Bhaktapur to have an exposure and learn as to how constructive results can be achieved with modest resources, local ownership and participation despite policy and institutional constraints.

*(The author is presently associated with Policy Research Institute (PRI) as a senior research fellow. **rijalmukti@gmail.com**)*

(The Rising Nepal, 15 September 2022)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चिनियाँ जनकंग्रेस स्थायी समितिका अध्यक्ष ली चाङ्गशु भक्तपुर भ्रमणमा



नेपालका सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणामा भदौ २७ देखि ३० गतेसम्म नेपाल भ्रमणमा आउनुभएका जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेसका स्थायी समितिका अध्यक्ष ली चाङ्गशुले भदौ २९ गते भक्तपुरको भ्रमण गर्नुभयो। अध्यक्ष लीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खौमास्थित भक्तपुर दरबार क्षेत्र प्रवेशद्वारमा स्वागत गर्नुभयो।

अध्यक्ष चाङ्गशु सम्मिलित करिब ७० जनाको प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा अवस्थित रामेश्वर मन्दिर, द्वारिकानाथ मन्दिर, बसन्तपुर दरबार, केदारनाथ मन्दिर, राष्ट्रिय कला सङ्ग्रहालय भवन, लुँ ध्वाका, पचपन्न झ्याल दरबार, वत्सला मन्दिर, यक्षेश्वर महादेव मन्दिर, सिद्धिलक्ष्मी मन्दिर, लापां देगः, तब सत्तल, सिलु महादेव मन्दिर, चतुब्रम्ह महाविहारबाट पैदल यात्रा गर्दै टौमढीको पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको निकै रुचिपूर्वक अवलोकन गर्नुभयो। प्रतिनिधिमण्डल टोलीको स्वागतमा केदारनाथसँगैको



डबलीमा भैल प्याखं प्रदर्शन गरिएको थियो।

अध्यक्ष चाङ्गशुले भक्तपुरको सम्पदाहरू अवलोकनबाट आफू प्रभावित भएको बताउनुहुँदै भक्तपुरमा स्वागत गर्नुभएकोमा भक्तपुर नगरपालिका र सम्पूर्ण जनप्रतिनिधिहरूलाई धन्यवाद दिनुभयो। उहाँले चीनमा पनि सयौं वर्ष पुराना संस्कृतिहरू जीवन्त रहेको बताउनुभयो। उहाँले भक्तपुरको प्रख्यात भैल प्याखंलाई अत्यन्त चासो लिएर अवलोकन गर्नुभएको थियो।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले ली चाङ्गशुलाई भक्तपुरमा स्वागत गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुँदै आगामी दिनमा पनि यस्ता अवसरहरू प्राप्त हुने आशा



व्यक्त गर्नुभयो।

अध्यक्ष चाङ्गशुलाई नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, बागमती प्रदेश सभा सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर जिल्लाका प्रजिअ रुद्रादेवी शर्मा तथा भक्तपुर नगरपालिका कार्यपालिका सदस्यहरूले भक्तपुरमा स्वागत गर्नुभएको थियो।

भ्रमणपश्चात टौमढीको डबलीमा अध्यक्ष ली चाङ्गशुले सांसद सुवाल र नगर प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो भने सांसद सुवाल र प्रमुख प्रजापतिले अध्यक्ष चाङ्गशुलाई 'मयूरको झ्याल' र पार्टी तथा नगरपालिकाका प्रकाशनहरू मायाको चिनोको रुपमा प्रदान गर्नुभएको थियो।







"Creation of predecessors — Our art and culture"

# चिनियाँ शीर्ष नेताको रोजाइमा किन पर्छ भक्तपुर ?



सीताराम बराल



*चिनियाँ जनकङ्ग्रेसका अध्यक्ष ली चाङ्शु बुधबार भक्तपुर दरबार स्क्वायरमा नगरप्रमुख सुनिल प्रजापतिसँग । पृष्ठभूमिमा सिलु महादेव मन्दिर (तस्बिरः लक्ष्मी गारु, रासस)*

सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणामा नेपालको चारदिने (२७-३० भदौ) भ्रमणमा रहेका चीनको राष्ट्रिय जनकांग्रेसका अध्यक्ष ली चाङ्शु मंगलबार (२८ भदौ) मा सर्वाधिक व्यस्त रहे ।

बिहानै राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासँग भेट गरेका उनले लगत्तै एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सँग भेट गरे । ओली र प्रचण्डपछि लीको भेटघाटको सूचीमा परराष्ट्र मन्त्री डा. नारायण खड्का र प्रधानमन्त्री शेरबहादुर देउवा थिए ।

एकैदिनमा चार-चार ओटा उच्चस्तरीय भेटघाटका कारण अध्यक्ष ली थकित हुनु स्वभाविक थियो । मंगलबारका यी 'हेक्टिक' भेटघाटपछि उनी साँच्चिकै फ्रेस हुन चाहँदा रहेछन् भन्ने कुरा बुधबार (२९ भदौ) बिहान भक्तपुर भ्रमणबाट देखियो । नीलो टि-सर्ट, पाइन्ट र 'स्पोर्ट्स सुज' का साथ उनी नेता भन्दा विशुद्ध साधारण पर्यटकका रूपमा भक्तपुर पुगे ।

काठमाडौँमा रहँदाको अवधिमा अध्यक्ष लीलाई राजधानीमा कुन-कुन ठाउँको भ्रमण गराउने भन्ने विषयमा चीन तथा नेपालका अधिकारीहरूबीच छलफल भएको थियो । लीले भ्रमण गर्ने स्थानको सूचीमा सुरुमा बसन्तपुर दरबार क्षेत्र र भक्तपुर समावेश गरिएपनि अन्तिम छनोटमा भक्तपुरमात्र परेको थियो ।

राष्ट्रपति र प्रधानमन्त्रीपछि तेस्रो बरियताका चिनियाँ नेता लीमात्र होइन, २७-२९ असार (०७९) मा मन्त्रीस्तरीय हैसियतमा नेपाल भ्रमणमा आएका चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जिआन्चाओ पनि भक्तपुर पुगेका थिए ।

२०७६ भदौ तेस्रो साता नेपाल भ्रमणमा आउँदा



असारमा नेपाल भ्रमणमा आएका सीपीसीका विदेश विभाग प्रमुख लिउ जिआन्चाओ पनि भक्तपुर पुगेका थिए (रासस)

विदेशमन्त्री वाङ् यी पनि भक्तपुर पुगेका थिए। विदेशमन्त्री वाङ् भक्तपुर दरबार स्क्वायर क्षेत्रको भ्रमणका क्रममा सेल्फी खिच्दै घुमिरहेको तस्बिर त्यो बेला निकै चर्चित बनेको थियो।

चिनियाँ उच्चपदस्थ नेताहरूबाट भएको भक्तपुरका यी भ्रमण सूचीले देखाउँछन्, अलिक बेसी समय लिएर नेपाल आउने जोकोही शीर्ष चिनियाँ नेताहरूको छनोटमा भक्तपुर पर्ने गरेको छ।

## राजनीतिक निटकताले हो ?

लाओस, भियतनाम, कम्बोडिया जस्ता दक्षिणपूर्वी एसियाली मुलुक र क्युवालगायत केही दक्षिण अमेरिकी मुलुकमा कम्युनिष्टहरू सत्तामा छन्। तर, दशकौँदेखि अमेरिकालाई चुनौति दिँदै शासन सञ्चालन भइरहेको उत्तर कोरिया र विश्व आर्थिक शक्ति बनिसकेको चीन विश्वका कम्युनिष्ट मुलुकको सूचीमा अग्रपङ्क्तिमा छन्।

२०४६ को परिवर्तनपछि मात्र होइन, पञ्चायतकालको नगर निर्वाचनदेखि नै भक्तपुरमा विजय हासिल गर्दै आइरहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को चीन र उत्तर कोरियाका सत्तारुढ दलहरूसँग निकटको सम्बन्ध छ। बहुदलीय व्यवस्थाको पुनर्स्थापना यता चिनियाँ नेताहरूले विश्वास, भरोशा र सम्मान गर्ने नेताहरूमा नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) पनि पर्छन्।

नेपाल–चीन कुटनीतिक सम्बन्ध जत्तिकै पुरानो नेपाल–चीन मैत्री सङ्घको अध्यक्ष भएकाले पनि चिनियाँ नेताहरू रोहितलाई सम्मान गर्ने र महत्त्व दिने गर्छन्।

'राजनीतिक स्थिरताबाट मात्र विकास र सम्बृद्धि सम्भव छ भन्ने चिनियाँ राजनीतिक नेतृत्वको मान्यता रहेको देखिन्छ,' नेपाल–चीन अध्ययन केन्द्रका महासचिव उपेन्द्र गौतम भन्छन्, 'नेमकिपा सानो भूभागमा खुम्चिएपनि आफ्नो प्रभाव रहेको भक्तपुरमा उसले राजनीतिक स्थिरता प्रदान गरेको छ र सोही अनुसार विकास निर्माण पनि गरेको छ। चिनियाँ नेतृत्वको मान्यता भक्तपुरमा कार्यान्वयन भएको देखिन्छ।'

अध्यक्ष गौतमले भनेजस्तै, २०३८ र ०४३ का दुवै राष्ट्रिय पञ्चायतका निर्वाचनमा नेमकिपा समर्थित उम्मेदवार भक्तपुरबाट विजयी भएका थिए। २०४८ यताका आम निर्वाचनहरूमा भक्तपुर–२ को नेतृत्व परिवर्तन हुने गरेपनि भक्तपुर–१ मा भने २०४८, ०५१, ०५६, ०६४ र ७० को आम निर्वाचनमा नेमकिपा अध्यक्ष रोहित निरन्तर विजयी भइरहे। २०७४ को आम निर्वाचनमा अध्यक्ष रोहितले प्रतिस्पर्धा गरेनन्। उनको सट्टामा सचिव प्रेम सुवालले प्रतिस्पर्धा गरे। र, पहिलेजस्तै ठूलो मतान्तरका साथ विजयी भए।

भक्तपुर नगरपालिकामा पनि पञ्चायतकालदेखि नै नेमकिपाको एकछत्र बर्चश्व छ। २०४९ र ०५४ को स्थानीय निर्वाचनमा जस्तै ०७४ र ०७९ को स्थानीय तह निर्वाचनमा पनि नेमकिपाले नगरपालिकाका सम्पूर्ण पद 'क्लिन स्वीप' गऱ्यो। २०७४ को निर्वाचनको तुलनामा ०७९ को निर्वाचनमा नेमकिपाका उम्मेदवारहरू अझ ठूलो मतान्तरका साथ नगरपालिकामा विजयी भए।

आम निर्वाचन (भक्तपुर–१) र स्थानीय तह निर्वाचनमा विपक्षीहरूलाई ठूलो मतान्तरले पछि पारी विजय हासिल गर्ने गरेका कारण बिना व्यवधान आफ्ना नीति–कार्यक्रम र योजनाहरू लागू गर्ने अवसर नेमकिपाले प्राप्त गरेको छ।

अर्थात्, निर्वाचनमार्फत् नै उसले भक्तपुरमा राजनीतिक स्थिरता प्रदान गरिरहेको छ। र, विकास–निर्माण, कला–संस्कृति, फोहोर व्यवस्थापन, स्वास्थ्यसुविधा र शिक्षाका दृष्टिले देशभरका 'नमुना' पालिकाहरूको अग्रपङ्क्तिमा रहन सफल भएको छ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सभाका सदस्य सुरेन्द्रराज गोसाईका भनाइमा, सांस्कृतिक धरोहरहरूको संरक्षणका कारण नेपाल भ्रमणमा आउने चिनियाँ शीर्ष अतिथिहरूको रोजाईमा भक्तपुर पर्ने गरेको हो।

'भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरू भक्तपुरले आफ्नै खुट्टामा उभिएर पुनर्निर्माण गरेको छ,' नेता गोसाई भन्छन्, 'भक्तपुर आउने चिनियाँ उच्च पदस्थ अतिथिहरूले सबैभन्दा बढी यो पक्षको प्रशंसा गर्नुहुन्छ।'

यसमा भक्तपुरको राजनीतिक माहोलको पनि धेरथोर भूमिका रहेको हुनसक्ने सम्भावना उनले सङ्केत गरे।

'राजनीतिक रूपमा पनि चीन र हामीहरू निकट नै छौँ,' गोसाईले भने, 'राजनीतिक सामिप्यता हुनु भनेको वैचारिक सामीप्यता बढ्नु हो। वैचारिक सामीप्यता बढेपछि आकर्षण हुनु स्वाभाविक हो।'

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका पूर्व उपकार्यकारी निर्देशक रूपक सापकोटा राजनीतिक कारणले भन्दा सांस्कृतिक र यातायातको सुविधाका कारणले चिनियाँ शीर्ष नेताहरूको रोजाईमा भक्तपुर पर्ने गरेको बताउँछन्।

'भक्तपुरले पुरातात्त्विक सम्पदाहरूलाई जस्ताको तस्तै संरक्षण गरेको छ, यही कारण नेपाल आउने चिनियाँ नेताहरू भक्तपुर जान रुचाउँछन्,' डा. सापकोटा भन्छन्, 'भक्तपुरको अर्को आकर्षण भनेको त्यहाँ पुग्न र पुगेपछि घुम्न सहज हुनुपनि हो।'

हुन त, बसन्तपुर (काठमाडौँ) र पाटन (ललितपुर) को भ्रमणबाट पनि नेपालको पुरातात्त्विक सम्पदाहरूको अवलोकन गर्न नसकिने होइन । २०३४ माघमा चिनियाँ नेता तङ सिआओ पिङ नेपाल भ्रमणमा आउँदा पाटन (ललितपुर) को भ्रमणमा गएका थिए । अन्य केही चिनियाँ नेताहरूले बसन्तपुर क्षेत्रको पनि भ्रमण गर्ने गरेका छन् ।

'तर, पाटन र बसन्तपुरको तुलनामा भक्तपुर फराकिलो छ, त्यहीकारण भक्तपुर पुग्ने पर्यटकहरू १-२ घण्टा मज्जाले त्यहाँ बिताउन सक्छन्,' सापकोटा भन्छन्, 'त्यसबाहेक भक्तपुर पुग्ने राजमार्ग फराकिलो भएकाले चिनियाँ उच्च अतिथिहरूको रोजाईमा भक्तपुर पर्ने गरेको हो ।'



अरनिको राजमार्गः भावनात्मक सम्बन्ध

चार दिने नेपाल भ्रमणका क्रममा अध्यक्ष लीले आफ्नो मुकाम ताहाचलस्थित सोल्टी होटललाई बनाएका छन् । ली बुधबार विहानै अवलोकन गर्न गएको भक्तपुरको तुलनामा सोल्टी होटलबाट बरु बसन्तपुर र पाटन धेरै नजिक पर्छन् ।

अलिक टाढै परेपनि पाटन र बसन्तपुरको तुलनामा काठमाडौँबाट भक्तपुर पुग्न कठिन भने छैन ।

काठमाडौँको माइतीघरबाट सुरु हुने फराकिलो 'अरनिको राजमार्ग' हुँदै विदेशी अतिथिहरू सहजरूपमा भक्तपुर पुग्न सक्छन् । अरनिको राजमार्गसँग जोडिने भक्तपुर सहरका पहुँचमार्गहरू पनि फराकिला छन् ।

'काठमाडौँ आउने चिनियाँ अतिथिहरू सम्भव भएमा अलिकति 'लङ ड्राइभ' गर्न चाहन्छन्, थोरै भएपनि 'लङ ड्राइभ' गरेर जान सकिने र सांस्कृतिक-पुरातात्त्विक सम्पदा पनि हेर्न पाइने ठाउँ भनेको भक्तपुर नै हो,' नेपाल-चीन कार्यकारी परिषद्का अध्यक्ष अनुपरञ्जन भट्टराई भन्छन्, 'भक्तपुर पुग्ने राजमार्गसँग चिनियाँहरूको भावनात्मक सम्बन्ध पनि जोडिएको छ । किनकी, सुरुमा त्यो राजमार्ग चीनले निर्माण गरिदिएको हो ।'

चीन आर्थिक रूपमा आफै विपन्न रहेको अवस्थामा दुई एसियाली-अफ्रिकाली मुलुकका राजमार्ग-रेलमार्ग चिनियाँ सहयोगमा निर्माण भएका थिए । त्यसमध्ये सांस्कृतिक क्रान्तिकाल (१९६६-७६) मा तान्जानिया-जाम्बिया जोड्ने रेलमार्ग (तान्जा रेलवे) चिनियाँ आर्थिक सहयोगमा निर्माण भएको थियो भने त्यसअगावै नेपालको सिन्धुपाल्चोकको सीमावर्ती चिनियाँ बजार (जाङबु खासा) सँग जोडिने कोदारी-काठमाडौँ राजमार्ग निर्माण चीनले आफ्नै आर्थिक तथा प्राविधिक व्यवस्थापनमा गरिदिएको थियो ।

आर्थिक रूपमा आफै विपन्न अवस्थामा रहेपनि नेपालसँगको मित्रता र आवश्यकतालाई महसुस गर्दै चीनले तिब्बतको राजधानी ल्हासा जोड्ने गरी कोदारी राजमार्ग निर्माण गरिदिएको थियो । चिनियाँ सहयोगमा सोही राजमार्ग निर्माण गरिने भएपछि भारत, अमेरिकीलगायतका विदेशी मिडियाहरूले कम्युनिष्ट चीनले राजनीतिक अभिष्टका साथ कोदारी राजमार्ग निर्माण गर्न लागेको टिप्पणीसमेत गरेका थिए उसबेला ।

कोदारी राजमार्गप्रति विदेशी मिडियाहरूले नकारात्मक टिप्पणी गर्न थालेपछि राजा महेन्द्रले 'साम्यवाद ट्याक्सी चढेर आउँदैन' भन्ने जवाफ फर्काएका थिए त्यसबेला, जसले ठूलै चर्चा पाएको थियो । जे होस्, चिनियाँ सहयोगमा निर्मित यो राजमार्गले सन् १९६० को दशकमा ठूलै भूराजनीतिक हलचल सिर्जना गरेको थियो ।



यो राजमार्ग निर्माणका लागि चीनले आर्थिक सहयोगमात्र प्रदान गरेन, चिनियाँ सेनामा आवद्ध प्राविधिकहरूलाई समेत खटायो । ज्यानको बाजी लगाउँदै अप्ठेरा भीर-पहरा उक्लेर यो राजमार्गको ट्र्याक खोल्ने काम गरेका थिए । त्यसक्रममा केही चिनियाँहरूले ज्यान समेत गुमाए ।

खासा बजारसँग जोडिएको कोदारीबाट सुरु हुने

भएकाले सुरुमा यो राजमार्गलाई ‘काठमाडौँ–कोदारी राजमार्ग’ नामाकरण गरिएको थियो। तर, निर्माण सम्पन्न भएपछि सरकारले यसलाई ‘अरनिको राजमार्ग’ को रूपमा नामाकरण गऱ्यो ।

अर्थात्, चिनियाँ सहयोगमा निर्मित यो राजमार्गको नामाकरण यस्ता अग्रणी व्यक्तित्वको नाममा गरियो, जसले १२ औँ शताब्दीमा नेपाल–चीन सम्बन्धलाई उचाईमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। नेपाल मण्डलको पाटन क्षेत्रमा जन्मेका कलाकार अरनिको (बलबाहु) तिब्बत हुँदै बेइजिङ पुगेर ‘सेतो प्यागोडा’ जस्तो चर्चित गुम्बाको निर्माण गरेका थिए। त्यसबाहेक अन्य दर्जनौँ कलाकृतिको रचनामा कलाकार अरनिकोको योगदान रह्यो ।

चीनको कलाक्षेत्रमा पुऱ्याएको योगदानका कारण अरनिकोलाई तत्कालीन सम्राट कुब्लाई खाँले मन्त्री सरहको पद दिएर दरबारमै राखेको संस्कृतिविद् सत्यमोहन जोशीले ‘कलाकार अरनिको’ पुस्तकमा उल्लेख गरेका छन् ।

‘काठमाडौँबाट भक्तपुर पुग्ने बाटो एकातिर चिनियाँ आर्थिक सहयोगमा निर्माण भएको राजमार्गको खण्ड हो, अर्कोतिर चीन–नेपाल सांस्कृतिक सम्बन्धमा महत्त्वपूर्ण भूमिका खेलेका अरनिकोको स्मरणमा यसको नामाकरण गरियो,’ नेपाल–चीन कार्यकारी परिषद्का अध्यक्ष भट्टराईले भने, ‘नेपाल–चीन सम्बन्धको इतिहास जोडिएको सडक हुँदै भक्तपुर पुगिने भएकाले पनि चिनियाँ शीर्ष नेताहरूको रोजाईमा भक्तपुर पर्ने गरेको हो।’



रमाई–रमाई, भक्तपुर घुमाई

राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली खछ्याङपछि तेस्रो बरियताका शीर्ष चिनियाँ नेता हुन्, राष्ट्रिय जनकांग्रेसका अध्यक्ष ली। सोमबार (२७ भदौ) काठमाडौँ ओर्लेपछि सभामुख सापकोटासँग भेटवार्ता गरेका उनी मंगलबार साँझसम्म राजनीतिक भेटघाटहरूमा व्यस्त भए।

कूटनीतिक महत्त्व राख्ने सबै राजनीतिक भेटवार्ताहरूमा औपचारिकताका लागि उनी सेतो सर्टसहितको सुट–पाइन्टमा थिए। तर, बुधबार बिहान भक्तपुरका स्थानीयसमक्ष उनले आफूलाई ‘भीआइपी’ का रूपमा प्रस्तुत गर्न चाहेनन्। उनी सामान्य व्यक्ति झैँ स्पोर्ट्स सुज, नीलो रंगको टिसर्ट र पाइन्ट लगाएर भक्तपुर पुगे।

शरीरको पहिरन र खुट्टाको जुत्ताले देखाउँथ्यो– अध्यक्ष ली हिँडेरै यो पुरातात्त्विक–सांस्कृतिक नगरीलाई छिचोल्न चाहन्छन्। आखिर गरेपनि त्यही।



बुधबार बिहान साढे ९ बजे भक्तपुर पुग्ने कार्यक्रम भएपनि ली त्योभन्दा १५ मिनेट अगावै पुगेका थिए। उनलाई त्यहाँ नेमकिपाका सचिव एवं प्रतिनिधि सभा सदस्य प्रेम सुवाल र नगरप्रमुख सुनिल प्रजापतिले स्वागत गरे। एक घण्टाको समय उनले भक्तपुरका सांस्कृतिक सम्पदा घुमेर बिताए।

प्रदेश सांसदसमेत रहेका नेमकिपा नेता गोसाईका भनाइमा, भक्तपुर दरबार स्क्वायरबाट यात्रा सुरु गरेका अध्यक्ष ली तौमढीस्थित पाँचतले मन्दिर पुगेका थिए।

‘उहाँले भूकम्पले क्षति पुऱ्याएका पुरातात्त्विक–सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणबारे चासो प्रकट गर्नुभयो, सचिव सुवाल र मेयर प्रजापतिले उहाँलाई पुनर्निर्माणबारे जानकारी गराउनु भएको थियो’ गोसाईले भने, ‘उहाँले ‘चीनले पनि पुरातात्त्विक सम्पदाहरूको दुरुस्त पुनर्निर्माण र संरक्षण गरेको छ। तपाईंहरूले पनि त्यसैगरी पुनर्निर्माण र संरक्षण गर्नु भएको रहेछ भनेर भक्तपुर नगरपालिका र नेमकिपाको नेतृत्वप्रति खुसी र आभार प्रकट गर्नुभयो।’

(नेपालखबर, भदौ २९, २०७९)

# 'नेपाली नागरिकलाई नागरिकता दिनुपर्छ तर विदेशीलाई दिनुहुन्न'

देशघाती नागरिकता विधेयक खारेजीको माग गर्दै नेपाल मजदुर किसान पार्टीले भदौ ३१ गते काठमाडौँमा विरोध जुलुस तथा सभा आयोजना गर्‍यो ।




उक्त कार्यक्रममा नेमकिपाका सचिव एवम् सांसद **प्रेम सुवाल**ले सच्चा नेपाली नागरिकलाई नागरिकता दिनुपर्छ तर विदेशीलाई नागरिकता दिन नहुने विषय सुरुदेखि नै उठाउँदै आएको बताउनुभयो ।

उहाँले लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रम मोदीलाई देउवा सरकारले अरूण ४ लगायतका नदीनाला सुम्पनु गलत भएको बताउनुहुँदै विदेशीहरूले सहयोगको नाममा नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गरेको र यही सिलसिला चालू रहे नेपाल सिक्किम बन्ने खतरा रहेको उल्लेख गर्नुभयो ।

आमा र बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको नेपाली नागरिकता दिनुपर्ने विषय संविधान निर्माणकै बेला नेपाल मजदुर किसान पार्टीले जोड दिएको उल्लेख गर्नुहुँदै सांसद सुवालले नागरिकता विधेयकमा नेपालीसँग विवाह गरेका विदेशी महिलालाई तत्काल अङ्गीकृत नेपाली नागरिकता दिने, जन्मको आधारमा विदेशीसमेतले पाएको नेपाली नागरिकता खारेज गर्नुपर्नेमा सो नगरी उनीहरूका सन्तानलाई वंशजको नेपाली नागरिकता दिनु देश र जनताको हितमा नहुने स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशका सांसद **सुरेन्द्रराज गोसाईं**ले विदेशीहरूको इसारामा नेपालका लेण्डुपहरूले देशघाती नागरिकता विधेयक ल्याएर देशको सार्वभौमिकता धरापमा पार्न खोजेको हुँदा देशभक्त नेपाली जनताले प्रतिकार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।









शासक दलहरूले एमसीसी सम्झौता संसद्बाट बहुमतले पारित गरे पनि नेपाली जनताले नस्वीकारेको हुँदा एकदिन नेपाली जनताले खारेज गर्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'देश र जनताको विरुद्ध जानेहरूलाई भावी पुस्ताले धिक्कार्नेछन् ।'

नेमकिपाका केन्द्रीय सदस्य **नारायण महर्जन**ले नेपालको सार्वभौमिकता र भूअखण्डता जोगाउन पटक-पटक सङ्घर्ष गर्दै आएको दृष्टान्त प्रस्तुत गर्नुहुँदै नेपाली जनताको भावनाविपरीत रहेको नागरिकता विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका **मिनबहादुर बाटा**ले पनि बोल्नुभएको थियो ।

काठमाडौँको रत्नपार्कबाट सुरु भएको विरोध जुलुस बागबजार, पुतली सडक, प्रदर्शनी मार्ग, शहीदगेट, न्युरोड, असन हुँदै रत्नपार्कमा आएर विरोध सभामा परिणत भएको थियो ।

**४३ औं विश्व पर्यटन दिवस**

# भक्तपुर नपाद्वारा संस्कृतिकर्मी तथा सांस्कृतिक गुरुहरूको सम्मान




४३ औं विश्व पर्यटन दिवसको अवसरमा गाईजात्रा पर्व २०७९ मा प्रदर्शन गरेका घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाका विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण तथा भक्तपुरका सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम असोज ११ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर दरबार क्षेत्रमा भव्य समारोहबीच सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष **बिजुक्छेँ**ले हाम्रो कला संस्कृति नै हाम्रो सम्पत्ति हो र यसको संरक्षण गर्न स्थानीय सरकार, सहकारी संस्था र विद्यालयहरू क्रियाशील हुनुपर्ने बताउनुभयो ।




परम्परागत सांस्कृतिक नाच र अन्य गतिविधिहरूमा महिलाहरूको उत्साहजनक सहभागिता बढ्दै गएको बताउनुहुँदै उहाँले भक्तपुरको कला संस्कृति जगेर्नामा यहाँका कलाकार, लोहँकर्मी र सिकर्मीको योगदान उल्लेखनीय छ भन्नुभयो ।

भक्तपुर नपाले पर्यटन शुल्कबाट उठाएको रकमबाट यहाँको सरसफाइ, शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा निकै सुधार हुँदै गएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले भक्तपुरको समाजवादी मोडल हेर्न देशभरिका जनप्रतिनिधि, पत्रकार र शुभचिन्तकहरूको भक्तपुर भ्रमणले अझ व्यापकता लिँदै गएको छ भन्नुभयो ।

भक्तपुर आफैमा एउटा खुला विश्वविद्यालयको रूपमा रहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले सांस्कृतिक गुरुहरू स्वयम् समाजका सम्मानित प्राध्यापकको रूपमा रहेको बताउनुभयो ।

सरकारको मुख नताकी भक्तपुर नपाले आफ्नै बलबुत्तामा गरेको

विकास निर्माण कार्यले आज विश्वमै ख्याति कमाइरहेको बताउनुहुँदै उहाँले चाडबाडमा हुने फोहोर व्यवस्थापनमा नगरवासी स्वयम् सचेत भए भक्तपुर नगर अझ सुन्दर र व्यवस्थित हुने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सचिव **प्रेम सुवाल**ले बलियो अर्थतन्त्रले देशको मूल्य मान्यता बढ्ने भन्नुहुँदै देशको अर्थतन्त्र बलियो बनाउन सरकार बलियो र सरकारमा जाने राजनीतिक दलहरू इमानदार हुनुपर्छ भन्नुभयो ।



भूकम्पपछिको पुनःनिर्माणमा ढिलाइ गर्न नहुनेतर्फ सचेत पार्नुहुँदै उहाँले भक्तपुरको दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालयको भवन पुनःनिर्माण मल्लकालीन शैलीमा गर्नुपर्नेमा जोड दिनुभयो ।

निर्वाचन निकै भड्किलो र खर्चिलो हुँदै गइरहेको बताउनुहुँदै उहाँले मंसिरमा हुने निर्वाचनको मिति घोषणा भएकै दिनदेखि चुनावमा भाग नलिने व्यक्तिहरूको तटस्थ निर्वाचन सरकार गठन गर्नुपर्ने धारणा राख्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'भूगोल र संस्कृतिको अध्ययन गर्न पर्यटकहरू एक देशबाट अर्को देश घुम्ने गर्छन् । पर्यटन उद्योग प्रवर्द्धन गर्नु भनेकै हाम्रो कला, संस्कृति, सम्पदा विश्वमाझ चिनाउन हो ।'

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई सांस्कृतिक क्षेत्रमा अगाडि बढाउन र आजको स्थितिमा पुऱ्याउन सांस्कृतिक



गुरुहरूको योगदान कदरयोग्य भएको बताउनुहुँदै सांस्कृतिक गुरुहरू विश्वविद्यालयको प्रमाणपत्रबिनाका प्राध्यापकहरू हुन् भन्नुभयो ।

उहाँले देशका विभिन्न क्षेत्रका सम्पदाहरूको पुनःनिर्माणमा भक्तपुरकै कालिगडहरूको खोजी हुने क्रम सुरु भएको बताउनुहुँदै भक्तपुर नपाले अग्रजहरूले सुरु गरेका कार्यलाई निरन्तरता दिँदै यहाँका जनतालाई रोजगारीको निम्ति विभिन्न सीपमूलक तालिम पनि सञ्चालन गर्नुका साथै सीप र प्रविधि भक्तपुरमा मात्रै सीमित नराखी देशभर फैलाउने अवसर पनि प्राप्त भएको बताउनुभयो ।

पर्यटकीय गन्तव्यस्थल र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको भक्तपुर नगरलाई कतिपय विद्वानहरूले जीवित सङ्ग्रहालयको रूपमा परिभाषित गरिरहेको प्रसङ्ग जोड्दै उहाँले पारदर्शी र आर्थिक अनुशासनलाई कडाइका साथ लागू गर्दै भक्तपुर नगरलाई भ्रष्टाचारमुक्त नगरको रूपमा विकास गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

त्यस्तै नेमकिपाका केन्द्रीय सदस्य **सुरेन्द्रराज गोसाई**ले सापारुको









सांस्कृतिक गतिविधिमा महिलाहरूको उत्साहजनक रूपमा कलाकारको रूपमा सहभागिता रहनु आफैमा राम्रो पक्ष हो र अझ व्यवस्थित रूपमा उत्साहित बनाउँदै लानु आवश्यक छ भन्नुभयो ।



इतिहास जोगाउने अभियानमा भक्तपुर नपा निरन्तर अगाडि बढ्नुपर्छ भन्नुहुँदै उहाँले छिमेकी देश चीनका विशिष्ट व्यक्तित्वहरूको मनपर्ने ठाउँको रूपमा भक्तपुर रहेको र उहाँहरूले यस ठाउँकाबारे उच्च मूल्याङ्कन गर्दै आउनुभएको स्मरण गर्नुभयो ।

उहाँले सांस्कृतिक हमलाविरुद्ध हामी राजनीतिक, वैचारिक र सैद्धान्तिक रूपमा लड्न तयारी अवस्थामा रहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्कृतिविद् **विश्वमोहन जोशी**ले संस्कृति भनेको हाम्रो जीवनचर्या भएको बताउनुहुँदै सांस्कृतिक अतिक्रमणले हाम्रो भाषा र पहिचानमा खतरा पुग्ने भएकोले भक्तपुर नपाले संस्कृतिलाई हस्तान्तरण गरिरहेको कार्य प्रशंसनीय रहेको बताउनुभयो ।

सांस्कृतिक मूल्याङ्कनकर्ता **इन्दिरा लाछिमस्यू**ले गाईजात्रामा नयाँ पुस्ता र महिलाहरूको सहभागिता उत्साहजनक रहेको बताउनुहुँदै आफूले सिकेको सीप र कला नयाँ पुस्तामा पुस्तान्तरण गर्नु हाम्रो कर्तव्य भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सांस्कृतिक विधाहरूको मूल्याङ्कनको समीक्षा गर्नुहुँदै प्रतियोगिताको मूल्याङ्कन निष्पक्ष ढङ्गबाट भएको बताउनुभयो ।

सहित सम्मान पत्र प्रदान गर्नुभएको थियो भने उहाँले उत्कृष्ट कलाकारहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

त्यस्तै विशेष अतिथि सुवालले धिन्ताङधिसी, माक प्याखं, आधुनिक विधा र परम्परागत विधाका विजेताहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो भने प्रमुख प्रजापतिले प्रतियोगिताका मूल्याङ्कनकर्ताहरू र सहयोगी सबैलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।




कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले प्रत्येक वडाबाट २-२ जना सांस्कृतिक गुरुहरूलाई दोसल्ला ओढाई नगद रु. १५,०००।-

कार्यक्रममा प्रतियोगितामा प्रथम हुन सफल माक प्याखंमा प्रथम हुन सफल कोतदेवी दाफा भजनको माक प्याखं, देवी प्याखंमा प्रथम हुन सफल गलसी पुखुको देवी प्याखं, दोस्रो हुन सफल पासा पुच समूहको लाखे प्याखं प्रदर्शन गरिएको थियो ।

(वक्ताहरूको तस्बिर जनसञ्चार टीभीबाट)

# भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरूको पहिलो समूहलाई ४३ औं विश्व पर्यटन दिवसको अवसरमा असोज ११ गते भक्तपुर दरबार क्षेत्रको खौमा ध्वाकामा खादा, भादगाउँले टोपी, परम्परागत थैली र पुष्पगुच्छाका साथ स्वागत गर्नुभयो ।



'Rethinking tourism' मूल नाराका साथ भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समिति, भक्तपुर टुर गाइड व्यवस्थापन समिति र पर्यटक प्रहरीको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर प्रवेश गर्ने जर्मनी, अष्ट्रिया र बुल्गेरियाका ४ जना पर्यटकहरूलाई लाखे प्याखंका साथ भक्तपुरमा स्वागत गरिएको थियो ।

पर्यटकहरूलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले पर्यटकहरूबाट उठेको शुल्कबाटै भक्तपुर नगरपालिकाले यहाँका सम्पदाहरूको संरक्षण गर्नुका साथै शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्दै आएको छ भन्नुभयो ।



कोभिडका कारण लकडाउन भएपछि पर्यटन क्षेत्रमा नराम्रो असर पुगेको बताउनुहुँदै भक्तपुर नपाले पर्यटकहरूको लागि आवश्यक स्थानीय पथप्रदर्शकहरूको तालिम, चिनियाँ, जापानीलगायत विदेशी भाषाहरूको प्रशिक्षण, ठाउँ–ठाउँमा पर्यटक शौचालय र पर्यटक सूचना केन्द्रको व्यवस्था गर्दै आएको अवगत गराउनुभयो ।

काठमाडौँ उपत्यकालाई प्रदूषण मुक्त, सफा र सुन्दर बनाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नु पर्ने धारणा राख्नुहुँदै उहाँले भक्तपुरलाई संसारकै हेर्न र घुम्नलायक सहरको रूपमा विकास गर्ने उद्देश्यका साथ नपा लागिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'पर्यटकीय क्षेत्रहरूमा विशेष सरसफाइ, समय समयमा सांस्कृतिक विधाहरूको प्रतियोगिताको आयोजना गर्नुका साथै सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम पनि गर्दै आएका छौं ।'

पर्यटकहरूलाई स्वागत गर्दै प्रमुख प्रजापतिले भक्तपुरको प्रकाशनहरू, काठको मयूरको झ्याल प्रदान गर्नुभएको थियो ।

सोही क्रममा भक्तपुर प्रवेश गर्ने पर्यटकहरूमध्ये एकजना प्रतिनिधिले भक्तपुरमा गरेको न्यानो स्वागत अविस्मरणीय भएको र सोको लागि धन्यवादज्ञापन गर्नुभएको थियो ।




कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्यहरू, कर्मचारीहरू र पर्यटनसँग सम्बन्धित सरोकावाला सङ्घ संस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।



४३ औं विश्व पर्यटन दिवस २०७९ मा भक्तपुर प्रवेश गर्ने पहिलो विदेशीहरू :

1. Rebecca Tritz (Austria) 2. Andry saidesch (German)
3. mimi reumova (Bulgeria) 4. George Golev (Bulgeria)

# भक्तपुर नगरको विकासमा सांस्कृतिक गुरुहरूको योगदान अतुलनीय



सुनिल प्रजापति

'पूर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' मूल नारालाई सार्थक पार्न भक्तपुर नगरपालिका निरन्तर अगाडि बढ्दैछ।

पर्यटकीय गन्तव्यस्थल र सांस्कृतिक नगरको रूपमा विकास भइरहेको भक्तपुरलाई कतिपय विद्वानहरूले जीवित सङ्ग्रहालयको रूपमा परिभाषित गर्नुभएको छ। हाम्रा पुर्खाहरूले सयौँ वर्ष पहिले निर्माण गरी छाडेर जानुभएका कला–संस्कृति र सम्पदाहरूलाई हामी व्यवस्थित रूपमा संरक्षण र संवर्द्धन गर्दैछौँ।

प्राकृतिक रूपमा आइपर्ने विपत्तिहरूको कारण भक्तपुरको विकासमा पटक पटक बाधा र व्यवधानहरू खडा भए। २०७२ सालको भूकम्पले भक्तपुर नगरका १२५ भन्दा बढी सम्पदाहरूमा आंशिक र पूर्ण क्षति भयो। विदेशी सहयोगबिना हामीले पुनःनिर्माण र जीर्णोद्धारको कोसिस गर्‍यौँ। जनताको साथ र सहयोगमा पहिलो कार्यकालमा १२४ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भए। मौलिक प्रविधि, श्रोत र साधनको अधिकत्तम प्रयोग गरी कला–संस्कृति संरक्षणमा निरन्तर साथ दिने भक्तपुरवासी जनता धन्यवादका पात्र हुनुहुन्छ।

सरसफाइ, कला संस्कृतिको संरक्षण, शिक्षा र स्वास्थ्यजस्ता जनताका आधारभूत आवश्यकता पूर्तिको काममा भक्तपुर नगरपालिका जिम्मेवारीपूर्वक लाग्दैछ। पारदर्शी र आर्थिक अनुशासनलाई ध्यानमा राख्दै भक्तपुर नगरलाई भ्रष्टाचारमुक्त नगरको रूपमा विकास गर्दैछौँ।

भक्तपुरलाई आजको स्थितिमा पुर्‍याउन सांस्कृतिक गुरुहरूको पनि उत्तिकै योगदान छ। उहाँहरूले निःस्वार्थ रूपमा संस्कृति संरक्षण गर्न अमूल्य योगदान गर्नुभएको छ। उहाँहरू साँचो अर्थमा विश्वविद्यालयका औपचारिक प्रमाणपत्रबिनाका सांस्कृतिक प्राध्यापक सरह हुनुहुन्छ। उहाँहरूको सम्मान गर्न पाउनु हामी सबैको लागि खुशी र गर्वको कुरा हो। यस्ता कार्यक्रमहरू हामी निरन्तर गरिरहने छौँ।

समयसँगै नयाँ पुस्ता आधुनिकतातर्फ बढी आकर्षित हुँदैछ। आफ्नो मौलिक भाषा, संस्कृतिबारे नयाँ पुस्तामा चासो कम हुँदैगएको छ। दैनिक जीवन र व्यवहारमा हामीले प्रयोग गरेनौँ भने हाम्रा भाषा र संस्कृति बिस्तारै लोप भएर जानेछ। भाषा र संस्कृति समाप्त हुनु भनेको पहिचान गुम्नु हो र इतिहास समाप्त हुनु हो। भनपाले स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्तालाई मौलिक भाषा, संस्कृति र सम्पदा संरक्षणको महत्त्वबारे प्रशिक्षित गर्दै आएको छ।

स–साना भाइबहिनीहरूबीच योमरी बनाउने प्रतियोगिता, जुजुधौ बनाउने प्रतियोगिता र विभिन्न सांस्कृतिक बाजागाजा प्रतियोगिता, परम्परागत खेलकुद प्रतियोगिताहरू सुरु हुनु स्थानीय पाठ्यक्रमकै परिणाम हो। यसलाई अझ व्यवस्थित ढङ्गले अगाडि बढाउने कोसिस गर्दैछौँ।

भूकम्पबाट क्षतिग्रस्त केही सम्पदा पुनःनिर्माण र विकास निर्माणका कार्यहरू हामीले चाहेर पनि विभिन्न प्राविधिक कारणले अगाडि बढाउन सकेनौँ। दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको भवन पुनःनिर्माणबारे भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र संस्कृति मन्त्रालयबीच मल्लकालीन शैलीमा पुनःनिर्माण गर्ने भनी निर्णय भयो। तर, युनेस्कोले अनुमति नदिएको कारण त्यो कार्य अगाडि बढ्न सकेन। अरनिको सभाभवन, ख्वप विश्वविद्यालयजस्ता महत्त्वपूर्ण विषयहरू सङ्घ र प्रदेश सरकारको सहयोग नभएकै कारण हामीले अहिलेसम्म पूरा गर्न सकेनौँ। संविधान र कानूनले स्थानीय तहलाई दिएको अधिकारको अधिकत्तम सदुपयोग गरी हामी जनताको सेवामा समर्पित भएर लाग्दैछौँ।

देशका विभिन्न क्षेत्रका सम्पदाहरू पुनःनिर्माणमा पनि भक्तपुरकै कालिगडहरूको खोजी हुने क्रम शुरु भएको छ। हाम्रा अग्रजहरूले शुरु गर्नुभएको कार्यलाई निरन्तरता दिँदै यहाँका जनतालाई रोजगारीको निम्ति विभिन्न सीपमूलक तालिमहरू पनि दिँदैछौँ। हाम्रा सीप र प्रविधि भक्तपुरमा मात्रै सीमित नराखी देशभर फैलाउने अवसर पनि हामीलाई प्राप्त भएको छ।

भक्तपुरमा देशका विभिन्न नगरका प्रमुख, उपप्रमुखहरूलगायत धेरै जनप्रतिनिधिहरू भ्रमणको लागि आउनुहुन्छ। यहाँका जनताको कामको मुक्तकण्ठले प्रशंसा गर्नुहुन्छ। अहिले भक्तपुरका जनता गौरवशाली नगरको नागरिक बन्न पाएका छन्। भक्तपुरलाई यो स्थितिसम्म ल्याइ पुर्‍याउन अग्रज जनप्रतिनिधिहरू र थुप्रै महत्त्वपूर्ण व्यक्तित्वहरूको योगदान छ। उहाँहरूको योगदानको उच्च सम्मान गर्दै भक्तपुरलाई देशको नमुना नगरको रूपमा अगाडि बढाउन हामी निरन्तर लागिरहनेछौँ।

अन्त्यमा, नेपाल मजदुर किसान पार्टीद्वारा निर्वाचनको बेला जारी गरिएको घोषणापत्रको आधारमा हामीले काम गर्दैछौँ। हामी शिक्षा, स्वास्थ्य, कला–संस्कृति र सम्पदा संरक्षणको माध्यमबाट कामदार वर्गको उत्थानको निम्ति निरन्तर काम गर्दैछौँ र गरिरहनेछौँ।

यहाँहरूको योगदान अझै आवश्यक छ। निरन्तर देश र जनताको सेवामा काम गर्ने भावना कायम राख्दै सबै मिलेर अगाडि बढौँ।

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा विश्व पर्यटन दिवसको अवसरमा मिति २०७९ असोज ११ गते आयोजित गाईजात्रा पर्व २०७९ मा प्रदर्शन गरिएका घिन्ताङघिसी, परम्परागत तथा आधुनिक सांस्कृतिक विधाका विजयी सांस्कृतिक समूह र कलाकारहरूलाई पुरस्कार वितरण एवं सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्य)*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या ९

### मिति २०७९ श्रावण ३० गते, सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

## निर्णयहरू

### जनप्रतिनिधिहरूको सय दिन

यस नगरपालिकाका बहाल हुनु भएका जनप्रतिनिधिहरूको सय दिन पुगेको अवसरमा नेपाल मजदुर किसान पार्टी अध्यक्ष श्रद्धेय श्री नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा भाद्र ११ गते ख्वप इन्जिनियरिङ्ग कलेज, लिवालीमा कार्यक्रम गर्ने निर्णय गरियो ।

### इसिडी शिक्षकको पारिश्रमिक

यस नगरपालिका क्षेत्रका विद्यालयहरूमा रहेका इसिडी शिक्षँकहरूको पारिश्रमिक नेपाल सरकारले व्यवस्था गरे बमोजिम न्यूनत्तम मासिक रु. १५,०००|- पुग्ने गरी नपुग रकम न.पा.बाट उपलब्ध गराउने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**आर्थिक तथा लेखा समिति**

**मिति २०७९।४।६ गते**

१. भक्तपुर नगरपालिकाभित्रका सामुदायिक तथा गुठी अन्तर्गत सञ्चालित विद्यालयहरूको हिसाब किताब व्यवस्थित गर्न विद्यालयमा कार्यरत लेखा सम्बन्धी कार्य गर्ने शिक्षँक तथा कर्मचारीहरूलाई लेखा सम्बन्धी **तालिम प्रदान गर्ने** निर्णय गरियो । सोको लागि प्रस्ताव माग गर्ने निर्णय गरियो ।

**मिति २०७९।४।२३ गते**

१. भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थालाई कार्य विकास सम्बन्धी **तालिम दिने** निर्णय गरियो । उक्त तालिम २०७९ भाद्र १५ गते दिने र सहकारी संस्थाको प्रति सहभागी रु.१००|- दर्ता शुल्क लिने र तालिम भ.न.पा. सहकारी शाखाका शाखा प्रमुख श्री रेभिड कुस्मालाई दिन लगाउने



## निर्माण समिति

### मिति २०७९।०४।३० गते

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो, दुगुरे र ब्रम्हायणी क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण कार्य | ९ | नपा | १,५९२,७९७।३७ | | | | | | | | |
| २ | तुमचो प्लानिङ स्थित दुगुरे क्षेत्र संरक्षण कार्य | ९ | नपा | १,०५४,२०८।४६ | | | | | | | | |
| ३ | कमलविनायक पोखरीको दक्षिणतर्फको ढुङ्गाको वाउण्डरी वाल मर्मत कार्य | १० | मर्मत | ३०२,६४३।३८ | | | | | | | | |
| रिभाइज ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पुरानो जगाती वाटोमा फुटपाथ निर्माण कार्य | ८ | नपा | २,३७७,४४०।१८ | २,५४४,२९९।७७ | ७५०,०००।०० | ८२२,८०७।०१ | ७२,८०७।०१ | १,१९३,१२५।८३ | आंशिक सम्पन्न | लक्ष्मी प्रसाद झांग | |
| २ | सरस्वती विद्या गृहमा पूर्वाधार सुधार कार्य | ९ | नपा | २,०१६,१६२।७६ | २,०२८,३१५।२८ | ४००,०००।०० | १,३८६,८४६।३८ | ९८६,८४६।३८ | १,६५०,६०२।८२ | आंशिक सम्पन्न | पशुपति मान थकु | |
| ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पुरानो जनज्योति पुस्तकालय (कोसेली घर) पर्खाल मर्मत कार्य | २ | मर्मत | १४३,८०६।९७ | | सामान तर्फ | १९,२५४।७० | १९,२५४।७० | ९५,६९६।८९ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखा बाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | २९,०००।०० | २९,०००।०० | ३६,८७२।६० | | | |
| | | | | | | जम्मा | ४८,२५४।७० | ४८,२५४।७० | १३२,५६९।४९ | | | |
| २ | त्रिपुरा सुन्दरीदेखि चोछेंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य (का.उ.खा. लि. भक्तपुर शाखाबाट खानेपानीको पाइप विछ्याउन बाटो खनेको ठाउँमा) | | मर्मत | १८८,८८४।५१ | | सामान तर्फ | ५७,१८७।३० | ५७,१८७।३० | ७०,८८३।१३ | सम्पन्न | अमानत | |
| | | | | | | ज्याल ातर्फ | ८२,६२५।०० | ८२,६२५।०० | १११,०२०।९२ | | | |
| | | | | | | जम्मा | १३९,८१२।३० | १३९,८१२।३० | १८१,९०४।०५ | | | |
| ३ | वडा नं. १ देखि १० सम्मका विभिन्न नियमित मर्मत कार्य (चैत्र महिनाको ज्याला) | ११० | मर्मत | ३१६,४५०।४३ | | सामान तर्फ | १९२,३९४।९३ | १९२,३९४।९३ | १९२,३९४।९३ | सम्पन्न | अमानत | सामान जिन्सी उपशाखाबाट प्राप्त |
| | | | | | | ज्याला तर्फ | ९६,६५०।०० | ९६,६५०।०० | ९९,०४४।१६ | | | |
| | | | | | | जम्मा | २८९,०४४।९३ | २८९,०४४।९३ | २९१,४३९।०९ | | | |
| ४ | भनपा भवनको कम्पाउण्डको फलामे बार र पर्यटन सूचना तथा सेवा केन्द्र भवनमा रङरोगन कार्य | ११० | मर्मत | ८१,०६७।६६ | १६८,४९०।३३ | | ११०,५१२।६० | ११०,५१२।६० | १६८,४८१।०६ | सम्पन्न | अमानत | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | १० नं. वडा कार्यालयमा भवनमा छाना स्तरोन्नति कार्य | १० | मर्मत | ३६०,९००।४० | | | उ.स.अ. : श्री ज्ञानकुमार मगजु अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. साविक भ.न.पा. वडा नं. २ बाट हाल ऐ. ऐ. वडा नं. ८ स्थित कि.नं. ९७, ९९,२००, १९९, २३३, १०२, २३२, १०२, १०३, १०४, १०५, १०६, १०७, १०८, १९८, १९७, १२१, १२२, १२३, १२४, २१५, २१४, १२६, १२७ र १२८ को जम्मा क्षे.फ. ११-१०-१-०.८३ मा प्रस्तावित भवन ब्लक B को नक्सा स्वीकृतिको लागि ख्वप इन्जिनिरिङ कलेजको तर्फबाट नक्सा सिटसहित पेश भएको सम्बन्धमा मिति २०७८।१०।०६ मा नक्सा दर्ता भै सम्बन्धित वडाबाट सर्जमिन समेत भई प्राविधिक प्रतिवेदनसाथ पेश भएको तथा मिति २०७६।३।१० गते बसेको भ.न.पा. कार्यपालिका बैठकले उक्त कित्ताहरू भोगाधिकार दिने भनी निर्णय भएको हुँदा ख्वप इन्जिनियरिङ कलेजको नाममा **नक्सा पास गर्ने** निर्णय गरियो ।

ख. उपरोक्त सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ उपदफा ४ (ख) मा उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारको बुँदा नं. ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने व्यवस्था भएको र स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन र लेखा परीक्षण प्रतिवेदनमा समेत योजना तथा कार्यक्रम अनुगमन समिति गठन गरी प्रतिवेदन पेश नगरेको उल्लेख भएको हुँदा उक्त कार्य गर्न उपप्रमुखको संयोजकत्वमा **योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समिति** निम्न पदाधिकारीहरू रहने गरी गठन गर्ने निर्णय गरियो–

**योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समिति**

क. संयोजकः उपप्रमुख श्री रजनी जोशी

ख. सदस्यः श्री श्यामकृष्ण खत्री, वडा अध्यक्ष, भ.न.पा. १

ग. सदस्यः उपेन्द्र सुवाल, वडा अध्यक्ष, भ.न.पा. ४

घ. सदस्यः कार्यपालिका सदस्य श्री कृष्ण प्यारी जधारी

ङ. सदस्य सचिवः योजना शाखाको प्राविधिक

ग. भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न गतिविधिहरू सञ्चालन तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरण र परिचय पत्र वितरणका लागि निम्नअनुसार पदाधिकारीहरू रहने गरी देहाय बमोजिमको अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी **अस्थायी समन्वय समिति** गठन गर्ने निर्णय गरियो–

**अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति**

क. संयोजक : उपप्रमुख श्री रजनी जोशी

ख सदस्य : १ नं. वडा अध्यक्ष श्री श्यामकृष्ण खत्री

ग. सदस्य : कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

घ. सदस्य : डा. श्री रत्नसुन्दर लासिवा

ङ. सदस्य : श्री अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी परिसर, भक्तपुर

च. सदस्य : श्री हिमालयश्वरलाल मूलज्यु, सदस्य

छ. सदस्य सचिव : श्री भूपाल मूल

घ. प्रत्येक वर्ष सञ्चालन हुँदै आएको प्रसिद्ध नवदुर्गा नाचको लागि बनँइने नवदुर्गा गणको मुकुण्डो निर्माण कार्यलाई निरन्तरता दिई कालान्तरसम्म नवदुर्गा नाचलाई जीवन्त राख्न आर्थिक श्रोतहरू परिचालन गरी नवदुर्गा गणको मुकुण्डो निर्माण कार्यका लागि आर्थिक कोषको रूपमा अक्षय कोष खाताहरू सञ्चालन गरी सो अक्षय कोष खाताबाट प्राप्त रकमबाट वार्षिक रूपमा मुकुण्डो निर्माण कार्यलाई निरन्तरता दिन भक्तपुर नगरपालिका, नवदुर्गा गणको मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका २०७५ मा व्यवस्था भए बमोजिम यस न.पा.का उपप्रमुख श्री रजनी जोशीको संयोजकत्वमा निम्न सदस्यहरू रहने गरी **अक्षय कोष सञ्चालन समिति** गठन गर्ने निर्णय गरियो–

**तपसिल**

**नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन कार्य समिति**

सयोजक : उप प्रमुख श्री रजनी जोशी

सचिव : ६ नं. वडा अध्यक्ष श्री हरिराम सुवाल

कोषाध्यक्ष : ९ नं. वडा अध्यक्ष श्री रविन्द्र ज्याख्व

सदस्य : गुठी संस्थान कार्यालय, भक्तपुरको अधिकृत प्रतिनिधि

सदस्य : जिल्ला प्रशासन कार्यालय, भक्तपुरको अधिकृत प्रतिनिधि

सदस्य : स्थानीय बुद्धिजीवीहरूमध्येबाट संयोजकले मनोनित गरेको व्यक्ति

सदस्य : श्री पूर्ण चित्रकार, मुकुण्डो निर्माणकर्ता

ङ. भक्तपुर नगरपालिका अन्तर्गत रहने गरी एक स्वायत्त ख्वप टेलिभिजन सञ्चालन र व्यवस्थापनको लागि नगरपालिकाका प्रमुख अध्यक्ष रहने गरी निम्न पदाधिकारीहरू रहेको **सञ्चालन तथा व्यवस्थापन समिति** गठन गर्ने निर्णय गरियो –

**तपसिल**

**ख्वप टेलिभिजन सञ्चालन र व्यवस्थापनक समिति**

अध्यक्ष : प्रमुख श्री सुनिल प्रजापति

सदस्य : उपप्रमुख श्री रजनी जोशी

सदस्य : श्री रविन्द्र ज्याख्व, वडा अध्यक्ष, भ.न.पा. ९

सदस्य : श्री योगेन्द्रमान बिजुक्छेँ, वडा अध्धक्ष, भ.न.पा. ५

सदस्य : कार्यपालिका सदस्य

सदस्य सचिव : स्टेशन इन्चार्ज

च. भक्तपुर नगरपालिकाको साविक मापदण्ड बमोजिम निर्माण गरिएका घर/भवनको नक्सा पास र सूचीकरण सम्बन्धी कार्यविधि, २०७७ अनुसार दर्ता भएका नक्सा पास वा सूचीकरण गर्ने सम्बन्धी अध्ययन गर्न भक्तपुर नगरपालिकाका उपप्रमुख अध्यक्ष रहने गरी निम्न पदाधिकारीहरू रहेको **नक्सा सूचीकरण समिति** गठन गर्ने निर्णय गरियो–

**नक्सा सूचीकरण समिति**

अध्यक्ष : उपप्रमुख श्री रजनी जोशी

सदस्य : ७ नं. वडा अध्यक्ष श्री उकेश कवां

सदस्य : ६ नं. वडा अध्यक्ष श्री हरिराम सुवाल

सदस्य : उप निर्देशक श्री गणेशलाल फोजु

सदस्य सचिव : श्री विश्वनाथ सुजखु, नक्सा शाखा प्रमुख

छ. भक्तपुर सामुदायिक आँखा अस्पताल स्थापनाकालदेखि नै तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा सहयोग गर्दै आइरहेको हिमालयन क्वाटरयाक्ट परियोजनाले आगामी ५ वर्षको लागि पनि भक्तपुर नगरपालिका र आसपासका क्षेत्रमा सञ्चालन गरिने विभिन्न किसिमका **आँखा सम्बन्धी जनचेतना फैलाउने कार्यक्रमहरूका** लागि रु.६६,०४,४९६।– (अक्षेरूपी छैसठ्ठी लाख चार हजार चार सय छ्यानब्बे) रूपैयाँ बराबरको कार्यक्रम ल्याएकोले सो कार्यक्रम सञ्चालनको लागि स्वीकृति पाउँ भनी भक्तपुर सामुदायिक आँखा अस्पतालको निवेदनमा छलफल हुँदा उक्त अस्पताललाई उक्त कार्य गर्न स्वीकृति दिने र सोको लागि आवश्यक सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीलाई अख्तियारी दिने निर्णय गरियो।

ज. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहोर मैला सङ्कलन गर्ने नयाँ गाडीमा सीट खोललगायत अन्य सामान फेरे बापतको रु.८४,७५०।– र बा १ स १६८७ नं. को तीनपाङ्ग्रे ट्राईसाइकल मर्मत गरे बापतको रु. १४,८२५।– गरी जम्मा रु. ९९,५७५।– भक्तपुर अटो पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहर मैला सङ्कलन गर्ने तीनपाङ्ग्रे ट्राईसाइकल गाडी को १ स १६७८ को मर्मत गर्दाको रु.१०,६५०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ ग ३२३९ नं.गाडीमा मोबिल फिल्टर, डिजेल फिल्टर मर्मत गरेवापतको रु. २८,८९९।७५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो।

ट. भक्तपुर नगरपालिकाको सचिवालय शाखामा विभिन्न समयमा उपलब्ध गराएको फलफूलको जम्मा रु.१८,९७०। आर.के. जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ठ. भक्तपुर नगरपालिकामा मिति २०७९।०४।१० गते भ्रमणमा पाल्नु भएका अतिथिहरूको लागि आवश्यक खाना व्यवस्था गरे वापतको रु. ११,९००।– ख्वप छैं क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो।

ड. जनस्वास्थ्य केन्द्र च्याम्हसिंहमा जडित खानेपानीको महसुल रु.४,२५,८८२।– काठमाडौँ उपत्यका खानेपानी लिमिटेडलाई **भुक्तानी दिने** निर्णय गरियो।

ढ. लिवाली प्लानिङ खोला छेउमा रिटेनिङ वाल लगाउने कार्यको ठेक्का प्रयोजनको लागि धरौटी स्वरूप रु. २,५०,०००।– धरौटी खाता नं.०१९०३००००३००००००००३ मा जम्मा गर्नुपर्नेमा तत्कालीन समयमा लकडाउन भई बैंक बन्द भई भक्तपुर नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएकोले उक्त रकम राजश्व फिर्ता शीर्षकबाट **धरौटी खातामा फिर्ता दिने** निर्णय गरियो।

ण. यस न.पा.को स्वीकृत बजेटअनुसार नेपाल सरकारको सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतको बजेट निकासा नहुन्जेल आन्तरिक स्रोतको रकममध्ये पछि निकासा भइसकेपछि सोही स्रोतमा फिर्ता हुने गरी सङ्घीय वित्तीय समानीकरण, सङ्घीय राजश्व बाँडफाँड, प्रदेश समानीकरण र प्रदेश राजश्व बाँडफाँडमा क्रमश दुई/दुई करोड **आम्दानी जनाइएको** बैठकबाट अनुमोदन गरियो।

त. यस न.पा को सवारी साधनहरू खरिद गर्दा आवश्यक स्पेशिफिकेशन तयार गर्दा स्पेशिफिकेशन अनुसार भए नभएको चेकजाँच गर्दा, बोलपत्र मूल्याङ्कन गर्दाको तपसिल अनुसारको प्राविधिकलाई **पारिश्रमिक दिने** निर्णय गरियो–

| As per specified works | Amount in Rs. |
|---|---|
| Preparation of Technical Specification | Rs. 2500 |
| Examination of Technical Documents | Rs. 2500 |
| Field Inspection of Vehicles | Rs. 1500 |
| Preparation of Final Technical Reports | Rs. 1500 |

थ. श्री तारा माध्यमिक विद्यालयमा विद्यार्थीको सङ्ख्या क्षमताभन्दा बढी भएकोले विद्यार्थी सङ्ख्या अनुसारको सेवा प्रदान गर्न आवश्यक उचित वातावरण तथा भौतिक पूर्वाधार पुग्दो मात्रामा नभएकोले विद्यालय व्यवस्थापन समितिको मिति २०७९।४।१७ गतेको निर्णय अनुसार विद्यालयले भोगचलन गरिआएको जग्गा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० का लागि विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमको ४ कोठे विद्यालय भवन निर्माण कार्यका लागि पर्याप्त जग्गाको भोगाधिकारको लागि सिफारिस पाऊँ भनी उक्त विद्यालयको निवेदनमा, सो स्थानमा स्थलगत नापजाँच गर्दा तारा मा.वि.को

पश्चिमतर्फ साविक दुई तले भवन (शौचालय तथा अफिस कोठाको रूपमा प्रयोग गरी आएको) साईज उत्तर दक्षिणतर्फ लम्बाई ३९'९" र पूर्व पश्चिमतर्फ चौडाई १७'५" गरी क्षे.फ. ०-२-०-० भएको भत्काएर नयाँ भवन बनाउन साइज उत्तर दक्षिणतर्फ लम्बाई ३९'६" र पूर्व पश्चिम चौडाई ३०'६" गरी क्षे.फ. ०-३-२-० भएको जग्गामा उक्त भवन निर्माण गर्न मिल्ने भनी योजना तथा प्राविधिक शाखाका इन्जिनियर श्री कृष्ण न्याइच्याईबाट स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश भएको हुँदा उक्त विद्यालयलाई उक्त कार्यक्रमको लागि **जग्गा भोगाधिकार दिने** निर्णय गरियो ।

# बैठक सङ्ख्या १०

## मिति २०७९ भाद्र १७ गते, शुक्रबार

### निर्णयहरू :

### नक्सा पास गर्ने

यस नगरपालिकाको निर्णय अनुसार मिति २०६९।५।३ गतेदेखि देको-मिबा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रमा नयाँ नक्सा पास, कित्ताकाट, ट्रायल चेक समेत रोक्का गरिएकोमा आयोजनाले तयार गरेको रिप्लटिङ्ग नक्सा अनुसार नापीबाट स्वीकृत गराई ज.ध. मोहीहरूलाई स्थायी पुर्जा धमाधम वितरण भइरहेकोले उक्त कित्ता जग्गाहरूमा स्थायी पुर्जाअनुसार नक्सा पास गर्ने निर्णय गरियो ।

### जग्गा सट्टापट्टा नगर्ने

भ.पु.जि.भ.न.पा. साविक वडा नं. ८ हाल परिवर्तित ऐ. वडा नं. ५ बस्ने निवेदिका सुन्दरी देवी कर्माचार्यको नाममा दर्ता भएको कि.नं. २८२ क्षे.फ. ०-१-०-१ को जग्गाको पूर्व दक्षिण बाटोतर्फ उत्तर दक्षिण ५ फिट ८ इन्च र पूर्व पश्चिम ११ फिट ६ इन्च (६५.२ वर्गफिट) बराबरको जग्गा नगरपालिकाको नाममा रहेको उपरोक्त कित्ता जग्गाहरू कि.नं. १००४ र कि.नं. १०७१ मा प्लट मिलान गर्ने र नगरपालिकाको नाममा रहेको उपरोक्त कित्ता जग्गाहरू मध्ये कि.नं. १००४ को उत्तर दक्षिण २ फिट ६ इन्च र पूर्व पश्चिम १३ फिट २ इन्च (३२.९ वर्गफिट) र कि.नं. १००७ को उत्तर दक्षिण २ फिट ६ इन्च र पूर्व पश्चिम १३ फिट २ इन्ची (३२.९ वर्गफिट) गरी जम्मा (६५.८ वर्गफिट) जग्गा प्लट मिलान करिब बराबर देखिन आएको हुँदा प्लट मिलान गर्दा उपयुक्त हुने व्यहोरा निर्णायार्थ पेश गर्दछु भन्ने व्यहोराको टिप्पणी र आदेशमा श्रीमान् प्रमुखज्यूबाट मिति २०७८।४।२४ गते कार्यपालिका बैठकका पेश गर्ने भनी आदेश भएकोमा कार्यपालिका बैठकमा प्रस्तुत विषय पेश हुँदा उपरोक्त कित्ता जग्गाहरू सट्टापट्टा नगर्ने निर्णय गरियो ।

### जिम्मा दिने

भक्तपुर नगरपालिकाले भ.न.पा. साविक वडा नं. २ हाल परिवर्तित ऐ. वडा नं. ८ स्थित लिवालीमा कभर्ड हल निर्माण भइरहेकोमा उक्त कभर्ड हललाई खुला क्षेत्र जग्गा नपुग भएकोले म निवेदकको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. २(ङ)७ कि.नं. १६३, १६५ जग्गासँग लिवाली जग्गा एकीकरण आयोजनाले बाँकी राखेको कि.नं. ६६ क्षे.फ. ०-१४-०-२.१० रकि.नं. ४५ क्षे.फ. ०-११-०-२.१५ को पूर्वतर्फ नपुग क्षे.फ. जग्गा पाउने गरी जग्गा सट्टापट्टा गरी पाउँ भनी भ.न.पा. वडा नं. ५ बस्ने राधेश्याम तुल्सीबाख्योको मिति २०७८।१२।२ गतेको निवेदन सम्बन्धमा छलफल हुँदा उक्त जग्गाहरू लिवाली जग्गा एकीकरण आयोजना क्षेत्रभित्रको देखिँदा उक्त आयोजनाबाट उक्त जग्गाहरूको नापजाँच गरी भौतिक अवस्थिति, हालको न्यूनत्तम सरकारी मूल्याङ्कनसमेत खुलाई विवरण लिई जग्गा सट्टापट्टा गरी लिने दिने सम्बन्धमा आवश्यक अन्य प्रक्रिया पूरा गरी निर्णयार्थ कार्यपालिका समक्ष पेश गर्न भक्तपुर नगरपालिका निर्माण समितिलाई जिम्मा दिने निर्णय गरियो ।

### भिमसेन सत्तल हस्तान्तरण

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका साविक वडा नं. ८ कि.नं. ३६३ क्षे.फ. ०-१-०-१ (हाल परिवर्तित ऐ. वडा नं. ५) र ऐ. वडा नं. ७ कि.नं. ७५४ क्षे.फ. ०-१-२-१ कित्ता जग्गा हामी निवेदकका स्वर्गीय पिता गणेशमान बिजुक्छेँका नाममा भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको निजी गुठी जनिएको कित्ता जग्गा तथा सोमा बनेको गुठीघर भक्तपुरको महत्त्वपूर्ण सम्पदा भएको घर जग्गा भएकोमा भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणको कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुनाले उल्लेखित कित्ता जग्गा तथा सो कित्ता जग्गामा बनेको गुठीघरको सम्पदा तथा सोबाट भइरहेको आयआर्जनबाट चलिरहेको पूजाआजा तथा परम्परालाई निरन्तर संरक्षण, सम्बर्द्धन हुने हेतुले भक्तपुर नगरपालिकालाई जिम्मेवारी प्रदान गर्ने अभिप्रायले दान गर्न इच्छुक भएकोले उल्लेखित दान स्वीकार गरी सम्पदा संरक्षण गरी दिनुहुन अनुरोध गर्दछौँ भन्ने पूर्णमानको नाति, गणेशमानको छोरा भ.न.पा. वडा नं. ५ बस्ने वर्ष ८२ को नारायणमान बिजुक्छेँ- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ७६ को प्रयागमान बिजुक्छेँ- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ६३ को धिरेन्द्रमान बिजुक्छेँ- १, ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ६० को

राजामान बिजुक्छेँ– १ र ऐ.को छोरा ऐ.को नाति, ऐ. बस्ने वर्ष ५८ को योगेन्द्रमान बिजुक्छेँ– १ समेत जवान ५ को मिति २०७९।१।११ गतेको निवेदन पेश गरी यस कार्यालयमा सनाखत सहीछापसमेत गरी नगरपालिकालाई हस्तान्तरण गर्नु भएकोमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको तर्फबाट वहाँहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

## नवदुर्गा देवगणको आगंछेँ हस्तान्तरण

भक्तपुर नगरपालिका साविक वडा नं. ११ हाल परिवर्तित ऐ. वडा नं. ५ टौमढी स्वांमला मार्गभित्रको सार्वजनिक पसःछेँ चोकमा श्री नवदुर्गा देवगणको उद्गम आगंछेँ, घर कित्ता नं. १६७ मा अवस्थित छ। विश्वप्रसिद्ध विश्व सम्पदा मान्यता प्राप्त 'पाँचतले मन्दिर', 'भैरवनाथ मन्दिर', 'दत्तात्रय मन्दिर', 'तलेजु मन्दिर' जतिकै अत्यन्त महत्त्वपूर्ण राष्ट्रिय सम्पदा स्थलको रूपमा यस 'नवदुर्गा आगंछेँ' लाई पनि लिन सकिन्छ। यो आगंछेँ संरक्षण अभावमा लोपोन्मुख अवस्थामा भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। श्री नवदुर्गा भवानी भक्तपुरको एउटा सर्वाधिक महत्त्व भएको गौरवपूर्ण सजीव देवगण मानिन्छ। यस नवदुर्गा आगंछेँलाई गुठी, पर्व र पूजा अर्चना आदिलाई निरन्तरता दिन यस आगंछेँका गुठीयारहरूलाई प्रयोग गर्न दिने गरी भक्तपुर नगरपालिकालाई आगंछेँ हस्तान्तरण गर्दछौँ भन्ने नारायण प्रसाद वैद्य (सरोज प्रसाद, मनोज प्रसाद), गंगा प्रसाद श्रेष्ठ (इश्वरी प्रसाद श्रेष्ठ), शम्भु कुमार श्रेष्ठ (रमेश बहादुर, प्रविण श्रेष्ठ), गोपालजी जोशी (हिरण्य बहादुर जोशी), लेहपति जोशी (दिवस्पति जोशी), देव बहादुर जोशी (दिव्य जोशी) समेत जवान ६ को मिति २०७९।४।१६ गतेको निवेदन पेश गरी यस कार्यालयमा सनाखत सहीछापसमेत गरी नगरपालिकालाई हस्तान्तरण गर्नु भएकोमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको तर्फबाट वहाँहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। उक्त जग्गामा नगरपालिकाले संरक्षण र सम्वर्द्धनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने पनि निर्णय गरियो।

## समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो -

### आर्थिक तथा लेखा समिति

**मिति २०७९।५।१२ गते**

१. भक्तपुर नगरपालिकाको १० ओटै वडा कार्यालयहरूमा खर्च लेखा राख्ने सम्बन्धमा हाल जडित सांग्रीलाको **सफ्टवेयर सम्बन्धी तालिम** ०७९ भाद्र १३ गते दिनको १:०० बजे ख्वप कलेज अफ इन्जिनियरिङ्गमा गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिका वडा नं. १ स्थित क्यान्सर अस्पतालको पूर्व तथा नःपुखूको पश्चिमपट्टि रहेको खाली जग्गामा **सःशुल्क पार्किङ्ग** व्यवस्था गर्ने र सोको लागि २ जना कर्मचारी ज्यालादारीमा नियुक्ति गर्ने साथै नियमित रूपमा पसल व्यवसाय तथा वहाल करसमेत असुलका लागि थप २ जना कर्मचारी ज्यादारीमा नियुक्ति गर्ने निर्णय गरियो।

३. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पसल कवल तथा शौचालय भवनहरू वहालमा दिने सम्बन्धी मिति २०७९।४।२६ गते प्रकाशित सूचनाअनुसार कुनै पनि बोलपत्र नपरेकोले साविक सूचना अनुसारकै न्यूनत्तम वहाल रकम उल्लेख गर्दै **पुनः वहालमा दिने सम्बन्धी १५ दिने सूचना** प्रकाशित गर्ने निर्णय गरियो।

| क्र.सं. | पसल कवल | हालको वडा नं. | न्यूनत्तम कवोल अंक वार्षिक वहाल |
|---|---|---|---|
| १ | दरवार क्षेत्रस्थित पर्यटन पसल-१ | ३ | ३,६०,०००।- |
| २ | राममन्दिर क्षेत्रस्थित सार्वजनिक शौचालय | ४ | २४,०००।- |
| ३ | दत्तात्रय क्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | २४,०००।- |

**मिति २०७९।५।१६ गते**

१. मिति २०७८।४।१९ गते 'मजदुर' दैनिकमा प्रकाशित सूचनाअनुसार यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा गुठी अन्तर्गत सञ्चालित विद्यालयहरूको आ.व. २०७८/०७९ को लेखा परीक्षण गर्न प्राप्त १८ जना लेखा परीक्षकहरूको आशयपत्र नियमसम्मत भएकोले ती सबै आशयपत्र स्वीकृत गर्ने र ती लेखा परीक्षकहरूलाई विद्यालयहरूका **लेखा परीक्षक तोकी पठाउने** निर्णय अनुमोदनको लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

२. मिति २०७९।४।१९ गते 'मजदुर' दैनिकमा प्रकाशित सूचनाअनुसार २९ ओटा संस्थागत विद्यालयहरूबाट सिफारिस भई आएअनुसार सो लेखा परीक्षकबाट आ.व. २०७८।०७९ को **लेखा परीक्षण गराउने** स्वीकृत दिने निर्णय अनुमोदनको लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

३. केही संस्थागत विद्यालयहरूले लेखा परीक्षण गराउन प्रकाशित सूचनाको म्यादभित्र नगरपालिकाबाट स्वीकृति लिन नआएको हुँदा ३० दिनको म्याद राखी **स्वीकृति लिन आउन पुनः सूचना** प्रकाशित गर्ने निर्णय गरियो। पुनः प्रकाशित सूचनाअनुसार स्वीकृति लिन आउने विद्यालयहरूलाई रु.१५००।- (अक्षेरूपी पन्ध्र सय) जरिवाना लिने निर्णय गरियो।

४. आन्तरिक लेखा परीक्षण शाखाका लागि प्रतिवेदन तथा पत्रहरू टाइप गर्ने कम्प्युटर अपरेटर आवश्यक भएकोले सोका लागि एकजना **कर्मचारी माग गर्ने** निर्णय गरियो।

## निर्माण समिति

मिति २०७८/०५/१५ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कमलविनायक स्थित चांगु नारायण मन्दिर पुन:निर्माण कार्य | १० | मर्मत | ४४४,११७।२७ | | | | | | | | |
| २ | कृष्ण मन्दिर पुन:निर्माण कार्य | ९ | नपा | २,०९३,६६६।१९ | | | | | | | | |
| ३ | नरमला फल्चा पुन:निर्माण कार्य | २ | नपा | ३,२९८,१६९।५२ | | | | | | | | |
| ४ | जनज्योति पुस्तकालयमाई लाइवेरी सञ्चालनको लागि इलेक्ट्रिफिकेशन,ब्याक अप सिस्टम, सीसी क्यामेरा फर्निचर जडान कार्य | २ | शिक्षा, संस्कृत तथा स्वास्थ्य समिति | ५५८,८०७।०७ | | | | | | | | |
| ५ | जनज्योति पुस्तकालयमाई लाइवेरी सञ्चालनको लागि कम्प्युटर तथा इन्टरनेट सामग्री खरिद | २ | शिक्षा, संस्कृत तथा स्वास्थ्य समिति | ९९६,६६०।०० | | | | | | | | कोटेशनबाट खरिद गर्ने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हनुमानघाट स्थित लोकेश्वर मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | १,२२२,७३७।६१ | | | | | | | | |
| ७ | सिद्धपाखेरीको दक्षिणतर्फ ब्लक छाप्ने कार्य | १ | पार्किंग शीर्षक | २,२९७,५५६।३४ | | | | | | | | |
| ८ | कमलविनायक पाइपलाइन बाटोमा ईँटा छपाइ कार्य (अदक्ष श्रमिक ज्याला मात्र) | १० | प्र.म. रोजगार कार्यक्रम | ३३६,०००।०० | | | | | | | | |
| ९ | पशुसेवामा कम्पाउण्ड वाल लगाउने कार्य (अदक्ष श्रमिक ज्याला मात्र) | १ | प्र.म. रोजगार कार्यक्रम | ७०,३९८।२७ | | | | | | | | |
| १० | पशु सेवामा कम्पाउण्ड वाल लगाउने कार्य (निर्माण सामान र दक्ष श्रमिक ज्याला) | १ | मर्मत | १८९,११५।२९ | | | | | | | | |
| ११ | महेश्वरी ग्यारेजमा थ्रि फेज लाइन तथा विद्युतीकरण कार्य | ७ | मर्मत | ७२,१५८।४८ | | | | | | | | |
| १२ | भनपा भवनमा इन्टरकम जडान तथा मर्मत कार्य | २ | मर्मत | ४२,३७५।०० | | | | | | | | |
| पेश्की फछ्र्योट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनज्योति पुस्तकालयमाई लाइब्रेरी निर्माण कार्य | ८ | नपा | ८४४,१२९।६५ | | २००,०००।०० | ८१०,७५४।९८ | ६१०,७५४।९८ | ८१४,००८।३६ | सम्पन्न | राजन जति | |
| २ | नपुखू पश्चिमतिर पार्किंग निर्माण कार्य | १ | बाग्मती प्रदेश सांसद कोष | १,०९६,७६०।०९ | पहिलो पेश्की | ३५०,०००।०० | ५६२,८८०।०० | २१२,८८०।०० | ५७२,९८६।१९ | सम्पन्न | राम गोपाल बमनु | |
| | | | | | दोस्रो पेश्की | ४३७,१२०।०० | ४३७,१२०।०० | ( | ५५२,९८५।६० | | | |
| | | | | | जम्मा | ९८७,१२०।०० | १,०००,०००।०० | २१२,८८०।०० | १,१२५,९७१।७९ | | | |
| ३ | कमलपोखरी परिसरमा खानेपानी फिल्टरेशन कार्य | ७ | योजनाहरूको बांकी भुक्तानी | ५,४६४,२९१।३७ | पहिलो पेश्की | १,५००,०००।०० | १,७६२,७३९।५४ | २६२,७३९।५४ | २,२५६,४९८।९९ | सम्पन्न | बलराम गोसाई | |
| | | | | | दोस्रो पेश्की | १,५००,०००।०० | २,९१३,७८३।१४ | १,४१३,७८३।१४ | २,५२३,५४४।१९ | | | |
| | | | | | जम्मा | ३,०००,०००।०० | ४,६७६,५२२।६८ | १,६७६,५२२।६८ | ४,७८०,०४३।१८ | | | |
| ४ | आदर निकेतन भवन निर्माण कार्य | ६ | नपा | ७,९९९,९२४।३१ | पहिलो पेश्की | १,६५०,०००।०० | १,८३८,२२६।०६ | १८८,२२६।०६ | १,९४४,५७१।७४ | आंशिक सम्पन्न | जगनाथ सुजखू | |
| | | | | | | | | | | | | |
| | | | | | दोस्रो पेश्की | १,६५०,०००।०० | १,६७०,०५३।९८ | २०,०५३।९८ | १,८९३,०३५।३९ | | | |
| | | | | | जम्मा | ३,३००,०००।०० | ३,५०८,२८०।०४ | २०८,२८०।०४ | ३,८३७,६०७।१३ | | | |
| ५ | बेताल द्यःछैं पुनःनिर्माण कार्य | ५ | नपा | ९,९८०,४७४।०० | पहिलो पेश्की | ३,०००,०००।०० | ३,२३४,३२८।३३ | २३४,३२८।३३ | ३,३१०,०९८।४० | सम्पन्न | रामेश्वर मचामसी | |
| | | | | | दोस्रो पेश्की | २,५००,०००।०० | ३,२६१,१५५।०० | ७६१,१५५।०० | ३,७३६,८०५।४४ | | | |
| | | | | | तेस्रो पेश्की | १,७००,०००।०० | २,६९४,११४।०० | ९९४,११४।०० | ३,८२८,६९२।६२ | | | |
| | | | | | जम्मा | ७,२००,०००।०० | ९,१८९,५९७।३३ | १,९८९,५९७।३३ | १०,८७५,५९६।४६ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | फोहोरमैला प्रशोधन केन्द्रमा छाना तथा गटर निर्माण कार्य | ८ | फोहोर मैला प्रशोधन केन्द्र शीर्षक | ८४५,८८८।८८ | | | उ.स.अ.: श्री दिपक जाकिबन्जार अ.स.स.:श्री शिवप्रसाद बाला | | | | | |
| २ | हनुमानघाट स्थित लोकेश्वर मन्दिर पुन:निर्माण कार्य | ७ | नपा | १,२२२,७३७।६१ | | | उ.स.अ.:श्री बुद्धिराम दुवाल अ.स.स.:श्री हेरा ख्याजू | | | | | |
| योजना परिवर्नत सम्बन्धमा | | | | | | | | | | | | |
| | साविक योजनाको नाम | | बजेट | | परिमार्जित योजनाको नाम | | | | | | | |
| १ | श्वेत भैरवदेखि महेश्वरी पुलसम्मको ईंटा छपाइ बाटो मर्मत | ८ | सडक बोर्ड नेपाल | | ब्रम्हायणी पुलदेखि थुसाचा पुलसम्मको करिडोर बाटो स्तरोन्नती कार्य | | | | | | | |
| ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पर्यटन सूचना तथा सेवा केन्द्र दत्तात्रय भवनमा रंगरोगन गर्ने कार्य | ९ | मर्मत | ४८,०४९।६४ | | | १७,३६८।०० | १७,३६८।०० | ४७,९९०।५४ | सम्पन्न | अमानत | रू. ३०,६२२।५५ को श्रमदान |
| २ | भ.न.पा. भवनको कम्पाउण्डको फलामे बार तथा पर्यटन सेवा केन्द्रको भवनमा रंगरोगन गर्ने कार्य (पहिलो चरण) | | मर्मत | ८१,०६७।६६ | | सामानतर्फ | २७,१४२।६० | २७,१४२।६० | २९,२६४।९९ | सम्पन्न | अमानत | |
| | | | | | | ज्यालातर्फ | १४,९५०।०० | १४,९५०।०० | ५१,५२६।७६ | | | |
| | | | | | | जम्मा | ४२,०९२।६० | ४२,०९२।६० | ८०,७९१।७५ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | भ.न.पा. भवनको कम्पाउण्डको फलामे बार तथा पर्यटन सेवा केन्द्रको भवनमा रंगरोगन गर्ने कार्य (दोस्रो चरण) | २ | मर्मत | ९५,१३७।६२ | | सामानतर्फ | ३२,७७०।०० | ३२,७७०।०० | ३४,६९२।५९ | सम्पन्न | अमानत | |
| | | | | | | ज्यालातर्फ | ३५,६५०।०० | ३५,६५०।०० | ६०,१९५।१० | | | |
| | | | | | | जम्मा | ६८,४२०।०० | ६८,४२०।०० | ९४,८८७।६९ | | | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भ.न.पा. क्षेत्रभित्र जडित सडक बत्ती तथा विविध विद्युतीय मर्मत सम्भार (असार र साउन महिना) | २ | मर्मत | ७४,१५८।३७ | | सामानतर्फ | ३८,२८१।७४ | ३८,२८१।७४ | ३८,२८१।७४ | सम्पन्न | अमानत | |
| | | | | | | ज्यालातर्फ | २९,६००।०० | २९,६००।०० | ३०,९००।०० | | | |
| | | | | | | जम्मा | ६७,८८१।७४ | ६७,८८१।७४ | ६९,१८१।७४ | | | |
| २ | टौमढी, नासमना लगायतका स्थानमा नयां सीसी क्यामेरा जडान तथा सीसी क्यामेरा लाइन मर्मत कार्य | | मर्मत | ६५,४२३।०६ | | | ५७,४१५।३० | ५७,४१५।३० | ६०,४९२।२० | सम्पन्न | Reboot Technology Pvt. Ltd. | |
| योजना कार्यान्वयन सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ख्वप इन्जिनियरिंग कलेज ब्लक बी भवन निर्माण | ८ | भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिंग कलेजलाई आ.व. २०७९/८० का लागि ख्वप इन्जिनियरिंग कलेज ब्लक बी भवन निर्माण कार्य गर्न संघीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको आ.व. २०७९/८० को विशेष अनुदानको बजेट कार्यान्वयनका लागि जिम्मेवारी दिने तथा सोको बिल भक्तानी नगरपालिका कार्यालयमा पेश गराउने निर्णय गरियो । | | | | | | | | | | |
| आ.व. २०७९/८० को दर (रेट) स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | चालु आ.व.२०७९/८० को लागि जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट मिति २०७९/०३/३२ गते स्वीकृत ज्याला, ढुवानी तथा निर्माण सामग्रीहरूको दर (रेट) लाई आधार मानी यस भक्तपुर नगरपालिकाको पूर्वाधार निर्माण तथा सम्पदा संरक्षण कार्यका लागि सिभिल कार्य, सडक निर्माण, स्यानिटरी, प्लम्बिंग विद्युतीय तथा सीसीटीभीको दररेट विश्लेषण सहितको भक्तपुर नपा दर (रेट) तथा दर (रेट) विश्लेषण स्वीकृत गर्ने मिति २०७९।०५।१५ गते बसेको निर्माण समितिको बैठकको निर्णय अनुमोदन गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७९ को अवसरमा २०७९ श्रावण २७ गते सापारुको दिन प्रदर्शन गरिएका घिङ्ताङ्घिसी र माक प्याखं तथा श्रावण २९ गतेदेखि भाद्र २ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहाएबमोजिम रहेका छन् –

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## गुन्हिपुन्हीया सापारु घें घें बलाकासा २०७९ को नतिजा प्रकाशनसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७९ को अवसरमा २०७९ साउन २७ गते सापारूको दिन प्रदर्शन गरिएका घिन्ताङघिसी र माक प्याखं तथा साउन २९ गतेदेखि भाद्र २ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहायबमोजिम रहेका छन्-

| ऋसं | सांस्कृतिक विधाहरूको नाम | परिणाम | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
| १. | देवी प्याखं | गलसी पुखु देवी प्याखं | ख:लाँ देवी प्याख | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र | खर्बुजा देवी प्याखं |
| २. | भैल प्याखं | विश्वकर्मा भैल प्याखं | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याखं | |
| ३. | माक प्याखं | कोटदेवी दाफा भजन, भौखेल | याता व दाफा भजन | यापी भैरव | राधाकृष्ण भजन/गलसी पुखु माक प्याखं<br>गणेश दाफा भजन भार्वाचो<br>गणेश दाफा भजन छालिङ |
| ४. | जङ्गली प्याखं | खिर्छे दाफा भजन | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र | ख:लाँ देवी प्याख | खर्बुजा देवी प्याखं/गलसी पुखु देवी प्याखं |
| ५. | ख्याल प्याखं | ख्वप मा.वि. | नाट्यकर्मी समाज | – | – |
| ६. | कलाँलीचा प्याखं | नगाँचा बाँसुरी बाजा खल | पासा पुच: समूह | कमिचा गल्ली बाँसुरी बाजा | – |
| ७. | भालु प्याखं | गणेश दाफा भजन, भार्वाचो | नगाँचा बाँसुरी बाजा खल | | – |
| ८. | ख्या प्याखं | गलसी पुखु देवी प्याखं | ख:लाँ देवी प्याखं | विश्वकर्मा भैल प्याखं | खर्बुजा देवी प्याखं/मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र |
| ९. | कवांचा प्याखं | जेठा गणेश भैल प्याखं | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र | खिर्छे दाफा भजन | तुछिमला भैल प्याखं/विश्वकर्मा भैल प्याखं<br>खर्बुजा देवी प्याखं/गलसी पुखु देवी प्याखं<br>ख:लाँ देवी प्याखं |
| १०. | दैत्य प्याखं | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र | ख:लाँ देवी प्याखं | खर्बुजा देवी प्याखं | – |
| ११. | लाहुरे प्याखं | पासा पुच: समूह | श्रमिक कला सदन | – | – |
| १२. | झ्याउरी प्याखं | पासा पुच: समूह | श्रमिक कला सदन | कमिचा गल्ली बाँसुरी बाजा | |
| १३. | खिचा प्याखं | विश्वकर्मा भैल प्याखं | नगाँचा बाँसुरी बाजा खल | जेठा गणेश भैल प्याखं | तुछिमला भैल प्याखं |
| १४. | लाखे प्याखं | विश्वकर्मा भैल प्याखं | पासा पुच: समूह | कमिचा गल्ली बाँसुरी बाजा | खिर्छे दाफा भजन |
| १५. | गाईंचा प्याखं | ब्यासी सांस्कृतिक समूह | आस्था सांस्कृतिक परिवार | ने.क्रा.सांस्कृतिक संघ भ.न.पा. ६ | महालक्ष्मी प्याखं खल/ने.क्रा.यु.सं. भ.न.पा. १<br>इताछें, सांस्कृतिक संघ/ने.क्रा.वि.सं. भ.न.पा. २<br>च्वङा गणेश धिमे खल/श्रमिक कला सदन<br>गोल्मढी गाईंचा समूह<br>ने.क्रा.वि.सं/ने.क्रा.यु.सं. भ.न.पा. ८ |
| १६. | लुसी प्याखं | श्रमिक कला सदन | नगाँचा बाँसुरी बाजा खल | | |
| १७. | फाकंदली प्याखं | श्रमिक कला सदन | ने.क्रा.सांस्कृतिक सं भ.न.पा. ६ | आस्था सांस्कृतिक परिवार | महालक्ष्मी प्याखं खल/राधाकृष्ण भजन<br>कोटदेवी दाफा भजन/ने.क्रा.वि.सं भ.न.पा. २<br>गणेश दाफा भजन, भार्वाचो/गणेश दाफा भजन, छालिङ<br>नगाँचा बाँसुरी बाजा खल/पासा पुच: समूह<br>याता व दाफा भजन/ब्यासी सांस्कृतिक समूह |
| १८. | घिन्ताङघिसी | कृष्णराम त्वायना, घट्खा ३, भ.न.पा. | नेपाल क्रान्तिकारी युवा संघ (भक्तपुर नगर समिति) व्यङ्ग्यात्मक घिन्ताङघिसी | कृष्णप्रसाद आचार्य, भ.न.पा. ५ | ने.क्रा.वि.संघ/ने.क्रा.यु. संघ<br>भ.न.पा. ९ (व्यंग्यात्मक घिन्ताङघिसी)<br>सिद्धि गणेश (चोर्चा) (व्यङ्ग्यात्मक घिन्ताङघिसी) |
| १९. | हनुमान प्याखं | गणेश दाफा भजन भार्वाचो, विशेष स्थान | | | |
| २०. | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं, विशेष स्थान | | | |
| २१. | झ्याझ्या प्याखं | नगाँचा बाँसुरी बाजा खल, विशेष स्थान | | | |
| २२. | म्ये प्याखं | खर्बुजा देवी प्याखं, विशेष स्थान | | | |
| २३. | हुला प्याखं | श्रमिक कला सदन, विशेष स्थान | | | |
| २४. | नागाचा प्याखं | खिर्छे दाफा भजन, विशेष स्थान | | | |
| २५. | व्यङ्ग्यात्मक गीति नाटक | पासा पुच: समूह, विशेष स्थान | | | |

**सापारुको दिन प्रदर्शन गरिएका प्याखं तथा साउन २९ गतेदेखि भाद्र २ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूमा उत्कृष्ट कलाकारहरू**

| विधा | उत्कृष्ट महिला कलाकार | उत्कृष्ट पुरुष कलाकार | उत्कृष्ट बाल कलाकार |
|---|---|---|---|
| परम्परागत | रिया यालानास (विश्वकर्मा भैल प्याखं) भुचा हुने | रामप्रसाद किजु (ख:लाँ देवी प्याखं) पछिमा बजाउने | अनुचान आचार्य (नागाचा खिर्छे दाफा भजन) भ.न.पा. ५ |
| आधुनिक | पलिस्था रंजितकार (ख्वप कलेज) भविष्य नाटक | रत्नकाजी नायभारी (गाईंचा गायक) ब्यासी सांस्कृतिक समूह, भ.न.पा. २ | इभा शिल्पकार (नेपाल क्रान्तिकारी विद्यार्थी संघ) २ वडा एकाइ समिति |
| | उत्कृष्ट निर्देशक : श्यामसुन्दर शिल्पकार/राजेन्द्र श्रेष्ठ (भविष्य नाटक) | | |

सापारुको दिनप्रदर्शन गरिएका प्याखं तथा श्रावण २९ गतेदेखि भाद्र २ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूमा उत्कृष्ट कलाकारहरू–

| विधा | उत्कृष्ट महिला कलाकार | उत्कृष्ट पुरुष कलाकार | उत्कृष्ट बाल कलाकार |
|---|---|---|---|
| परम्परागत | रिया यालानास (विश्वकर्मा भैल प्याखं) भुचा हुने | राम प्रसाद किजु (खंला देवी प्याखं) पछिमा बजाउने | अनुचान आचार्य (नागाचा खिछैं दाफा भजन) भ.न.पा ५ |
| आधुनिक | पलिस्था रंजितकार (ख्वप कलेज) भविष्य, नाटक | रत्नकाजी नायभारी (गाईचा गायक) ब्यासी सांस्कृतिक समूह, भ.न.पा २ | इभा शिल्पकार (नेपाल क्रान्तिकारी विद्यार्थी संघ) २ वडा इकाई समिति |
| | उत्कृष्ट निर्देशक : श्याम सुन्दर शिल्पकार/राजेन्द्र श्रेष्ठ (भविष्य नाटक) | | |

ख. यस वर्षको गुन्हीपुन्ही (गाईजात्रा) पर्वको समयावधिमा प्रस्तुत गरिएका घिन्ताङघिसी एवम् परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रदर्शनीहरूको मूल्याङ्कन कार्यमा बस्नु हुने मूल्याङ्कनकर्ता एवम् व्यवस्थापन समितिका पदाधिकारीहरूलाई मूल्याङ्कनवापत प्रतिव्यक्ति प्रतिदिन रु.१,०००।– का दरले पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

साथै मूल्याङ्कन अवधिमा खटिएका नगरपालिका/ वडा कार्यालयका कर्मचारीहरू तथा सफाइ मजदुरहरूलाई प्रतिदिन प्रति व्यक्ति रु.५००।– का दरले **पारिश्रमिक प्रदान गर्ने** निर्णय गरियो।

ग. भक्तपुर नगरपालिका वडा नं. ७ मा अवस्थित सिद्धि स्मृति प्रतिष्ठानले उक्त संस्था गैर नाफामूलक संस्था भएकोले घर जग्गा करमा छुट पाऊँ भनी निवेदन दिएकोमा उक्त संस्था गैर नाफामूलकको रूपमा दर्ता भए पनि संस्था अन्तर्गत शुल्क लिएर जेष्ठ नागरिक आश्रमसमेत सञ्चालनमा आएकोले उक्त संस्थालाई पूर्ण रूपमा छुट नदिई लाग्ने सम्पत्ति (घर जग्गा) करमा ५० प्रतिशत **छुट दिने** निर्णय गरियो।

घ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित गाडी नम्बर २२६७ को ब्रेक सिस्टम मर्मत गरेवापत रु.४७,१७७।५० सिद्धि गणेश मोटर पार्टस्लाइ **भुक्तानी दिने** निर्णय गरियो।

ङ. भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको मोटरसाइकल नं. बा २० प ३७१ को मर्मत गरेवापत रु.१३,६००। लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

च. मिति २०७९।०४।२७ गतेको गाईजात्रा पर्वमा मूल्याङ्कन समितिका प्रतिनिधिहरूलाई आवश्यक खाना खाजा व्यवस्था गरेवापतको रु.१०,४१६।– वडा नं. ५ का वडा सचिव रामेश्वर कोजुलाई **भुक्तानी दिने** निर्णय गरियो।

छ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित गाडी नम्बर बा १ ग ३२४० का पंचर र मर्मत गरेवापत रु. २,७००।– पुण्यराम खत्रीलाई **भुक्तानी दिने** निर्णय गरियो।

ज. भक्तपुर नगरपालिकाबाट ई.लाईब्रेरी सञ्चालन गर्ने क्रममा हाल ADSL इन्टरनेट सेवा लिइरहेकोमा जनज्योति पुस्तकालयलाई इन्टरनेटको स्तर वृद्धि गर्न Leased FTTH इन्टरनेट Static Public IP सहित आवश्यक भएकोले 2Mbps BW-Dedicated lease (वार्षिक करिब रु.४०,०००) **लाईन अपग्रेड गर्ने** निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकामा विभिन्न समयमा उपलब्ध गराएको खाजाबापत रु.२४,९४५।– ब्रदर्श क्याफे एण्ड भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ. भक्तपुर नगरपालिकामा मिति २०७९ श्रावण महिनामा खाजा व्यवस्था गरेवापत रु. ९,५४०।– झःछैँ नेवारी खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ट. भक्तपुर नगरपालिकामा मिति २०७९ श्रावण महिनामा खाजा व्यवस्था गरेवापत रु. ४,२५०।– बालकृष्ण खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ठ. मिति २०७९।०५।११ गते ख्वप इन्जिनियरिङ कलेजमा आयोजित जनप्रतिनिधिको १०० दिन कार्यक्रममा आवश्यक खाना उपलब्ध गराएवापत रु.२२,५००।– गह्रौ कालिका रेष्टुरा एण्ड चमेना गृहलाई **भुक्तानी दिने** निर्णय गरियो।

ड. भक्तपुर नगरपालिकामा मिति २०७९।०३।३० देखि मिति २०७९।०४।२८ सम्म खाजा, नास्ता उपलब्ध गराएवापत रु. ६९,०५५।– दिव्य स्विट्सलाई **भुक्तानी दिने** निर्णय गरियो।

ढ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ७१४९ नम्बर को एम्बुलेन्स सेवा गाडीमा वाटर पम्प र आयल शील फेरे बापत रु.१६,५१४।– डियरवक अटो सर्भिसेस प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो।

ण. भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई बिलम्ब शुल्कसहित जम्मा रु. ७,३६,८८२।९६ **भुक्तानी दिने** निर्णय गरियो।

त. यस नगरपालिकाको चौथो नगरसभाबाट पारित भक्तपुर नगरपालिका **नगर प्रहरी ऐन, २०७५** बमोजिम यस नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माण कार्यमा सहयोग पुऱ्याउन, नगरमा सुव्यवस्था कायम गर्न र नगरपालिकाको निर्णय कार्यान्वयन गर्न आवश्यक नगर प्रहरी करार सेवामा **पदपूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो।

थ. यस कार्यालयमा विभिन्न कारणले कर्मचारीहरूले राजीनामा दिएको, अवकास भएको र मृत्यु भएको हुँदा कर्मचारीहरू अपुग भएको भनी शाखा/उपशाखाहरूबाट प्रतिवेदन पेश भएको हुँदा आवश्यक प्राविधिक र कार्यालय सहयोगी कर्मचारीहरू **करार सेवामा लिन**को लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

# अनुभवको आदान-प्रदान

## भनपाका उपप्रमुख जोशी र देवानगञ्ज गापाका अध्यक्ष मेहताबीच भेट



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकाका अध्यक्ष वेचनप्रसाद मेहतासहितको टोलीलाई खादा र भादगाउँले टोपी लगाई भनपा सभाकक्षमा भदौ १९ गते स्वागत गर्नुभयो।

भेटमा उपप्रमुख जोशी र गा.पा. अध्यक्ष मेहताले आ-आफ्नो पालिकाको विकास निर्माण, शिक्षा, स्वास्थ्यलगायत सम्पदा संरक्षण सम्बन्धी अनुभव आदान प्रदान गर्नुभयो।

भनपाका उपप्रमुख जोशीले अध्यक्ष मेहतालाई मयूर झ्याल र नपाका केही प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो।

**नगर प्रमुख तथा उपप्रमुखहरू भक्तपुरमा**

## जनप्रतिनिधिहरूबीचको अनुभव आदानप्रदानले अगाडि बढ्न ऊर्जा प्राप्त हुने

काठमाडौँ महानगरपालिका र काठमाडौँ महानपासँग




भगिनी सम्बन्ध भएका विराटनगर महानगरपालिका, जुम्लाको चन्दननाथ नगरपालिका, नवलपरासीको रामग्राम नगरपालिका, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका, धनकुटाको पाख्रीबास नपा, डडेलधुराको अमरगढी नपा र विदेशी पाहुनाहरू नेपालका लागि पूर्व अमेरिकी राजदूत स्कट हेनरी डेल्सी र नगर पार्षद सदस्य मोहम्मद हुसेन सरिफ तथा महानगर तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूलगायत ७५ जनाको समूहले भदौ २५ गते भक्तपुरको दरबार क्षेत्र, पाँचतले मन्दिर हुँदै पैदल यात्रा गर्दै दत्तात्रय मन्दिर क्षेत्रका सम्पदाहरूको स्थलगत अवलोकन भ्रमण गर्नुभयो।



इन्द्रजात्रा अवलोकन गर्न काठमाडौँ आउनुभएका उक्त भ्रमण टोलीलाई भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिका सभाकक्षमा उहाँहरूको स्वागतमा एक कार्यक्रम आयोजना गर्‍यो।

उक्त टोलीलाई नगर प्रमुख **सुनिल प्रजापति** र उपप्रमुख **रजनी जोशी**ले नगरपालिकाको लोगो अङ्कित परम्परागत खादा र महिला अतिथिहरूलाई सुर्के थैली उपहारसहित स्वागत गर्नुभयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नपामा वैज्ञानिक समाजवादप्रति आस्थावान जनप्रतिनिधि कार्यरत रहेको बताउनुहुँदै भक्तपुरमा मौलिक शैलीमा घर बनाउनेलाई



प्रोत्साहनस्वरूप आर्थिक अनुदान प्रदान गर्दै आइरहेको, विकास निर्माणमा जनसहभागिता र सम्पदा संरक्षणमा उल्लेखनीय कार्यहरू गर्दै संविधानले निर्दिष्ट गरेको समाजवादउन्मुख बाटोतर्फ अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देख्नुभएको १०० वर्षपछिको भक्तपुरको आधारहरू निर्माण गरिरहेको पनि सो अवसरमा बताउनुभयो ।

जनप्रतिनिधिहरूबीचको अनुभव आदानप्रदानले एक अर्काबाट सिक्दै अगाडि बढ्न ऊर्जा प्राप्त हुने बताउनुहुँदै उहाँले जनतासँग नजिकमा बसेर काम गर्ने स्थानीय सरकारहरूले निर्वाचनको समयमा दिएको वचनअनुसारको काम इमानदारीपूर्वक पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

'आत्मनिर्भरतालाई जोड दिएर विदेशीको सहयोगलाई अस्वीकार गर्दै जनताको साथ र सहयोगमा भक्तपुरका सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार भइरहेका छन्' – उहाँले भन्नुभयो ।

उहाँले जुनसुकै काम ठेक्कामार्फत गराउनुपर्ने कानुनी व्यवस्थाले राज्य कमजोर र व्यक्ति बलियो हुँदै गइरहेको बताउनुहुँदै निर्वाचन विचारको प्रतिस्पर्धा हुनुपर्नेमा धन र डनको प्रतिस्पर्धा हुनु विडम्बनाको विषय भएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त प्रस्तुतिकरण देखाउनुहुँदै कला संस्कृतिमा धनी भक्तपुर नगरलाई विश्वकै हेर्न लायक सहरको रूपमा विकास गर्न नगरपालिका अग्रसर रहेको बताउनुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रमुख **बालेन्द्र शाह**ले भक्तपुरको मौलिकता, सम्पदा जगेर्ना र सरसफाइबाट आफू निकै प्रभावित भएको बताउनुहुँदै ठेक्कापट्टाबाट हुने सम्पदा निर्माण र विकास निर्माणका गतिविधिहरूको नियमित अनुगमन हुनुपर्ने धारणा राख्नुभयो ।

विदेशीको सहयोगले नेपाल बन्दैन भन्ने भक्तपुर ज्वलन्त उदाहरणको रूपमा रहेको बताउनुहुँदै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रमा भइरहेको व्यापारीकरण बन्द गरिनुपर्ने र जनताको आधारभूत आवश्यकतामा पर्ने विषयहरूको जिम्मा राज्यको हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै विराटनगरका महानपाका प्रमुख **नागेश कोइराला**ले महानपा–नपाबीचको समन्वय र सहकार्य आगामी दिनहरूमा अझ प्रगाढ र सुमधुर रहने विश्वास व्यक्त गर्नुभयो । मूर्त र अमूर्त सम्पदाहरू काठमाडौँ उपत्यकाको विशेषता नै रहेको बताउनुहुँदै उहाँले भक्तपुर र विराटनगरबीच कृषि क्षेत्रमा समानता रहेको बताउनुभयो ।



कार्यक्रममा उपप्रमुखको तर्फबाट रामग्राम नपाका उपप्रमुख **सम्झना चौधरी** र भक्तपुर नपाका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

उक्त भ्रमणमा काठमाडौँ महानगरपालिका उपप्रमुख सुनिता डंगोल, काठमाडौँ महानपासँग भगिनी सम्बन्ध भएका जुम्लाको चन्दननाथ नगरपालिकाका प्रमुख राजु सिंह कठायत, उपप्रमुख रामदेवी खड्का, नवलपरासीको रामग्राम नगरपालिकाका प्रमुख धनपत यादव र उपप्रमुख सम्झना चौधरी, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङ र उपप्रमुख उमा प्रधान, धनकुटाको पाख्रीबास नपाका प्रमुख ज्ञानबहादुर गुरुङ र उपप्रमुख नम्रता गौतम, डडेलधुराको अमरगढी नपाका प्रमुख डिल्लीराज जोशी र उपप्रमुख पार्वती भुकाल र नेपालका लागि पूर्व अमेरिकी राजदूत स्काट हेनरी डेल्सी र नगर पार्षद सदस्य मोहम्मद हुसेन सरिफलगायतको उपस्थिति थियो । भ्रमण टोलीको स्वागत कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य र कर्मचारीहरूको उपस्थिति थियो ।

भ्रमण टोलीका नगर प्रमुखहरूलाई नगर प्रमुख प्रजापतिले प्रसिद्ध मयूर झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

**मन्तव्य**

# 'स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नहुनु सङ्घीयताको कमजोर पक्ष हो'

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



हामी विभिन्न नगरपालिकामा बसेर काम गरिरहेका छौँ। सबै नगरपालिकाहरूको आ–आफ्नै विशेषताहरू छन्। कुनै नगरपालिका जलश्रोतमा धनी छन्, कुनै वनजङ्गलमा त कुनै सांस्कृतिक सम्पदाहरूमा धनी छन्। हामी आ–आफ्नो स्रोत र साधनको अधिकत्तम प्रयोग गरी विकासको पथमा लम्किरहेका छौँ। भौगोलिक र जनसङ्ख्याको आधारमा नगरपालिकाहरू ठूलो सानो हुन सक्छन् तर जनताको सेवा गर्ने काममा आकारले कुनै फरक पार्दैन। हामी सबै नेपालको संविधान र प्रचलित कानुनहरूकै आधारमा चल्छौँ र चलिरहेका छौँ।

यो अनुभवआदान प्रदानको ठूलो अवसर हो। जनप्रतिनिधिहरूबीचको अनुभव आदानप्रदानले एक अर्काबाट सिक्दै अगाडि बढ्न ऊर्जा प्राप्त हुन्छ। अघिल्लो कार्यकालमा ५ दर्जनभन्दा बढी नगर प्रमुख/उपप्रमुखहरूसँग भेटघाट र अनुभव आदानप्रदान गऱ्यौँ भने यो कार्यकालमा पनि धेरै जनप्रतिनिधिहरूसँग भेटघाट गरी साझा समस्याका बारेमा छलफल गर्दैछौँ।

संविधान र प्रचलित कानूनअनुसार स्थानीय तह स्वायत्त र स्वतन्त्र छन्। तर सङ्घ र प्रदेश सरकारहरू प्रत्यक्ष र परोक्ष रूपमा स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गर्न खोज्दैछन्।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार प्राप्त स्थानीय तहलाई कर्मचारी राख्ने अधिकार नहुनु सङ्घीयताको कमजोर पक्ष हो। सङ्घ र प्रदेशले नियुक्त गरेका कर्मचारीहरूको भरमा सङ्घीयताको भावना र मर्मअनुसार जनताको सेवा गर्न कसैलाई पनि सहज हुने छैन। महानगर र नगरपालिकाका प्रमुखहरूको तर्फबाट कर्मचारी भर्ना, बढुवा र स्थायी गर्ने अधिकार स्थानीय तहलाई हुने गरी कानून संशोधनको आवाज उठाउन आजको साझा जिम्मेवारी हो।

औचित्यहीन जिल्ला समन्वय समिति खारेज गर्नुपर्ने र सङ्घ अन्तर्गत सञ्चालित सबै जिल्लास्तरीय कार्यालयहरू खारेज गरी स्थानीय तहको मातहतमा ल्याउन संयुक्त आवाज उठाउन जरूरी छ। सङ्घीयता कार्यान्वयनको ५ वर्ष बितिसक्दा पनि संविधानमा उल्लेखित साझा अधिकार सूचीका ऐनहरू बन्न सकेका छैनन्। सङ्घ र प्रदेश सरकारको ध्यान सरकार परिवर्तन गर्ने, विदेशीलाई नागरिकता दिन देशघाती नागरिकता विधेयक पारित गर्ने र एमसीसीजस्ता देश हित विपरीतका सन्धि–सम्झौता अनुमोदन गर्नेजस्ता कार्यमै केन्द्रित छ।

जनतासँग नजिकमा बसेर काम गर्ने स्थानीय सरकारहरूलाई कुनै बहानाबाजी गरेर कर्तव्यबाट भाग्ने सुविधा छैन। चुनावको बेला घोषणापत्रमार्फत जनतालाई दिएको वचन इमानदारीपूर्वक पूरा गरेर जनताको मन र भावना जित्ने अवसरको रूपमा प्रयोग गर्नुपर्छ।

भक्तपुर नगरपालिका शतप्रतिशत नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूले जितेको नगरपालिका हो। वैज्ञानिक समाजवादप्रति आस्थावान जनप्रतिनिधिहरू भक्तपुर नपामा कार्यरत हुनुहुन्छ। उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितता नै वैज्ञानिक समाजवाद हो। संविधानअनुसार हामी समाजवादको बाटोतर्फ अगाडि बढ्दैछौँ। तर नेमकिपा निर्वाचनमा बहुमत सिट जितेर समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन।

नेमकिपाका अध्यक्ष का. रोहितले शिक्षामा जोड दिनुपर्ने बताउनुहुँदै १५ वर्षभित्र 'एक घर एक स्नातक' बनाउने घोषणा गर्नुभयो। आजभन्दा २ दशक अघि घोषणा गर्नुभएको त्यो योजना झन्डै झन्डै पूरा भएको छ। त्यसैको परिणाम नगरपालिकाले शिशु स्याहार केन्द्रदेखि कलेजहरू सञ्चालन गरिरहेको छ। वडावडामा शिशु स्याहार, ७ ओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गर्दै अहिले ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीलाई उच्च शिक्षा पढ्ने अवसर प्रदान गर्दै आएको छ।



गरिब विद्यार्थीलाई रु. ५ लाखसम्म शैक्षिक ऋण, वार्षिक ३ करोड बढी छात्रवृत्ति र भूगोल, इतिहास, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा पढ्नेलाई पी.एच.डी.सम्म पूर्ण छात्रवृत्तिको व्यवस्था र सामुदायिक विद्यालयको स्तरवृद्धीमा विशेष जोडले अहिले सामुदायिक विद्यालयहरूले उत्कृष्टता हासिल गर्दैछन्।

स्वास्थ्यमा घरदैलो नर्सिङ, वडा-वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्र, १०० शय्याको ख्वप अस्पतालको सञ्चालनले नागरिकलाई २०-२५ मिनेट भित्र स्वास्थ्य सेवा उपचारको पहुँच पुगेको र निःशुल्क अक्सिजन र निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था नपाले गर्दै आएको छ।

सम्पदा संरक्षणमा उत्कृष्टता, मौलिक शैलीमा घर बनाउनेलाई प्रोत्साहन अनुदानको व्यवस्था, सीपमूलक तालिम, विदेशी भाषा प्रशिक्षण, विकास निर्माणमा जनसहभागितालगायतका कार्यहरू गर्दै नपाले संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख बाटोमा अगाडि बढ्दैछ।

आत्मनिर्भरतालाई जोड दिँदैछौँ। अरूले दिएको सहयोगमा रमाउनुभन्दा आफ्नै पौरखमा गर्वका साथ बाँच्ने भावनाले काम गर्दैछौँ। २०७२ सालको भूकम्प पछि भक्तपुरका १० ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धारका लागि जर्मनी सरकारले १ करोड युरो (१ अर्ब २० करोड) रुपैयाँ सहयोग दिने नेपाल सरकारसित सम्झौता गर्‍यो। त्यसमा MCC मा जस्तै देशघाती, आत्म स्वाभिमानमा आँच पुग्ने शर्तहरू भएकोले अस्वीकार गर्‍यौँ। अहिले केहीबाहेक ती सबै पुनः निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेका छन्। आफ्नो सम्पदा हाम्रै सीप र प्रविधिको प्रयोग गरी कसैको सहयोगबिना निर्माण गर्न पाएकोमा हामी अत्यन्त खुशी छौँ।

अहिले सिंहदरबार ठेकेदारहरूको घेरामा पर्दैछ। जुनसुकै काम पनि ठेक्कामा गराउनुपर्ने कानूनी व्यवस्थाले राज्य कमजोर र व्यक्ति बलियो हुँदै गएको छ। राजनीतिमा जनताको सेवा गर्ने भन्दा पनि करोडौँ पैसा खर्च गर्न सक्ने धनीहरूको पकड बढ्दै गएको छ। निर्वाचन विचारको प्रतिस्पर्धा हुनुपर्नेमा धन र डनको प्रतिस्पर्धा हुन पुगेको छ। विचार र सिद्धान्तलाई बन्धकी राखी जे गरेर पनि चुनाव जित्ने र जिते पछि करोडौँ कमाउने व्यापारमा रूपान्तरण हुँदै गएको छ। यो गलत अभ्यासलाई रोक्ने प्रयत्न हामीले गर्नुपर्छ।

*(मिति २०७९ भदौ २५ गते, शनिबार काठमाडौँ महानगरपालिकालगायत विभिन्न नगरपालिकाका प्रमुख, उपप्रमुखहरूको स्वागतमा आयोजित कार्यक्रममा नगर प्रमुख प्रजापतिद्वारा व्यक्त मन्तव्य।)*


## भक्तपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा निःशुल्क रगतको व्यवस्था गरिने भनी उल्लेख भएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

# दैलेखका जनप्रतिनिधि भक्तपुर अवलोकन भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग दैलेख जिल्लाको नारायण नगरपालिकाका प्रमुख लोमन शर्मा र दुल्लु नपाका प्रमुख भरतप्रसाद रिजाल नेतृत्वको जनप्रतिनिधि टोलीले असोज ७ गते भेट गर्नुभयो। नगर प्रमुख प्रजापतिले जनप्रतिनिधिको टोलीलाई भक्तपुरमा खादा, परम्परागत थैली र भादगाउँले टोपीका साथ सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुभयो।

भेटमा प्रमुख **प्रजापति**ले सबै नगरपालिकाहरुको आ-आफ्नै विशेषताहरू भएको बताउनुहुँदै कुनै नगरपालिका जलश्रोत, कुनै नपा वनजंगल र कुनै सांस्कृतिक सम्पदाहरूमा धनी हुने हुँदा आ-आफ्नो स्रोत र साधनको अधिकत्तम प्रयोग गरी आफ्नो ठाउँको विकासमा लाग्नुपर्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नपा भौगोलिक र जनसङ्ख्याको आधारमा सानो भए पनि भक्तपुरको विकास र जनताको सेवा गर्ने काममा अग्रस्थानमा रहेको बताउनुभयो।

उहाँले भक्तपुर नपा सम्पदा संरक्षणमा उत्कृष्टता, मौलिक शैलीमा घर बनाउनेलाई प्रोत्साहन अनुदानको व्यवस्था, विकास निर्माणमा जनसहभागितालगायतका कार्यहरू गर्दै नपाले संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख बाटोमा अगाडि बढिरहेको बताउनुभयो।

भक्तपुर नपाले विगत ४ वर्ष अघिदेखि कुहिने र नकुहिने फोहोर नगरवासीहरुको घरबाटै अलग अलग दिन सङ्कलन गर्दै आएको बताउनुहुँदै कुहिने फोहोरबाट कम्पोष्ट मल निर्माण गरी किसानहरुलाई सस्तोमा बिक्री गर्दै आएको र पुनःप्रयोग गर्न सकिने फोहोर बिक्री गरी त्यसबाट केही पैसा आर्जन गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो। उहाँले जनतालाई दण्ड जरिवाना भन्दा सचेतनालाई नै नगरपालिकाले जोड दिँदै आएको बताउनुभयो।

सोही क्रममा नारायण नपाका प्रमुख **लोमन शर्मा**ले दैलेख भौगोलिक रुपमा विकट रहे तापनि पर्यटकीय विकासमा उच्च सम्भावना भएको ठाउँ भएको बताउनुहुँदै प्राकृतिक र ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण यस जिल्ला धार्मिक र प्राकृतिक तथा जल सम्पदामा भने धनी रहेको बताउनुभयो। उहाँले भक्तपुर र दैलेखबीचको सम्बन्ध निकै पुरानो रहेको र दुई जिल्लाबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नपाले देशकै लागि नमुना कामहरु गरिरहेको बारे आफूहरु अवगत रहेको बताउनुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ व्यवस्थापनलगायतको विषयमा गरिरहेको कामबाट सिक्न चाहेको बताउनुभयो।

दुल्लु नपाका प्रमुख **भरतप्रसाद रिजाल**ले भक्तपुर नपासँग असल अभ्यास आदानप्रदान गर्ने क्रममा भक्तपुर भ्रमणमा आएको बताउनुहुँदै दैलेखका ऐतिहासिक सम्पदाहरु पुनःनिर्माणमा भक्तपुरकै कालीगडहरुको सहयोग प्राप्त भएको र स्रोतसाधन समेत भक्तपुरबाटै ल्याउने गरिएको बताउनुभयो।

भेटमा नारायण नपाका उपप्रमुख तप्ता थापा, दुल्लु नपाका उपप्रमुख विना कार्की, चामुन्डा नपाका उपप्रमुख मनसरा कुमारी सावत, भैरवी गापाका उपाध्यक्ष देवी भण्डारी, चामुन्दा विन्द्रासैनी नपाका वडाध्यक्ष रत्नबहादुर शाही, सचिवालय सदस्य चिरन्जीवीप्रसाद उपाध्याय, भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छैं, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाल, श्यानिटेशन शाखाप्रमुख दिलिपकुमार सुवाललगायतको उपस्थिति थियो।

नगर प्रमुख प्रजापतिले दैलेखका जनप्रतिनिधिहरुलाई भक्तपुर नगरपालिकाका प्रकाशनहरु उपहारको रुपमा प्रदान गर्नुभयो।

भेटपश्चात उहाँहरुले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजको अवलोकन भ्रमण गर्नुभएको थियो।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# नगरपालिका गतिविधि

## नगर प्रमुख प्रजापतिसँग वागीश्वरीका विद्यार्थीहरूको साक्षात्कार कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**सँग वागीश्वरी कलेजमा मानविकी संकाय स्नातक तहका विद्यार्थीहरूले भदौ १६ गते साक्षात्कार गरे। ती विद्यार्थीहरू आफू अध्ययनरत स्थानीय तहबारे जानकारी गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको स्थलगत अध्ययन अवलोकन भ्रमण गरेका थिए।

कार्यक्रममा विद्यार्थीहरूलाई भक्तपुर नपामा स्वागत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सय वर्ष पुरानो घरहरू आफैमा सम्पदाहरूको रूपमा रहेको बताउनुहुँदै भक्तपुर नपा सांस्कृतिक र पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको नगर हो भन्नुभयो।

भक्तपुर आफैमा खुला आकाशमुनीको जीवित सङ्ग्रहालयको रूपमा रहेको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिँदै आइरहेको छ भन्नुभयो। भक्तपुर नपाले संस्कृति, इतिहास, भूगोल, नेपालभाषा, राजनीतिशास्त्रलगायतका विषयमा छात्रवृत्ति प्रदान गर्दै आइरहेको उहाँले अवगत गराउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको परीक्षाको परिणाम देशभर उत्कृष्ट रहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूले प्रयोगात्मक अभ्यासलाई जोड दिनुपर्ने बताउनुभयो।

उहाँले नगरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने अलग अलग सङ्कलनगर्दै आएकोमा फोहोरलाई आयको श्रोत बनाउनेतर्फ ध्यान केन्द्रित रहेको बताउनुहुँदै घर घरबाट निस्कने फोहोर आधा कम गर्न सकेमामात्रै पनि सफाइमा भइरहेको नगरपालिकाको खर्च करोडौँ घटाउन सकिने बताउनुभयो।

भक्तपुर नपाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भक्तपुर नपाको सामान्य परिचय प्रस्तुत गर्नुहुँदै भक्तपुर देशकै सानो नगरपालिका भएर पनि देशकै लागि उदाहरणीय कामहरू गर्न सफल भएको बताउनुभयो।



कार्यक्रममा विद्यार्थीहरूले भक्तपुर नपाको शिक्षा, सरसफाइ, पार्किङ व्यवस्थापन, तरकारी बजार, ख्वप अस्पतालको सेवा सुविधाहरूबारे आफ्ना जिज्ञासा राखेका थिए।

कार्यक्रमपश्चात विद्यार्थीहरूले भक्तपुर नपाको शाखा तथा उपशाखाहरूको स्थलगत अवलोकन भ्रमण गरेका थिए।

## नाक, कान, घाँटी र आँखा शिविर




भक्तपुर नपा वडा नं. २ को आयोजनामा नाक, कान, दाँत र आँखा शिविर भदौ १८ गते सम्पन्न भयो।

उक्त शिविरमा भनपाका उप-प्रमुख **रजनी जोशी**ले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण एवं पुन:निर्माण क्षेत्रमा भनपाले अग्रणी भूमिका खेल्दै आइरहेको बताउनुभयो। जनतामा स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउन १०० शय्याको ख्वप अस्पतालको निर्माण भएको उल्लेख गर्नुहुँदै उहाँले भक्तपुरको शैक्षिक उन्नयन र प्रगतिको लागि थप कलेजहरू

स्थापना गर्दै लाने बताउनुभयो । उहाँले ख्वप विश्वविद्यालयको सम्बन्धन प्राप्त नभएसम्म निरन्तर प्रयास गरिरहनु आवश्यक भएको चर्चा गर्नुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले स्थानीय जनताको स्वास्थ्यलाई ध्यानमा राखी समयअनुकूल विविध शिविरहरू गर्दै आइरहेको जानकारी दिनुहुँदै हाल सरुवा रोगहरू डेङ्गुलगायत कोभिड-१९ फैलिरहेकोले सबै जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

महिला तथा स्वास्थ्य संयोजक **मन्जु लाखाजु**को



संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रममा **राजन जति** र **श्यामसुन्दर माता**ले पनि बोल्नुभएको थियो ।

ख्वप अस्पताल च्याम्हासिंह र सामुदायिक आँखा केन्द्रको संयुक्त प्राविधिक सहयोगमा सञ्चालित उक्त शिविरमा आँखामा २६५ तथा नाक, कान र घाँटीमा १५३ जना गरी जम्मा ४१८ जना स्थानीय बासिन्दाहरूले सेवा प्राप्त गरेका थिए ।

## मधुमेह र दन्त शिविर




भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजना मधुमेह र दन्त शिविर एक समारोहबीच बक्सिङ कबर्ड हल कमल बिनायकमा भदौ १८ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि भूतपूर्व वडाध्यक्ष **चन्द्रबहादुर उलक**ले सुगरले दाँत, आँखा, कलेजो बिगार्ने बताउनुहुँदै मधुमेह र दन्त शिविर एक अर्कासँग सम्बन्धित भएको र शिविरले रोगको पहिचान भई जीवन बचाउन सकेको उदाहरण छ भन्नुभयो । उहाँले क्यान्सर रोगको शिविरले धेरै महिला दिदीबहिनीको उपचारले निको भएको बताउनुभयो ।



कार्यक्रममा वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले स्वास्थ्य जीवनको अमूल्य चिज भएको कारण धेरै पहिलादेखि जनस्वास्थ्य सुरु गरी ख्वप अस्पताल सुरुवात गरेको बताउनुभयो । उहाँले ख्वप अस्पतालले भक्तपुर नगरका जनताको मात्र नभई देशकै सेवा भइरहेको बताउनुभयो । उहाँले खानपिन र बजारको खानाले किनेर रोग पालिराखेको बताउनुहुँदै आफैले स्वस्थ्यको ख्याल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा डा.**इभा कंसाकार**ले सुगर र दन्त एक अर्कोको परिपुरक भएकोले दाँत दुखाइ सुगरको कारण हुने भएकोले परीक्षण आवश्यक छ भन्नुभयो ।

कार्यक्रम महिला वडासदस्य तारा शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो ।

## नगर प्रमुख प्रजापतिसँग बंगलादेशका वरिष्ठ साहित्यकारहरुको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग मित्र राष्ट्र बंगलादेशबाट बंगलादेश नेपाल मैत्री सङ्घका अध्यक्ष एवम् ढाकाका वरिष्ठ साहित्यकार लायन मोसिउर अहमदको नेतृत्वमा नेपाल आउनुभएका वरिष्ठ साहित्यकारहरूको प्रतिनिधिमण्डलले भदौ २२ गते भेट गऱ्यो ।

भेटमा प्रमुख **सुनिल प्रजापति**ले बंगलादेश र नेपाल भौगोलिक र सांस्कृतिक समानता भएको देश भएको बताउनुहुँदै दुई देशबीचको अनुभव आदानप्रदानले दुई देशबीचका

जनताबीचको सम्बन्ध अझ सुमधुर र प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

मित्र राष्ट्र बंगलादेशले धेरै नेपाली विद्यार्थीहरूलाई चिकित्सा शिक्षा र अन्य विषयहरूमा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्न आवश्यक तयारीहरू गरिरहेको अवगत गराउनुभयो । उहाँले साहित्यकारहरूले साहित्यमार्फत समाजको निम्ति योगदान गर्ने बताउनुहुँदै बंगलादेशका उत्कृष्ट साहित्यहरू नेपालीमा अनुवाद गर्ने चाहना व्यक्त गर्नुभयो ।



त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाको सङ्क्षिप्त परिचयबारे प्रस्तुतिकरण देखाउनुहुँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ, कला संस्कृति संरक्षणलगायतका सबै क्षेत्रहरूको सन्तुलित विकास गर्दै भक्तपुर नपालाई ज्ञान विज्ञानको केन्द्रको रूपमा स्थापना गर्ने उद्देश्यले अगाडि बढिरहेको बताउनुभयो ।

प्रतिनिधिमण्डलका तर्फबाट बंगलादेश नेपाल मैत्री सङ्घका अध्यक्ष एवम् ढाकाका वरिष्ठ साहित्यकार लायन **मोसिउर अहमद**ले भक्तपुर नपाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर गरिरहेको काम निकै प्रशंसनीय रहेको र भक्तपुरको भ्रमण गर्ने अवसर र न्यानो स्वागतको लागि धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुरको असल र जनता केन्द्रित राजनीतिले गर्दा यहाँका जनप्रतिनिधिले धेरै राम्रा कामहरू गर्न सफल भएको बताउनुहुँदै उहाँले भक्तपुर सबै क्षेत्रमा सन्तुलित ढङ्गले अगाडि बढेको नगरको रूपमा पाएको बताउनुभयो ।

भेटमा बंगलादेश नेपाल मैत्री सङ्घ ढाकाका महासचिव सल्लाउद्दिन कुटुकवि, कवि तथा उपन्यासकार डा. अन्वारा सइद हक, कवि तथा साहित्यकारहरू प्रा.डा. दिलारा हाफिज, प्रा. शेली सेन गुप्ता, मोहम्मद मोसिउर रहमान र प्रसिद्ध गायक काजलकुमार मुखर्जीको उपस्थिति रहेको थियो भने नेपाली साहित्यकारहरू प्रतिक ढकाल, रामप्रसाद पन्त,



शंकर भट्टराई, पवन आलोकलगायतको पनि उपस्थिति थियो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले नेपाल मैत्री सङ्घका अध्यक्ष एवम् ढाकाका वरिष्ठ साहित्यकार लायन मोसिउर अहमदलाई मयूरको झ्याल र नगरपालिकाका प्रकाशनहरू मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो भने अध्यक्ष अहमदले पनि प्रमुख प्रजापतिलाई बंगलादेशको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो ।

भेटपश्चात उहाँहरूले भक्तपुर दरबार क्षेत्रमा अवस्थित पुरातात्त्विक एवम् सांस्कृतिक महत्त्वका सम्पदाहरूको रुचिपूर्वक अवलोकन गर्नुभएको थियो ।

## कान्ति बाल अस्पताल बी.एन.एस.का विद्यार्थीहरूबाट घरदैलोको तथ्याङ्क सार्वजनिकीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कान्ति बाल अस्पताल नर्सिङ कार्यक्रम स्नातकका विद्यार्थीहरूले स्वास्थ्यसम्बन्धी भक्तपुर नपा वडा नं. ३ को १६० ओटा घरधुरीमा घरदैलोबाट लिइएको डाटा सार्वजनिकीकरण कार्यक्रम भदौ २३ गते वडा नं. ३ कार्यालयमा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **सुनिल प्रजापति**ले विभिन्न विषयमा गरिने अध्ययन, अनुसन्धान र तथ्याङ्क सङ्कलनले समाजको वास्तविक अवस्था थाहा हुने बताउनुहुँदै घरदैलो नर्सिङ कार्यक्रमको तथ्याङ्क सङ्कलनले गर्दा भक्तपुर नगरको शैक्षिक, स्वास्थ्यलगायतको सत्यतथ्य तथ्याङ्क प्राप्त गर्न टेवा मिलेको र समस्याअनुसारको कार्य गर्न

नगरपालिकालाई मद्दत पुगेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अस्पताललाई स्रोत र साधनले सम्पन्न बनाई सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा दिने हाम्रो उद्देश्यअनुसार काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले ख्वप अस्पतालले विभिन्न रोगको विशेषज्ञ सेवा प्रदान गर्दै आएकोमा हालै मुटु रोग विशेषज्ञबाट उपचार सेवाको प्रारम्भ भएको अवगत गराउनुभयो ।

भक्तपुर नपाले कडा रोग लागेका नगरवासी बिरामीहरूलाई रु. १५,०००।- का दरले आर्थिक सहयोग गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले पाठेघर र स्तन क्यान्सर परीक्षण, दन्त शिविर, हाडजोर्नी तथा आँखा शिविरहरूको सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले नगरको सरसफाइलाई विशेष प्राथमिकतामा राखेकै कारण यहाँ सरुवा रोगको जोखिम क्रमशः घट्दै गएको बताउनुहुँदै उहाँले नपाले वडा र विद्यालयहरूमा स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले नगरवासीहरू स्वस्थ भए भक्तपुर नगर अझ सभ्य र सुसंस्कृत रहने बताउनुहुँदै भक्तपुर नपाले स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै जनचेतना अभियान सञ्चालनमा व्यापकता दिँदै आएको छ भन्नुभयो ।

कान्ति बाल अस्पताल नर्सिङ कार्यक्रमका प्रमुख प्रशासक **रोशनी तुइतुइ**ले भक्तपुरमा सरुवा रोगको जोखिम नभएको बताउनुहुँदै मुटु रोगी, सुगर र उच्च रक्तचापका बिरामीहरूको सङ्ख्या दिनानुदिन बढेको अवस्थामा जनतालाई सचेत पार्नुपर्ने बताउनुभयो । विद्यार्थीहरूले भक्तपुरमा गरेको घरदैलो कार्यक्रम निकै प्रभावकारी भएको बताउनुहुँदै उहाँले विद्यालय नर्स कार्यक्रमलाई भक्तपुरका सबै सामुदायिक विद्यालयहरूमा लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै विद्यार्थीहरू **रिना श्रेष्ठ** र **तारा बस्नेत**ले वडा नं. ३ मा गरेको समुदाय स्वास्थ्य कार्यक्रमको तथ्याङ्क प्रस्तुतिकरण गर्नुहुँदै भक्तपुरको १६० घरधुरीमा सर्वेक्षण गर्दा अधिकांशमा उच्च रक्तचाप, मुटु रोग र सुगरका बिरामीहरू भेटिएको, महिलाहरूमा थाइरोइडको समस्या बढ्ने क्रममा रहेको, शत प्रतिशत बालबालिकाले खोप पाइसकेकोलगायतका शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका विषयमा प्रष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा कान्ति बाल अस्पताल नर्सिङ कार्यक्रमका प्राध्यापक **बबिता रेग्मी**, **मनिता पौडेल**, **सृजना नगरकोटी** र **रामलक्ष्मी आचार्य**ले कार्यक्रमको उद्देश्य र प्रभावकारिताबारे प्रष्ट पार्नुभयो ।

## डेङ्गु ज्वरो सम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिकाको आयोजनामा नपाका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरूबीच डेङ्गु ज्वरोसम्मबन्धी अभिमुखीकरण कार्यक्रम भदौ २४ गते सम्पन्न भयो ।

कार्यक्रमका सभापति एवम् नगर प्रमुख **सुनिल प्रजापति**ले डेङ्गु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टे वृद्धि रोक्न सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाभित्र पनि डेङ्गु रोगका सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको अवस्थामा नगरपालिकाले चुन, फिनेल र औषधी छर्कने काम गरिरहेको बताउनुहुँदै भक्तपुर नपाले जनचेतनामूलक कार्यक्रम र माइकिङमार्फत जनतालाई सचेत पार्दै आइरहेको बताउनुभयो ।

डेङ्गु रोग नियन्त्रणमा समुदाय नै क्रियाशील हुनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले यो रोग रोकथामको लागि स्वयम्सेविका, घरदैलो नर्सिङ परिचालन गरी आवश्यक उपाय अपनाइरहेको छ भन्नुभयो ।

त्यस्तै जिल्ला स्वास्थ्य कार्यालय भक्तपुर **कृष्ण मिजार**ले डेङ्गु रोग नियनत्रणका उपायबारे स्थानीय तह क्रियाशील भई जोखिममा परेका वर्गलाई जोगाउन विशेष किसिमको परामर्शहरू दिइनुपर्ने जानकारी गराउनुभयो ।

हेक्टर कन्ट्रोल अफिसर **दीपक अछामी**ले डेङ्गु रोगको जोखिम र बच्ने उपायहरूबारे प्रस्तुतिकरण देखाउनुहुँदै हाल विश्वका १०० भन्दा बढी देशमा यो रोगको फैलिएको र संसारको ४० प्रतिशतभन्दा बढी जनसङ्ख्या यस रोगको जोखिममा रहेको बताउनुभयो । उहाँले लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गु रोगका नियन्त्रणका उपाय निकै महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो ।

## नपाभित्रका स्वास्थ्य संस्थाहरूको वार्षिक समीक्षा




भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप अस्पताल व्यववस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**को सभापतित्वमा भक्तपुर नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूको आ.व. २०७८/७९ को वार्षिक समीक्षा कार्यक्रम भदौ २६ गते छात्ती पुनर्स्थापना केन्द्रको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरलाई शिक्षाको केन्द्रको रूपमा विकास गरिरहेको उल्लेख गर्नुहुँदै स्वास्थ्यको केन्द्रको रूपमा विकास गर्न प्रयासरत हुनुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नगरक्षेत्रभित्र भक्तपुर अस्पताल, शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर क्यान्सर अस्पताल, ख्वप अस्पताल, सिद्धिस्मृति अस्पताल, डा. ईवामुरा मेमोरियल अस्पताललगायत नगरपालिका अन्तर्गतकै ३ ओटा स्वास्थ्य केन्द्रहरू मार्फत देशभरीकै जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउनुभयो ।

स्वास्थ्य सेवा र पूर्वाधार फरक भएको जानकारी दिनुहुँदै जनताको सेवा गर्न भौतिक पूर्वाधारभन्दा सेवा भाव आवश्यक छ- उहाँले भन्नुभयो । भक्तपुरका जनताले भक्तपुरभित्रकै स्वास्थ्य संस्थाबाट सेवा पाउन सक्ने वातावरण निर्माणको लागि नपाभित्रका स्वास्थ्य संस्थाहरूको बीचमा समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनुहुँदै भक्तपुरका जनतालाई काठमाडौँमा रिफर नगरी भक्तपुरमै विशेषज्ञ सेवासहितको उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले स्वास्थ्य संस्थाहरूको प्रगति विवरणलाई एकीकृत गरे अनुसन्धान गर्ने विद्यार्थीहरूलाई सहज हुने बताउनुहुँदै नपाभित्रका स्वास्थ्य संस्थाहरूबीच आपसी सहकार्य र सञ्चारको माध्यमबाट सेवाको गुणस्तरीयता बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य अधिकृत **कृष्ण मिजार**ले स्वास्थ्यसम्बन्धी सत्य तथ्य विवरणले नगरभित्रको स्वास्थ्य सेवा पहुँचको वास्तविक चित्र प्रदान गर्नुभएकोले प्रशोधित डाटा HMIS मा प्रविष्टी गर्नुपर्ने र हरेक महिनाको ५ गतेभित्र स्वास्थ्य संस्थाहरूले नियमित रूपमा डाटा प्रविष्टी गर्नुपर्ने जिम्मेवारी वहन गर्नुपर्ने जानकारी दिनुभयो ।

स्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोल अफिसर **दीपक अच्छामी**ले प्रगति विवरण प्रस्तुतिकरणमा आएका विवरणहरूले नगरकै स्वास्थ्य सेवाको अवस्था दर्शाउने हुँदा यसलाई तथ्यपरक र विश्वसनीय बनाउनुपर्ने सुझाव दिनुभयो ।



समीक्षा कार्यक्रममा भक्तपुर अस्पतालका तथ्याङ्क अधिकृत **निर्मला भट्ट**, शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रका डा. **लुसन सिं**, ख्वप अस्पतालका सि.अहेव **कृष्णशोभा मिलापति लवजु**, सिद्धि स्मृति महिला तथा बाल अस्पतालका नर्सिङ्ग सुपरभाईजर **रसिला पसखल**, नगर स्वास्थ्य केन्द्र ब्यासीका हेल्थ असिस्टेण्ट **कमलकेशरी राजचल**, आधारभूत स्वास्थ्य केन्द्र, नपलीका सि.अहेव **रामसुन्दर दुवाल**, एमसिएच क्लिनिक, भक्तपुर अस्पतालका स्टाफ नर्स **जमुना काफ्ले**लगायतले आ-आफ्नो स्वास्थ्य संस्थाको प्रगति विवरण प्रस्तुतिकरण गर्नुभएको कार्यक्रमको सञ्चालन ख्वप अस्पतालका डा. **रत्नसुन्दर लासीवा**ले गर्नुभएको थियो ।

## डेङ्गुविरुद्ध सचेतनामूलक र्‍याली

भक्तपुर नगरपालिका ४ नं. वडा कार्यालयको आयोजनामा डेङ्गु रोग नियन्त्रण गर्न जनचेतनामूलक प्रभात र्‍याली भदौ २७ गते  भयो ।



भक्तपुर नगरपालिकाको पर्यटन तथा स्वास्थ्य समितिका संयोजक रवीन्द्र ज्याख्वको प्रमुख आतिथ्यमा सम्पन्न उक्त र्‍यालीमा डेङ्गु रोग नियन्त्रण गर्न बेवास्ता भएको खण्डमा महामारीको रूप लिनसक्ने सम्भावना भएकोले समयमै यसलाई रोकथाम तथा नियन्त्रण गर्न विद्यालयका शिक्षक तथा सामाजिक अगुवा कार्यकर्ताहरूको महत्त्वपूर्ण भूमिका हुन्छ भन्नुभयो । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय परिसरमा रहेका खाल्डाखुल्डीमा पानी जम्न नदिने र झारपातहरूलाई सफा गर्ने तथा प्रत्येक नगरवासीहरूले आ–आफ्नो घर आँगन, सडक, घरको खानेपानीका भाँडाहरू दुई दिनको एकपटक पूरै आफैले सफा गर्ने अभियान सुरु गरे सम्भावित महामारीको अवस्थालाई रोक्न सकिने उहाँले बताउनुभयो ।

विशेषगरी कौसीको गमला, पानी ट्याङ्की, खानेपानीको भाँडामा डेङ्गु रोग सार्ने लामखुट्टे बस्ने भएकोले जनता आफै सचेत हुनुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले अशक्त, अपाङ्ग, बालबालिका तथा सुत्केरी महिलाहरूलाई बढी प्रभावित हुने खतरा भएकोले रोग लागेको अवस्थामा स्वास्थ्यकर्मीहरूको सल्लाहमा मात्र औषधि सेवन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले अहिले वर्षाको मौसम भएको कारण डेङ्गु रोग सार्ने लामखुट्टेको सङ्ख्या बढ्ने भएकोले लामखुट्टेको टोकाइबाट बच्न पूरा बाहुला भएको लुगा लगाउने, घरको झ्याल ढोकामा जाली राख्नुपर्ने, झुल टाँगेर सुत्नुपर्ने बताउनुभयो ।

उक्त र्‍यालीमा भ.न.पा. वडा नं. ४ का शान्ति निकेतन माध्यमिक विद्यालय, साइनिङ स्टुडेन्ट एकेडेमी, सेकरिड हार्ट एकेडेमीलगायत विभिन्न स्कूलका शिक्षक, विद्यार्थी, स्वयंसेविका, स्थानीय बासिन्दा तथा जनप्रतिनिधिहरू सहभागी थिए ।

उक्त र्‍यालीमा स्टार्फ नर्स रसिला सुवाल, वडा सचिव साहिला बैद्य, पञ्तरत्न सैंजूलगायतले बोल्नुभएको थियो ।

## डेङ्गु रोगसम्बन्धी सचेतना र्‍याली



भक्तपुर नगरपालिका २ नं. वडा कार्यालयको आयोजनामा डेङ्गु रोगसम्बन्धी अभिमुखीकरण र्‍याली असोज ३ गते भयो ।

र्‍यालीको शुभारम्भ गर्दै वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले डेङ्गु रोगलगायत सम्पूर्ण रोगबाट बच्न सफाइमा ध्यान दिनुपर्ने बताउनुहुँदै नगरपालिकाले सरसफाइमा दैनिकरूपमा सफाइ कार्यलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

सरसफाइको लागि टोल–टोलमा चुन–फिनेल छर्कनेजस्ता कार्यलाई निरन्तरता दिई डेङ्गुलाई रोक्ने प्रयास भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका २ नं.वडाका विभिन्न स्थानहरूमा र्‍याली परिक्रमा गरी डेङ्गु रोगबाट सचेत रहन र बच्नको लागि आह्वान गरियो ।

भक्तपुर नगरपालिका वडा नं.२ मा रहेको ८ ओटा विद्यालय, सहकारी, टीम क्लवको सहभागिता रहेको उक्त र्‍याली वडा परिक्रमापछि वडा कार्यालय ब्यासीमा सभा भयो ।

कार्यक्रममा वडा सदस्यहरू श्यामसुन्दर माताँ र मञ्जुमैँया लाखाजुले पनि बोल्नुभएको थियो ।

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

## प्रमुख प्रजापतिसँग युनेस्कोका प्रतिनिधि माइकल क्रोफ्‌टको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपालका लागि युनेस्कोका प्रतिनिधि माइकल क्रोफ्टले भदौ २८ गते भेट गर्नुभयो। भेटका क्रममा उहाँहरूबीच युनेस्को क्रिएटिभ सिटी नेटवर्क (यूसीसीएन) को उद्देश्य र (यूसीसीएन) कार्यक्रममा सामेल हुँदाको फाइदाका विषयहरूमा छलफल गर्नुभयो।



भेटमा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको कला र संस्कृति जोगाउन पुराना पुस्तासँग भएको सीप नयाँ पुस्तामा पुस्तान्तरण गर्दै अग्रजमार्फत नयाँ पुस्तालाई सांस्कृतिक गतिविधिबाट प्रशिक्षित गर्दै आइरहेको बताउनुभयो।

उहाँले भक्तपुरका सांस्कृतिक गुरुहरू कला र संस्कृति क्षेत्रका प्राध्यापकसरह भएको बताउनुहुँदै मौलिक सहरलाई जीवन्तता दिन नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देख्नुभएको १०० वर्षपछिको भक्तपुरको आधारहरू निर्माण गर्दै भक्तपुरलाई संसारकै हेर्नलायक सहरको रूपमा विकास गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुभयो।

भेटमा **माइकल क्रोफ्ट**ले युनेस्को क्रिएटिभ सिटी नेटवर्क (यूसीसीएन) भोलिको सहर आविष्कार गर्न सहयोग र प्रयोगको लागि पहिलो र प्रमुख ठाउँ भएको बताउनुहुँदै यो एक अन्तर्राष्ट्रिय प्लेटफर्म हो जसले सहरका सदस्यहरूलाई दृश्यता दिन र रचनात्मक उद्योगमा अन्तर्राष्ट्रिय साझेदारी स्थापना गर्ने लक्ष्य राखेको बताउनुभयो।

युसीसीएन कार्यक्रमले सांस्कृतिक विविधतालाई बढावा दिनुका साथै भौगोलिक पहुँचलाई बलियो बनाउने र हाल (युसीसीएन) मा विश्वभरबाट २४६ सदस्य सहरहरू समावेश भएको बताउनुहुँदै भक्तपुर नगरपालिकालाई पनि यसको सदस्य बन्न आग्रह गर्नुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, युनेस्कोका संयोजक सरोज कुस्बाहा, युनेस्को संस्कृति विभागका निपुणा श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति थियो।

## भक्तपुर नपाभित्रका सहकारीकर्मीहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारीकर्मीहरूको भेला कार्यक्रम भदौ ३० गते सम्पन्न भयो।

भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विदेशी लगानी भएका बैंकलाई नेपालमा सञ्चालन गर्न दिन नहुने बताउनुहुँदै नेपालमा सञ्चालित विदेशी बैंकहरूका कारण देशलाई आर्थिक रूपमा परनिर्भर बनाउँदै लानेतर्फ सबै सचेत हुन जरुरी रहेको बताउनुभयो।

उहाँले समुदायमा आधारित सहकारी सङ्घ संस्थाहरूले समुदायको हकहितमा काम गर्दै आफ्ना सदस्यहरूको संरक्षण गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले कोभिडको समयमा भक्तपुर नपाले जनताको स्वास्थ्य बचाउन गरेको गतिविधिले व्यापक जनताको हित भएको छ भन्नुभयो।

देशको समसामयिक राजनीतिको विषयमा आफ्नो धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले नागरिकता विधेयक राष्ट्रघाती र देशहित विपरीत भएको चर्चा गर्नुहुँदै नागरिकता विधेयक बहुमतले पास हुनु देशघात गर्नु हो भन्नुभयो।

नेमकिपाले रोपेको शिक्षाको बीऊले आज भक्तपुर शैक्षिक उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास हुँदै आएको बताउनुहुँदै भक्तपुरको शैक्षिक क्रान्तिमा नेमकिपाको भूमिकाबारे चर्चा गर्नुभयो। उहाँले सहकारी संस्थाहरूले संस्थाको बचत



रकम अनुत्पादक क्षेत्रमा लगानी गर्न नहुने तर्क राख्नुहुँदै सबै सङ्घ संस्थाहरूले नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् भक्तपुर नपा सहकारी समितिका अध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले आफ्नो कार्यक्षेत्रभित्र रहेका १५६ ओटा सहकारीहरूको नियमित अनुगमन गर्दै आइरहेको चर्चा गर्नुहुँदै सहकारी संस्थाहरूले मासिक प्रतिवेदन नियमित रूपमा नगरपालिकालाई बुझाउनुपर्ने, समुदायको आवश्यकताअनुसारको गतिविधि सञ्चालन गर्न आह्वान गर्नुभयो । भक्तपुर नपाले विभिन्न ठाउँमा छरिएर रहेका सहकारी संस्थाहरूलाई एकत्रित पार्ने कार्य गर्दै आइरहेको बताउनुहुँदै सहकारी अनुगमनमार्फत नियमित रूपमा सहकारीहरूलाई सहकारीको सिद्धान्त र मूल्यामान्यताअनुसार चल्न मार्गनिर्देश गर्दै आइरहेको बताउनुभयो ।

त्यस्तै भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष **कृष्णगोविन्द लाखाजु**ले सञ्चालकहरूले सहकारीका सदस्यहरूको हितमा काम गरी विश्वास जित्नुपर्ने बताउनुहुँदै नपाभित्र सञ्चालित सहकारी संस्थाहरूबीच आपसी सहकार्य र समन्वयको आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा भनपा सहकारी अनुगमन समितिका सदस्य तथा वडा नं. ७ का वडा सदस्य **हरिरत्न गोर्खाली** र वडा नं. ४ का वडा सदस्य **पुरुषोत्तम तमखू**ले पनि बोल्नुभएको थियो ।

## नि:शुल्क आँखा परीक्षण



भक्तपुर नगरपालिका वडा नं १ को आयोजना तथा भक्तपुर सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा १ न वडा कार्यालय परिसरमा असोज १ गते नि:शुल्क आँखा परीक्षण शिविर भयो ।



शिविरबाट फेला परेका मोतिबिन्दुका बिरामीहरूको नि:शुल्क शल्यक्रिया भक्तपुर सामुदायिक आँखा अस्पताल च्यामहासिंहमा गरिने जनाएको छ ।

## भक्तपुर नपाबाट १२० जना विद्यार्थीहरुलाई छात्रवृत्ति



भक्तपुर नगरपालिकाले संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ को प्रावधानअनुसार भक्तपुर नगरपालिका छात्रवृत्ति छनोट समितिको निर्णय, योग्यताक्रम र प्राथमिकताका आधारमा छनोट भएका विद्यार्थीहरूलाई असोज २ गते एक समारोहबीच छात्रवृत्ति सिफारिस पत्र वितरण गरेको छ ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूले आफ्नो क्षमताअनुसारको विषय रोजेर उच्च शिक्षा हासिल गर्नु उचित हुने बताउनुहुँदै उहाँले अध्ययनशील



र मिहिनेती विद्यार्थीहरूको हरेक क्षेत्रमा विशेष महत्त्व रहने बताउनुभयो ।

प्रमुख प्रजापतिले सेवालाई आर्थिक लाभसँग कहिल्यै जोड्न नहुने बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजलाई हालै बीएएलएलबी अध्ययन अध्यापनको लागि स्वीकृति प्राप्त भइसकेको अवगत गराउनुभयो ।

शिक्षाकै कारण विकसित देशहरू आर्थिक, सामाजिक र राजनैतिक रूपमा अगाडि बढिरहेको प्रसङ्ग जोड्दै उहाँले शिक्षा नभएको व्यक्तिले जीवनमा जतिसुकै आर्थिक लाभ हासिल गरे पनि सामाजिक र राजनैतिक रूपमा अगाडि बढ्न कठिन हुने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले शिक्षाबिनाको जीवन अर्थपूर्ण नहुने बताउनुहुँदै भक्तपुर नपाले कक्षा ११ र १२ मा बाहेक नेपालभाषा, भूगोल, राजनीतिशास्त्र, इतिहास र संस्कृति विषय लिएर अध्ययन गरेका विद्यार्थीहरूलाई पनि छात्रवृत्ति वितरण गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई उत्कृष्ट नगर बनाउन विद्यार्थीहरूको अहम् भूमिका रहने बताउनुहुँदै भक्तपुर नपाले प्रदान गरिरहेको शैक्षिक ऋणबाट धेरै विद्यार्थीहरूलाई उच्च शिक्षा प्राप्त गर्न मद्दत पुऱ्याइरहेको छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले 'सन्तोष अध्ययनको शत्रु हो' भन्नुहुँदै गम्भीर र मिहिनेत गरी आज अध्ययन गरे भोलिको भविष्य उज्यालो हुने बताउनुभयो । भक्तपुर नपाबाट सञ्चालित सातओटा शैक्षिक संस्थामा हाल ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै उहाँले आजका विद्यार्थी भविष्यका कर्णधार हुन् भन्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले छात्रवृत्तिबाट अध्ययन गरेका विद्यार्थी देश र समाजप्रति अझ प्रतिबद्ध भएर काम गर्नुपर्ने बताउनुहुँदै भक्तपुर नपाले जेहेनदार छात्रछात्राहरूलाई योग्यताक्रम र प्राथमिकताको आधारमा छात्रवृत्ति प्रदान गरेको बताउनुभयो ।

कार्यक्रममा आदर्श आजादका प्रअ **श्रीकृष्ण किसी**, भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें** र नगर शिक्षा शाखाका **कृष्णप्रसाद कर्माचार्य**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले छात्रवृत्तिमा छनोट भएका १२० जना विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र प्रदान गर्नुभएको थियो । भक्तपुर नपाले यस वर्ष व्यवस्थापनमा ६३, विज्ञानमा ३८, मानविकीमा ९ जना र शिक्षा विषयमा ६ जना गरी ख्वप मावि, वागीश्वरी मावि, बासु मावि र आदर्श आजाद कलेजका जम्मा १२० जना विद्यार्थीहरूलाई रु.६१ लाख बराबरको छात्रवृत्ति प्रदान गरेको छ ।

## भक्तपुर नपाबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू

| Bhaktapur Municipality Scholarship Result 2079 for Class XI/XII | | | |
|---|---|---|---|
| Management | | | |
| S.N. | Symbol no | Name of Students | Recommended School |
| 1 | 2063 | Sharishma Tulsibakhyo | Khwopa Secondary School |
| 2 | 2140 | Sujina Khagi | Khwopa Secondary School |
| 3 | 2127 | Sanjila Duwal | Khwopa Secondary School |
| 4 | 2055 | Rohan Nhemaphuki | Khwopa Secondary School |
| 5 | 2093 | Arika Gwachha | Khwopa Secondary School |
| 6 | 2271 | Sandip Makaju | Khwopa Secondary School |
| 7 | 2054 | Merika Shilakar | Khwopa Secondary School |
| 8 | 2035 | Merika Boyaju | Khwopa Secondary School |
| 9 | 2170 | Sahel Sitikhu | Khwopa Secondary School |
| 10 | 2128 | Jenisha Kharbuja | Khwopa Secondary School |
| 11 | 2053 | Jeny Duwal | Khwopa Secondary School |
| 12 | 2002 | Rojit Tamang | Khwopa Secondary School |
| 13 | 2026 | Nisha Koju | Khwopa Secondary School |
| 14 | 2150 | Sadiya Munankarmi | Khwopa Secondary School |
| 15 | 2001 | Avishek Sintakala | Khwopa Secondary School |
| 16 | 2180 | Anup Shrestha | Khwopa Secondary School |
| 17 | 2183 | Sundar Dhakal | Khwopa Secondary School |
| 18 | 2104 | Tejaswi Khatiwada | Khwopa Secondary School |
| 19 | 2094 | Prajit Khadka | Khwopa Secondary School |
| 20 | 2135 | Samriksha Puri | Khwopa Secondary School |
| 21 | 2132 | Sareshma Sukubhatu | Khwopa Secondary School |
| 22 | 2193 | Alisha Mangrati | Khwopa Secondary School |
| 23 | 2067 | Bishal Khadka | Khwopa Secondary School |
| 24 | 2027 | Sujita Sunuwar | Khwopa Secondary School |
| 25 | 2029 | Bitisha Sainju Shrestha | Khwopa Secondary School |
| 26 | 2240 | Manjita Dathuchhen | Khwopa Secondary School |
| 27 | 2118 | Laza Shrestha | Khwopa Secondary School |
| 28 | 2028 | Subikshya Gainju | Khwopa Secondary School |
| 29 | 2194 | Riju Prajapati | Khwopa Secondary School |
| 30 | 2089 | Aahesha Chikanbanjar | Khwopa Secondary School |

| | | | |
|---|---|---|---|
| 31 | 2226 | Sujal Duwal | Khwopa Secondary School |
| 32 | 2108 | Garima Rajbahak | Khwopa Secondary School |
| 33 | 2103 | Safal Madhikarmi | Khwopa Secondary School |
| 34 | 2095 | Manika Jhangaju | Bagiswori Secondary School |
| 35 | 2109 | Kritika Hyaumikha | Bagiswori Secondary School |
| 36 | 2097 | Kriti Ghatuwa | Bagiswori Secondary School |
| 37 | 2136 | Neha Bhatu | Bagiswori Secondary School |
| 38 | 2090 | Lokeshraj Ranjit | Bagiswori Secondary School |
| 39 | 2292 | Roji Mushyakhwa | Bagiswori Secondary School |
| 40 | 2261 | Ganga koju | Bagiswori Secondary School |
| 41 | 2246 | Aman Suwal | Bagiswori Secondary School |
| 42 | 2134 | Nirjala Prajapati | Bagiswori Secondary School |
| 43 | 2125 | Kripa Sitikhu | Bagiswori Secondary School |
| 44 | 2017 | Binita Tamang | Bagiswori Secondary School |
| 45 | 2139 | Rasala Ligal | Bagiswori Secondary School |
| 46 | 2174 | Samrat Jung Singh | Bagiswori Secondary School |
| 47 | 2018 | Prakash Gautam | Bagiswori Secondary School |
| 48 | 2162 | Samir Byanju | Bagiswori Secondary School |
| 49 | 2254 | Deepika Timilsina | Bagiswori Secondary School |
| 50 | 2307 | Pradip Nayaju | Bagiswori Secondary School |
| 51 | 2169 | Anushka Chhusyabag | Bagiswori Secondary School |
| 52 | 2274 | Nurbin Suwal | Bagiswori Secondary School |
| 53 | 2113 | Simon Manandhar | Bagiswori Secondary School |
| 54 | 2048 | Nikesh Tukanbanjar | Bagiswori Secondary School |
| 55 | 2277 | Samir Shrestha | Bagiswori Secondary School |
| 56 | 2247 | Alish Buddhacharya | Basu Secondary School |
| 57 | 2244 | Anish Bishwakarma | Basu Secondary School |
| 58 | 2276 | Manjil Napit | Basu Secondary School |
| 59 | 2212 | Anu Shrestha | Basu Secondary School |
| 60 | 2163 | Ranju Khayamali | Adarsha Azad Secondary School |
| 61 | 2217 | Babita Shrestha | Adarsha Azad Secondary School |
| 62 | 2106 | Manish Manandhar | Adarsha Azad Secondary School |
| 63 | 2105 | Rashmi Tamang | Adarsha Azad Secondary School |

**Bhaktapur Municipality Scholarship Result 2079 for Class XI/XII**

**Science**

| S.N. | Symbol no | Name of Students | School |
|---|---|---|---|
| 1 | 1055 | Roshani Danekhu | Khwopa Secondary School |
| 2 | 1162 | Aabhash Prajapati | Khwopa Secondary School |
| 3 | 1128 | Aayushree Prajapati | Khwopa Secondary School |
| 4 | 1046 | Prithak Suwal | Khwopa Secondary School |
| 5 | 1002 | Simran Chhetala | Khwopa Secondary School |
| 6 | 1009 | Sushan Shakh | Khwopa Secondary School |
| 7 | 1065 | Samriti Lakhe | Khwopa Secondary School |
| 8 | 1141 | Aryan Sitikhu | Khwopa Secondary School |
| 9 | 1068 | Dipershan Prajapati | Khwopa Secondary School |
| 10 | 1045 | Shubhshree Laghu | Khwopa Secondary School |
| 11 | 1001 | Nena Boyaju | Khwopa Secondary School |
| 12 | 1218 | Krita Koju | Khwopa Secondary School |
| 13 | 1234 | Divya Rana Magar | Khwopa Secondary School |
| 14 | 1076 | Ritu Bhyaju | Khwopa Secondary School |
| 15 | 1089 | Rohit Sujakhu | Khwopa Secondary School |
| 16 | 1085 | Roshani Saha | Khwopa Secondary School |
| 17 | 1008 | Hemanta Bahadur Shahi | Khwopa Secondary School |
| 18 | 1196 | Binu Shrestha | Khwopa Secondary School |
| 19 | 1093 | Reshma Shrestha | Khwopa Secondary School |
| 20 | 1211 | Niraj Satashankar | Khwopa Secondary School |
| 21 | 1189 | Rahul Shakya | Khwopa Secondary School |
| 22 | 1094 | Kriti Koju | Khwopa Secondary School |
| 23 | 1171 | Subechha Sujakhu | Khwopa Secondary School |
| 24 | 1202 | Shristika Dumaru | Khwopa Secondary School |
| 25 | 1047 | Ruva Sujakhu | Khwopa Secondary School |
| 26 | 1087 | Jasmine Koju | Khwopa Secondary School |
| 27 | 1005 | Sampada Gajurel | Khwopa Secondary School |
| 28 | 1132 | Nitin Awal | Khwopa Secondary School |
| 29 | 1038 | Krisha Sujakhu | Bagiswori Secondary School |
| 30 | 1251 | Kripa Twayana | Bagiswori Secondary School |
| 31 | 1119 | Sarina Koju | Bagiswori Secondary School |
| 32 | 1030 | Sushil Gaida | Bagiswori Secondary School |
| 33 | 1139 | Namuna Tiwari | Bagiswori Secondary School |
| 34 | 1077 | Sabina Chauguthi | Bagiswori Secondary School |
| 35 | 1074 | Ankita Prajapati | Bagiswori Secondary School |
| 36 | 1243 | Pramila Acharya | Basu Secondary School |
| 37 | 1212 | Binita Tamang | Basu Secondary School |
| 38 | 1214 | Rina Sintakala | Basu Secondary School |

**B+A1:D17haktapur Municipality Scholarship Result 2079 for Class XI/XII**

**Education**

| S N. | Symbol no. | Name of Students | Recommended School |
|---|---|---|---|
| 1 | 4005 | Nayan Raj Rawat | Khwopa Secondary Shool |
| 2 | 4004 | Sneha Shakya | Khwopa Secondary Shool |
| 3 | 4001 | Subodh Dulal | Bagiswori Secondary Shool |
| 4 | 4008 | Rajendra Rokaya | Basu Secondary School |
| 5 | 4007 | Jenisha Thakur | Basu Secondary School |
| 6 | 4009 | Punam Suwal | Padma Secondary School |

**Law**

| S.N. | Symbol No | Name of Students | Recommended School |
|---|---|---|---|
| 1 | 5004 | Raju Dhoju | Khwopa Secondary School |
| 2 | 5005 | Kshitij Datheputhe | Khwopa Secondary School |
| 3 | 5010 | Luniva Suwal | Khwopa Secondary School |
| 4 | 5002 | Upasana Twayana | Khwopa Secondary School |

**Humanities**

| S. N. | Symbol no. | Name of Students | Recommended School |
|---|---|---|---|
| 1 | 3011 | Luja Nakarmi | Khwopa Secondary School |
| 2 | 3010 | Suja Lama | Khwopa Secondary School |
| 3 | 3003 | Samrakshak Saiju | Khwopa Secondary School |
| 4 | 3004 | Binisha Chitrakar | Bagiswori Secondary School |
| 5 | 3001 | Niki Shilpakar | Bagiswori Secondary School |
| 6 | 3008 | Ritu Gainju | Bagiswori Secondary School |
| 7 | 3012 | Salina Dulal | Bagiswori Secondary School |
| 8 | 3002 | Rojina Dulal | Bagiswori Secondary School |
| 9 | 3014 | Keshav BK | Bagiswori Secondary School |

## पुन:निर्मित गुह्यश्वरी पाटी उद्घाटन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वडा नं. १ स्थित सिद्धपोखरी उत्तरतर्फको गुह्यश्वरी पाटी पुन:निर्माणको असोज ३ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नगरभित्रका मठ, मन्दिर, विहार, पोखरी, पाटी पौवालगायतका सम्पदाहरूलाई मौलिक स्वरूपमा संरक्षण गर्दा भविष्यमा यसको महत्त्व अतुलनीय हुने बताउनुहुँदै नगरका हरेक सम्पदा हाम्रो साझा सम्पत्ति भएको हुँदा यसको संरक्षण पनि हामी सबैको साझा जिम्मेवारी हो भन्नुभयो।

भक्तपुर नगरपालिकाले भक्तपुर नगरलाई पर्यटकीय गन्तव्यस्थल र ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्यसहित अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै मूर्त अमूर्त सम्पदाहरूलाई जस्ताको तस्तै जोगाउन सकेमा असङ्ख्य सम्पदाका विषयमा अध्ययन गर्न सकिने तथा भक्तपुर नगर आफैमा खुला विश्वविद्यालयको रूपमा परिचित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

प्रमुख प्रजापतिले नगरका प्रत्येक वडालाई एक-एक ओटा विशेषतासहितको वडामा विकसित गर्दै भक्तपुरलाई देश विदेशमा विश्वकै उत्कृष्ट नगरको रूपमा परिचित गराउने नगरपालिकाको दीर्घकालीन सोच रहेको कुरा बताउनुभयो। कार्यक्रममा भनपा १ वडाका वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले वडाभित्र अवस्थित ४ ओटा ऐतिहासिक पोखरीहरूमा रानीपोखरी र सिद्धपोखरीको पुनःनिर्माण सम्पन्न भैसकेको, भाजुपोखरीको पुनःनिर्माण छिट्टै सम्पन्न हुने अवस्थामा रहेको र नःपुखुलाई व्यवस्थित गर्नका लागि बजेट विनियोजन भैसकेको बताउनुहुँदै ती पोखरीहरूको संरक्षणाले पर्यावरणलगायत आन्तरिक र वाह्य पर्यटकहरू वृद्धि भई यसबाट वडावासीहरूको समग्र आर्थिक विकासमा टेवा पुग्नेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले भक्तपुर अस्पताल, मानव अङ्ग प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पतालमा आउने विरामीहरूको लागि पार्किङ्ग व्यवस्थापन गर्न सिद्धपोखरीको अगाडि व्यवस्थित पार्किङ्ग स्थल निर्माणको पहल भइरहेको तथा दमकल पछाडि निर्माण सम्पन्न भइसकेको तथा शिशु स्याहार केन्द्रको उद्घाटनको तयारी भइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा इतिहासविद् डा. **पुरुषोत्तम लोचन श्रेष्ठ**ले भक्तपुरका नेवारहरूमा धार्मिक सहिष्णुता रहेको ज्वलन्त उदाहरण 'हे बज्र नैरात्मा' र 'गुहेश्वरी' हो भन्नुहुँदै भक्तपुरलाई हिन्दुहरूको मात्र नभई बौद्धधर्मावलम्बीहरूको आँखाबाट हेरिनु आवश्यक रहेको बताउनुभयो। उहाँले भक्तपुरमा पाईला पाईलामा सम्पदा रहेको र ती सम्पदाहरूको संरक्षणले पर्यटन प्रबर्द्धनलाई टेवा पुऱ्याउनुका साथसाथै अनुसन्धान गर्ने विद्यार्थीहरूका लागि भक्तपुर खुला विश्वविद्यालयको रूपमा रहने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा गुह्यश्वरी पाटी निर्माण उपभोक्ता समितिका सल्लाहकार एवं समाजसेवी **लक्ष्मीनारायण राजलवट**ले सिद्धपोखरी संरक्षणका लागि तत्कालीन नगरपञ्चायतदेखि हाल भक्तपुर नगरपालिकाले निरन्तर रूपमा गरिरहेको प्रयासबारे बताउनुहुँदै पोखरी संरक्षणमा जनताको साथ र सहयोगको बारेमा चर्चा गर्नुभयो।

गुह्यश्वरी पाटी पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष **नरेश बज्राचार्य**ले पुनःनिर्माणमा सहयोग गर्नुहुने भक्तपुर नगरपालिका, संस्था एवं दातालाई धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रममा समितिका सचिव **सुदर्शना शाक्य**ले पाटी निर्माणको आर्थिक प्रतिवेदन र कोषाध्यक्ष **कृष्णबहादुर दुगुजु**ले पाटी पुनःनिर्माणको महत्त्वबारे प्रकाश पार्नु भएको थियो। कार्यक्रममा समितिका सदस्य **देवचन्द्र बज्राचार्य**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा उपभोक्ता समितिको तर्फबाट समितिका अध्यक्ष बज्राचार्यले प्रमुख अतिथि प्रजापतिलाई प्रसिद्ध ङातापोल्ह मन्दिरको कलात्मक मूर्ति मायाको चिनोको रूपमा प्रदान गर्नुभयो।

कूल ७३ लाख ५७ हजार ५२ रुपैयाँ इष्टिमेट रहेको सो पाटीको पुनःनिर्माणको लागत ३७ लाख ८७४ रुपैयाँमा सम्पन्न भएको थियो जसमा भक्तपुर नगरपालिकाबाट रु ३० लाखको बजेट विनियोजन भएको थियो भने चन्दादाताहरूबाट ७ लाख ८७४ रुपैयाँ सङ्कलन गरिएको थियो।

**भक्तपुर नपाबाट अनुगमन**

## अस्पतालहरूको क्यान्टिन अनुगमन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा अस्पतालहरूमा रहेको क्यान्टिनको भदौ २० गते अनुगमन गरियो। अनुगमनमा बिरामी उपचार गर्ने अस्पतालहरूको क्यान्टिनले नै बिरामी उत्पादन गरिरहेको संयोजक गोराले बताउनुभयो।

अनुगमनमा भक्तपुर अस्पतालमा रहेको सदाबहार चमेना गृहमा फ्रिजमा बिग्रेको कुखुरा र राँगोको मासु राखी राखेको नष्ट गराउन लगाई पाकेको र काँचो खाद्य वस्तुहरू छुट्टाछुट्टै राख्न र फोहोर कुहिने र नकुहिने छुट्याएर भान्छा बाहिर राख्न, अखाद्य तेल र पटक पटक पकाएको तेल प्रयोग नगर्न, कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न, भान्छा एकदमै फोहोर देखिएकोले सफा र व्यवस्थित गरी ग्यास सुरक्षित राख्न निर्देशन दिई तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो।

त्यस्तै क्यान्सर अस्पतालनको सुप्रिमु रेष्टुरेन्ट एण्ड मःमः हाउसमा भान्छा कोठा धुवाँ र तेलले कालो भइसकेकोले सो सफा गरी चिम्निको व्यवस्था गरी सफा र व्यवस्थित गर्न, क्यान्टिनमा प्रयोग भएको खाद्य सामग्रीको म्याद नाघेको, मिति नभएको चामल भेटिएकोले लेबल नभएको प्रयोग

नगर्न, कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न निर्देशन दिई पसल दर्ता नभएकोले दर्ता गरायो ।

त्यस्तै मानव अङ्ग प्रत्यारोपन अस्पतालमा रहेको गुडविल रेष्टुरेन्ट एण्ड क्यान्टिनमा भान्छाको भुइँ भित्ता सफा गर्न मिल्ने गरी निकासको व्यवस्था गर्न, कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन र दर्ता प्रमाणपत्र पसलमा नभएकोले देखिने गरी पसलमा राख्न र तीन दिन भित्र दर्ता प्रमाणपत्र



लिएर वडा कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै इवामुरा अस्पतालमा रहेको सुनिता खाजा घरमा भान्छामा सरसफाइमा ध्यान दिन, मूल्य सूची राख्न, कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न, फ्रिजमा खाद्य वस्तुहरू, जुस र आइसक्रिम सँगै राखेकोले छुट्टाछुट्टै राख्न र पसल दर्ताबिना विगत दश वर्ष अगाडिदेखि सञ्चालनमा रहेकोले तीन दिन भित्र वडाकार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## सल्लाघारीका खाद्य पसल अनुगमन

त्यस्तै भदौ २१ गते अनुगमन समितिले सल्लाघारीमा रहेका खाद्य पसलहरूको अनुगमन गरियो । अनुगमनमा आधा टिप म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरेको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा एक खाद्य स्टोरमा म्याद नाघेको सामानहरू हेल्थी डाइट, ग्रिन टि, भेडिकको सन्स् क्रिम, ग्रिन टि साबुन, डाइवेटिज र स्लिम टि, ग्रिन निम साबुन, सन्स्क्रिम, नेच्युरल मह, ओलिभ आलुभेरा, मम्स् म्याजिक बिस्कुट, निभा ध्यू, दुधवाला चकलेट, सस्, मखन, चोको चकलेट, लोस्टोम भेनेगर, ड्राइफ्रुटस्, पेस्टा, बिस्कुट, चाकु जफत गरी नष्ट गरियो भने पसल नवीकरण नगरेको, मूल्य सुची नराखेको, तराजु नापतौल विभागमा नवीकरण नगरेको पाइएकोले १ थान तराजु जफत गरी तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै एक मिनि मार्टमा म्याद नाघेका सामानहरू डार्क फान्टासि ठूलो र सानो, सेन्ट्री लाम्ब्डा, नवरत्न दालमोठ, टोकला चिया सय ग्रामको, पिनट बटर, ड्यु, लिचि जुस जफत गरी नष्ट गरियो भने पसल नवीकरण गर्न, मूल्यसूची राख्न र तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै एक क्याफे एण्ड रेष्टुरेन्ट दर्ता नभएकोले तीन दिन भित्र दर्ता गर्न निर्देशन दियो ।

अर्को एक खाद्य स्टोर तीन दिन भित्र नवीकरण गर्न, बोडी र कुहेको पेस्टा लेवल नभएकोले लेवल भएको सामान मात्रै बेच बिखन गर्न निर्देशन दियो । साथै तराजु नापतौल विभागमा नवीकरण गर्न, म्याद नाघेको गरम मसला, पाउडर दूध, बिस्कुट लगायत जफत गरी नष्ट गरियो भने तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै एक इम्पेक्समा दर्ता नवीकरण गर्न, गोदाममा रहेको खाद्य सामग्री मुसाले खाएर किरा लागेको समेत भेटिएकोले व्यवस्थित गर्न, म्याद नाघेको सामानहरू पनि भेटिएकोले म्याद नाघेको र बिग्रेको सामान छुट्टाछुट्टै कोठामा राख्न, पसलमा छरपस्ट रहेको सामानहरू व्यवस्थित गरी राख्न निर्देशन दियो ।

## दुधपाटीमा फलफुल र खाद्य पसल अनुगमन

भाद्र ३० गते भक्तपुर नपाको अनुगमन समितिले दुधपाटीमा फालफुल र खाद्य पसलहरू अनुगमन गरियो । अनुगमनमा पसलहरूले पेटीमा सामानहरू राख्ने र मःमः पसलमा चुल्होहरू पेटीमा राखेको पाइएकोले तत्काल हटाउन निर्देशन दिएको समितिका संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

अनुगमनमा एक फलफुल तथा जुस पसलमा म्याद नाघेको चब्बा कोकोनट जुस १० ओटा जफत गरी नष्ट गरियो भने पसल नवीकरण नगरेको, मूल्य सूची देखिने गरी व्यवस्थित नराखेको, पेटीमा सामान राखेको, तराजु नापतौल विभागमा नवीकरण नगरेकोले तराजु एक थान जफत गरी सो सुधारेर तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

अर्को जुस एण्ड फ्रुटस पसलमा पेटीमा सामान नराख्न, मूल्य सूची सबैले देखिने गरी व्यवस्थित गरी राख्न र सरफाइमा ध्यान दिन निर्देशन दियो ।

एक मःमः हाउसलाई उत्पादन मिति र लेवल नभएको मःमः बेचविखन नगर्न, सफाइ शुल्क तिर्न र पेटीमा राखेको चुल्होहरू हटाउन निर्देशन दियो ।

अर्को म:म: एण्ड फास्टफुड दर्ता नगरी पहिला न्यू आर.आर. म:म: पसल दर्ता गरी सञ्चालन गरेको देखिएकोले अहिलेको नाममा पसल दर्ता गर्न, पेटीमा राखेको चुल्होहरू तत्काल हटाउन निर्देशन दियो ।

एक स्विटस् हाउसमा पसल दर्ता नभएकोले त्यही दर्ता गराएर मूल्यसूची व्यवस्थित गर्न, मिठाईमा रंग बढी हालेकोले पाँच केजी मैदामा एक ग्राममात्र खाद्य कलर राख्न, रंग बढी भएको जेरी, स्वारी जफत गरी नष्ट गरियो भने तीन दिन भित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दियो ।

## कमलविनायकमा फलफुल पसल अनुगमन

भक्तपुर नपाको अनुगमन समितिले भदौ ३१ गते कमलविनायकमा फलफुल पसलहरू अनुगमन गरियो । अनुगमनमा पसलहरू दर्ता नभएको, नवीकरण नभएको र कुहेको फलफुल समेत बेच्न राखेको संयोजक राजकृष्ण गोराले बताउनुभयो ।

अनुगमनमा एक जुस सेन्टरमा पसल दर्ता प्रमाणपत्र नदेखाएकोले दर्ता भए प्रमाणपत्र देखिने गरी राख्न, मूल्य सूची राख्न, पेटी र पसल बाहिरको सामान हटाउन निर्देशन दियो ।

अर्को फ्रुटस् सेन्टरमा दर्ता नवीकरण नभएकोले नवीकरण गराएर मूल्य सूची राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, कुहेको फलफुल भेटिएकोले कुहेको बिग्रेको फलफुलहरू बरोबर जाँच गर्न बिग्रेको फलफुल व्यवस्थापन गर्न, पेटी र पसल बाहिर सामान नराख्न निर्देशन दिई तराजु एक थान जफत गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा हाजिर हुने निर्देशन दियो ।

एक फलफुल पसलमा मूल्य सूची राख्न, पेटी र पसल बाहिर सामान नराख्न र पसल नवीकरण नभएकोले त्यही नवीकरण गरायो ।

एक तरकारी फलफुल पसललाई नवीकरण गर्न, मूल्य सूची राख्न, तराजु नवीकरण गर्न निर्देशन दिई विभिन्न परिमाणका म्याद नाघेको डाइजेस्टिभ विस्कुट, कुकिज विस्कुट, फ्रोटो जुस जफत गरी नष्ट गरियो भने तराजु एक थान जफत गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

अर्को फ्रुटस पसललाई नवीकरण गर्न, साइनबोर्ड राख्न, मूल्य सूची राख्न निर्देशन दिई म्याद नाघेको डाइजेस्टिभ विस्कुट, रियल जुस जफत गरी नष्ट गरियो ।

अर्को फलफुल पसलमा कुहेको फलफुल जफत गरी नष्ट गरियो भने पसल दर्ता प्रमाणपत्र नदेखाएकोले दर्ता प्रमाणपत्र लिएर तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन र दर्ता भए प्रमाणपत्र देखिने गरी राख्न, मूल्य सूच राख्न, पेटी र पसल बाहिरको सामान हटाउन निर्देशन दियो ।

एक फ्रुट सेन्टरमा ३ ओटा तराजु नवीकरण नभएकोले जफत गरी तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने म्याद नाघेको चकलेट ड्रिंक्स जफत गरी नष्ट गरियो ।

विभिन्न मितिमा भएका उपरोक्त अनुगमनमा वडाध्यक्ष श्यामकृष्ण खत्री, सदस्य रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशनका उपशाखा प्रमुख दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका न्हूज किजु र मोहनदेवी व्याञ्जू, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्र, उद्योग बाणिज्य सङ्घ भक्तपुरका गौतम सुजखु र राजू त्वानाबासु, महानगरीय प्रहरी परिसरका प्रहरी वरिष्ठ सहायक निरीक्षक नारायण चुवान, प्रहरी सहायक निरीक्षक भगाउर प्र. हरिजन र अमित दण्डेखु, प्रहरी हवल्दार सपना कार्की र सिता राई, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मी कवाँ र लक्ष्मीप्रसाद बाटी सहभागी थिए ।

## भक्तपुरका सहकारीहरूको अनुगमन

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको आयोजनामा भक्तपुर नगरपालिका वडा नं. २ मा अवस्थित विभिन्न सहकारी संस्थाहरूको भदौ २३ गते अनुगमन गरियो ।

अनुगमनका क्रममा सहकारी संस्थामा देखा परेका विभिन्न कमी कमजोरीलाई तत्काल सुधार गरी सहकारीको मूल्य, मान्यता र सिद्धान्तअनुसार सञ्चालन गर्न सहकारी अनुगमन समितिका पदाधिकारीहरूले निर्देशन दिनुभयो । सोही क्रममा सहकारी संस्थाहरूलाई अहिलेको परिवेशमा जथाभावी ऋण प्रवाह नगर्न, कार्यक्षेत्र बाहिरका सँग कारोबार नगर्न र भक्तपुर नगरपालिकाको स्वीकृति नभएका बहुउद्देश्यीय सहकारी संस्थाहरूमा ब्याजको लोभमा रकम जम्मा नगर्न पनि आ–आफ्ना सदस्यहरूलाई सम्झाउनुपर्ने कुरा व्यक्त गर्नुभयो । हाल देशमा आर्थिक समस्याको असर सहकारीहरूमा पनि पर्न गएकोले बचतकर्ताहरूलाई सम्झाई बुझाई बचत फिर्ता गर्नुपर्ने कुरा अनुगमन समितिका पदाधिकारीहरूले व्यक्त गर्नुभयो ।

अनुगमनकाक्रममा सम्बन्धित सहकारी संस्थाहरूबाट आफ्नो कमीकमजोरीलाई सुधार गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## कमलविनायकमा मासु पसल अनुगमन

त्यस्तै असोज १२ गते कमलविनायकमा आठ ओटा मासु पसलहरूको अनुगमन गरियो । अनुगमनमा अधिकांश पसलहरूले दर्ता नवीकरण र सरसफाइमा ध्यान नदिएको पाइयो ।



टोलीले सबैजसो पसललाई सरसफाइमा ध्यान दिन र भुईं, भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राख्न, तराजु नवीकरण गर्न, मासु झिँगाले नभन्किने गरी र धूलो नपस्ने गरी जाली वा सिसाको बाकस बनाई व्यस्थित गर्न, मूल्य सूची राख्न, मासु सफा गरेको पानी ढलनिकासमा सजिलै जाने गरी निकासको व्यवस्था गर्न, एप्रोन सेतो प्रयोग गर्न र कामदारलाई बुट र पञ्जाको व्यवस्था गर्न निर्देशन दिइयो ।

केही पसललाई दर्ता दर्ता नवीकरण तथा ढक तराजु नवीकरण नगरेकालाई तराजु जफत गरी तीन दिनभित्र नगरपालिकामा सम्पर्क राख्न निर्देशन दिइएको छ ।


विभिन्न मितिमा भएका उपरोक्त अनुगमनमा वडाध्यक्ष श्यामकृष्ण खत्री, सदस्य रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशनका उपशाखा प्रमुख दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका न्हूज किजु र मोहनदेवी व्याञ्जु, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्र, उद्योग बाणिज्य सङ्घ भक्तपुरका गौतम सुजखु र राजेश त्वानाबासु, महानगरीय प्रहरी परिसरका प्रहरी वरिष्ठ सहायक निरीक्षक नारायण चुवान, प्रहरी सहायक निरीक्षक भगाउर प्र. हरिजन र अमित दण्डेखु, प्रहरी हवल्दार सपना कार्की र सिता राई, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मी कवाँ, लक्ष्मीप्रसाद बाटी र रुपालक्ष्मी प्रजापति सहभागी थिए ।

**भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

## बासिबियाँलो



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन् ?



चित्रका लहरहरूमा एउटा अमिल्दोमा चिनो लगाउनुहोस् ।

(चित्र : इन्टरनेट)

# विविध समाचार

## राष्ट्रपति र नेमकिपाका प्रतिनिधिबीच भेट

## देशलाई सङ्कटबाट बचाउन राष्ट्रपतिको भूमिका जरुरी

नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरू र राष्ट्रपति विद्यादेवी भण्डारीबीच भदौ २२ गते राष्ट्रपतिको सरकारी आवास शीतल निवासमा भेट भयो । भेटमा नेमकिपाको तर्फबाट प्रतिनिधिसभाका सदस्य प्रेम सुवाल र बाग्मती प्रदेशसभा सदस्यहरू सुरेन्द्रराज गोसाई र सृजना साँयजूको उपस्थिति थियो ।

भेटमा राष्ट्रपतिले देशको राजनीतिक, आर्थिक र सामाजिक स्थितिबारे चासो व्यक्त गर्नुभयो ।

'सरकारहरूले राम्रोसँग काम नगरेको हुँदा विदेशबाट चामल ५० अर्ब रुपैयाँ र तरकारी अर्बौं रुपैयाँ बराबरको आयात भइरहेको छ । नेपालीलाई खाना पकाउन सस्तोमा बिजुली दिनुपर्नेमा भारतीय एकाधिकार पुँजीलाई सस्तोमा बिजुली बिक्री गरी महँगोमा खाना पकाउने ग्यास भारतबाट आयात गरिँदै छ। बहुदल र गणतन्त्रको ३३ वर्षमा सरकारहरू परिवर्तन भए, प्रधानमन्त्री र मन्त्री बनेका पात्रहरू फेरिए तर जनताको दुःख उस्तै भयो।' सांसद सुवालले राष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले देशको सार्वजनिक ऋण २० खर्ब रुपैयाँ भन्दा बढी पुगेको, निर्यात २ खर्ब रुपैयाँ, आयात २२ खर्ब रुपैयाँ पुगेको र भ्रष्टाचार नरोकिएको तर्फ राष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले २०६३ सालमा कानुनी व्यवस्थाअनुसार सरजमिन गराएर जन्मको आधारमा विदेशीलाई समेत नागरिकता दिने र नेपाली पुरुषसँग विवाह गरेका विदेशी महिलालाई तत्काल नेपाली नागरिकता दिने कार्यको नेपाल मजदुर किसान पार्टीले विरोध गरेको र विपक्षमा मत दिएको उल्लेख गर्नुहुँदै तत्पश्चात् नेपालको सार्वभौमिकतामा चुनौती थपिएको तर्फ राष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो ।

आगामी दिनमा विदेशी ज्वाइँ र भान्जा भान्जीलाई पनि नेपाली नागरिकता दिनुपर्ने आवाज उठ्ने र एक, दुई चुनावपछि नेपालका प्रम र मन्त्रीहरू विदेशीका छोरा-नाति बन्नेतर्फ सांसद सुवालले राष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो ।

नागरिकता संशोधन विधेयक, २०७५ मा सरजमिन गराएर जन्मको आधारमा विदेशीलाई समेत नागरिकता दिइएको खारेज गर्नुपर्नेमा सो नगरी जन्मको आधारमा नेपाली नागरिकता पाएकाका छोराछोरीलाई वंशजको नागरिकता दिने गरिएको देशघात नै भएको उल्लेख गर्नुहुँदै सांसद सुवालले खुला सिमाना भएको नेपालमा आमा र बुबा ठेगान नभएकालाई वंशजको नेपाली नागरिकता दिने व्यवस्था पनि देशको हितमा नभएको स्पष्ट पार्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'राष्ट्रपति 'खोपाको मूर्ति' होइन जिम्मेवार संस्था हो । देशलाई सङ्कटबाट बचाउन राष्ट्रपतिको भूमिका जरुरी हुन्छ ।'

## डकर्मी सङ्घको पुनःगठन एवम् बृहत डकर्मी भेला




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल क्रान्तिकारी मजदुर सङ्घको पेशागत सङ्गठन नेपाल क्रान्तिकारी डकर्मी सङ्घको पुनःगठन एवम् १० औं बृहत डकर्मी भेलाको असोज १ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले कुनै सङ्घ, सङ्गठनमा आबद्ध हुँदा पेशागत हकहितबारे एकीकृत रूपमा आवाज उठाउन मद्दत पुग्ने बताउनुहुँदै पेशाकर्मीहरूको समस्या समाधानमा पनि सङ्गठनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

नेमकिपा र नेमकिपाका पेशागत सङ्गठनले इमानदारिता, पारदर्शिता र आत्मनिर्भरतामा जोड दिँदै आएको बताउनुहुँदै भक्तपुरलाई संसारकै हेर्नलायक सुन्दर नगरको रूपमा विकास गर्न भक्तपुर नगरपालिकाले काम गरिरहेको बताउनुभयो ।

उहाँले समाजवादी देश क्युबाको चिकित्सा विज्ञान

निकै अगाडि बढिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै भक्तपुरका जनतालाई सहज र सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नपाले १०० बेडको ख्वप अस्पताल सञ्चालनमा ल्याई हाल अस्पतालबाट निःशुल्क रूपमा रगत र अक्सिजनसमेत वितरण गरिरहेको अवगत गराउनुभयो ।

प्रमुख प्रजापतिले डकर्मीहरू व्यवहारिक सीप र ज्ञान भएका प्राविधिक र इन्जिनियरहरूसरह रहेको बताउनुहुँदै डकर्मीहरूले भक्तपुरलाई सुन्दर नगरको रूपमा विकास गर्न घरधनीहरूलाई मौलिक स्वरूपमा घर निर्माण गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईले** एमसीसी र एसपीपी जस्ता देशघाती सम्झौताले नेपाललाई विदेशीहरूको दास बनाउने प्रष्ट पार्नुभयो । उहाँले कुनै पनि पेशा सङ्घ तथा सङ्गठनले सामूहिक हितमा काम गर्नुपर्ने धारणा राख्नुहुँदै एकता नै बल हो भन्ने हिसाबले राजनैतिक रूपमा सङ्गठित र प्रतिबद्ध भएर लाग्न मार्गनिर्देश गर्नुभयो । उहाँले नागरिकता विधेयक देशको हितमा नभएको चर्चा गर्नुहुँदै यसको खारेजीको माग गर्दै नेमकिपाले देशका विभिन्न जिल्लाहरूमा विरोधका कार्यक्रमहरूलाई चालु राखेको बताउनुभयो ।



सङ्घका अध्यक्ष **विष्णुराम दुमरुले** सङ्घमा आबद्ध हुनुको उद्देश्य र महत्त्वबारे प्रष्ट पार्नुहुँदै सङ्घले पेशाकर्मीहरूको हकहितमा निरन्तर आवाज उठाउँदै आएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा नेपाल क्रान्तिकारी मजदुर सङ्घका अध्यक्ष **राजेन्द्र चवालले** डकर्मीहरू प्रविधिमैत्री भएनन् भने आफ्नो पेशाबाट पछि हट्न सक्ने स्थिति उत्पन्न हुनसक्ने बताउनुहुँदै भक्तपुर नपाले विदेशी सहयोगबिना पुनःनिर्माण गरिएका सम्पदाको आकर्षण र महत्त्व देशमा मात्र नभई छिमेकी देशहरूको निम्ति महत्त्वको विषय बनेको बताउनुभयो ।

कार्यक्रममा नेक्रा सिकर्मी सङ्घका अध्यक्ष **विक्रम ढुकुछु**, वडा नं. ४ का वडाध्यक्ष एवम् सङ्घका सल्लाहकार **उपेन्द्र सुवाल**, नेपाल इको प्यानलका **कृष्णभक्त दुवालल**गायतले पनि बोल्नुभएको थियो ।

उक्त भेलाले सङ्घका अध्यक्ष विष्णुराम दुमरुको अध्यक्षतामा २० सदस्यीय नेपाल क्रान्तिकारी डकर्मी सङ्घ पुनःगठन गरेको छ ।

## नेक्रामसङ्घ भक्तपुरको जिल्ला सम्मेलन सम्पन्न




नेपाल क्रान्तिकारी महिला सङ्घको पाँचौं भक्तपुर जिल्ला सम्मेलन असोज १ गते सम्पन्न भयो ।

सम्मेलनको बन्दसत्रमा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नेपाल क्रान्तिकारी महिला सङ्घ शोषणमा आधारित पुँजीवादी राज्यसत्ता ध्वस्त गरी समानतामा आधारित समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत छ भन्नुभयो । अन्तर्राष्ट्रवादी क्रान्तिकारी महिला नेतृहरूको जीवन, योगदान र व्यक्तित्वबारे चर्चा गर्नुहुँदै उहाँले उहाँहरूबाट सम्पूर्ण कामदारवर्गका महिलाहरूले प्रेरणा लिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'देशको सार्वभौमिकता रक्षाको लागि व्यापक महिलालाई सङ्घर्षको मैदानमा उतार्न नेक्रामसङ्घको भूमिका आवश्यक छ । महिलाहरूको राजनैतिक र सांस्कृतिक स्तर नउठेसम्म समाजको आमूल परिवर्तन सम्भव हुँदैन । वैचारिकरूपमा स्पष्ट क्रान्तिकारी महिलाहरूको सक्रियता र योगदानले मात्र क्रान्ति सम्भव हुने हुँदा महिलाहरू सङ्गठित र राजनैतिक गतिविधिमा सक्रिय रहनुपर्ने हो', उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला

समितिको अध्यक्ष **सुरेन्द्रराज गोसाईं**ले देश र जनताको पक्षमा ठूला दल भन्न रुचाउने शासक दलहरूले नागरिकता विधेयकको प्रत्यक्ष या परोक्ष समर्थन गर्नु देश र जनताको विपक्षमा रहेको बताउनुभयो ।

भारतीय विस्तारवाद र एकाधिकार पुँजीको विरोध गर्न शासक दल असमर्थ रहेको उहाँले उल्लेख गर्नुभयो ।

शासक दलबाट प्रतिनिधित्व गर्ने महिला सांसदहरूलाई एनजीओ/आइएनजीओहरूले किनेको उल्लेख गर्नुहुँदै उहाँले ती महिला सांसदहरू हस्ताक्षर गरेपछि भत्ता पाउने भएकोले संसद्को बैठकमा अनुपस्थित हुने प्रवृत्ति बढेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घले महिलाहरूलाई राजनैतिकरूपमा सचेत पार्न पार्टीले पत्रिका र पुस्तक प्रकाशन गरी महिलाहरूलाई प्रशिक्षित गर्ने र राजनैतिक संस्कार दिने काम गरिरहेको छ उहाँले भन्नुभयो ।

प्राध्यापक समाज नेपालका उपाध्यक्ष **प्रकाश श्रेष्ठ**ले अहिलेसम्म अस्तित्वमा रहेको मानव समाजको लिखित इतिहास सङ्घर्षको इतिहास हो भन्ने विषयमा प्रस्ट्याउनुभयो । उहाँले भन्नुभयो, 'पुँजीवादी व्यवस्थामा बन्ने हरेक ऐन कानुनले पुँजीपति वर्गकै सेवा गर्छ ।'

सम्मेलनको बन्दसत्रमा प्राध्यापक समाज ख्वप कलेजका **सुनिल सुवाल**ले संरा अमेरिकी युद्ध अपराधहरूको विषयमा चर्चा गर्नुभयो ।

सम्मेलनको बन्द सत्रले सृजना सैंजूको अध्यक्षतामा १९ सदस्यीय नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समिति गठन गऱ्यो । सम्मेलनको बन्दसत्रमा नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय कोषाध्यक्ष शोभा प्रधानप्रति श्रद्धाञ्जली अर्पण गरियो ।

## संविधान दिवसमा प्रवचन




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि., ख्वप कलेज र शारदा क्याम्पसको आयोजनामा संविधान दिवसको अवसरमा असोज ३ गते प्रवचन कार्यक्रम भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले पुँजीवादी व्यवस्थाभित्रको संविधान, ऐन, नियम, निर्देशिका, परिपत्रलाई अहिलेसम्मको नयाँ मार्क्सवादी दर्शनको कसीमा व्याख्या र विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संविधानमा भएको समाजवादउन्मुख व्यवस्थाको अर्थ राज्यको स्वामित्वमा उत्पादन र वितरण हुनुपर्ने धारणा राख्नुहुँदै सचिव सुवालले भन्नुभयो, 'सार्वजनिक ऋण र युवाहरूलाई वैदेशिक रोजगारीमा पठाएर देश आत्मनिर्भर र स्वाभिमान हुनेछैन ।'

संविधान निर्माणको बेला नेमकिपाले संविधानको प्रस्तावनासहित ७१ ओटा धारामा संशोधन प्रस्ताव पेश गरेको तर त्यसलाई शासक दलहरूले अस्वीकार गरेको हुँदा देश र जनताले दुःख पाएको सचिव सुवालले बताउनुभयो ।

निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने शासक दलहरूको उम्मेदवारी खारेज गरिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले सरकारमा गएर निर्वाचन घोषणापत्रअनुसार काम नगर्ने शासक दलहरू र तिनका उम्मेदवारहरूलाई पछिल्ला चुनावमा उम्मेदवारी बन्न नपाउने कानुनी प्रावधान बनाउनुपर्नेमा जोड दिनुभयो ।

सचिव सुवालले भन्नुभयो, 'मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने र ठूलठूला भ्रष्टाचारीहरूलाई संविधान संशोधन गरेर भए पनि मृत्युदण्डको व्यवस्था गर्नुपर्छ ।' प्रतिनिधिसभा समानुपातिक ३ प्रतिशत र प्रदेशसभाको निर्वाचनमा १ दशमलव ५ प्रतिशत मत सीमाको कानुनी व्यवस्था प्रजातन्त्रविपरीत भएको हुँदा खारेज गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

निर्वाचन घोषणा भइसकेकोले निर्वाचनमा भाग नलिने तटस्थ व्यक्तिहरूको निर्वाचन सरकार गठन गरेमा निर्वाचनमा धाँधली कम हुने सचिव सुवालले बताउनुभयो ।

हाल संसद्बाट पारित नागरिकता विधेयक देशघाती

रहेको स्पष्ट गर्नुहुँदै उहाँले भन्नुभयो, 'जन्मको आधारमा विदेशीले समेत नेपाली नागरिकता पाएको र त्यसलाई खारेज नगरी तिनका सन्तानहरूलाई वंशजको नागरिकता दिएर देशको हित हुनेछैन । नागरिकता विधेयकले नेपाललाई सिक्किम र फिजीको स्थितिमा पुऱ्याउने खतरा छ । संसदीय सर्वोच्चता हुनुपर्नेमा सर्वोच्च अदालतको सर्वोच्चता हुँदा अहिलेको सङ्कट देखिएको हो ।'

भारतमा कामदार जनताको हित गर्ने सरकार नबनेसम्म नेपालप्रतिको भारतीय सरकारको दृष्टिकोण परिवर्तन नहुने र नेपाली जनता सुखी नहुने सचिव सुवालले उल्लेख गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले संविधान समाजवादउन्मुख भनिए तापनि समाजवादको मर्म र भावनाअनुसार नीति तथा कार्यक्रमहरू लागु नगर्नु खेदजनक छ भन्नुभयो ।

उहाँले भनपाले शिक्षा-स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइमा विशेष जोड दिँदै कार्य गरिरहेको बताउनुभयो ।

भनपाद्वारा सञ्चालित हुने ख्वप कलेज अफ ल मा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा बीएएलएलबी कक्षा सञ्चालनको अनुमति पाएको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने अभियानमा उक्त सम्बन्धनले थप टेवा पुऱ्याउने बताउनुभयो ।

गठबन्धनको सिद्धान्त प्रजातान्त्रिक मूल्य मान्यताविपरीत रहेको धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'बहुदलीय व्यवस्थाको नाममा देशमा दुईदलीय तानाशाही हाबी हुने खतरा बढ्दो छ ।'

ख्वप मा.वि.का प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले सन् १८१६ को सुगौली सन्धि, सन् १९५० को नेपाल-भारत सन्धिबारे प्रस्तुतिकरण गर्नुभएको थियो ।

नेपाल-भारतबीचको खुला सिमाना र निर्बाध आवतजावतको कारण नेपालको अर्थतन्त्र आत्मनिर्भर र सुरक्षा प्रबन्धको समस्या आइरहेको उहाँले बताउनुभयो ।

कानुन विषयका शिक्षक **राजु कैती**ले 'शक्ति पृथकीकरणको सिद्धान्त : उपलब्धि र चुनौती' विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य **रूपक जोशी** र बीए तथा एमए अङ्ग्रेजी इन्चार्ज **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो ।

## अर्थ मन्त्रालयबाट समयमै बजेट निकासा नगर्दा विकास निर्माणका कामहरू प्रभावित

**- प्रमुख प्रजापति**




लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०७९ स्वीकृत भई लेखापरीक्षण सञ्चालन भइरहेको सन्दर्भमा महालेखापरीक्षकको कार्यालयका मा. महालेखापरीक्षक टंकमणि शर्मा दंगालको उपस्थितिमा आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणलगायत विविध विषयमा असोज ५ गते काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानीय तहसँगको अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै महालेखापरीक्षक **शर्मा**ले काठमाडौं उपत्यकाका स्थानीय तहहरूले गरिरहेको परिणाम केन्द्रित गतिविधिहरू प्रशंसनीय रहेको बताउनुहुँदै दशैं सकिनेबित्तिकै स्थानीय तहहरूमा लेखा परीक्षणको काम सुरु गरिने बताउनुभयो ।

महालेखापरीक्षकको कार्यालयले जोखिममा आधारित सूचकको आधारमा निकायहरूको वर्गीकरण गरी बढी जोखिमयुक्त निकायहरूको विस्तृत विधिबाट, मध्यम जोखिमयुक्त निकायको छनोट विधिबाट र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवम् एकल खाता कोषबाट सूचना तथा विवरण सङ्कलन गरी लेखापरीक्षण सम्पादन गरिएको उहाँले बताउनुभयो ।

महालेखापरीक्षक शर्माले बढी जोखिमयुक्त निकायको स्थलगत तथा मध्यम र न्यून जोखिमयुक्त निकायको दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण गरिएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आ.व. २०७९/८० को साउन र भदौ महिनाको प्रगति अत्यन्त न्युन देखिएको बताउनुहुँदै अर्थमन्त्रालयले समयमै बजेट निकासा नपठाउँदा स्थानीय तहबाट हुने विकास निर्माणका



उक्त छलफल कार्यक्रममा दक्षिणकाली नपाका प्रमुख **मोहन बस्नेत**, उपप्रमुख **बसन्ती तामाङ**, सूर्यविनायक नपाका उपप्रमुख **सरिता तिमसिना**, टोखा नपाका प्रमुख **प्रकाश अधिकारी**, काठमाडौँ जिल्ला समन्वय समितिको प्रमुखलगायतले लेखापरीक्षणका क्रममा आइपर्ने विविध कठिनाइ र समस्याहरूबारे आ–आफ्नो जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका नायव महालेखापरीक्षक **चन्द्रकान्त भण्डारी**ले ‘स्थानीय तहको वित्तीय व्यवस्थापन’ को विषयमा प्रस्तुतीकरण देखाउनुभएको थियो भने उपमहालेखापरीक **महेश्वर काफ्ले**ले बागमती प्रदेशका स्थानीय तहहरूको लेखापरीक्षण व्यवस्थापन र बेरुजुको अवस्थाबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

कामहरू प्रभावित भएको बताउनुभयो ।

अनियमित काम गर्ने र समयमै काम सम्पन्न नगर्ने ठेकेदारहरूलाई राजनीतिक संरक्षण दिने गलत काम राजनीतिक दलहरूबाटै भइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भ्रष्टाचार आरोपित व्यक्तिहरूलाई विभूषण दिने घोषणा सरकारको निर्णय आलोचनायोग्य भएको बताउनुभयो ।

उहाँले सांस्कृतिक सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धारको काम ठेकेदारमार्फत गराउन नहुने प्रष्ट पार्नुहुँदै असल नियतले गरिएका काममा मितव्ययिता अपनाउनुपर्नेमा जोड दिनुभयो । सरकारले विशेष अनुदान बढाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले पारदर्शिता, इमानदारिता नै जनविश्वास जित्ने मुख्य आधार भएको हुँदा भक्तपुर नपाले यहाँका विकास निर्माण उपभोक्ता मोडलमार्फत व्यापक जनताको सहभागितामा गर्दै आइरहेको चर्चा गर्नुभयो ।

काठमाडौँ महानगरपालिकाका प्रमुख **बालेन्द्र शाह**ले महालेखाले स्थानीय तहलाई आवश्यक पर्ने समयमा सोधपुछको लागि एकजना सम्पर्क व्यक्ति तोक्नुपर्ने बताउनुहुँदै काठमाडौँ महानपाले आवश्यक कर्मचारीहरू करार सेवामा पदपूर्ति गरी काम गरिरहेको बताउनुभयो ।

त्यस्तै ललितपुर महानपाका उप्रमुख **मञ्जली शाक्य**ले सार्वजनिक खरिद ऐनका कारण स्थानीय तहमा धेरै बेरुजु बढेको बताउनुहुँदै सम्पदा पुन:निर्माणको काम उपभोक्ता समितिमार्फत नै गर्नु उपयुक्त हुने बताउनुभयो ।



## वागीश्वरी कलेजमा अन्तर्राष्ट्रिय मिडिया गोष्ठी



### कार्यपत्र भन्छ : प्रजग कोरियामा प्रेस स्वतन्त्रता छ

विद्यार्थीहरूलाई गरेर सिक्ने वातावरण सिर्जना गर्नका लागि वागीश्वरी कलेजको पत्रकारिता तथा आमसञ्चार विभागले दुई हप्ते अन्तर्राष्ट्रिय मिडिया विषयक कार्यशाला गोष्ठी भदौ १९ गते सुरु गरेको छ ।

गोष्ठीको उद्घाटन गर्नुहुँदै बाग्मती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाई**ले कार्यपत्र प्रस्तुतिले विद्यार्थीमा थप सिक्ने वातावरण निर्माण हुने बताउनुभयो ।

विद्यार्थी **एलिना भेले**ले प्रजग कोरियाको मिडिया विषयक कार्यपत्र प्रस्तुत गरेकी थिइन् । प्रजग कोरियाबारे पश्चिमी मुलुकका मिडियाहरूले अनर्गल ढङ्गको प्रचार गर्ने गरेको र आफूले खोज्दा पनि त्यस्तै कुराहरू बढी भेटेको र वास्तवमा प्रजग कोरियामा प्रचार गरिएजस्तो तानाशाही नभएको स्पष्ट पारिन् ।

कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै सभासद् सुरेन्द्रराज गोसाईले आफूले प्रजग कोरियाको भ्रमण गर्दा नितान्त बेग्लै ढङ्गले पाएको अनुभव सुनाउनुभयो। कोरियामा इन्टरनेटको सुविधा व्यापक रूपमा रहेको र विज्ञान तथा प्रविधिको विकास अद्भुत ढङ्गले भएको पाएको स्मरण सुनाउनुभयो।

पश्चिमा मुलुकहरूले फूटको खेती गर्दै संसारलाई समाजवादी व्यवस्था नराम्रो हुने अभिप्रायले प्रजग कोरियाको अनर्गल प्रोपोगन्डा गरेको पाएको उहाँले स्पष्ट पार्नुभयो। उत्तर कोरिया समाजवादी मुलुक भएकाले पश्चिमाहरू र खासगरी अमेरिका डराएकैले प्रजग कोरियाको वरपर दक्षिण कोरिया र जापानमा अमेरिकी सेना तैनाथ गरेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, 'प्रजग कोरिया एकीकरण हुनुपर्दछ र अमेरिकाले यसमा हस्तक्षेप अन्त गर्नुपर्छ अनि फूटको प्रचार गर्न बन्द गर्नुपर्छ।'

प्रजग कोरियाले अमेरिकी आतङ्कबाट बच्नकै लागि हातहतियारको विकास गर्नुपरेको र उसले नयाँ वैज्ञानिक अन्वेषणका लागि नेपालको बजेटभन्दा बढी व्यवस्था गर्ने गरेको जानकारी पनि उहाँले दिनुभयो।

प्रजग कोरियामा भ्रमण गरेर सो मुलुकको बारेमा अध्ययन गरेका पत्रकार **जीवन ढुङ्गाना**ले पनि यता पढेको उत्तर कोरिया र हेरेको उत्तर कोरियाबीच आकाश पातालको फरक भएको बताउनुभयो।

राजनीति शास्त्रका शिक्षक एवम् अधिवक्ता **विकल प्रजापति**ले प्रजग कोरियाको प्रेस कानुन र अन्य मुलुकको प्रेस कानुनमा तात्त्विक भिन्नता नभएको तर प्रजग कोरिया जाने बाहिरी पत्रकारले अमेरिकाको लागि जासुस गर्ने गरेको पाएकोले पश्चिमा पत्रकारहरूलाई केही कडाइ गरेको बताउनुभयो। उहाँले भन्नुभयो, 'हामी हाम्रो घरमा शत्रु नछिरोस् भनेर त कडाइ गर्छौं भने उत्तर कोरियाले देशको सार्वभौमसत्ता सुरक्षाका लागि प्रेस माथि नियमन गर्नु सामान्य हो।'

वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले विद्यार्थीहरूको ज्ञान अभिवृद्धिका लागि कलेजले वातावरण निर्माण गर्ने गरेको र अन्तर्राष्ट्रिय परिस्थिति बुझ्न बुझाउन यस्ता कार्यक्रम गर्ने वागीश्वरीको संस्कार रहेको बताउनुभयो।

पत्रकारिता तथा आमसञ्चारका शिक्षक **पूर्णभक्त दुवाल**ले दुई हप्ते गोष्ठीमा विद्यार्थीहरूले विभिन्न मुलुकको मिडियाबारे अध्ययन गरी कार्यपत्र प्रस्तुत गरी विज्ञहरूको सल्लाह र सुझावअनुसार परिमार्जन गर्ने जानकारी दिए।

सहभागी विद्यार्थीहरूले कार्यपत्र प्रस्तोता र विज्ञहरूसँग प्रश्न सोध्दै जिज्ञासा मेटेका थिए।

## इन्द्रायणी देवीको जात्रामा नयाँ खट



भक्तपुर, भदौ २३। भक्तपुरको खौमा टोलस्थित इन्द्रायणी देवीको खट जात्रामा यस वर्ष नयाँ खटको व्यवस्था भएको छ। प्रत्येक वर्ष भाद्र शुक्ल त्रयोदशीबाट सुरु हुने सो खट जात्राको खट पुरानो एवम् जीर्ण भएपछि इन्द्रायणी इलाका सेवा समिति र इन्द्रायणी समाज सरोकार समितिको पहलमा सो नयाँ खट रु. २ लाख ७५ हजार लागतमा निर्माण सम्पन्न भएको समाजसेवी विनोदचरण रायले बताउनुभयो।

खौमा टोलकै बयोवृद्ध बेलबहादुर कायस्थले इन्दायणी देवीको नयाँ खटमा पूजा गर्नु भएको सो कार्यकममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति तथा टोलका गन्यमान्य ब्यक्तिहरूको उपस्थिति थियो। सो इन्द्रायणी देवीको जात्रा खौमा टोलबाट शुरु भई नगरपरिक्रमा पश्चात सिद्ध पोखरीको पश्चिम दिशामा विराजमान गराइन्छ। सो साँझ सिद्धपोखरीमा दिपावली गर्ने परम्परा छ।

## बासु माविमा पोषण र स्वास्थ्यसम्बन्धी सामग्री प्रदर्शनी



बासु माविको आयोजनामा 'एक विद्यालय एक नर्स' कार्यक्रमअन्तर्गत पोषण र स्वास्थ्यसम्बन्धी एकदिने जनचेतनामूलक सामग्री प्रदर्शनी कार्यक्रम भदौ ३० गते भक्तपुर

नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले नेपालमा पहिलोपटक भक्तपुर नपाले वडा वडामा घरदैलो नर्सिङ कार्यक्रम सञ्चालन गरी हालसम्म पनि सफलतापूर्वक निरन्तरता दिइरहेको बताउनुहुँदै घरदैलो नर्सिङ सेवाले भक्तपुरका नागरिकहरूको स्वास्थ्य तथ्याङ्क थाहा पाउन टेवा पुगेको बताउनुभयो ।

उहाँले भक्तपुरका पाँच ओटा विद्यालयहरूमा हाल विद्यालय नर्सबाट स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भइरहेको अवगत गराउनुहुँदै विद्यालय नर्सको अवधारणा निकै प्रभावकारी रहेको बताउनुभयो ।

विद्यालयका प्रअ **अम्बिका न्याइच्याईं**ले विद्यालय नर्स राजमती जतिको तर्फबाट बासु नर्सिङ सेवाबारे प्रस्तुतीकरण देखाउनुहुँदै हाल बागमती प्रदेशको ११९ ओटै स्थानीय तहमा विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा रहेको बताउनुभयो । उहाँले विद्यालय नर्सिङ सेवा सञ्चालनबाट विद्यार्थीहरूको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याई विद्यालयमा पत्रु खाना निरुत्साहित गर्ने र स्वास्थ्यबारे परामर्श सेवा प्रदान गर्नु मुख्य उद्देश्यहरू रहेको बताउनुभयो ।

बासु मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **बालमुकुन्द बासुकला**ले विद्यार्थीले खाने पत्रु खानाका कारण विद्यार्थीको स्वास्थ्यमा पुग्ने गम्भीर असरतर्फ विद्यार्थीलाई सजग पार्नुपर्ने बताउनुहुँदै पोषण र सरसफाइ राम्रो भए स्वस्थ रहन मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला** र सहायक प्रअ **रविलाल प्रधान**ले पनि बोल्नुभएको थियो । औपचारिक कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिले पोषण र स्वास्थ्यसम्बन्धी जनचेतनामूलक सामग्री प्रदर्शनीको अवलोकन गर्नुभयो ।

## एक दिने बाल साहित्य लेखन कार्यशाला सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा प्रगति सामुदायिक सिकाइ केन्द्र भक्तपुरको आयोजनामा विद्यालयका शिक्षक शिक्षिकाहरूको लागि भएको एक दिने बाल साहित्य लेखन कार्यशालाको भदौ ३१ गते समापन कार्यक्रम भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले साहित्य लेखन मनोरञ्जनको निम्ति मात्र हुन नहुने विचार राख्नुहुँदै साहित्य जनमुखी र स्पष्ट हुनुपर्ने बताउनुभयो ।



बाल साहित्यमा नैतिकता, अनुशासन र देशभक्तिपूर्ण विषयहरू समेटिनुपर्ने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले साहित्यले बालबालिकाको मस्तिष्कमा सकारात्मक सन्देश दिने हुँदा भौतिकवादी सोच र अन्यायको विरोधमा लड्न बालबालिकालाई सानैदेखि शिक्षित गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले पठन संस्कृतिको विकास गर्न नपाबाट सञ्चालित जनज्योति पुस्तकालय र वडा वडाका पुस्तकालयहरूलाई स्तरोन्नति गर्दै आर्थिक तथा भौतिक सहयोग समेत प्रदान गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजलाई बीएएलएलबी र वागीश्वरी कलेजलाई बीबीए पढाउन स्वीकृति प्राप्त भएको सोही अवसरमा बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् प्रगति सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष **रबिन्द्रप्रसाद कुसी**ले यस सिकाइ केन्द्रले समय समयमा विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको र छिटै साहित्यक प्रतियोगिताको आयोजना गर्ने तयारीमा रहेको अवगत गराउनुभयो । उहाँले यस किसिमको तालिमले साहित्यप्रति रुचि राख्नेहरूलाई हौसला मिल्ने बताउनुभयो ।

कार्यक्रममा केन्द्रका सदस्य **विकल कोजु** कार्यक्रमको महत्त्वमाथि प्रकाशन पार्नुभएको थियो ।

उक्त कार्यशालाका सहभागी प्रशिक्षार्थीहरू शर्मिला कोजु, रामहरि ताम्राकार, सुलोचना लाखाले आफ्नो अनुभव सुनाउँदै आफूले लेखेका कविता र बाल साहित्य वाचन गर्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले कार्यशालामा सहभागी १७ जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो भने सभापति कुसीले प्रशिक्षकहरू हरिहर तिमिल्सिना र कार्तिकेय घिमिरेलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

## 'हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन हामीले नै गर्नुपर्छ'



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा हाडा बिजुक्छेँ दिगु:द्यः जीर्णोद्धार समितिको प्रकाशन 'स्मारिका–२०७९' को लोकार्पण असोज ६ गते भयो ।

कार्यक्रममा अतिथि **बिजुक्छेँ**ले भक्तपुरको सम्पदा पुन:निर्माणको निम्ति जर्मन सरकारले रकम उपलब्ध गराउन चाहे पनि उक्त सहयोग रकम लिँदा जर्मन सरकारको अनावश्यक सर्त मान्नुपर्ने र सर्त मान्दा आफ्नो स्वाभिमान गुम्ने भएकोले भक्तपुर नपाले अस्वीकार गरेको प्रसङ्ग उल्लेख गर्नुभयो ।

'हाम्रो सम्पदाको संरक्षण र संवर्द्धन हामीले नै गर्नुपर्छ । अर्काको आश गर्नु भनेको भोकै बस्नुजस्तै हो' भन्नुहुँदै अध्यक्ष बिजुक्छेँले ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व राख्ने पुराना घर र कला संस्कृतिलाई जोगाउन भक्तपुरका जनता एकजुट भएर लाग्नु जरूरी रहेको बताउनुभयो ।

उहाँले निजी शैक्षिक संस्था तथा निजी मेडिकल कलेजहरूको दबाबमा सरकारले ख्वप विश्वविद्यालयको विधेयक अगाडि नबढाएको उल्लेख गर्नुहुँदै शासक दलहरू भनपालाई ख्वप विश्वविद्यालय स्वीकृति दिएमा जिल्ला–जिल्लामा नेमकिपाको सङ्गठन विस्तार हुने र आफूहरूलाई अप्ठ्यारोमा पर्ने मानसिकताले ग्रस्त रहेको बताउनुभयो ।

केही व्यक्तिहरूले ख्वप विश्वविद्यालय नदिने सरकारविरूद्ध सडकजाम गरेर र टायर बालेर आन्दोलन गर्नुपर्ने सुझाए पनि उहाँले हामीले नै ल्याएको प्रजातन्त्रविरूद्ध ढुङ्गा हान्नु र टायर बाल्नु नैतिकरूपले मिल्दैन भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कोरोना महामारीको समयमा भक्तपुर नपाको आग्रहलाई स्वीकार गरी हाडा बिजुक्छेँ समाजले अक्सिजन प्लान्ट स्थापनाको निम्ति रू. १ लाख सहयोग गरेको स्मरण गर्नुहुँदै ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा संरक्षणको कार्य भनपाले जनतासँगै मिलेर गरिरहेको बताउनुभयो ।

भक्तपुरका १२४ ओटा सम्पदा कसैसँग सहयोग नलिई भक्तपुरका जनताको सहयोगले पुन:निर्माण सम्पन्न गरेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले पारदर्शिता र इमानदारितालाई ध्यान दिइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'संस्कृति र सम्पदा संरक्षणको ठेक्का लिनेहरूले केही गरेनन् । पुन:निर्माण प्राधिकरणले भक्तपुर नगरपालिकाको निम्ति रू. ५ करोड छुट्याएको भने पनि सो रकमको ५० प्रतिशत ठेक्कामा र ५० प्रतिशत अमानतमा दिनुपर्ने सर्त राखेर सम्पदा संरक्षणमा बेइमानी गऱ्यो ।'

उहाँले सिद्धपोखरीको पाटी पुन:निर्माणमा लागत इस्टिमेट ७३ लाख भएकोमा ३७ लाख, सुधारिएको शवदाह गृह निर्माणमा ५६ लाखको लागत इस्टिमेट भए पनि २८ लाखमा सम्पन्न भएको दृष्टान्त प्रस्तुत गर्नुहुँदै सम्पदा संरक्षणमा भक्तपुरका जनताको उल्लेखनीय भूमिका रहेको बताउनुभयो ।



प्रमुख प्रजापतिले नेमकिपाको उद्देश्यअनुरूप भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन आफूहरू लागिपरेको बताउनुहुँदै जनताको साथ–समर्थनमा जस्तै गाऱ्हो काम पनि गर्न सम्भव हुने उल्लेख गर्नुभयो ।

हाडा बिजुक्छेँ समाजका **नरेन्द्रभक्त हाडा**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा लेखक तथा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनुभएका व्यक्तिहरूलाई कदरपत्र प्रदान गरिएको थियो भने उद्घोषण कलामा प्रथम हुनुभएका रोशनी हाडालाई सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा सुदिप हाडा, सुरेन्द्र हाडा, न्हुजमान बिजुक्छेँ, आयुशराज बिजुक्छेँ, कृषा हाडा, प्रजन हाडा, राजेन्द्रप्रसाद हाडालगायतले बोल्नुभएको थियो । मनोजकुमार हाडाले आर्थिक विवरण प्रस्तुत गर्नुभएको थियो । औपचारिक कार्यक्रमपछि सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

## खानेपानी सुधारबारे सरोकारवालाहरूसँग छलफल



दोस्रो काठमाडौँ उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत आयोजना स्थलको सांस्कृतिक सम्पदाको स्क्रिनिङ्ग र सो को स्थलगत सूची तयारी सम्बन्धी सूचना सङ्कलन गर्न स्थानीय जनप्रतिनिधि, जनसमुदाय तथा सरोकारवालाहरूसँगको छलफल कार्यक्रम असोज ६ गते भक्तपुर नपाको सभाहलमा सम्पन्न भयो ।

छलफल कार्यक्रम जनप्रतिनिधिहरूले भक्तपुर नगरका सांस्कृतिक सम्पदा क्षेत्रभित्रका बस्तीहरूमा केही घरधुरीहरू रहेकाले ती बस्तीमा पानीको आपूर्ति गर्ने व्यवस्था गरिनुपर्ने, आयोजना निर्माण तथा सञ्चालन गर्दा सम्पदा क्षेत्रमा सकेसम्म नकारात्मक असर नपर्ने गरी कार्यान्वयन गरिनुपर्ने, आयोजना निर्माण गर्दा नेपाल विद्युत प्राधिकरण तथा नेपाल टेलिकमसँग आवश्यक समन्वय गरिएमा प्रदूषण कम हुने तथा खर्चको समेत वचत हुने, निर्माण चरणमा उत्खनन गरिएका स्थललाई निर्माण समापन पश्चात पूर्व अवस्थामा पुनःस्थापना गरिनुपर्ने, गाईजात्रा, बिस्केटजात्रा, दशैं, इन्द्रजात्रा लगायतका मुख्य पर्वहरूमा निर्माण कार्य गर्न नहुने, निर्माण कार्य गर्दा सम्भव भएसम्म ठूला पाइपलाइन प्रयोग गर्दा माग बढ्न जाँदा दोहोऱ्याएर पाइपलाई विछ्याउनु नपर्ने तथा वातावरणमा कम असर गर्ने, निर्माण कार्य गर्दा वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने, निर्माण कार्य गर्दा स्थानीय निकाय तथा भनपाको सम्पदा शाखासँग आवश्यक समन्वय गरिनुपर्ने, निर्माण सामग्री भण्डारण तथा व्यवस्थापन उपयुक्त स्थानमा गरिनुपर्नेलगायतका सुझाव दिनुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, भनपाको सम्बन्धित शाखाका शाखा प्रमुखहरू, ख्वप ईन्जिनियरिङ्ग कलेजका प्राचार्य र इन्जिनियरहरूलगायत पि.आई.डी. का कन्सल्ट्यान्टहरूको उपस्थिति रहेको थियो ।

## चलचित्र "इन्दिरा धिमे मैँचा" को शुभमुहूर्त



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेपालभाषाको जीवनीमूलक चलचित्र इन्दिरा धिमे मैँचाको क्ल्याप बोर्डसहित असोज ४ गते शुभमुहूर्त भएको छ ।

उक्त कार्यक्रममा अतिथि **सुनिल प्रजापति**ले आजभन्दा २१ वर्षअघि हेटौँडामा काठमाडौँले उपत्यकाको सांस्कृतिक विधा प्रदर्शन गर्न नसकेर भक्तपुर नगरपालिकाको सहयोग मागेको बेला स्थानीय जनताको सहयोगमा इन्दिरा लाछिमस्युको टोलीले धिमे बजाउँदा उहाँले 'धिमे केटी' को उपनाम पाएको स्मरण गर्नुभयो ।

उहाँले एउटै जातिले गरिरहेको सरसफाइमा अन्य जातिकाले गर्दा समाजमा त्यो बेला अर्कै नजर र व्यवहार हुने गरेको तर अहिले सबै जातजातिका मानिसहरूले सरसफाइ गरेर भक्तपुरलाई नेपालभर स्वच्छ र सांस्कृतिक नगर चिनाउन सफल भएको बताउनुभयो ।

भक्तपुरमा रहेका सांस्कृतिक गुरुहरू कुनै प्राध्यापकभन्दा कम नरहेको बताउनुहुँदै उहाँले सांस्कृतिक गुरुहरूले समाजको उत्थानका लागि आ-आफ्नै तरिकाबाट सेवा गरिरहेकाले असोज ११ गते हुने विश्व पर्यटन दिवसको अवसरमा सम्मान गर्ने बताउनुभयो ।

अर्का अतिथि एवं इतिहासविद् **पुरुषोत्तम लोचन श्रेष्ठ**ले जन्म, जीवन र मृत्युको शाश्वत सत्यलाई जीवित देउता मानिने नवदुर्गाले समेत आत्मसात गरिरहेको बताउनुहुँदै नवदुर्गाको खिं बाजाबाट नै अन्य बाजा र नृत्यको उत्पत्ति भएको बताउनुभयो ।

उहाँले ५५ झ्याले दरबारमा रहेका भित्तेचित्रले गीतसङ्गीतमा राजा भूपतीन्द्र मल्ल एक साहित्यकार एवम् दार्शनिक भएको बताउनुहुँदै भक्तपुर सङ्गीत विधाको पनि विद्यालय रहेको बताउनुभयो ।

कार्यक्रममा 'धिमे मैँचा' **इन्दिरा लाछिमस्यू,** शिक्षक **लक्ष्मीप्रसाद ढुकुछु** तथा नेपालभाषाका चलचित्र पत्रकार **विजयरत्न तुलाधर**लगायतले बोल्नुभएको थियो ।



सुरेन्द्र तुलाधरको लेखन तथा निर्देशनमा बिके फिल्मस्को ब्यानरले निर्माण गर्ने उक्त 'इन्दिरा धिमे मैँचा' नेपालको पहिलो महिला धिमे बादक इन्दिरा लाछिमस्युको जीवनीमा आधारित हुने जनाएको छ ।

गोपालकाजी कायस्थ प्रस्तुतकर्ता र सुरेन्द्र शाक्य निर्माता भएको सो चलचित्र आगामी असोज १० गतेबाट छायाङ्कनमा जाने निर्माण टीमले जानकारी गराएको छ ।

चलचित्रको सह-निर्माताका रूपमा प्रकाशदीप श्रेष्ठ, गंगादेवी मानन्धर, सरिना बज्राचार्य, रजना जोशी र प्रविन भाम रहेको उक्त चलचित्रमा धिमे वादक इन्दिरा लाछिमस्युको पनि अभिनय रहनेछ ।

उक्त चलचित्रको मुख्य भूमिकामा गणेशराम लाछी, आशाकाजी थकु, नगिना जोशी, रोजिना सुवाल, रूपेन श्रेष्ठ, देवचन्द्र बज्राचार्य, रामराजा भाम र सिम्रिक श्रेष्ठको भूमिका रहनेछ भने निल शाक्य र सुरेन्द्र श्रेष्ठको सङ्गीत, जीवित जल्मी, भुपेन्द्र बज्राचार्य र फिरोज बज्राचार्यको वाद्य संयोजन र जुजुकाजी रंजित र बानिका प्रधानको गायन रहने जनाइएको छ ।

## महिला कब्बडीमा भक्तपुर छनोट



असोज २५ गतेदेखि कास्कीमा हुने नवौँ बृहत् राष्ट्रिय खेलकुदअन्तर्गत बाग्मती प्रदेशको कबडी छनोट प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भदौ २४ गते सम्पन्न भयो ।

बाग्मती प्रदेशका १२ जिल्लाबाट महिला र पुरुष टोली सहभागी उक्त प्रतियोगितामा महिलातर्फको फाइनल खेलमा भक्तपुरले काभ्रेलाई ४६-१४ ले हराई प्रथम स्थान हासिल गऱ्यो ।

त्यसैगरी, पुरुषतर्फ फाइनलमा काठमाडौँले ललितपुरलाई पराजित गरी प्रथम भयो भने रामेछाप र चितवन संयुक्तरूपमा तृतीय भएको जानकारी छनोट समितिका सदस्य पशुपति प्रजापतिले दिनुभयो ।

## कार्टुन प्रतियोगिता




नेपाल क्रान्तिकारी युवा सङ्घ र विद्यार्थी सङ्घको संयुक्त आयोजनामा कार्टुन प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण तथा शुभकामना आदानप्रदान कार्यक्रम असोज ८ गते सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले लामो व्याख्या गर्न नसक्ने अवस्थामा कार्टुनले क्षणभरमै बुझ्न सक्ने शक्ति दिएको बताउनुहुँदै विद्यार्थीको कार्टुनले जनता र समाजका पक्षमा व्यङ्ग्यको माध्यमबाट देखाएको बताउनुभयो ।

धेरैले सम्मान गर्ने र नगर्ने आफ्नो मिहिनेतमा भरपर्ने बताउनुहुँदै उहाँले हाल व्यङ्ग्य शासकदलका नेताहरूलाई पुष्पगुच्छा सरह भएकोले तिनीहरूलाई खबरदारी नियमितरूपमा गर्नुपर्ने बताउनुभयो ।

भारतीयहरूलाई फिल्मी टिकट सरह नागरिकता दिन र नेपाललाई भारतमा विलय गराउन गठबन्धनले चलखेल गरिरहेको बताउनुहुँदै उहाँले शासकहरूको असफलतामा विदेशी सहयोग वा ऋण रेमिट्यान्सले देश चल्दा शासकहरू गर्व गरिरहेको बताउनुभयो ।

नेमकिपाका नगर समितिका अध्यक्ष एवं केन्द्रीय सदस्य **नारायणबहादुर दुवाल**ले देशको विकासका लागि राजनीतिले योगदान पुऱ्याउने बताउनुहुँदै राजनीति प्रति चासो लिन विद्यार्थीलाई अनुरोध गर्नुभयो ।



भक्तपुर जिल्ला नगर युवा सङ्घका अध्यक्ष **मिनबहादुर बाटा**ले प्रस्तुत व्यङ्ग्यले विद्यार्थीहरू इतिहास, भूगोल तथा राजनीतिको बुझाइमा पोख्त रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा अतिथि सुनिल प्रजापतिले प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, सान्त्वना तथा विशेष स्थान हासिल गरेका क्रमशः लिशा ईङ्गलिस सेकेण्डरी स्कूलकी तेजश्वी मानन्धर, प्रभात ईङ्गलिस सेकेण्डरी स्कूलको प्रिन्स सितिखू, एभरेस्ट ईङ्गलिस स्कूलकी कृति याकामी, तारा माविका पंकज कुमार ठाकुर र प्रभात ईङ्गलिस सेकेण्डरी स्कूलकी रोनिशा बुढाथोकी तथा प्रभात ईङ्गलिस सेकेण्डरी स्कूलकी जेनिस्था ध्वजू र एभरेस्ट ईङ्गलिस स्कूलकी पूर्णिमा अधिकारीलाई पुरस्कार वितरण गर्नुभयो । जगतराम धुख्वाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा युवा सङ्घ नगर समितिका सचिव रामेश्वर मचामसी, सदस्य मुना बासुकलालगायत नेक्राविसङ्घका प्रतिनिधि प्रिया भट्टले बोल्नुभएको थियो ।

## निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेपाल मजदुर किसान पार्टी विश्वास गर्दैन



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेपाल मजदुर किसान पार्टी विश्वास गर्दैन भन्नुभयो ।

असोज ८ गते आयोजित प्रदेश नं. १ का पार्टी कार्यकर्ताहरूको भेलामा बोल्नुहुँदै उहाँले निर्वाचनमा बहुमत जितेर समाजवाद स्थापना हुने विचार संशोधनवाद हो र संशोधनवाद मार्क्सवादविपरीत पुँजीवादी विचार भएको बताउनुभयो ।

उहाँले पुँजीवादी सरकारमा नगई संसदमा प्रखर प्रतिपक्षको भूमिका खेल्ने पार्टीको नीतिअनुरूप नेमकिपाका निर्वाचित जनप्रतिनिधिहरू सङ्घ र प्रदेश सभामा काम गर्दै आएको बताउनुहुँदै उहाँले देशघाती एमसीसी र एसपीपीको विषयमा नेमकिपाले निरन्तर विरोध गर्दै त्यसलाई संसदबाट पारित नगराउन सडक र सदनमा आवाज उठाउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकामा नेमकिपाका जनप्रतिनिधिहरूले कामदार वर्गको हितमा निरन्तर काम गर्दै आइरहेको विचार राख्नुहुँदै उहाँले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायत विषयमा जनताका आधारभूत विषयहरूलाई नपाले जोड दिँदै आएको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले निर्वाचन विचार र सिद्धान्तको आधारमा लड्नुपर्ने बताउनुहुँदै निर्वाचनमार्फत नेमकिपाका नेता कार्यकर्ताहरूले जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित गर्ने काम गर्दै आइरहेको बताउनुभयो ।

कानुन अध्ययन समाजका अध्यक्ष **रामप्रसाद प्रजापति**ले नजिकिँदै गरेको सङ्घ र प्रदेशको निर्वाचनमा मत बदर हुन नदिन मतदाता शिक्षालाई व्यापक रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा शिक्षक **रमेश सुवाल** र विद्यार्थी **दिनेश खड्गी**ले पनि बोल्नुभएको थियो ।

## राम्रो अध्ययन गर्ने विद्यार्थीको भविष्य पनि राम्रो हुने

श्री नवीन आधारभूत विद्यालयको आयोजनामा महान् चाड विजया दशमी २०७९ को अवसरमा असोज ६, ७ र ८ गते भएको खेलकुद प्रतियोगिता र स्वास्थ्य परीक्षण कार्यक्रमको पुरस्कार तथा प्रशंसापत्र वितरण तथा शुभकामना आदानप्रदान एवम् सांस्कृतिक कार्यक्रम असोज ९ गते विद्यालय प्राङ्गणमा सम्पन्न भयो । कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्ज्वलनका साथ गर्नुभएको थियो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले विद्यार्थीहरूले



दशैं बिदाको सदुपयोग गरी रचनात्मक गतिविधिमा सामेल हुन मार्गनिर्देश गर्नुभयो ।

राम्रो अध्ययन गर्ने विद्यार्थीहरूको भविष्य पनि राम्रो हुने र सबै क्षेत्रमा अगाडि बढ्न मदत पुऱ्याउने बताउनुहुँदै उहाँले विद्यार्थीहरूले अरूको लहैलहैमा भन्दा आफ्नो रुचिअनुसारको विषयमा अध्ययन गर्नु उचित हुने बताउनुभयो ।

विद्यार्थीहरूलाई विद्यालयमा हुने प्रतियोगिताहरूमा भाग लिन उत्साहित गरिरहनुपर्ने बताउनुहुँदै यस किसिमको प्रतियोगिताले उनीहरूमा प्रतिस्पर्धा र मिहिनेतको भावना विकास हुने उहाँले बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजलाई हालै कानुन विषयअन्तर्गत बीए.एल.एल.बी.को अध्ययनको लागि स्वीकृति प्राप्त भइसकेको र छिटै भर्ना प्रक्रिया अगाडि बढ्ने अवगत गराउनुहुँदै उहाँले कानुन विषय सबै क्षेत्रको लागि महत्त्वपूर्ण विषय भएको हुँदा यसबाट समाज लाभान्वित हुने बताउनुभयो ।

कार्यक्रममा विद्यालयका पूर्व प्रअ **विश्वराम कवां**ले विद्यालयमा हाल विभिन्न जिल्लाका विद्यालयहरू अध्ययनरत रहेको हुँदा 'ख्वपको पहिचान' गहनताका साथ अध्ययन-अध्यापन गराउन जरुरी रहेको बताउनुभयो ।

त्यस्तै कार्यक्रमका सभापति एवम् विद्यालयका प्रअ **प्रकाश गोसाईं**ले विद्यालयको गतिविधिहरूबारे अवगत गराउनुहुँदै विद्यालयले विद्यार्थीको मानसिक, शारीरिक र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो ।

कार्यक्रममा आदर्श आजाद माविका प्रअ **श्रीकृष्ण किसी**, शिक्षक **करुणा सुवाल**, शिक्षक **नारायणप्रसाद त्वानाबासु**लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । सोही क्रममा नगर प्रमुख प्रजापति र अन्य अतिथिहरूले खेलकुद प्रतियोगिता र स्वास्थ्य परीक्षण कार्यक्रमका विजेताहरूलाई पुरस्कार र प्रशंसापत्र वितरण गर्नुभएको थियो भने विद्यार्थीहरूले सांस्कृतिक नाचहरूसमेत प्रदर्शन गरेका थिए ।

## विभिन्न साकोसका साधारण सभा

### लक्ष्मी साकोस




भक्तपुर नगरपालिकाका प्रमुख सुलिन प्रजापतिले भक्तपुर नपा वडा नं. ४ ग:पलीस्थित लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. को १५ औँ वार्षिक साधारणसभाको भदौ १८ गते एक समारोहबीच पासनमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले सहकारी संस्थाहरू आर्थिक कारोबारमा मात्रै सीमित हुन नहुने बताउनुभयो । सहकारी संस्थाको आर्थिक कारोबारहरू पारदर्शी भएन भने सहकारीका सदस्यहरूको संस्थाप्रतिको विश्वास घट्दै जाने सम्भावना रहेको बताउनुहुँदै उहाँले अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाहरू अमेरिकी साम्राज्यवादको हतियारको रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।

सहकारी संस्थाहरू आर्थिक लेनदेनमा मात्र सीमित रहे हामी सुसंस्कृत नहुने बताउनुहुँदै उहाँले आर्थिक रूपबाट आत्मनिर्भर नभएको देश राजनीतिक रूपबाट स्वतन्त्र नहुने बताउनुभयो । नागरिकता विधेयक नेपालको हितमा नरहेको प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले राष्ट्रपतिले सैनिक शासन लागू गरी देशलाई जोगाउने कदम चाल्नुपर्ने बताउनुभयो । एनआरएलाई द्वैध नागरिकता दिने प्रावधानले देश विदेशीको हातमा जाने खतरा रहेको औँल्याउनुहुँदै उहाँले भक्तपुरलाई संसारकै हेर्नलायक सहरको रूपमा विकास गर्ने उद्देश्यले भक्तपुर नपा अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले सहकारी सिद्धान्त र मूल्य मान्यतामा चलेका सहकारी दिगो रूपमा सञ्चालन हुने बताउनुहुँदै भक्तपुर नगरभित्रका अधिकांश सहकारी संस्थाहरूमा आर्थिक नियमितता र सदस्यको हितमा सञ्चालित छन् भन्नुभयो ।

त्यस्तै भनपा वडा नं. ४ का निवर्तमान वडाध्यक्ष **कुमार चवाल**ले सहकारीको आय-व्यय प्रस्तुत र सहकारी आर्थिक अवस्था सदस्यहरूलाई अवगत गराउन साधारणसभाको आयोजना हुने बताउनुहुँदै संस्थाका सञ्चालक र कर्मचारीहरूबीच समन्वय र सहकार्यको आवश्यकता रहने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् लक्ष्मी साकोसका अध्यक्ष **युवक राजभण्डारी**ले लक्ष्मी साकोसले हरेक वर्ष आफ्ना शेयर सदस्यहरूका लागि सहयोग र सेवाका कार्यहरू गर्दै आएको बताउनुहुँदै संस्थाको वृत्ति विकासमा स्थानीय तहको निर्देशन पालना, सहकारी निकायको मार्गनिर्देशनको अनुसरण, सदस्यहरूको अटुट विश्वास र कर्मचारी तथा शुभचिन्तकहरूको साथ र सहयोगले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। कार्यक्रममा भक्तपुर जिल्ला साकोसका उपाध्यक्ष **हरि बल्ल**ले शुभकामना मन्तव्य राख्नुभएको थियो भने संस्थाका सचिव **राजाराम धौभडेल**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो ।

सोही समारोहमा प्रमुख अतिथि प्रजापतिले संस्थाका सदस्यका छोराछोरीलाई २०७८ सालको एसईईको परीक्षाका उत्कृष्ट ३ जना विद्यार्थीलाई प्रमाणपत्र र नगद पुरस्कार र ५ जना ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्नुभएको थियो।

## सुरक्षित साकोस




सुरक्षित वचत तथा ऋण सहकारी संस्था लि.को बाह्रौँ बार्षिक साधारण सभा भनपा ४ का वडाध्यक्ष उपेन्द्र सुवालको प्रमुख आतिथ्यतामा असोज १ गते सम्पन्न भयो।

साधारण सभामा प्रमुख अतिथि **उपेन्द्र सुवाल**ले सहकारीमा सदस्यहरूलाई सहकारी मूल्य मान्यता र सिद्धान्तबारे शिक्षित नगर्दा लाभांश र उपस्थिति भत्तामा मात्र ध्यान दिंदा साधारणसभामा न्युन सदस्य सहभागी हुने गरेको बताउनुभयो। उहाँले भक्तपुर नगर भित्रको सहकारी समुदायमा आधारित भएको सुरक्षित रहेको बताउनुहुँदै बाहिरी जिल्लाबाट आएर खोलेको सहकारी जोखिम हुने भएकोले बचत गर्दा सचेत हुनु पर्ने बताउनुभयो। उहाँले सहकारीले शिक्षा शिविर सञ्चालन गरी शिक्षा, स्वास्थ्य, राजनीति, खेलकुद, रोजगारीका अवसर हुने स्थानीय उत्पादनको तालिमबारे सचेत गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा अतिथि ग:पली टोल सुधार समितिका अध्यक्ष **रामकृष्ण प्रजापति**ले समुदायमा आधारित सहकारीमा संस्था रहेको स्थानका स्थानीय तीस प्रतिशत हुनु राम्रो हुने बताउनुहुँदै सहकारीको विश्लेषण गर्ने अचुक उपाए भनेको पर्ल्स विश्लेषण भएको बताउनु भयो।

साधारणसभा संस्थाका अध्यक्ष **रविन छुस्याकी**को सभापतित्वमा सम्पन्न कार्यक्रममा लेखा परीक्षक शंकर बुढाथोकी, भक्तपुर सिकर्मी सङ्घका सल्लाहकार विष्णुभक्त कुसी, ऋण उपसमितिका संयोजक विश्व गणेश हाकुदुवाल, लेखा सुपरिवेक्षण समितिका राजु त्वाती, सूर्यशक्ति सकोसका केशवराज आचार्य, सचिव रामप्रसाद प्रजापति, कोषाध्यक्ष प्रविण त्वातीले पनि बोल्नुभएको थियो भने संस्थाको बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र लेखा परीक्षकको लेखा प्रतिवेदन सर्वसम्मतले पारित गऱ्यो।

## श्री बाराही साकोस




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा ४ भुलाँचास्थित श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि. को २३ औँ वार्षिक साधारणसभाको असोज १ गते एक समारोहबीच उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले आर्थिक रूपमा सक्षम सहकारी सङ्घ संस्थाहरूले शिक्षा र संस्कृति संरक्षणको विषयमा आफ्ना सदस्यहरू सहुलियत दरमा शैक्षिक ऋण तथा मौलिक बाजागाजाको तालिमहरू दिनु उपयुक्त हुने धारणा राख्नुभयो।

नेपाललाई आत्मनिर्भरतातर्फ लाने कार्यक्रमहरूमा जोड दिनुका साथै आफ्ना सदस्यहरूको बचत रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रमुख प्रजापतिले आग्रह गर्नुभयो।

कार्यक्रममा भनपा ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले सहकारी संस्थाहरूमा अहिले ब्याज र लाभांश धेरै वितरण गरी सदस्यहरूलाई आकर्षण गर्ने होडबाजी चलिरहेकोतर्फ सजग पार्नुहुँदै समुदायमा आधारित सङ्घ संस्थाहरूमा मात्र बचत गर्नुपर्ने बताउनुभयो।

भक्तपुर जिल्ला बचत सङ्घका अध्यक्ष **कृष्णगोविन्द लाखाजु**ले संरक्षित पुँजी फिर्ता कोष सदस्यहरूलाई कारोबारको आधारमा मात्र दिइनुपर्ने बताउनुहुँदै सहकारीको उद्देश्य र सञ्चालकहरू राम्रोसँग चिनेर मात्र बचत गर्ने बानी बसाल्नुपर्नेमा जोड दिनुभयो।

त्यस्तै संस्थाका अध्यक्ष **विश्वराम त्वायना**ले संस्था स्थापनाको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै बाराही साकोसले संस्थाको सदस्यको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने लक्ष्य लिई आधुनिक प्रविधियुक्त प्रतिस्पर्धात्मक गुणस्तरीय वित्तीय सेवा तथा क्षमता विकासको कार्यक्रम गर्दै आएको बताउनुभयो।

कार्यक्रममा नेफस्कुनका सञ्चालक **मन्दरा मिश्र**, सिद्धि गणेश साकोसका प्रतिनिधि **विष्णुप्रसाद दुमरु** र साकोसका उपाध्यक्ष **कृष्णभक्त बोडे श्रेष्ठ**ले पनि बोल्नुभएको थियो भने साधारणसभाकै अवसरमा प्रमुख अतिथिले विभिन्न शीर्षकमा संस्थाका सदस्यहरूलाई प्रमाणपत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो।

## चोछैं छुमा गणेश



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ६ चोछैं स्थित चोछैं छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लिको १५ औं वार्षिक साधारण सभा असोज १ गते सम्पन्न भयो।

उक्त कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नपाले सञ्चालन गरिरहेको घरदैलो नर्स सेवाले समाजका ज्येष्ठ र अशक्त नागरिकहरूलाई बढी सेवा भएको बताउनुहुँदै जनताको सेवा नै नगरपालिकाको मुख्य लक्ष्य भएको हुँदा नपाले वडा वडामा नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो।

उहाँले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालले निम्न शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुहुँदै सहकारी संस्थाहरूले आर्थिक लाभलाई मात्र नभई सदस्यहरूलाई प्रत्यक्ष परोक्ष फाइदा पुग्ने विषयहरू सञ्चालन गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपाले फोहेर मैला व्यवस्थापनको सन्दर्भमा कुहिने फोहोरलाई प्राङ्गारिक मल उत्पादन गरी सुलभ रूपमा यहाँका किसानहरूलाई वितरण गर्दै आइरहेको प्रसङ्ग जोड्नुहुँदै भक्तपुर देशकै नमुना नगरको रूपमा विकास गर्न नगरवासीहरूको पनि ठूलो भूमिका रहेको बताउनुभयो।

विदेशीलाई सहज रूपमा नागरिकता दिने नागरिकता विधेयक देशको हितमा नभएको हुँदा सचेत जनताले यसको विरोधमा आवाज उठाउनुपर्ने बताउनुहुँदै भक्तपुर नपाले सङ्कटको बेला जनतालाई सहज रूपमा सेवा प्रदान गर्दै आइरहेको स्मरण गर्नुभयो।

भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाको आगामी नीति तथा कार्यक्रमहरूमाथि प्रष्ट पार्नुहुँदै छुमा गणेश द्यः छैं र महाकाली द्यः छैं पुनःनिर्माण गर्ने योजना वडाको रहेको र यस कार्यमा स्थानीय जनताको उल्लेख्य जनसहभागिता रहने विश्वास राख्नुभयो।

चोछैं छुमा गणेश साकोसका अध्यक्ष **आशाराम सुवाल**ले भक्तपुर जिल्लाका निम्न र मध्यम पुँजी भएका व्यक्तिलाई संस्थामा आबद्ध गराईससाना छरिएर रहेका पुँजीलाई सङ्कलन गरी आर्थिक रसामाजिक रूपमा अगाडि बढाई सदस्यहरूको आवश्यकताअनुसारको वित्तीय एवम् आवश्यक परामर्श दिनु संस्थाको मुख्य उद्देश्य रहेको प्रष्ट पार्नुभयो।

कार्यक्रममा भक्तपुर जिल्ला बचत सङ्घका प्रतिनिधि **काजीबहादुर पञ्च**, निवर्तमान अध्यक्ष **राजेन्द्र दुवाल**, उपाध्यक्ष **राजाराम सुवाल** र सचिव **सत्यनारायण सुवाल**ले पनि बोल्नुभएको थियो।

## श्वेत भैरव साकोस

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं वार्षिक साधारणसभा असोज ८ गते सम्पन्न भयो।



## समदर्शी साकोस



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समदर्शी बचत तथा ऋण सहकारी संस्था लि. को २० औं वार्षिक साधारणसभाकाको असोज ८ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले डेंगुको सङ्क्रमण भक्तपुरलगायत देशभरि नै फैलिरहेको अवस्थामा सबैले आआफ्नो सुरक्षामा सतर्कता अपनाउनुपर्ने बताउनुभयो ।

सहकारी संस्थाहरूले सदस्यहरूसँग आर्थिक लेनदेनमात्र नभई नागरिकहरूको दुःखमा पनि साथ दिनुपर्ने धारणा राख्नुहुँदै सञ्चालकहरूले आफ्नोभन्दा सदस्यहरूको हितलाई प्राथमिकतामा राखेर काम गर्ने संस्थाको दिगो विकास हुने बताउनुभयो ।

सहकारी संस्थाहरूले देशको राजनीतिक विषयमा पनि आफ्ना सदस्यहरूलाई प्रशिक्षित गर्नुपर्ने धारणा राख्नुहुँदै नागरिकता देशको सार्वभौमिकतासँग सम्बन्धित भएको हुँदा नागरिकता विधेयक कुनै पनि हालतमा देशको हितमा नभएको बताउनुभयो ।

नेपालको असंलग्न परराष्ट्र नीतिविपरीत एमसीसी र एसपीसी सम्झौता हुनु आफैमा शासक दलको गलत कदम भएको बताउनुहुँदै उहाँले भारतीय विस्तारवादका दलालहरू नेपाललाई सिक्किम बनाउन क्रियाशील रहेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष **रामकृष्ण मानन्धर**ले समदर्शी साकोसले सहकारी ऐन, नियमावली, र मापदण्डअनुसार समयसापेक्ष नवीनत्तम सोच र कार्यशैलीलाई आत्मसात गरी सबल र सुरक्षित बचत तथा ऋण सहकारी संस्थाको रूपमा स्थापित हुन सफल रहेको बताउनुभयो ।

कार्यक्रममा सङ्घका सल्लाहकारी **विश्वमोहन जोशी**, बुद्धिजीवी **कृष्णगोपाल कुसी**, सञ्चालक सदस्य **कृष्णगोपाल लागे**ले शुभकामना मन्तव्य राख्नुभएको थियो भने प्रमुख अतिथि प्रजापतिले ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्नुभएको थियो ।

## एलिजाबेथ द्वितीयको निधन



बेलायतमा सबैभन्दा लामो समय ७० वर्ष शासन गर्ने महारानी एलिजाबेथ द्वितीयको ९६ वर्षको उमेरमा भदौ २४ गते निधन भयो ।

बकिङ्घम दरबारका अनुसार स्कटल्यान्डको ग्रीष्मकालीन निवास बालमोरल दरबारमा उहाँको मृत्यु भएको हो । महारानीको स्वास्थ्य बिग्रिएपछि शाही परिवारका सदस्यहरू उहाँको समीप पुग्नुभएको थियो । उहाँका ७३ वर्षीय छोरा युवराज चार्ल्स राजा हुनुभएको छ । उहाँलाई राजा चार्ल्स तृतीय घोषणा गरिएको छ ।

दस दिनको औपचारिक शोकपछि महारानीको अन्त्येष्टि असोज ३ गते गरियो ।

## भक्तपुरमा मतदाता एक लाख ९४ हजार

आगामी मंसिर ४ गते हुने सङ्घीय एवं प्रदेश सभा निर्वाचनमा भक्तपुरमा मतदाताको सङ्ख्या एक लाख ९४ हजार चार सय ३९ जना पुगेको छ ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरका प्रमुख नदेन्द्रप्रसाद न्यौपानेले भक्तपुरमा पुरुष मतदाता ९४ हजार ६ सय ८३ र महिला मतदाता ९९ हजार सात सय ५१ तथा अन्य पाँच गरी कुल एक लाख ९४ हजार चार सय ३९ जना मतदाता पुगेको बताए ।

भक्तपुरमा पुरुषभन्दा पाँच हजार ६८ जना महिला मतदाताको सङ्ख्या बढी रहेको उनले जानकारी दिए ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरका अनुसार गत असार १ गतेदेखि साउन १९ गतेसम्म गरेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिकका क्रममा १५ हजार नयाँ मतदाता थपिएका थिए ।



# भक्तपुरको पुलुकिसी जात्रा











# संक्षेपमा

## महिला स्वास्थ्य स्वयम्सेविकालाई अभिमुखीकरण



भक्तपुर नपा वडा नं. २ को आयोजनामा भएको महिला स्वास्थ्य स्वयम्सेविकालाई अभिमुखीकरण कार्यक्रम भदौ १७ गते भयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, महिला तथा स्वास्थ्य समितिका संयोजक मञ्जु लाखा, हेल्थ असिस्टेन्ट कमलकेशरी शिल्पकार, नर्स रजनी जरेजु र वडा सदस्य श्यामसुन्दर मातांले बोल्नुभएको थियो ।

## पुल ढलान निरीक्षण



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपा वडा नं. ९ ब्रम्हायणी मन्दिर जाने ब्रम्हायणी पुल पुनःनिर्माणको ढलान कार्य भदौ २२ गते निरीक्षण गर्नुहुँदै । साथमा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व हुनुहुन्छ ।

## कभर्ड हल ढलान निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति भक्तपुर नपा वडा नं. १० स्थित कभर्ड हल ढलान कार्यको भदौ २३ गते निरीक्षण गर्नुहुँदै ।

## मायाको चिनो प्रदान



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति आस्था सांस्कृतिक परिवारको आयोजनामा भक्तपुर काण्डमा आधारित **रात कालो छ दिन अझ कालो छ** नाटकको असोज ३ गते अवलोकन गर्नुभयो । उक्त अवसरमा प्रमुख प्रजापतिले नाटकका लेखक, निर्देशक, कलाकारलगायतलाई मायाको चिनो प्रदान गर्नुभयो ।

## ज्येष्ठ नागरिकहरुलाई सम्मान



समय बचत तथा ऋण सहकारी संस्था लि. को बाह्रौँ वार्षिक साधारणसभामा ज्येष्ठ नागरिकहरूलाई असोज ३ गते सम्मान गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

## भक्तपुर नपाको घरदैलो नर्सिङको एक झलक





## लायकुको पशुपति मन्दिर



भक्तपुर लायकुको पुनर्निर्माणाधिन पशुपति मन्दिर ले एक मनसुन बिनाछाना बितायो ।

अनि मुसलधारे झरीको मौसममा खुला आकाशमुनि राखिएका मन्दिरका यी काष्ठकलाको आयु कति बाँकी रहला ? भनी सम्पदाप्रेमी एक शुभचिन्तकले हामीलाई निम्न तस्बिर पठाएका छन् –







## An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Bhadra Report
## 2079

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1771 | 8.91 |
| 10-19. | 1623 | 8.17 |
| 20-59 | 12151 | 61.14 |
| ≥60 | 4328 | 21.78 |
| **Total** | **19873** | **100.00** |

| Department | Number | Percentage |
|---|---|---|
| General Ward | 78 | 0.39 |
| Physiotherapy | 235 | 1.18 |
| General Surgery OPD | 218 | 1.10 |
| Paediatric | 1004 | 5.05 |
| Laboratory | 471 | 2.37 |
| Dermatology | 424 | 2.13 |
| Internal Medicine | 492 | 2.48 |
| Obs. & Gynaecology | 542 | 2.73 |
| ENT | 870 | 4.38 |
| Dental | 1274 | 6.41 |
| Emergency Ward | 1552 | 7.81 |
| Orthopedic | 2211 | 11.13 |
| General OPD | 10360 | 52.13 |
| Cardiologist | 142 | 0.71 |
| **Total** | **19873** | **100.00** |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 606 | 3.05 |
| General | 3871 | 19.48 |
| Insurance | 15396 | 77.47 |
| **Total** | **19873** | **100** |

| District | Number | In Percentage |
|---|---|---|
| Solukhumbu | 1 | 0.01 |
| Khotang | 1 | 0.01 |
| Jhapa | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Siraha | 1 | 0.01 |
| Rasuwa | 1 | 0.01 |
| Dolpa | 1 | 0.01 |
| Bhojpur | 2 | 0.01 |
| Rolpa | 4 | 0.02 |
| Okhaldhunga | 2 | 0.01 |
| Kailali | 2 | 0.01 |
| Surkhet | 2 | 0.01 |
| Rukum | 3 | 0.02 |
| Jumla | 3 | 0.02 |
| Kalikot | 3 | 0.02 |
| Achham | 4 | 0.02 |
| Sindhupalchowk | 4 | 0.02 |
| Dailekh | 4 | 0.02 |
| Sindhuli | 5 | 0.03 |
| Taplejung | 5 | 0.03 |
| Lalitpur | 6 | 0.03 |
| Ramechap | 8 | 0.04 |
| Kathmandu | 20 | 0.10 |
| Kavrepalanchok | 45 | 0.23 |
| Bhaktapur | 19744 | 99.35 |
| **Total** | **19873** | **100.00** |

| | |
|---|---|
| Madhyapur Thimi | 73 |
| Suryabinayak | 830 |
| Changu | 2563 |
| Bhaktapur | 16278 |
| **Total** | **19744** |

**औषधी, खाद्यसामग्री लगायतका वस्तु किन्दा**

**म्याद हेर्ने बानी गरौं ।**

# हाम्रो स्वास्थ्य

## यी हुन् चिन्ताले निम्त्याउने १२ समस्या

उखानै छ– चिन्ताले चितामा पुऱ्याउँछ। यद्यपि, चिन्ता आफैमा रोग होइन। तर, यसले थुप्रै शारीरिक तथा मानसिक रोगलाई जन्म दिने भएकाले मानव स्वास्थ्यका लागि यो घातक मानिन्छ।

### डिप्रेसन निम्त्याउँछ

चिन्ता र तनाव कम गर्न अथवा व्यवस्थापन गर्न सकिएन भने यसले डिप्रेसन र साथै अन्य कडा खालका मानसिक रोग निम्त्याउँछ।

### रोग लगाउँछ

चिन्ता र तनाव लिने व्यक्तिमा उच्च रक्तचाप, मधुमेहजस्ता रोग लाग्ने जोखिम बढी रहेको विभिन्न अनुसन्धानले देखाएका छन्।

### यौनजीवन बिगार्छ

तनाव र चिन्ताका कारण शरीरभित्र उत्पन्न हुने रसायनले यौन उत्तेजना जगाउने रसायनलाई निस्तेज गरिदिन्छ, जसले गर्दा व्यक्ति यौनप्रति कम इच्छुक हुँदै जान्छ। चिन्ता लिने व्यक्तिको शरीरमा सेक्स हार्मोन टेस्टोस्टेरोनको मात्रा कम हुन्छ।

### कपाल झर्छ

चिन्ता लिँदा शरीरमा कोर्टिसोल नाम गरेको हार्मोन उत्सर्जन हुन्छ, जसले कपालका जरालाई कमजोर गरिदिन्छ र कपाल झर्न थाल्छ।

### दाँत बिगार्छ

चिन्ता बढी लिने व्यक्तिमा दाँत खिइने, गिजामा समस्या उत्पन्न हुने देखिएको छ।

### मुटु कमजोर बनाउँछ

चिन्ता लिँदा मुटुका मांसपेशी कमजोर हुन्छन्। स्ट्रेस हार्मोनले मुटुको धड्कन बढाउने र नसा सङ्कुचित गरेर रक्तसञ्चारमा बाधा उत्पन्न गराउँछ। यस्ता व्यक्तिलाई हृदयाघात हुने जोखिम बढी हुन्छ।

### बूढो बनाउँछ

सधैं चिन्तामा रहने व्यक्तिको शरीरमा नयाँ कोषिकाको विकास ढिलो हुन्छ, जसले गर्दा व्यक्ति चाँडै बूढो देखिन्छ। छालामा चाउरी पर्ने, मांसपेशी कमजोर हुने, आँखा कमजोर हुनेजस्ता बुढ्यौलीका सङ्केत चाँडै देखापर्छन्।

### रोगप्रतिरोधी क्षमता घटाउँछ

चिन्ता लिइरहने व्यक्तिको शरीरमा रोगप्रतिरोधी क्षमता घट्न जान्छ, जसले गर्दा त्यस्ता व्यक्तिलाई रुघाखोकी, ज्वरोजस्ता रोग लागिरहन्छन्।

### जिनमा असर गर्छ

चिन्ता लिनाले मानिसको जिनमै बदलाव आउँछ। शरीरमा कति बोसो लाग्ने, रोगप्रतिरोधी क्षमता कस्तो हुने, बुढ्यौली कहिले सुरु हुने, क्यान्सर लाग्ने कि नलाग्ने भन्ने कुरा जिनले धेरै हदसम्म निर्धारण गर्ने गर्छ। चिन्ता लिने व्यक्तिको जिन यी स्वास्थ्य समस्या निम्त्याउने किसिमले 'मोडिफाइड' हुँदै जान्छ।

### दिमागमा असर गर्छ

चिन्ताले दिमागमा रहने हिप्पोक्यामस भन्ने भाग 'ड्यामेज' गरिदिन्छ। परिणामतः व्यक्तिको स्मरणशक्ति घट्छ।

### शरीरमा विकार बढाउँछ

चिन्ता लिँदा बोसो र चिनीयुक्त खानाप्रति आसक्ति बढ्न जान्छ, जसले शरीरमा विकार निरन्तर सञ्चय गर्दै लान्छ र शरीर विभिन्न रोगको घर बन्न पुग्छ।

### जीउ दुख्छ

चिन्ता र तनाव लिइरहने व्यक्तिको हड्डीमा खनिजको मात्रा घट्न जान्छ। निरन्तर चिन्ता लिने व्यक्ति जीउ दुख्ने समस्याबाट आक्रान्त हुँदै जान्छ।

स्वास्थ्यखबर

## थाहा पाइराखौँ

- वैज्ञानिकका पिता भनेर थोमस एल्वा एडिसनलाई भनिन्छ।
- सर्व प्रथम नाटक लेख्ने तथा रंगमञ्चन गर्ने कार्यको थालनी युनानबाट भएको हो।
- कागज र छापाखानाको आविष्कार चीन देशबाट भएको हो।
- विख्यात नेपाली कालीगड अरनिकोको नेपाली पत्नीको नाम जयलक्ष्मी थियो।
- भक्तपुरको स्थापना गर्ने आनन्ददेव थिए।
- नेपालको इतिहासमा पहिलो पर्यटकको रूपमा भारतका सम्राट अशोकलाई मानिन्छ।

सङ्कलकः न्हुछेरत्न बुद्धाचाय


## 'भक्तपुर' मासिकलाई

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस्। सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला।

**रचना पठाउने ठेगाना :**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

## पुन:निर्मित फसि देग:

**७२ सालको भूकम्पमा भत्केको फसि देग: (सिलु महादेव) पुरातत्व विभागबाट पुनर्निर्माण सम्पन्न भएको छ ।**





वि.सं. २०७२ को भूकम्पमा यो मन्दिर भत्कियो ।



अज्ञात चित्रकारले बनाएको यस चित्रमा मन्दिरमा पाली छैन तर फसि देग: र लाँ पाँ देग:को बीचमा सग्लो घर देखिन्छ ।




हेनरि एम्ब्रोस ओल्डफिल्ड्ले सन् १८५३ मार्च (वि.सं. १९०९ चैत्र) मा बनाएकोचित्रमा पाली छैन। तर फसि देगः र लाँ पाँ देगः को बीचमा भत्केको घर देखिन्छ





वि.सं. २०७२ को भूकम्प अगाडिको यो चित्रमा पनि पाली छैन। अर्थात महाभूकम्पपछि यसको पुनर्निर्माण गर्दा पाली नराखेको देखिन्छ।




जोन क्लाउड ह्वाइटले खिचेको सन् १९००-१९०८ (वि.सं. १९५७-१९६५) लेखिएको चित्रमा पाली छ। यसमा फसि देगः र लाँ पाँ देगः को बीचमा छाना र रुख देखिन्छ।



ग्लेन मित्रसिङले खिचेको सन् १९३२-१९३४ (वि.सं. १९८८-१९९०) लेखिएकोचित्रमा पाली छ। मितिअनुसार यो चित्र वि.सं. १९९० सालको भूकम्पभन्दा अगाडिको हो।

सम्पादकको पृष्ठ

# राष्ट्रपतिको 'मौनता'

संसद्‌बाट बहुमतले दुई पटक पारित नागरिकता विधेयकमा राष्ट्रपतिले प्रमाणीकरण नगरी मौन बसेपछि देशको राजनीतिक वातावरण तातेको छ। मंसिरमा हुनलागेको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावले त्यसैपनि तात्न थालेको राजनीतिक वातावरण राष्ट्रपतिको 'मौनता' ले थप तताएको छ।

राष्ट्रपतिको 'मौनता' ले सही गर्‍यो कि गलत ? यस विषयमा पक्ष र विपक्षको बहस चर्किएको छ। देशघाती नागरिकता विधेयक प्रमाणीकरण नगरी राष्ट्रपतिले देश बचाउने प्रयास गरेको एक थरीको तर्क छ भने अर्कोथरीको संविधानका संरक्षकले नै संविधानको प्रावधान उल्लङ्घन गरेको जिकीर छ। यसबाट जनमत देशभक्त र देशघाती दुई भागमा विभाजित भएको स्पष्ट दृष्टिगोचर भएको छ। यसक्रममा प्रमाणीकरण नगर्नु गलत भन्नेहरूले राष्ट्राध्यक्षको विरोधमा नाराबाजी, अदालतमा प्रमाणीकरणको लागि परमादेशदेखि पुतला दहनसम्मको गतिविधि गरेका छन्। प्रमाणीकरण नगर्नुलाई सही ठहर्‍याउनेहरूले राष्ट्रपतिको कदमलाई देशहितमा भएको तर्कहरू विभिन्न माध्यमबाट दिइरहेका छन्।

संविधानमा संसदबाट पारित विधेयकमा राष्ट्रपतिले एक पटक सुझावसहित फिर्ता पठाउन सक्ने र दोस्रो पटक पारित गरेर पठाउँदा 'प्रमाणीकरण गर्नेछ' भन्ने उल्लेख छ। यदि दोस्रो पटक प्रमाणीकरण नगरे के हुन्छ भन्ने विषयमा संविधान मौन छ।

चुनाव घोषणा भइसकेको, प्रतिनिधिसभाको कार्यकाल सकिसकेकोले प्रमाणीकरण नभएको विधेयक स्वतः निष्क्रिय भैसकेको राष्ट्रपतिको ठहर देखिन्छ।

संसद्‌लाई सुझावसहित फिर्ता पठाएको विधेयकमा गठबन्धनको सरकारले जस्ताकोतस्तै पारित गरेर बहुमतको तुजुक देखाएको मात्र होइन राष्ट्राध्यक्षलाई गरेको अपमान पनि हो। यस्तै बहुमत सिक्किममा लेण्डुपको पनि थियो र देश नै भारतमा विलय गराएको थियो। नेपालका लेण्डुपहरूले देशलाई फिजीकरण गर्ने मार्ग प्रशस्त गर्न देशघाती बन्दोवस्तलाई जस्ताकोतस्तै पारित गरेर पठाएको तथ्यबाट सचेत जनतालाई रत्तिभर शङ्का छैन। देशभक्त नेपाली जनता 'पश्चिमबाट सूर्य उदाउने' भनिएको महाकाली सन्धि, 'देश विकासमा कायापलट हुने' भनिएको एमसीसीजस्ता देश र जनताको दीर्घकालीन घातक दस्तावेजमा प्रमाणीकरण नगरेको भए हुन्थ्यो भन्ने पक्षमा थिए र छन्।

नागरिकता सामान्य र सस्तो विषय होइन। यो निकै जटिल, गम्भीर र संवेदनशील विषय हो। नेपालीले नागरिता सहज रूपमा पाउनुपर्ने र विदेशीलाई सस्तोमा वितरण गर्न नहुने मुख्य कुरा हो। किनभने नागरिकता केवल कागजको टुक्रा होइन, देशको सार्वभौमसत्तासँग जोडिएको महत्त्वपूर्ण प्रमाणपत्र हो। तर देशघाती दलाल शासकदल यसतर्फ गम्भीर हुनै नचाहेको केवल आफूलाई विदेशी मालिकको सेवामा समर्पित भएको पुष्टि गर्न मै व्यस्त देखिएकोछ।

सारमा, संविधानको प्रावधानबारे तर्क वितर्क जतिसुकै भए गरे पनि संविधानभन्दामाथि देश भएकोले राष्ट्रपतिको 'मौनता' निश्चय पनि सराहनीय र प्रशंसा योग्य छ। जानाजानी झीँगा राखेर दिइएको दूध नपिएको भनी दोष दिनेहरूले विदेशी मालिकलाई साक्षी राखेर होइन, नेपाल र नेपालीको भविष्यबारे गम्भीर चिन्तन गर्ने जनताको अपेक्षा के पूरा होला ?



भक्तपुर नपाबाट वडा नं. १० मा निर्माणाधिन ब्रम्हायणी पुलको ढलान कार्य हुँदै



भक्तपुर नपाबाट वडा नं. ६ मा आदर निकेतन भवनको निर्माण कार्य हुँदै





सिद्धपोखरी उत्तरतर्फको गुह्येश्वरी पाटी पुन:निर्माण कार्य सम्पन्न भई एक समारोहबीच उद्घाटन । (असोज ३ गते)